# पहिलो परिच्छेद

# शोधको परिचय

## १.१ विषय परिचय

दार्जिलिङको निम्न वर्गीय नेपाली परिवारमा जन्मिएका लैनसिंह बाङ्देल (वि.सं.१९८०-२०५९) नेपाली साहित्य र कलाका क्षेत्रमा बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्वका रूपमा चिनिन्छन् । उनी दार्जिलिङको सरकारी हाई स्कूलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी कलकत्ता विश्वविद्यालयबाट स्नातक तहसम्म उत्तीर्ण गरेका व्यक्तित्व हुन् । उनी साहित्य र चित्रकला दुवै विधामा उत्तिकै प्रसिद्ध छन् । उनले आफ्नो जीवनको प्रारम्भिक समय नेपाली साहित्यको उत्थानमा लगाए भने पछिल्लो समय पनि कलाको क्षेत्रमा समर्पित भए । उनले नेपाली उपन्यासको क्षेत्रमा नवीन प्रवृत्ति भित्रयाउनुका साथै नेपाली चित्रकलालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने महत्त्वपूर्ण काम गरेका  छन् । उनले साहित्यका कथा, उपन्यास, निबन्ध, कविता, यात्रा संस्मरण आदि विविध विधामा कलम चलाए तापनि तुलनात्मक रूपमा यीमध्ये उपन्यास विधाबाट नै साहित्यिक उँचाइ प्राप्त गरेका छन् । विद्यालयमा छँदा सन् १९९४ मा 'भग्नजीवन' नामक कथा प्रकाशन गरेर साहित्यिक यात्राको प्रारम्भ गरेका उनको सर्वप्रथम प्रकाशित उपन्यास 'मुलुक बाहिर' वि.सं. (२००४) हो ।

उपन्यास काल्पनिक पात्रको कार्य व्यापारद्वारा यथार्थ घटनालाई व्यवस्थित र शृङ्खलित रूपमा विविध संरचनात्मक एकाइहरू सङ्गठित गरी विस्तृत रूपमा समेटेर जीवन जगतको यथार्थलाई चित्रित गरिएको आख्यानात्मक साहित्यिक विधा हो । यिनै विविध पक्षहरू साथै तत्त्वहरू समेटिएको 'मुलुक बाहिर' उपन्यास लैनसिंह बाङ्देलद्वारा सिर्जित गरिएको छ । यस उपन्यासमा प्रवासी नेपाली जीवनको पलायित यथार्थवादलाई सजीव ढङ्गले प्रस्तुत गरेको पाइन्छ । यसमा नेपालीहरू बिहान बेलुकाको छाक टार्न मुस्किल पर्ने बाध्यात्मक परिस्थितिले गर्दा मुगलान पस्न बाध्य भएका छन् । मुगलान पसेर नेपाल नफर्केको यथार्थलाई बाङ्देलले 'मुलुक बाहिर' उपन्यासमा प्रस्तुत गरेको पाइन्छ ।

यसै उपन्यासबाट नेपाली उपन्यास परम्परामा यथार्थवादको प्रवेश भएको मानिन्छ । यसबाहेक उनका माइतघर (वि.सं. २००६), लङ्गडाको साथी (वि.सं. २००८) र रेम्ब्रान्ट (२०२३) गरी चार उपन्यासहरू प्रकाशित भएका छन् । उनका उपन्यासमा सामाजिक यथार्थवाद, निराशावादी, जीवनदृष्टि, अतियथार्थवाद, कारूनिकता, मानवतावाद, निम्न वर्गप्रति सहानुभूति जस्ता प्रवृत्तिहरू पाइन्छन् ।

लैनसिंह वाङ्देलका चारवटा उपन्यासहरूमध्ये 'मुलुक बाहिर' उपन्यास विधाकै सफल र उत्कृष्ट उपन्यास हो । यस उपन्यासका पात्रहरू पहिलेदेखि प्रत्येक हिउँद मुगलान आउने जाने प्रसङ्ग प्रस्तुत भएपनि मूल रूपमा प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धको आयतनभित्र उपन्यासको कथावस्तु टाँगिएको छ । यसमा नितान्त ऐतिहासिक कला देखिन्छ । यस उपन्यासका मूल कार्यस्थलका रूपमा नेपालको अरूण खोला वरिपरिदेखि दार्जिलिङ्ग, खर्साङ कालेङपोङ, टिस्टा, दोरलिङ अनि सिक्किम समेतका स्थानीय परिवेश आएका छन् । यसमा नेपालीहरू बिहान बेलुकीको छाक टार्न मुस्किल पार्ने बाध्यात्मक परिस्थितिले मुगलान पस्नु बाध्य रहेको छ । साहित्यको समाजशास्त्रका विभिन्न सिद्धान्तहरू मध्ये प्रजाति, परिवेश र युग  चित्रण गरिएको एक महत्त्वपूर्ण सिद्धान्त हो । यसै सिद्धान्तको प्रारम्भ प्रसिद्ध फ्रान्सेली चिन्तक हिप्पोलाइट एडल्फ तेनले गरेका हुन् । उनले यस सिद्धान्तलाई आफ्नो प्रसिद्ध ग्रन्थ 'हिस्ट्री अफ इङ्लिस लिट्रेचर' (सन् १९०६) मा स्पष्ट पारेका छन् । उनी भन्दा अगाडि फ्रान्सेली लेखिका मेडम डेस्टालले 'प्रजाति' र प्राकृतिक परिवेशलाई साहित्यमा जोडेर चर्चा गरेकी थिइन् । स्टालका मान्यताहरूलाई उपयोग गर्दै र तत्कालीन युरोपमा विकसित बन्दै गरेका प्राकृतिक विज्ञान तथा जीव विज्ञानसम्बन्धी तथ्यहरूको व्यापक प्रयोग गर्दै तेनले आफ्नो प्रजाति, परिवेश र युग सम्बन्धी सिद्धान्त प्रस्तुत गरेका हुन् ।

उनले नै सर्वप्रथम समाज र साहित्यको सम्बन्धबारे व्यवस्थित र सैद्धान्तिक अध्ययनको थालनी गरेका हुन् । तेनले साहित्यलाई प्रजाति, परिवेश र युगको प्रतिविम्बका रूपमा प्रस्तुत गरेका छन् । तेनले प्रजाति अन्तर्गत व्यक्तिको वंशाणुगत विशेषता, शारीरिक संरचना र मनोविज्ञानलाई प्रस्तुत गरेका छन् । तेनका अनुसार

साहित्यको अध्ययनबाट कुनै युग विशेषका मानिसको भावनात्मक स्थिति, विचारको गति र जीवनका दर्शनका बारेमा जानकारी पाउन सकिन्छ । त्यस्तै उनको धारणाको दोस्रो पक्ष 'परिवेश' रहेको छ । उनले परिवेश अन्तर्गत मुख्य रूपमा प्राकृतिक, सांस्कृतिक र सामाजिक वातावरणलाई समावेश गरेका छन् । उनको धारणाको तेस्रो पक्ष 'युग' हो । उनले साहित्यक रचनामा कुनै पनि युग विशेषको प्रतिविम्ब रहने विचार व्यक्त गरेका छन् । यसरी साहित्यको समाजशास्त्रसँग सम्बन्धित प्रजाति, परिवेश र युगको यही सिद्धान्तको आधारमा अध्ययन गर्नु प्रस्तुत अध्ययनको प्रमुख विषय रहेको छ ।

लैनसिंह बाङ्देलका चार उपन्यासहरूमध्ये 'मुलुक बाहिर' (२००४) उपन्यास उपन्यास विधाका सफल र उत्कृष्ट उपन्यास हो । यस उपन्यासको समयावधि प्रथम विश्व युद्ध (सन् १९१४) र दोस्रो विश्वयुद्ध (सन् १९३९) विचको करीब २५-२६ वर्षको अन्तरालभित्र देखिन आउँछ । जुनबेला नेपालमा जहानियाँ राणा शासनको जगजगीले नेपाली निम्नवर्गका जनताहरू हातमुख जोर्ने समस्या बोकी मुलुक बाहिरिन्थे । २००७ सालभन्दा अघिको राजनीतिक परिवेशभित्रको जनताहरूको आर्थिक दुरवस्थाको चित्रण यस उपन्यासमा प्रस्तुत भएको छ । समग्र तत्त्वका आधारमा साहित्यिक कृतिको अध्ययन गर्ने साहित्यको समाजशास्त्रका आधारभूत सैद्धान्तिक मान्यताहरू प्रजाति, परिवेश र युग अनुभूतिको संरचना तथा स्थानीय भाषाको संयोजनबाट प्रस्तुत उपन्यास संरचित छ । यसकै कारणले गर्दा 'मुलुक बाहिर' उपन्यासमा प्रजाति, परिवेश र युगको अध्ययन विश्लेषण गर्नु आवश्यक तथा उपयोगी रहेको छ । यसै सिद्धान्तमा आधारित भई प्रस्तुत शोधकार्य 'मुलुक बाहिर' उपन्यासमा प्रजाति र युगको अध्ययन गरिएको छ ।

### १.२ समस्या कथन

लैनसिंह बाङ्देलका उपन्यासमा विभिन्न युग र परिवेशका प्रजातिहरूको प्रतिविम्ब पाइन्छ । उनका चारवटा उपन्यास मध्ये 'मुलुक बाहिर' उपन्यासको प्रजाति,

परिवेश र युगको अध्ययन यस शोधको मुख्य समस्या रहेको छ । यी समस्यालाई निम्न शोध प्रश्नहरूबाट थप प्रष्ट पारिन्छ :

क) लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासमा के-कस्ता प्रजातिगत स्थितिलाई प्रस्तुत गरिएको छ ?

ख) लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासमा के-कस्तो परिवेश प्रस्तुत गरिएको छ ?

ग) लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासमा के-कस्तो युगीन चेतनालाई प्रस्तुत गरिएको छ ?

## १.३ शोधको उद्देश्य

लैनसिंह बाङ्देलका उपन्यासमा अभिव्यक्त प्रजाति, युग र परिवेशसँग सम्बन्धित विभिन्न समाजशास्त्रीय विषयहरूको चित्रण गर्नु शोधको प्रमुख उद्देश्य रहेको छ । यी उद्देश्यहरूलाई निम्न बुँदाबाट थप प्रष्ट पारिन्छ :

क) लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासमा चित्रित प्रजातिगत स्थितिको खोजी गर्नु ।

ख) लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासमा निहित परिवेशको अन्वेषण गर्नु ।

ग) लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासमा निहित युगीन चेतनाको खोजी गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लैनसिंह बाङ्देल नेपाली साहित्यका विविध विधामा कलम चलाएका बहुमुखी प्रतिभाका धनी उपन्यासकार हुन् । उनी आधुनिक यथार्थवादी उपन्यासकार पनि हुन् । उनको औपन्यासिक यात्रा वि.सं. २००४ सालदेखि नै प्रारम्भ भएको हो । उनको मुलुक बाहिर (२००४) उपन्यास प्रकाशित भएपछि नै उनको उपन्यासकारिताका विविध पक्षहरूका बारेमा समीक्षात्मक विश्लेषणहरू हुन थालेको पाइन्छ । यसपछि माइतघर (२००६), लङ्गडाको साथी (२००८) र रेम्ब्रान्ट (२०२३) प्रकाशित भएपछि

यस कार्यले अझ विस्तारमा निरन्तरता पाइरहेको छ । उनका उपन्यासका सम्बन्धमा विभिन्न अध्येता, लेखक, एवम् समालोचकहरूद्वारा विचार, धारणा, समीक्षा, विश्लेषण र टिप्पणीहरू व्यक्त गरिनुका साथै विभिन्न लेख, रचना ग्रन्थ प्रकाशनदेखि लिएर विद्यावारिधि स्तरसम्मका अनुसन्धान कार्यहरू आएका छन् । यसर्थ यस अध्ययनलाई सघाऊ पुऱ्याउने खालका विभिन्न अध्येता लेखक एवम् समालोचकद्वारा गरिएको विश्लेषणात्मक टिप्पणीलाई पूर्वकार्य मानी कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

सूर्यविक्रम ज्ञवाली (२००४) ले मुलुक बाहिर उपन्यासको 'परिचयमा' यसका विविध पक्षका बारेमा चर्चा गरेका छन् । उनले यस उपन्यासले नेपाली जीवनको एउटा वास्तविक चित्र उपस्थित गरेको र यसमा काल्पनिक तथा आदर्श चरित्रको अभाव रहेको कुरा उल्लेख गरेका छन् । यसमा सबै चरित्र जिउँदा जाग्दा, देखे भोगेका र श्रमजीवीहरू रहेको कुरा प्रस्तुत गरेका छन् । नेपाली वीर जातिलाई सुहाउँदो छिटो छरितो भाषा र सङ्क्षिप्त वर्णनको सजीवता र मधुरताले गर्दा यस उपन्यासको महत्त्व बढेको कुरा प्रस्तुत गरेका छन् । ज्ञवालीको यस भनाइले बाङ्देलको प्रथम प्रकाशित उपन्यास मुलुक बाहिरमा श्रमजीवी पात्रहरूको सामाजिक जीवन भोगेको प्रस्तुत गरिएको तथ्यको उद्घाटन भएको छ । समीक्षक ज्ञवालीको यही संकेतले मुलुक बाहिर उपन्यासको विश्लेषणका लागि सहयोग पुऱ्याएको छ ।

यज्ञराज सत्याल (२०१७) द्वारा 'नेपाली साहित्यको भूमिका' कृतिमा मुलुक बाहिर उपन्यासमा प्रवासी नेपालीको समाजको यथार्थ चित्रर्ण गरिएको छ । यो समीक्षा मुलुक बाहिर उपन्यासको परिवेशको विश्लेषणका लागि उपयोगी छ ।

रत्नध्वज जोशी (२०२१) ले 'आधुनिक नेपाली साहित्यको झलक' नामक ग्रन्थमा केही उपन्यास र तिनका लेखक शीर्षकमा बाङ्देलका उपन्यासका बारेमा चर्चा गरेका छन् । त्यहाँ निराशावादीको अमीट छाप रहेको मुलुक बाहिर उपन्यासमा म्याउची टिस्टामा हाम फाल्नु, रने झुण्डिएर मर्नु, भुजेलको दुर्गति हुनु, मसिनी जीवनभर वियोगको आगोमा जल्नु आदि घटना उल्लेख गरेका छन् । जोशीको यस

भनाइबाट बाङ्देलका उपन्यासमा सामाजिक यथार्थवाद, निराशावादी चिन्तन, सामाजिक तथा साँस्कृतिक समस्याहरूको चित्रण जस्ता विशेषताहरू रहेको कुरा पुष्टि भएको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०२५) ले 'साझा समालोचना'को 'नेपाली उपन्यास' शीर्षकमा लैनसिंह बाङ्देलको मुलुक बाहिर उपन्यासको ऐतिहासिक भूमिका र सामाजिक पक्षका बारेमा चर्चा गरेका छन् । उनले यस उपन्यासले आधुनिक नेपाली उपन्यासको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा उल्लेख गर्दै यसै उपन्यासबाट यथार्थवादको प्रारम्भ भएको टिप्पणी गरेका छन् । यस उपन्यासमा सामान्य मजदुरी गर्ने निम्न वर्गलाई प्राथमिकता दिइएको छ । प्रवासिने नेपालीहरूको विवश जीवन, कठोर परिश्रम, बाँच्नलाई गरिएको प्रयास सङ्घर्षको जिउँदो रूपलाई प्रस्तुत गरिएको छ । प्रधानको यस भनाइमा बाङ्देलका उपन्यासको ऐतिहासिक योगदानलाई मूल्याङ्कन गरिएको छ । उनका उपन्यासमा आर्थिक समस्याले प्रताडित भएर प्रवासिन बाध्य भएका नेपालीहरूको कठिन जीवन भोगाइलाई यथार्थ परिवेशमा चित्रण गरिएको कुरा उल्लेख गरिएको छ ।

वासुदेव त्रिपाठी (२०२८), ले 'विचरण'मा वास्तवमा लैनसिंह बाङ्देल नेपाली उपन्यास साहित्यको प्रथम यथार्थवादका प्रवर्तक हुन भन्ने धारणा व्यक्त गरेका छन् । यसमा निम्न वर्गीय समाजको प्रतिनिधि पात्रहरूको उपस्थिति रहेको छ भन्ने उनको दृष्टिकोण रहेको छ ।

दयाराम श्रेष्ठ (२०३२) ले 'नेपाली साहित्यका केही पृष्ठ' शीर्षकको समालोचनात्मक ग्रन्थमा 'बाङ्देलका' 'मुलुक बाहिर' अध्ययन र मूल्याङ्कन शीर्षकमा नेपाली उपन्यासको विकासक्रमको चर्चा गर्दै मुलुक बाहिरको ऐतिहासिक स्थानको चर्चा गरेका छन् । उनले नेपाली उपन्यास परम्परामा पहिलो पटक सामाजिक यथार्थवादको प्रवेश यसै उपन्यासबाट भएको भन्दै यसमा पसिना बगाएर दालभातको निम्ति सङ्घर्ष गर्नेहरूको सजीव चित्रण गरिएको कुरा उल्लेख गरेका छन् । उनले यसमा स्थानीय रङको प्रयोग गरिएको प्राकृतिक दृश्यावलीहरूको सुन्दर चित्रण

गरिएको समाजका तल्लो वर्गका बहु-सङ्ख्यक नेपालीहरूको हाँसो-रोदन, दु:ख-सुख र उकाली ओरालीहरू लाई प्रयोग गरिएको जीवनको ब्यापक निराशालाई प्रस्तुत गरिएको नेपाली समाजका परमारा, रीतिरिवाज, धर्म, संस्कृति, अन्धविश्वास चाडवाड आदिको चित्रण गरिएको धारणा व्यक्त गरेको छन् । उनले यो उपन्यास समकालिन नेपाली उपन्यास साहित्यको एक महत्वपूर्ण उपलब्धि भएको भन्दै यसबाट जीवनको वास्तविक चित्रण गर्ने उपन्यासकारको उद्देश्य पुरा भएको विचार प्रस्तुत गरेका छन् (पृ. १७२-१८३) ।

गोविन्दप्रसाद भट्टराई (२०३३-२०३६) ले त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षण समिति, स्नातकोत्तर तहको पाठयांश ६०६-६०७ को प्रयोजनका लागि कीर्तिपुर बहुमुखी क्याम्पसमा 'लैनसिंह बाङ्देलको जीवनी व्यक्तित्व र कृतित्वको विवेचना' शीर्षकको शोधपत्र प्रस्तुत गरेका छन् । उनले यसअन्तर्गत लैनसिंह बाङ्देलको कृतित्वको विकास प्रक्रिया र मोडहरूको विवेचना शीर्षकमा उनको साहित्यिक यात्राको चरणगत विभाजन गरेका छन् । उनले बाङ्देलको साहित्यिक यात्रालाई प्रारम्भिक अवधि विकास अवधि र क्षेत्र परिवर्तन अवधि गरी तीन भागमा विभाजन गरी उपन्यास लेखनको काललाई विकास अवधि (२००४-२०२४) अन्तर्गत समावेश गरेका छन् । उनले बाङ्देलले छोटो समयमा नै थोरै उपन्यासबाट ठूलो प्रसिद्धि प्राप्त गरेको कुरा उल्लेख गर्दै उनलाई नेपाली उपन्यासका क्षेत्रमा नवीन प्रवृत्ति र मान्यतालाई प्रतिष्ठापना गर्ने उपन्यासकारका रूपमा चर्चा गरेका छन् (पृ.७४-७६) । भट्टराईले पनि नेपाली उपन्यास परम्परामा बाङ्देलका उपन्यासले खेलेको भूमिका सम्बन्धमा नै प्रकाश पारेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (२०३७) ले 'नेपाली उपन्यास र उपन्यासकार' नामक ग्रन्थमा 'लैनसिंह बाङ्देल' शीर्षकमा उनका उपन्यासका विविध पक्षका बारेमा विश्लेषण गरेका छन् । उनले बाङ्देलका उपन्यासहरूमा दु:खी तथा गरिबहरूको समाजलाई प्रमुख विषय बनाइएको कुरा उल्लेख गर्दै मुलुक बाहिरलाई सर्वोत्तम कृतिका रूपमा चर्चा गरेका छन् । उनले बाङ्देलका उपन्यासहरूमा दु:खी तथा

गरिबहरूको समाजलाई प्रमुख विषय बनाइएको कुरा उल्लेख गर्दै मुलुक बाहिरलाई सर्बोत्तम कृतिका रूपमा चर्चा गरेका छन् । उनले बाङ्देलका उपन्यास मुलुक बाहिर उपन्यासमा हिउँदभरि कामको खोजीमा भारत लाग्ने श्रमजीवी नेपालीहरूको सामाजिक जीवनको दिग्दर्शनमा केन्द्रित रहेको कुरा उल्लेख गरेका छन् ।

घटराज भट्टराई (२०४०) ले 'प्रतिभै प्रतिभा र नेपाली साहित्य' नामक कृतिमा बाङ्देलका उपन्यास समीक्षात्मक चर्चा गरेका छन् । भट्टराईले बाङ्देलका चित्रकला र साहित्य दुई फरक-फरक विधामा सफलता साथ कलम समाउने प्रतिभाशाली व्यक्तित्व भएको कुरा उल्लेख गरेका छन् । उनले बाङ्देल प्राकृतिक छाँगा, छहरा, हिमाली चुचुरा र बनैया दृश्यवाट मुग्ध हुने, एउटा चित्रकारका नाताले प्रकृतिलाई आत्मसात् गर्दै उपन्यासमा त्यसलाई उतार्ने कलाकार भएको धारणा व्यक्त गरेका छन् । बाङ्देलले उपन्यास र चित्रकला दुवैमा प्रकृतिबाट प्रेरणा पाएको धारणा व्यक्त गरेका हुन् ।

शङ्करकुमार राई (२०५५) ले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आठौं पत्रको प्रयोजनका लागि 'मुलुक बाहिर उपन्यासको कृतिपरक' अध्ययन शीर्षकको शोधपत्र प्रस्तुत गरेका छन् । उनले यसमा लैनसिंह बाङ्देलका औपन्यायिक प्रवृत्तिहरूको चर्चा गर्दै सामाजिक यथार्थवादलाई प्रमुख प्रवृत्तिको रूपमा उल्लेख गरेका छन् । उनले बाङ्देलका उपन्यासहरूमा वर्षभरिको ऋण तिर्ने, केही कमाएर सुखी जीवनयापन गर्ने मिठो सपना बोकेर प्रवासिने नेपालीहरूले भोग्नु परेका व्यथा, बेदनालाई चित्रण गरिएको कुरा उल्लेख गरेका छन् । राईको यस भनाइमा बाङ्देलका उपन्यासमा सामाजिक, आर्थिक, साँस्कृतिक परिवेशसँग सम्बन्धित विषयहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएको कुरा उल्लेख भएको छ ।

गार्गी शर्मा (२०५७) ले 'बाङ्देलका नारी पात्रहरू' नामका ग्रन्थमा बाङ्देलका नारी पात्रहरूको विवेचना गर्दै उनका समस्त उपन्यासका बारेमा चर्चा गरेकी छन् । उनले मुलुक बाहिर उपन्यासले प्रभावशाली लेखकहरूका लागि यथार्थवादको बाटो

खोलिदिएको र आफूले सामाजिक यथार्थवादको बाटोलाई अपनाएको उल्लेख गरेकी छन् । बाङ्देलका उपन्यासमा सामाजिक सङ्कीर्णताका कारण नारीले भोग्नु पर्ने विविध समस्याहरूको चित्रण गरिएको विषयलाई जोड दिएकी छन् ।

सुष्मा आचार्य (२०५८) ले 'लैनसिंह बाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन' नामक ग्रन्थमा बाङ्देलका उपन्यासका सम्बन्धमा चर्चा गरेकी छन् । उनले आदर्शवादी उपन्यासको परम्परालाई ल्याउँदै प्रवासी नेपाली जीवनको यथार्थ चित्रण गर्ने पहिलो यथार्थवादी उपन्यास मुलुक बाहिर बन्न पुगेको तथ्यलाई प्रकाश पारेकी छन् । उनले यस उपन्यासको सम्पूर्ण परिवेश दार्जिलिङ, बर्मा, सिलिगुडी, सिक्किम र आसाम रहेको हुनाले यसमा त्यहीको चालचलन, भाषा, रीतिरिवाज, धर्म, संस्कृति र प्रवासी जीवनको चित्र प्रतिबिम्बित भएको कुरा उल्लेख गरेकी छन् । उनले नेपालीहरूको प्रवासिने प्रवृत्ति र प्रवासमा भोग्नुपरेको कटु सत्यहरूलाई दार्जिलिङको सेरोफेरो र स्थानीय बोलचालको भाषा राम्ररी समेट्दै मुलुक बाहिर उपन्यासमा नेपालीपन उल्लेख गरकी छन् । उनको भनाइमा बाङ्देलको मुलुक बाहिर उपन्यास दार्जिलिङ वरिपरिको परिवेश त्यहाँकै चालचलन, रीतिरिवाज, र संस्कृतिमा केन्द्रित रहेको कुरा उल्लेख भएको छ ।

इन्द्रबहादुर राई (२०५८) ले 'नेपाली उपन्यासका आधारहरू' शीर्षकको कृतिमा मुलुक बाहिर उपन्यासबाट नेपाली उपन्यास यथार्थवादमा प्रवेश गरेका उल्लेख छन् । उनले यथार्थवादी अध्ययनको सीमाभित्र रहेर यस उपन्यासका स-साना पाटाहरू केलाउने काम गरेका छन् (पृ.६४-८३) । उनले पनि बाङ्देलको मुलुक बाहिरबाट नै सामाजिक यथार्थवादी उपन्यास परम्पराको सुरूवात भएको कुरा उल्लेख गरेका छन् ।

उमेशचन्द्र अधिकारी (२०६२) ले त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि 'बाङ्देलको उपन्यासकारितामा चित्रकलाको प्रभाव' शीर्षकको शोधपत्र प्रस्तुत गरेका छन् । उनले यसमा बाङ्देलका चारैवटै उपन्यासमा चित्रकालाको प्रभावलाई विश्लेषण गरेका छन् । यस क्रममा उनले प्राकृतिक दृश्य चित्रणको प्रभाव, मुहार चित्रणको प्रभाव स्थलगत

दृश्य चित्रणको प्रभाव आदिलाई आधार बनाएका छन् । उनले मुलुक बाहिरमा दार्जिलिङ्ग, बर्मा र आसामको सामाजिक, सांस्कृतिक परिवेशको चित्रण भएको त्यस्तै माइतघरमा सामाजिक घटनालाई मुख्य विषय बनाइएको, लङ्गडाको साथीमा पनि दार्जिलिङको चोक, बजार, गल्ली आदिको चित्रात्मक प्रतिविम्ब उतारिएको कुरा उल्लेख गरेका छन् । उनले बाङ्देलका मुलुक बाहिर उपन्यासमा निम्नवर्गीय मानिसको दैनिकीको चित्रण गरेका छन् ।

यादवप्रसाद लामिछाने (२०६३) ले 'आधुनिक नेपाली उपन्यासमा विसङ्गति बोध' नामक ग्रन्थमा बाङ्देलका उपन्यासका बारेमा समीक्षात्मक चर्चा गरेका छन् । उनले सामाजिक यथार्थको सोझो अभिव्यक्ति दिन मुलुक बाहिर भित्रको कष्टप्रद जीवन भोगाइ र त्यसभित्र मानवीय उतार चढाव, तनाव तथा दुःखपूर्ण स्थितिमा जीवनको विसङ्गतिलाई देखाइएको कुरा उल्लेख गरेका छन् । यसमा जीवनको कारूणिक र मार्मिक उद्घाटन, विदेशिएका नेपालीहरूको विजोग र विचल्लीबाट जीवनको सङ्गति सूत्रलाई आवद्ध गरेको स्थिति रहेको कुरा उल्लेख गरेका छन् । यसबाहेक माइतघरमा सानीमा देखिएको पारिवारिक विसङ्गति, सामाजिक मान्यताका विपरीत चल्न नसक्ने स्थितिलाई चित्रण गरिएको र लङ्गडाको साथीमा चाहिँ मानवताहीन मान्छेका खण्डित अवस्थालाई प्रस्तुत गरिएको छ । उनले बाङ्देलका उपन्यासमा सामाजिक बेथितिहरूलाई प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् ।

भोलानाथ पोखरेल (२०६४) ले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, अन्तर्गत विद्यावारिधि प्रयोजनका लागि 'आधुनिक नेपाली सामाजिक यथार्थवादी उपन्यासको पात्र विधान' शीर्षकको शोधप्रबन्ध प्रस्तुत गरेका छन् । उनले वि.सं. २००४ देखि २०१८ सम्मका सामाजिक यथार्थवादी उपन्यासहरूको विविध आधारमा विश्लेषण गरेका छन् । यसक्रममा उनले बाङ्देलका तीन उपन्यास मुलुक बाहिर, माइतघर र लङ्गडाको साथीको बारेमा चर्चा गरेका छन् । उनले मुलुक बाहिर उपन्यासमा हिन्दू धर्ममा आस्था राख्नु, दशैंमा घर लिपपोत गरेर उज्यालो पार्नु, टीका थाप्नु नाचगान गर्नु, मालसिरी गाउनु, रामायण पाठ गर्नु जस्ता

सन्दर्भहरूलाई प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । काम र मामको खोजीमा प्रवासिने निम्नवर्गीय नेपाली श्रमजीवीहरूको आर्थिक सङ्कटग्रस्त जीवनको चित्रणमा केन्द्रित रहेको साथै जसमा हिन्दू धार्मिक संस्कारको प्रभाव परेको तथ्य उद्घाटन भएको छ, जसलाई प्रजातीय अध्ययनका सन्दर्भमा प्रस्तुत शोधकार्यमा उपयोग गरिएको छ ।

नित्यानन्द सुवेदी (२०६४) ले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि 'लैनसिङ बाङ्देलका उपन्यासमा यथार्थवाद' शीर्षकमा शोधपत्र प्रस्तुत गरेका छन् । उनले यसमा बाङ्देलका उपन्यासमा पाइने यथार्थवादी प्रवृत्तिको अन्वेषण गरेका छन् । उनले बाङ्देलका विशुद्ध सामाजिक यथार्थवादी उपन्यासहरू मुलुक बाहिर र माइतघर रहेको धारणा प्रस्तुत गरेका छन् भने लङ्गडाको साथीमा सामाजिक यथार्थ र अतियथार्थवादको सम्मिश्रण रहेको कुरा उल्लेख गरेका छन् । उनले बाङ्देलका उपन्यासमा प्रवासी नेपाली समाज र त्यहाँको जीवनका वास्तविकता झल्किएको धारणा राखेको छन् (पृ.११९-१२०) । उनले आफ्नो अध्ययन बाङ्देलका उपन्यासमा निहित सामाजिक यथार्थवादी परिवेशको उद्घाटन गर्ने कार्यमा कन्द्रित गरेका छन् ।

सुरेन्द्र प्रधान (२०६४) ले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विद्यावारिधि प्रयोजनका लागि 'लैनसिंह बाङ्देलको उपन्यासकारिताको विश्लेषण र मूल्याङ्कन' शीर्षकको शोधप्रबन्ध प्रस्तुत गरेका छन् । यसमा उनले बाङ्देलको जीवनवृत्त, औपन्यासिक यात्रा र उनका उपन्यासका प्रमुख प्रवृत्तिहरूको विश्लेषण गरेका छन् । यसमा उनले बाङ्देलका उपन्यासहरूमा सामाजिक जीवनको यथार्थ चित्रण पाइनुका साथै नेपाल छाडेर प्रवाशमा पुगेका नेपालीले आफ्ना पुर्ख्यौली भूमिको, जातिको, संस्कृतिको र आफू उखेलिएर आएको अतीतको अनगिन्ती अनुभूति पीडा र समस्यालाई गहन रूपमा प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् । उनले मुलुक बाहिरमात्र नभएर विश्व प्रसिद्ध महान् कलाकारको

जीवनीमा आधारित रेम्ब्रान्टका अतिरिक्त माइतघर र लङ्गडाको साथीमा समेत वर्षेनी नेपालबाट मुग्लान पसेका असङ्ख्य डायस्पोराहरूको जीवन्त कथा प्रस्तुत भएको कुरा उल्लेख गरेका छन् । उनले लङ्गडाको साथीमा मगन्ते हुन पुगेपछिको सामाजिक उपहास, घृणा, तिरस्कारहरूबाट पिल्सिएको जीवनको चित्र उतारिएको धारणा प्रस्तुत गरेको छन् । उनले माइत घरको समाज घोर परम्परावादी, अन्धविश्वासी र अत्यन्त सङ्कीर्ण मनोवृत्तिमा रूमलिएको कुरा उल्लेख गरेका छन् । उनले मुलुक बाहिरका निम्न वर्गीय जीवनका विविध सामाजिक समस्याको त्रासदीपूर्ण जीवनगाथालाई चित्रण गरिएको कुरा उल्लेख गरेका छन् (पृ.३३०-३३४) ।

विष्णुप्रसाद पौडेल (२०६५) ले 'उपन्यास समालोचना' नामक ग्रन्थमा उपन्यासकार लैनसिंह बाङ्देल र उनका उपन्यासहरू' शीर्षकमा उनका उपन्यासका विविध पक्षहरूका बारेमा चर्चा गरेका छन् । उनले बाङ्देलका मुख्य औपन्यासिक प्रवृत्तिहरूको चर्चा गर्दै उनका उपन्यासको मूल प्रवृत्तिका रूपमा सामाजिक यथार्थवाद रहेको कुरा उल्लेख गरेका छन् । नेपाली उपन्यास परम्परामा मुलुक बाहिर पहिलो सामाजिक यथार्थवादी उपन्यास भएको र यस पछिका माइत घर र लङ्गडाको साथी उपन्यासमा पनि सोही प्रवृत्तिकै प्रबलता रहेको टिप्पणी गरेका छन् । उनले बाङ्देलका उपन्यासमा समस्याग्रस्त प्रवासी नेपाली जनजीवनको चित्रण भएको, विविध सामाजिक सङ्कीर्णताको निरूपण गरिएको कारूणिक र निराशावादी जीवनदृष्टिलाई प्रस्तुत गरिएको कुरा उल्लेख गरेका छन् (पृ.८९-९१) । उनको भनाइमा पनि बाङ्देलका उपन्यासमा समस्याग्रस्त प्रवासी नेपाली समाज र जनजीवनको यथार्थ र वास्तविक चित्रण भएको कुरालाई नै प्रस्तुत गरिएको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०६७) ले 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास' शीर्षकको समालेचनात्मक ग्रन्थमा उपन्यासकार लैनसिंह बाङ्देलका उपन्यासका सम्बन्धमा चर्चा गरेका छन् । उनले मुलुक बाहिरमा निम्न वर्गीय सामाजिक जीवनका आर्थिक प्रश्न उठाइएको, प्रवासी नेपालीको जनजीवनलाई चित्रण गरिएको छ ।

पात्रहरूका ईर्ष्या, शङ्का, पश्चात्ताप, अपराधबोध जस्ता कुराको उद्घाटन गरिएको धारणा राखेका छन् ।

हेमन्ता सुवेदी (२०६८) ले 'मुलुक बाहिर उपन्यासमा परिवेश' कृतिमा नेपालीहरू बिहान बेलुकाको छाक टार्न मुस्किल परेकाले मुग्लान पस्न बाध्य नेपाली भएको र त्यहाँको वातावरण नेपालको वातावरणसँग मिल्दो जुल्दो रहेको कुरा, नेपालीहरू घर नफर्केको यथार्थलाई बाङ्देलले मुलुक बाहिर उपन्यासमा प्रस्तुत गरेका छन भन्ने निष्कर्ष निकालेकी छन् ।

विष्णुप्रसाद पौडेल (२०६९) ले 'नेपाली उपन्यासमा सामाजिक यथार्थवाद' शीर्षकको समालोचनात्मक ग्रन्थमा लैनसिंह बाङ्देलका उपन्यासहरूमा निहित सामाजिक यथार्थवादलाई विश्लेषण गरेका छन् । उनले बाङ्देलका ती उपन्यासहरूका कथावस्तुमा, चरित्रमा, परिवेशमा र भाषामा निहित सामाजिक यथार्थका विभिन्न सन्दर्भहरूलाई प्रस्तुत गरेका छन् । उनले मुलुक बाहिरमा लेखकले देखे भोगेको सामाजिक विषयवस्तुलाई चित्रण गर्दै आर्थिक विपन्नको कारण हरेक हिउँदमा आफ्नो मुलुक नेपालबाट भारतका दार्जिलिङ, आसाम, बर्मा आदि स्थानमा गएका अशिक्षित श्रमिक नेपालीहरूको सामाजिक, आर्थिक र पारिवारिक तनावलाई चित्रण गरिएको धारणा प्रस्तुत गरेका छन् । माइतघरमा विपन्नता र प्रणय सम्बन्धी जटिलतालाई मूल समस्याका रूपमा चित्रण गरिएको दार्जिलिङको राजबाडीको एउटा निम्न मध्यम वर्गीय परिवारको दुःखद कथालाई समेटिएको, त्यस्तै लङ्गडाको साथी उपन्यासमा शारीरिक रूपमा अशक्त तथा विपन्न लङ्गडाका विवशता, बाध्यता चित्रण गरिएको, उपन्यासमा सहरी तथा प्राकृत वातावरण चित्रण विचार व्यक्त गरेका छन् (पृ.८४-१३३) । यसरी पौडेलले बाङ्देलका उपन्यासहरूमा निहित सामाजिक यथार्थवादका विभिन्न सन्दर्भहरू लाई चित्रण गर्दै गहन समीक्षा गरेका छन् ।

माथि उल्लेख गरिएका पूर्वकार्यका सबै अध्ययनहरूमा बाङ्देलका उपन्यासका विविध प्रकृतिलाई कुनै न कुनै रूपमा प्रस्तुत गरिएको छ । यी सबै अध्ययन आ-आफ्ना ठाउँमा उत्तिकै महत्त्वपूर्ण छन् तापनि तुलनात्मक दृष्टिले यिनीहरूलाई केलाउनु

आवश्यक देखिन्छ । यीमध्ये उनका उपन्यासका बारेमा कतिपयले सामान्य ढङ्गले आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन् भने कतिपयले सूक्ष्म विश्लेषण गरेका छन् । 'मुलुक बाहिर' उपन्यासको विश्लेषण गर्ने क्रममा वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, इन्द्रबहादुर राई, कृष्णचन्द्रसिंह प्रधानका विश्लेषणले विशेष महत्त्वपूर्ण छन् । यीमध्ये उनका उपन्यासका बारेमा यस्तो गहन र सूक्ष्म विश्लेषण प्रस्तुत गर्ने महत्त्वपूर्ण पूर्व कार्यहरूमा सुष्मा आचार्य, सूर्यविक्रम सुवेदी, रत्नध्वज जोशी, यज्ञराज सत्याल, शङ्कर कुमार राई, कृष्णहरि बराल र नेत्र एटम, गार्गी शर्मा, गोविन्दप्रसाद भट्टराई, घट्टराज भट्टराई, विष्णु पौडेल, हेमन्ता सुवेदी साथै सुरेन्द्र प्रधान रहेका छन् ।

सुरेन्द्र प्रधानले बाङ्देलका उपन्यासका महत्त्वपूर्ण प्रवृत्तिहरूलाई सूक्ष्म रूपमा केलाएका छन् । जस्ले प्रस्तुत शोधकार्यका प्रजाति र परिवेशसँग सम्बन्धित अध्ययनका लागि महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । विष्णुप्रसाद पौडेलले बाङ्देलका उपन्यासहरूमा निहित सामाजिक यथार्थवादी सन्दर्भहरूलाई गहन रूपमा समीक्षा गरेका छन् । उनले कथावस्तुमा, चरित्रमा परिवेशमा र भाषामा निहित सामाजिक यथार्थवादका सन्दर्भहरू लाई अलग-अलग चित्रण गरेका छन् । जसलाई प्रस्तुत शोधमा आवश्यकता अनुसार उपयोग गरिएको छ ।

शंकरकुमार राईको अध्ययन मुलुक बाहिर उपन्यासमा मात्र केन्द्रित रहेको छ । कृष्णहरि बराल र नेत्र एटमले केही नेपाली उपन्यासको चर्चा गर्ने क्रममा बाङ्देलका मुलुक बाहिर र अन्य उपन्यासहरूका विशेषताका सम्बन्धमा उल्लेख गरेका छन् । गार्गी शर्माले बाङ्देलका उपन्यासका नारी पात्रहरूमा आफ्नो अध्ययनलाई केन्द्रित गरेकी छन् । सुष्मा आचार्यले उनका उपन्यासको प्राकृतिक र सामाजिक पक्षको विश्लेषण गरेकी छन् । त्यस्तै उमेशचन्द्र अधिकारीले उनका उपन्यासमा चित्रकलाको प्रभाव निरूपण गर्ने काम गरेका छन् । यादवप्रसाद लामिछानेको अध्ययन आधुनिक नेपाली उपन्यासको विस्तृत क्षेत्रमा फिजारिएको छ । भोलानाथ पोखरेलले आधुनिक नेपाली सामाजिक उपन्यासको पात्र विधानको चर्चा गर्ने क्रममा बाङ्देलका उपन्यासका पात्र विधानका सम्बन्धमा पनि सामान्य चर्चा गरेका छन् । उनले

बाङ्देलका उपन्यासमा रहेका सामाजिक तथा सांस्कृतिक तथ्यहरूलाई प्रस्तुत गरेका छन् तापनि उनको अध्ययन पात्रहरूमा बढी नै केन्द्रित रहेको छ ।

यसरी उल्लेखित उपन्यासकार लैनसिंह बाङ्देलका उपन्यासमा गरिएको पूर्वकार्यलाई हेर्दा विभिन्न कृति, पत्रपत्रिका, शोधपत्र, समालोचना आदिमा 'मुलुक बाहिर' उपन्यासको बारेमा सामान्य टिका-टिप्पणी र विश्लेषण गरे तापनि 'मुलुक बाहिर' उपन्यासमा प्रजाति, परिवेश र युगमा नै केन्द्रित भएर हालसम्म कुनै अध्ययन कार्य भएको पाइँदैन । त्यसैले प्रस्तुत शोधकार्य 'मुलुक बाहिर' उपन्यासको प्रजाति, परिवेश र युगमा केन्द्रित गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

माथि चर्चा गरिएका सम्पूर्ण पूर्वकार्यहरू प्रस्तुत शोधकार्यका शीर्षकसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित भई प्रस्तुत शोधलाई कुनै न कुनै रूपबाट सहयोग पुऱ्याउने खालका छन् । यी सम्पूर्ण पूर्वकार्यहरू प्रस्तुत शोधका महत्त्वपूर्ण स्रोत सामग्रीका रूपमा रहेका छन् । यीमध्ये धेरैजसो पूर्वकार्यहरू लैनसिंह बाङ्देलको उपन्यासकारिता र तिनका सामान्य अध्ययनसँगमात्र सम्बन्धित छन् भने एकाध विशिष्ट अध्ययनसँग पनि सम्बन्धित छन् । यति भएर पनि बाङ्देलका उपन्यासहरूलाई तेनको समाजशास्त्रीय सिद्धान्तका आधारमा वस्तुगत र व्यवस्थित ढङ्गमा विश्लेषण गर्ने काम हालसम्म पनि भएको पाइँदैन । प्रस्तुत अध्ययनमा यी सबै पूर्वकार्यहरूलाई समेत आधार मान्दै बाङ्देलका उपन्यासमा निहित प्रजाति, परिवेश र युगसँग सम्बन्धित समाजशास्त्रीय अध्ययनको समस्याहरूको सही पहिचान गर्दै तिनको तार्किक, प्रामणिक र वस्तुपरक समाधानको उपायहरूको खोजी गरिएको छ ।

उपन्यासकार लैनसिंह बाङ्देलका उपन्यासकारिता र कलाकारिता व्यक्तित्व आज अध्ययनको एउटा महत्त्वपूर्ण विषय बन्न गएको छ । २००४ सालमा प्रकाशित मुलुक बाहिर उपन्यासका सम्बन्धमा जेजति अध्ययन विश्लेषण र मूल्याङ्कनको गरिएको भए पनि प्रजाति, परिवेश र युगमा केन्द्रित भई विश्लेषण नगरिएको सन्दर्भमा

यस शोधकार्यमा लैनसिंह बाङ्देलका उपन्यासको मुलुक बाहिर उपन्यासमा प्रजाति, परिवेश र युग विश्लेषण र विस्तृत अध्ययन गर्ने कार्य गरिएको छ ।

प्रस्तुत अध्ययनमा यसै समस्याको समाधानका लागि उनका उपन्यासमा निहित प्रजाति, परिवेश र युगसँग सम्बन्धित समाजशास्त्रीय सन्दर्भहरूको वस्तुगत र व्यवस्थित ढङ्गमा उद्घाटन गरिने भएकाले यसको प्राज्ञिक मूल्य र अनुसन्धानको औचित्य रहेको छ । यसका अतिरिक्त बाङ्देल र उनका उपन्यासका बारेमा जान्न चाहने हरेक पाठकका जिज्ञासा पूरा गर्ने सन्दर्भमा यसको व्यवहारिक र उपयोगी समेत रहेको छ ।

### १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोध उपन्यासकार लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासको प्रजाति, परिवेश र युगसँग सम्बन्धित भएकोले उपन्यासको प्रजाति, परिवेश र युगको मात्र अध्ययन गरिएको छ । यसका साथै उपन्यासका तत्त्वहरूसँग प्रजाति, परिवेश र युगको सम्बन्धको विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य सीमाङ्कन रहेको छ । प्रस्तुत शोध मूलतः फ्रान्सेली चिन्तक हिप्पोलाईट तेनको प्रजाति, परिवेश र युग सम्बन्धी सिद्धान्तहरूमा आधारित रहेको छ । यसरी तेनका प्रजाति, परिवेश र युगसँग त्रिसूत्रीय सिद्धान्तका आधारमा मात्र लैनसिंह बाङ्देलका मुलुक बाहिर उपन्यासको अध्ययन विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य सीमा हो ।

### १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सङ्कलित सामग्रीको विश्लेषण ढाँचा पर्दछन् : जसलाई यसप्रकार प्रस्तुत गरिएको छ :

**(क) सामग्री सङ्कलन**

प्रस्तुत शोध साहित्यिक शोध भएको हुँदा यसका निमित्त आवश्यक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यसमा लैनसिंह बाङ्देलका प्रकाशित उपन्यासहरू मुलुक बाहिर (२००४) लाई प्रमुख आधार सामग्रीका

रूपमा लिइएको छ भने यी उपन्यास कृतिहरूका बारेमा गरिएका अनुन्धान, समीक्षा, समालोचना, विश्लेषण, टिप्पणी आदिलाई सहायक सामग्रीका रूपमा लिइएको छ ।

### (ख) सामग्री विश्लेषणको ढाँचा

प्रस्तुत शोधको प्राज्ञिक समाधानका लागि र सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि साहित्यको समाजशास्त्रीय अध्ययनका विभिन्न सैद्धान्तिक पद्धतिहरू मध्ये तेनको प्रजाति, परिवेश र युगको सिद्धान्तलाई सामग्री विश्लेषणको मूल ढाँचाका रूपमा प्रयोग गरिएको छ । शोधको विषय मुलुक बाहिर उपन्यासको प्रजाति, परिवेश र युगको अध्ययन रहेकोले त्यससम्बन्धी सामग्रीको अध्ययन गर्दा मुख्यतः प्रजाति, परिवेश र युग सम्बन्धी आधारभूत मान्यतालाई प्रमुख रूपमा लिइएको छ । शोधकार्य गर्दा यसका अतिरिक्त विभिन्न विद्वानहरूका लेख, रचना, सल्लाह सुझाव आदिलाई सामग्रीका रूपमा उपयोग गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अवलम्बन गरिएको छ ।

## १.८ सैद्धान्तिक पर्याधार

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सैद्धान्तिक पर्याधारका रूपमा समाजशास्त्रीय परम्परामा स्थापित साहित्यको समाजशास्त्रीय समीक्षात्मक अध्ययनका चिन्तक फ्रान्सेली हिप्पोलाइट तेनद्वारा हिस्ट्री अफ इङ्लिस लिट्रेरेचर (सन् १९५६) नामक कृतिमा साहित्यको समालोचना क्षण, जाति र परिवेशका (त्रितत्त्व) आधारमा समीक्षा हुन सक्ने दृष्टिकोणबाट लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासको विश्लेषण गरिएको छ । लेखक तथा स्रष्टाले आफ्नो जात, समाज तथा राष्ट्रको भावनाका साथै आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकोले साहित्य एउटा युगको अभिलेख हो । त्यसैले साहित्यिक कृति ज्ञानवर्द्धक हुनुका साथै मानव समाजको स्मारक तथा ऐतिहासिक दस्तावेज हो । दर्पणको वस्तुको आकृति देखाए जस्तै साहित्यले पनि समयको प्रतिविम्ब प्रस्तुत गर्दछ । जसलाई तेनले युग भनेका छन् ।

भौगोलिक वातावरणले साहित्यमा प्रभाव पारेको हुन्छ । समाजमा मान्छे एक्लो नहुने हुँदा ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा चारैतिरबाट घेरिएको हुन्छ ।

युरोपको सन्दर्भमा उत्तरमा दुःखद र दक्षिणमा सुखवादले अभिव्यक्ति साहित्यमा हुने कुरावाट के स्पष्ट हुन्छ भने भौगोलिक संरचना र वातावरणले साहित्य सिर्जनामा मान्छेको मानसिकतामा प्रभाव पार्दछ भन्ने भनाई तेनको रहेको छ ।

हिप्पोलाइट तेनको समाजशास्त्रीय अवधारण कृतिको विश्लेषण गर्ने एक प्रमुख सैद्धान्तिक आधार हो । समाजशास्त्रका मुख्य प्रवर्तक कोम्ते हुन् । तेनले साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधार दिने काम गरेका हुन् । उनले साहित्य र कला दुवैलाई एकै ठाउँमा जोड्ने काम गरेका छन् । खासगरी उनको मान्यता कृतिमा प्रयुक्त भएको प्रजाति, परिवेश र युगमा केन्द्रित छ । उनले साहित्यमा प्रयुक्त भएका यिनै समाजशास्त्रीय त्रितत्त्वलाई सुसङ्गत रूपमा प्रस्तुत गर्ने काम गरे । समाजको यथार्थ चित्र साहित्यमा हुने गर्दछ । साहित्यकार प्रत्यक्ष रूपले समाजसँगै गाँसिएको विषय भएको हुँदा उसले भोगेका क्षण, उसको प्रजाति र ऊ बाँचेको परिवेश साहित्यमा अङकन भएको हो । साहित्यिक कृतिको प्रस्तुतिका क्रममा जैविक वंशाणुगत गुणहरू पनि सम्प्रसार वा अभिव्यक्त भएका हुन्छन् । यस सम्बन्धमा मैनेजर पाण्डेयको कथन छ- "कुनै पनि प्रजातिको चेतना र चरित्रको विशेषता नै उसको इतिहास, कला र दर्शनको कारण हौ" (पाण्डेय, २००६:१२५) । साहित्यिक कृतिमा यस्ता सामाजिक र कालिक सन्दर्भहरूलाई प्रजाति, क्षण र पर्यावरणका (परिवेश) रूपमा अध्ययन गर्नु नवीन दृष्टिकोण मानिन्छ । साहित्यको समाजशास्त्र अन्तर्गत यी त्रितत्त्वहरूलाई संक्षिप्त जानकारी दिनु सान्दर्भिक ठानिन्छ ।

तेनले साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा प्रजातिलाई वंशानुगत गुण, शारीरिक बनावट तथा जातजातिका प्रतिभा, स्वभाव, विश्लेषण एवम् पारस्परिक मानसिकताका रूपमा परिभाषित गरेका छन् । साहित्य भाषामा व्यक्त हुने कलात्मक कार्य हो । साहित्यको आन्तरिक पक्षको अध्ययन गरेर समालोचक रचनाभित्र निहित मूल्यको अन्वेषणद्वारा निष्कर्ष निकाल्छ । लेखक बाँचेको युग र उसले भोगेको सामाजिक, आर्थिक, भौगोलिक र पर्यावरण (परिवेश) लाई मध्यनजर गरी कृति भित्रको समाजको वैज्ञानिक तरिकाले परीक्षण गर्ने सिद्धान्तलाई साहित्यको समाजशास्त्र भनिन्छ । यसले साहित्यका पात्र मार्फत लेखकका प्रजातिगत विशेषताको अवलोकन

गर्दछ । लेखकको युग र पर्यावरणलाई साहित्यिक कृतिका मूलभूत घटनाभित्र खोजी गर्ने कार्य गर्दछ । लेखकका समाजमा प्रचलित धर्म, सांस्कृतिक रीतिरिवाज, आर्थिक स्थिति जस्ता पक्षको तुलना गर्दछ ।

यसले लेखकको सामाजिक स्थिति हुनुका साथै त्यस समयको प्रजाति, परिवेश र युगको प्रभाव कृतिभित्र के कस्तो छ ? त्यसको अन्तर सम्बन्धको खोजी गर्दछ ।
– साहित्यकारलाई साहित्य सिर्जना गर्दा त्यसबेलाको युग र परिवेशले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । लेखकले आफू बाँचेको युग र परिवेशलाई बेवास्ता गरी साहित्य सिर्जना गर्न सक्दैन । उसले तत्कालीन समयमा देखापरेका तथा आफूले भोगेका मुख्य घटनाहरूलाई साहित्यको विषयवस्तु बनाउने गर्दछ । लेखक बाँचेको युग र परिवेशलाई वास्ता नगरी कुनै पनि साहित्यमा समाजशास्त्रको अध्ययन गर्दा निष्कर्षमा पुग्न सकिँदैन, त्यसैले बाङ्देलको 'मुलुक बाहिर' उपन्यासको प्रजाति, परिवेश र युगको विश्लेषण गरिएको छ ।

## १.९ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित र सुसङ्गठित रूपमा पूरा गर्नका लागि विभिन्न परिछेच्द, शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । ती परिच्छेदहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

पहिलो परिच्छेद : शोधको परिचय
दोस्रो परिच्छेद : बाङ्देलका व्यक्ति, कृति र औपन्यासिक यात्रा र प्रवृत्ति
तेस्रो परिच्छेद : बाङ्देलको 'मुलुक बाहिर' उपन्यासको प्रजातीय अध्ययन ।
चौथो परिच्छेद : बाङ्देलको 'मुलुक बाहिर' उपन्यासको परिवेशको अध्ययन
पाँचौं परिच्छेद : बाङ्देलको 'मुलुक बाहिर' उपन्यासको युगीन अध्ययन
छैटौं परिच्छेद : सारांश र निष्कर्ष

माथि उल्लेख गरिएका परिच्छेदलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधकार्यका क्रममा प्रयोग गरिएका विभिन्न पुस्तक, ग्रन्थ, पत्रपत्रिका, अप्रकाशित शोधपत्र आदि सामग्रीहरूलाई सन्दर्भ सामग्री खण्ड अन्तर्गत वर्णानुक्रम सूचीबद्ध गरिएको छ ।

# दोस्रो परिच्छेद

# लैनसिंह बाङ्देलको औपन्यासिक प्रवृत्ति

## २.१ विषय परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास पनि एक आख्यानयुक्त विधा हो । लैनसिंह बाङ्देलले नेपाली साहित्यलाई 'मुलुक बाहिर' (२००४), माइतघर (२००६), लङ्गडाको साथी (२००८) र रेम्ब्रान्ट (२०२३) गरी जम्मा चारवटा औपन्यासिक कृतिहरू प्रदान गरेका छन् । उनका प्रतिभाले अन्य क्षेत्रको तुलनामा औपन्यासिक क्षेत्रमा विशेष महत्त्व राख्दछ । लैनसिंह बाङ्देलको 'मुलुक बाहिर' उपन्यासमा वस्तु विन्यासको अध्ययन गर्दा उनको औपन्यासिक प्रवृत्तिको अध्ययनले शोधकार्य लाई अझ थप सहयोग पुऱ्याउने छ । त्यसैले यस अध्यायमा लैनसिंह वाङ्देलको जीवनीका आलोकमा औपन्यासिक प्रवृत्तिको विश्लेषण गरिएको छ ।

## २.२ लैनसिंह बाङ्देलको संक्षिप्त परिचय

लैनसिंह बाङ्देलको जन्म सन् १९२४ डिसेम्बर २१ तारिखका दिन (वि.सं. १९८०-२०५९) भारतको पश्चिम बङगाल प्रान्त दार्जिलिङ जिल्ला अन्तर्गत तकभर चिया कमानमा बुवा रङगलाल र माता विमला देवी बाङ्देलका कोखबाट भएको हो । लैनसिंह बाङ्देलको साहित्यिक जीवनको प्रारम्भ स्कूल अवस्थादेखि नै भए पनि साहित्यको उर्वर समय कलकत्तामा रहँदा कला सम्बन्धी अध्ययनमा डिप्लोमा प्राप्त गरिसकेपछि उच्च अध्ययन र जागिर नहुँदाको फुर्सदको अवधिमा रचना गरिएका कृतिहरूलाई मान्न सकिन्छ (न्यौपाने, २०६४:१७१) । त्यस समय उनले विश्वकथा सङ्ग्रह नामक अनुवादित कृति प्रकाशन गरेपनि पछि गएर मुलुक बाहिर उपन्यास (२००४) सालमा माइतघर (२००६) सालमा लङ्गडाको साथी (२००८) सालमा रेम्ब्रान्ट २०२३ सालमा प्रकाशित भयो । बहुमुखी प्रतिभाशाली व्यक्तित्व लैनसिंह बाङ्देल नेपाली साहित्यको उपन्यास विधाको क्षेत्रमा परम्परागत मान्यता र प्रवृत्तिलाई तोडेर नौलो मोड ल्याउन सफल उपन्यासकार र अन्तर्राष्ट्रिय सङ्ग्रहालयमा आफ्ना कलाकृति सङ्ग्राहीत गराउन समेत सफल कलाकार हुन् । बाङ्देलका पूर्वजहरू पूर्वी

नेपालको खोटाङ जिल्लाको रावाखोला पारिपट्टिको 'बाङ्देल गाउँ' मा रहन्थे । प्रथम विश्वयुद्ध भन्दा अगाडिको नेपालको आर्थिक स्थिति ज्यादै नाजुक थियो । तसर्थ नेपालीहरू वर्षभरिको मेहेनतको फल कृषिबाट नहुने हुँदा कामको खोजीमा दार्जिलिङ पुगेका थियो । यही क्रममा बाङ्देलका परिवार पनि कामको खोजीमा दार्जिलिङ भित्रिएको पाइन्छ ।

लैनसिंह बाङ्देल सानैदेखि तीक्ष्ण बुद्धि भएका थिए । उनको चित्रकारी एवम् साहित्यकार व्यक्तित्वको प्रेरणाको स्रोत दार्जिलिङको प्राकृतिक पर्यावरण हो । दार्जिलिङको प्राकृतिक पर्यावरणमा हुर्केका बाङ्देलको कला र स्रोत दार्जिलिङको प्राकृतिक पर्यावरण हो । नेपाली साहित्य कथा र कविता विधाबाट नेपाली साहित्य संसारमा प्रवेश गरेका बाङ्देलले नेपाली साहित्यलाई उर्वर बनाएका छन् । उनी उपन्यासकार मात्र नभएर नियात्राकार, अनुवादक, जीवनीकार र कवि पनि हुन् । साहित्यिक जीवनको सुरूवात वि.सं. १९४१ मा प्रकाशित सरकारी हाइ स्कूल पत्रिकामा छापिएको भग्नजीवन कथाबाट भएको हो ।

लैनसिंह बाङ्देलका औपन्यासिक कृतिहरू 'मुलुक बाहिर' (२००४ साल) उपन्यास नेपाली उपन्यास साहित्यको पहिलो यथार्थवादी उपन्यास हो भने बाङ्देलको पनि पहिलो औपन्यासिक कृति हो । यस उपन्यासमा आर्थिक कारणले आफ्नो पहाड घर छोडेर मुगलान पस्नु नेपालीको बाध्यता हो । आफ्नो मुलुकबाट दैनिक जीवन नै धान्न नसकेर दार्जिलिङ पुग्ने र कमाएको सम्पत्ति च्यापेर वर्षायाम सुरू भएपछि पहाड तिर आईपुग्ने, प्रत्येक वर्षको खेतीपाती र चाडवाड दैनिक चर्चा तथा विविध व्यवहार धान्नु पर्ने नेपाली जीवनका बाध्यतालाई रने, म्याउची, महिला भुजेल मसिनी, दलबहादुर, रूपा जस्ता पात्रद्वारा वास्तविक चित्रण गरिएको छ । 'माइत घर' उपन्यास २००५ सालमा प्रकाशित भएको हो । आदर्शोन्मुख यथार्थवादी दिशामा अभिकेन्द्रित कृति हो । यस उपन्यासले पनि नेपाली समाज र संस्कारका मूल्याङ्कनलाई प्रस्तुत गरेको छ । बाल्यजीवनका सखा सानी र हरि दुई पात्रको केन्द्रीयतामा अडेको उपन्यास हो । सानी र हरि उपन्यासमा बाहिरबाट दाजु र बहिनी हुन् तर उनीहरूमा एकअर्का

प्रति प्रेमभाव पलाएको हुन्छ । नेपाली संस्कारका कारण सानीको विवाह अर्कातिर हुन पुग्दछ । सानीलाई उसको लोग्नेले सौता ल्याएपछि ऊ विचल्लीमा पर्छे । यस उपन्यासमा आफूलाई चाहेको मान्छेसँग विवाह गर्न नपाइने र परिवारको हस्तक्षेपलाई सहर्ष स्वीकार गर्नु पर्ने बाध्यात्मक स्थितिलाई छर्लङ्ग उतारिएको छ । आफ्नो पतिले सौता ल्याएपछि लोग्नेलाई देउता भनेर सानी पतिका घरमा फर्कन्छे । परिस्थितिले च्यापेर ल्याएको विवश जीवन बाँच्न बानी परेको नेपाली नारीका पलायन मूलक चित्र यस उपन्यासले गरेको छ ।

लैनसिंह बाङ्देलको अर्को महत्त्वपूर्ण उपन्यास लङ्गडाको साथी हो । यो उपन्यास २००८ सालमा प्रकाशित भएको हो । यस उपन्यासमा मानवजीवनको कारूणिक पक्षको चित्रण गरिएको छ । यस उपन्यासमा मानिसमा हुने मानव प्रवृत्ति दानवतामा परिणत भएको छ । बाङ्देल प्रवासी नेपाली समाजका वास्तविकता पस्कनेक्रम एउटा कुँजो माग्ने र एउटा पशुका माध्यमबाट मानिसमा हराउँदै गएको मानवताप्रति तिखो व्यङ्ग्य प्रहार गर्न पुगेका छन् । यस उपन्यासमा आजको मान्छेले सम्पन्नताका नाममा मावनता गुमाइ सकेको कुराको चित्रण भएको छ ।

आर्थिक अवस्था कमजोर भएको कारण पूर्वी नेपालबाट दार्जिलिङ गएको व्यक्ति गोठालोको रूपमा घरायसी काम गरेर बसेको छ । घाँस, दाउरा जाँदा रूखबाट लडेर दुईवटै खुट्टा गुमाउँछ र अपाङ्ग हुन्छ ।  ऊ सहरको छिंडीमा र पेटीमा रात विताउने गर्दछ । दिनभर घस्रेर माग्दै हिँड्ने र बजारका सभ्य भनाउँदा समाजका बालबालिकाको भूईंभालु भन्ने गाली सहँदै घुम्ने गर्दछ । धनी मान्छेहरूको अपेक्षा, केटाकेटीको हेलाका कारण लङ्गडाले पेटभरि खान पाउँदैन । साथी बनेर आएको कुकुरसहित आफू पनि बिरामीका कारण मर्न पुग्छ । साथै मानव र पशु कङ्काल घाटमा सँगै देखिन्छन् । लङ्गडाको साथी उपन्यासमा आजको मान्छेले सम्पन्नताका नाममा मानवता गुमाइ सकेको छ भन्ने कुराको चित्रण भएको छ ।

लैनसिंह बाङ्देलको रेम्ब्रान्ट (२०२३) उपन्यास चौथो हो । यो उपन्यास फ्रान्सेली कलाक्षेत्रको विभूति पात्रको जीवनीमा आधारित छ । यथार्थवादको सुरूवात साथ साथै बाङ्देलले जीवनीपरक उपन्यासको थालनी पनि गरेका छन् । यसमा प्रसिद्ध कलाकार रेम्ब्रान्टको जीवनीलाई औपन्यासिक कलाको कलात्मकता थपेर प्रस्तुत गरेको छ । कलाकारको जीवनी चरित्रिक वृत्तमा प्रस्तुत गर्दै उपन्यासको स्वरूप प्रदान गर्ने उपन्यासकार बाङ्देलको यस उपन्यास कोमल र समाजको यथास्थितिमूलक यथार्थलाई आदर्शोन्मुख ढङ्गले प्रस्तुत गर्ने माध्यम बनेको छ । उनलाई एउटा व्यक्तिको सिङ्गो वैयक्तिक आचरण उपन्यासको निर्माण गर्ने नेपाली साहित्यका आदर्शोन्मुख यथार्थवादी सफल उपन्यासकार भनिन्छ ।

यसरी बाङ्देलको उपन्यास यात्राको अवधि लगभग १९/२० वर्षको देखा पर्दछ । बाङ्देल सामाजिक यथार्थवादी उपन्यासकार हुन् । सामाजिक प्रचलनमा रहेको रूढिवादीका पाटाहरू परम्परागत मूल्यका सङ्कीर्णता र परम्परित अन्धविश्वास समेतलाई विस्फोटन गर्ने काम बाङ्देलका उपन्यासहरूले गरेका छन् । रेम्ब्रान्टको तुलनामा मुलुक बाहिर, माइत घर र लङ्गडाको साथी उपन्यास बढी नै सशक्त रहेका छन् ।

## २.३ लैनसिंह बाङ्देलका औपन्यासिक प्रवृत्ति

लैनसिंह बाङ्देल नेपाली उपन्यासका फाँटमा नौलो आयाम थप्ने उपन्यासकार हुन् । उनले नेपाली उपन्यासलाई नयाँ भावभूमि र ढाँचा दिएका छन् । रूपनारायण सिंहले दोहोऱ्याएको औपन्यासिक यात्रालाई अर्को शृङ्खला जोड्ने काम यिनले गरे । उपन्यास बाहेक बाङ्देलका अरू थुप्रै रचनाहरू पनि छन् । जसमध्ये अनूदित कथाहरू, सङ्ग्रहहरू जीवनी र यात्रा संस्मरण विशेष उल्लेखनीय छन । यी उल्लेखित कृतिहरूमध्ये उपन्यासले नै साहित्य क्षेत्रमा उनलाई बढी चर्चित बनाएको छ । बाङ्देलका उपन्यासमा मुलुक बाहिर माइत घर, लङ्गडाको साथी र रेम्ब्रान्ट रहेका छन् ।

बाङ्देल नेपाली उपन्यास परम्परामा आधुनिक कालका रूद्रराज पाण्डे र रूपनारायण सिंह पछिका महत्त्वपूर्ण प्रतिभाको रूपमा देखा परेका छन् । सर्वप्रथम नेपाली उपन्यासलाई यथार्थवादी जीवन दृष्टि दिई नयाँ मोड प्रदान गर्ने काम यिनकै मुलुक बाहिर उपन्यासले गरेको, आफ्नो कमाइ राम्रो नहुने देखि र मुग्लान पस्न बाध्य नेपालीहरूको पीडा, व्यथा, शङ्का तथा मृत्युको सिकार बन्न विवश भएका पात्रहरूको यथार्थ चित्रण मुलुक बाहिरमा रहेको पाइन्छ । बाङ्देलको माइत घर उपन्यासमा पनि सामाजिकताको यथार्थ चित्रण पाइन्छ । एउटै परिवार भएर फरक फरक दुई परिवार बसोवास गर्दै पहिले दाजु र बहिनी पछि प्रेमीप्रेमिका बन्न पुग्छन् तर समाजमा आफ्नो प्रेमलाई साकार बनाउन नसक्दा विवश जीवन बिताउन बाध्य भएका छन् ।

लङ्गडाको साथी उपन्यासमा मानिसको जीवन वृत्तान्त सङ्घर्ष, मानवताको उपेक्षा तथा जीवनको अस्तित्वप्रति सचेतता, जस्ता कुराको व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । बाङ्देलको अन्तिम उपन्यास रेम्ब्रान्ट उपन्यास जीवनीमा आधारित छ । एउटा चित्रकारले भोग्नु परेका दुःखद क्षण र तीसँग सङ्घर्ष गरेर संसारलाई केही दिन खोज्ने पवित्र भावनालाई यसमा कारूणिकताका साथ प्रकट गरिएको छ । दैविक, आर्थिक र सामाजिक भार सहँदै कला सिर्जनामा जीवन अर्पण गर्ने त्याग र धैर्यका प्रतिमूर्ति रेम्ब्रान्टको दुखान्त जीवन कथा भएको रेम्ब्रान्ट नेपालीमा लेखिएको प्रथम जीवनीमूलक उपन्यास हो । यिनै चार उपन्यासका आधारमा बाङ्देलका निम्न लिखित औपन्यासिक प्रवृत्तिहरूलाई औंल्याउन सकिन्छ :

### २.३.१ सामाजिक यथार्थवादी प्रवृत्ति

नेपाली उपन्यासमा सामाजिक यथार्थवाद ल्याउने पहिलो उपन्यासकार लैनसिंह बाङ्देल नै हुन् । आफ्नो पहिलो उपन्यास मुलुक बाहिर लिएर वि.सं. २००४ सालमा नेपाली उपन्यासको फाँटमा झुल्केका हुन् बाङ्देल । मुलुक बाहिर मात्र नभईकन, उनका माइत घर र लङ्गडाको साथी पनि सामाजिक जनजीवनकै फाँटमा देखे बाँचेको सामाजिक धरातलबाट टिपेका छन् । विदेशमा गई रातदिन पसिना बगाएर जीवनका निम्ति सङ्घर्ष गर्ने निम्न बर्गीय नेपाली श्रमिकहरूको दयनीय जीवन पद्धति

मुलुक बाहिरमा प्रतिविम्बित छ र यो हाम्रै सामाजिक जीवनको टडकारो वस्तु सत्य र यथार्थ हो ।

बाङ्देल नेपाली समाजका कथाव्यथालाई जस्ताको तस्तै उतार्ने सामाजिक यथार्थवादी उपन्यासकार हुन् । यिनका उपन्यासमा समाजका यथार्थ घटना पात्र र समस्याको प्रस्तुति पाइन्छ । निम्नवर्गको आर्थिक स्थिति, सामाजिक अन्धविश्वास, सामाजिक चालचलन र सङ्घर्षमय वास्तविक जीवन उनका उपन्यासका सामाजिक पक्ष हुन् । प्रवासी नेपालीहरूले भोग्नु परेको समस्या र नेपालीहरूको सामाजिक यथार्थवाद उनका उपन्यासमा पाइन्छ ।

सामाजिक क्षुद्र संस्कारका कुटिल चापप्रति चापमा अँचेटिएका हरि र सानी सामाजिक अपमान, संस्कार र घृणा सहन विवश लङ्गडाको आ-आफ्नै स्वाभिमान र अहम् बोकेका रने र म्याउची, सुधो एवं पतिपरायणा मसिनी, शङ्कालु स्वभाव भएको भुजेल, आदर्श भित्र दलबहादुर एकसेएक पात्रहरू हामीलाई जस्तै मानवीय गुण दोष युक्त लाग्दछन् । वर्गीय पात्रहरूको छनोट, साधारण बोलचालको गद्य, स्थानीय भाषिकाको प्रयोग, सामाजिक परम्परा, रीतिरिवाज, चालचलन र संस्कृतिको यथार्थ चित्रण बाङ्देलका उपन्यासमा भेटिन्छ ।

बाङ्देलले उपन्यासमा आर्थिक स्थिति कमजोर भएर विदेसिनु पर्ने बाध्यात्मक परिस्थिति, प्रवासमा बिताउनु पर्ने नरकीय व्यथा, सामाजिक परम्परा अगाडि विवश जीवन बिताउनु पर्ने बाध्यात्मक परिस्थिति, मान्छेलाई कुकुरले मित्रवत व्यवहार गर्ने तर मान्छेले मान्छेलाई घृणा एवम् अपमानपूर्ण व्यवहार गर्नु चित्रकारका वास्तविक जीवनमा घटित घटनामा केन्द्रित रहनु सामाजिक यथार्थवादी प्रवृत्ति हुन् ।

### २.३.२ मानवतावादी प्रवृत्ति

लैनसिंह बाङ्देल मानवतावादी उपन्यासकार हुन् । मानवीय गुण, धर्म र प्रवृत्तिलाई सर्वाधिक महत्त्व दिँदै अनि समानता, स्वतन्त्रता र मातृत्वमा जोड दिने मान्यतामा आधारित वाद नै मानवतावाद हो । मान्छेले मान्छे सरह सुखसँग बाँच्न पाउनु पर्छ भन्ने दृष्टिकोण मानवतावादले राख्दछ । बाङ्देलका उपन्यासमा यिनै तत्त्वका सापेक्षतामा निम्नवर्गप्रति सद्भाव जगाउने विषयको प्रस्तुति पाइन्छ । मुलुक बाहिरमा निम्नवर्गीय पात्रप्रति, लङ्गडाको साथीमा लङ्गडाप्रति र माइतघरमा हरि र सानीप्रति सहानुभूति र सद्भाव प्रकट गर्नु मानवतावादी स्वर नै हो । असहाय प्रति करूणा, उपकार र सद्भाव देखाउनु र उपन्यासका निम्नवर्गीय वा पीडित पात्रप्रति सहानुभूति प्रकट गर्ने प्रवृत्ति बाङ्देलका उपन्यासमा पाइन्छ ।
मानिसले धन, पद र सत्ता प्राप्तिका लागि जस्तो सुकै कुकर्म पनि गर्दछ । त्यस्तै सामाजिक संस्कार र धर्मको चेपुवामा परेर पनि मानिसले अर्कालाई आदर संस्कार उपकार गर्नु भन्दा बेवास्ता गर्ने प्रवृत्ति बढेको छ ।

बाङ्देलका चारवटै उपन्यासमा यस्ता गलत प्रवृत्तिको विरोध गर्दै उनले अन्याय र अत्याचारमा परेका पात्रहरूप्रति सहानुभूति र मानवीय भावना दर्शाएका छन् । बाङ्देलका सबै उपन्यासमा भन्दा लङ्गडाको साथीमा मानवतावादी सिद्धान्त बढी मुखरित भएको छ । आजको विकसित सभ्य समाजमा अमानवीय प्रवृत्ति बोकेका सभ्य कहलाउन खोज्ने मानिसहरूमा कतै पनि मानवताको सङ्केत पाइँदैन । लङ्गडाको साथी उपन्यासमा लङ्गडालाई मानिसले नकारात्मक व्यवहार गरेको तर मानवेतर पात्र कुकुरले लङ्गडाप्रति देखाएको ममताले मानव समाजलाई राम्रो शिक्षा दिएको पाइन्छ । यसरी लङ्गडाको साथीमा मानवतावादी प्रवृत्ति ज्यादै प्रखर छ ।

यसरी सामाजिक विषमताको प्रकृयाबाट मानवीय भावनामा चोट पुग्ने नहुने धारणा लङ्गडाको साथी उपन्यासमा रहेको छ । मानवलाई मानवले स-सम्मान बाँच्न दिनु पर्छ भन्ने विश्वास यसमा प्रस्तुत गरिएको छ ।

– बाङ्देलको औपन्यासिक कलामा पनि मानवतावादी प्रवृत्तिको सुन्दर छाप प्राप्त भएको छ । आफ्ना चारवटै उपन्यासमा उनले आर्थिक विषमताले पिल्सिएका पात्रहरूको सुखःदुखका उकाली-ओरालीहरूलाई स्थान दिएर चित्रण गरेका छन् । दीन-दुःखी, शोषित, पीडितहरूको आर्तनादप्रति अर्न्तमन रूवाएका छन् । बाङ्देलको मानवतावादी प्रवृत्ति 'लङगडाको साथी' उपन्यासमा प्रर्याप्त रूपमा प्रकट भएको छ । त्यसैले मानवलाई मानवले स-सम्मान बाँच्न दिनु पर्छ भन्ने विश्वास यसमा प्रस्तुत गरेको छ । अतः बाङ्देलको अर्को प्रवृत्ति मानवतावाद हो । लङगडाको साथी उपन्यासको भूमिकामा दुई शब्दमा उनले यस्तै टिप्पणी गरेका छन- 'यो सानो उपन्यासमा आफूले दिनहुँ देख्ने गरेको समाजको एउटा यथार्थ चित्रण दिन खोजेको हुँ' (बाङ्देल, २०३५ : ६) ।

### २.३.३ प्रकृतिवाद प्रवृत्ति

बाङ्देल प्रकृति प्रिय साहित्यकार हुन् । उनका उपन्यासमा प्रकृतिको विशिष्ट चित्रण पाइन्छ । यिनले बाह्य प्रकृतिका रूपमा झरी, बादल, वर्षा, आँधीबेरी आदिको र भित्री प्रकृतिका रूपमा मान्छेका प्रेम, ईर्ष्या, घृणा, वैमनस्य आदिको वर्णन गरेका हुन् । उनका उपन्यासमा प्रकृतिको मानवीकरण गरिएको हुने हुँदा मान्छेका सुख दुःखमा प्रकृति पनि सुखी वा दुःखी हुन्छ । आन्तरिक प्रकृतिको वर्णनमा बाङ्देलले मनको द्वन्द्वलाई प्रमुख स्थान दिएका छन् । मुलुक बाहिरका पात्रमा उब्जेका ईर्ष्या पश्चात्ताप र शङ्काको वर्णन माइतघरमा सानी र हरिको प्रेम बाहिर देखिन नसकेको अवस्था र लङगडाको साथीमा लङगडाको मनमा मान्छे र कुकुरप्रति आएको भावनात्मक द्वन्द्व आन्तरिक प्रकृति चित्रणका राम्रा उदाहरण हुन् भन्ने घटनावर्णन, चरित्र चित्रण र परिवेश सिर्जनामा बाह्य प्रकृतिको मनोहर वर्णन पाइने भएकाले प्रकृतिवाद बाङ्देलको औपचारिक प्रवृत्ति बनेको छ । बाङ्देलले प्रकृतिको सौम्य रूपदेखि रौद्ररूप सबैको जीवन चित्र उपन्यासमा प्रस्तुत गरेका छन् । घामको झुल्को, छयाङ्ग उघ्रेको पहाड लाग्दो दिन, हिउँदका रातको सिरेटो, ठन्डी तुसारो, वर्षा, हिलोमैलो र भलबाडी हुरीबतास सबै कुरालाई उपन्यासको कथावस्तु अनुसार प्रस्तुत गरेको पाइन्छ । बाङ्देल प्रकृतिसँगै समाज, वातावरण, परिवेश र व्यक्ति-व्यक्ति बीचमा

द्वन्द्वजीवन्त रूपमा प्रस्तुत गर्छन् । उनका उपन्यासमा मानिसको मन शान्त हुँदा प्रकृति पनि स्थिर हुन्छ ।

बाङ्देलको जन्म नै सुन्दर प्रकृति परिवेशमा हुनाले उनी सानैदेखि प्रकृति प्रेमी देखिन्छन् । प्रकृतिको दृश्यावलोकन गर्नु विभिन्न रूपमा चित्रण गर्नु, प्रकृतिमा सधैं रमाउनु उनको औपन्यासिक प्रवृत्ति हुन् । लङ्गडाको साथी र माइत घरमा प्राकृतिक छटा पाउन सकिन्छ । मुलुक बाहिर उपन्यासमा दार्जिलिङको परिवेश, टिस्टातिरको प्राकृतिक दृश्यावलीको उपन्यासलाई सजिसजाउ बनाएका छन् । प्रकृतिका विविध रूपको बाह्य चित्रणबाट पात्रका आन्तरिक मनोभावहरूको चित्रण गर्ने काम उनले आफ्ना उपन्यासहरूमा गरेका छन् । प्रकृतिलाई मानवीय स्वभावले भर्ने अर्थात मानवीकरण गरी प्रस्तुत गर्ने यिनी प्रकृतिवादी उपन्यासकार हुन् (न्यौपाने,२०६४:१७३) । मानिसको दुःखमा प्रकृति पनि रोइरहेको सजीवताका साथै चित्रण गर्दै प्रकृतिको करूणा तथा कहालीलाग्दो चित्रणमा बाङ्देल सफल मानिन्छन् । मानव र प्रकृतिलाई अभिन्न अङ्गका रूपमा चित्रण पर्ने बाङ्देलको विशेषता नै हो ।

### २.३.४ मनोवैज्ञानिकता

बाङ्देलको उपन्यासकला सामाजिक स्तरको सतहमा मात्र खेल्दैन, बरू मानवीय जीवनको सूक्ष्म अन्वेषणका लागि मानवहृदयको गहिराईसम्म पुग्न खोज्दछ । स्थूल सामाजिक समस्याहरूको निरीक्षण, अवलोकन र व्याख्या विश्लेषण मात्र होइन, बाङ्देलको उपन्यासकला मनोवैज्ञानिक यात्राको सुरूवात पनि हो । माइत घर र लङ्गडाको साथी पढ्दा मानवीय मनोभूमिको सफल कारूणिक अभिव्यञ्जना नै बाङ्देलको उपन्यासकला हो । मुलुक बाहिरमा ईर्ष्या, संशय र पश्चात्तापको मानसिक पृष्ठभूमि छ । कतै ईर्ष्या स्वाभिमानद्वारा निर्देशित मानसिकता छ त कतै पश्चात्ताप र अपराध मनोग्रन्थिद्वारा  सञ्चालित मानसिकता छ । प्रतिकूल परिस्थितिमा मानवतामा उत्पन्न हुने मानसिक हलचल र द्वन्द्व अन्तरद्वन्द्वको कथा मुलुक बाहिरमा चित्रित छ ।

मानसिक संरचनाद्वारा नै मुलुक बाहिरको जीवन जगत दुर्घटित भएको छ । रनेको अनौठो जिद्दीको परम्पर टकराहत नै दुवैको दाम्पत्य दुर्घटनाको प्रमुख कारण हो । त्यस्तै पश्चात्ताप मनोवृत्ति र अपराध चेतनाको कारण रने र महिला भुजेलका दुःखद अन्त्यको कारण हो । भुजेको मानसिक धरातलमा सन्देह र शङ्काको बीजारोपण नै पति पत्नीका सुमधुर सम्बन्धलाई धमिल्याउने दुषित तत्त्व हो । अझैं मानसिक अभिवाञ्जनाका दृष्टिले माइतघर र लङ्गडाको साथी विशेष महत्त्व राख्दछन् । सामाजिक, नैतिकता र नैसर्गिक प्रणयवृत्तिको उल्झनाभित्र फसेको नैरश्यता मनस्थिति माइतघरमा प्रस्तुत छ । मानसिक कुण्ठा र विकृतिको मनोवैज्ञानिक विश्लेषण बाङ्देलका उपन्यासहरूले गरेका छन् र मनोवैज्ञानिक केन्द्रितता नै उपन्यासहरूको प्रयोजनीयता हुन गएको छ ।

'मुलुक बाहिर' मा रने र म्याउचीलाई माहिल भुजेलका छेउमा बसेको देख्दा रने ईष्याले जल्छ । चरित्रवान् म्याउचीलाई टाँसिएर बसेको आरोप लगाउँदा ऊ भित्रको स्वाभिमान जागेको छ र डेग चल्दिन । अनेका सम्झाउँदा पनि नमानेपछि रने भित्र अपराजेय पौरूष जागृत हुन्छ र म्याउचीको अपराधीको पीरले पिरोलिने रने मसिनीलाई देखेपछि झन् त्यसको  मन उद्दीप्त हुनपुग्दछ र आत्महत्या गर्दछ । सेर्वा बूढाको छुल्याइँमा लागेर माहिला भुजेलले पतिपरायण सुधी पत्नीलाई भकुरेर घर छोड्न पुग्दछ । अनि रूपाबाट सम्पूर्ण भेद खुलेपछि पश्चात्तापले देहत्याग गर्दछ वास्तवमा 'मुलुक बाहिर' को जीवन जगत् चकनाचुर हुनुमा मानसिक संरचना नै प्रमुख कारक तत्त्व ठहर्दछ ।

त्यसैगरी 'माइतघर' मा हरि र सानीको अर्न्तमनसम्म बाङ्देलको उपन्यासकार पुगेको छ । जहाँ नैसर्गिक प्रणयवृत्ति सामाजिक कुसंस्कारजन्य उल्झनले क्षत्-विक्षत् भएको चित्रण गरिएको छ । 'हरिदाज्यू, मलाई बिहे गर्ने इच्छा छैन । अर्काको घरमा, नचिनेको जहानमा गएर म बस्नु सक्दिनँ । म यहीँ बस्छु, यही मेरो माइतघर– यहीँ बसेर आमा र बूढीलाई हेर्छु, तपाईको पनि सेवा गर्छु, । जन्मभर म यहीँ घरमा बस्छु' र हरिदाज्यू, मेरो चौरासी लाखको जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु

नपरोस्... अर्को जन्ममा तपाई सित भेट हुन्छ कि हुन्न ? अर्को जन्ममा पनि तपाईले उही सानी हो भने र चिन्न सक्नु हुन्छ ? भन्ने सानी अनि 'संसारले हामीलाई चेली माइतका रूपमा देखेको छ, त्यो पवित्र बन्धन तोडेर हामी कसरी संसारका सामु बाँच्न सक्छौ... सानु, नरोऊ तिमी त्यसरी रोयौ भने त हामी दुवै भ्रममा पर्नेछौं, अनि दुवैले पापको समुद्रमा डुब्नु पर्नेछ' (बाङ्देल, २०६४:पृ. ५७) । भन्ने हरिको अन्तरदिलको मूलमर्म र बेदनालाई बाङ्देलले राम्ररी स्पर्श गरेका छन् । त्यति मात्र होइन, हरि बिरामी हुँदा सानीले हरिको कपाल छाम्दासम्मको अनुभूति उनले ठम्याएका छन् ।

बाङ्देलको उपन्यास लङ्गडाको साथीमा पनि लङ्गडाको मानसिक मनोभावना, क्षण क्षणका मनोदशा, सपनाको विपनासँग रहेको सम्बन्धको चित्रण छ । त्यस क्रममा प्रस्तुत विविध स्वप्नचित्र वास्तविकतामा भोगेको स्मृति शृङ्खला जस्तै सपनामा कुकुर हराएको देख्नु विपनामा पनि कुकुर हराउनु, आफू लडेर रक्ताम्य भएको सपना देख्नु विपनामा साँच्चै त्यसैगरी लडाइनु जस्ता कुराहरूको प्रयोग गरी पात्रको चारित्रिक मानसिक शृङ्खलाको प्रस्तुति छ ।

यसरी सामाजिक परिस्थितिलाई आधार बनाएर पात्रहरूको भित्री मनको गहिराइसम्म पुगेर छामछुम पारी चित्रण गर्न बाङ्देल कुशल रहेको छन् । ईर्ष्या, क्रोध, पश्चात्ताप, आपराधिक भावना, आन्तरिक द्वन्द्व र मनका तीनै तहका विशृङ्खल अनुभूतिहरूको यथावत् अङ्कन आदि मानवीय मनोभूमिको यथार्थ चित्रण बाङ्देलले आफ्ना उपन्यासहरूमा गरेका छन् भने मान्छेका अन्तकरणभित्र प्रवेश गर्दै त्यहाँ फेला पर्ने स्नेह, दया, माया, करूणा आदि मनोभावहरूलाई मूर्त रूपमा बाहिर प्रकट गरी मान्छेका हार्दिक विशालता र व्यापक गहिराईको विशेष परिचय दिएका छन् । अतः मनोवैज्ञानिकता बाङ्देलको उपन्यासकारिताको अर्को प्रमुख प्रवृत्ति हो ।

### २.३.५ अतियथार्थवाद

बाङ्देलले यथार्थवाद भन्दा अलिपर गएर अतियथार्थको पनि प्रयोग गरेका छन् । अतियथार्थवाद सन् १९९२ मा सामाजिक आदर्शमूलक यथार्थ, वस्तुमूलक यथार्थ र प्रकृतिवादी यथार्थ विरूद्ध फ्रान्समा जन्मेका नयाँ साहित्यिक मान्यता हो । फ्रायडीय

स्वप्न मनोविश्लेषणका आधारमा मान्छेका कुनै कल्पना, तरङ्ग र स्वप्निलताप्रति तीव्र समर्थन जनाउँदै यसवादले तर्क, बुद्धि र सम्भावित मर्यादा समेतको उपेक्षा गर्दछ । नेपाली उपन्यास परम्परामा बाङ्देल सामाजिक यथार्थवादका मात्र होइनन् । अति यथार्थवादका पनि प्रवर्तक हुन् । लङ्गडाको साथी अतियथार्थवादको नवीन प्रयोग हो । प्रतिक्षण बदलिइ रहने मानवमनका विशृङ्खल स्वप्निल भाव तरङ्गहरूलाई अतियथार्थवादले विशेष अभिरूचिका साथ अभिव्याञ्जित गर्न खोज्दछ । बाङ्देलले लङ्गडाको साथीले पनि लङ्गडाका हरक्षण परिवर्ति मनोदशाको सुन्दर रेखाङ्कन गर्न खोजेको छ । बाङ्देलले विभिन्न परिस्थिति र अवस्था विशेषमा लङ्गडाको मनमा उब्जने आशा, निराशा हर्ष, विस्मात, क्रोध, आक्रोश, भए जस्तो मनोभावलाई कति नछोडी टिप्ने प्रयास गरेका छन् । अतियथार्थवादको उदाहरणमा लङगडाको मन्मयता र अचेतनाको मिही विचरण छ । खासगरी कुकुर हराएपछि उसमा फेरि एक्लोपन आउनु र लक्ष्यहीन भएर जता मन लाग्यो उतै घस्री-घस्री हिँड्नु, सपनामा सवलाङ्ग भएर हिँड्नु जस्ता भावी यथार्थवाद सुहाउँदा कुराहरू छन् । समाजमा स्थापित मूल्य र मान्यता, रूढ, जड र यान्त्रिक कृतिमताप्रतिको असंलग्नता र घृणा छ । उपन्यासमा लेखकको सहज, स्वच्छन्द र निर्गन्ध विचरण छ तर लङ्गडाको कुंजिएको छ । सपनामा गिद्ध उठेको देख्छ, बाह्य विचरण गर्ने सहज आकांक्षा छ । लङ्गडाको हृदयको गहिराई छाम्न उपन्यासकार गहिरिएका छन् ।

यस उपन्यासमा लङ्गडाको बर्बराहट, आत्मप्रलाप, उसमा बढ्दै गएको मानसिक असन्तुलन, लङ्गडाको सपना, जहाँ फ्रायडको स्वप्न सिद्धान्त अनुसार विपनामा पूरा नभएका आकांक्षा सपनामा पूरा हुनु, चीलझैँ उडेर मुक्त विचरण गर्ने दिवास्वप्न देखेर आनन्दमय हुनु, सुकिला लुगा लगाउने भलाद्मी भन्दा झुत्रे लुगा लगाउने, केटो दयालु हुनु, सामाजिक नियमको बर्खीलाप जति गर्न चाहे पनि त्यसका अगाडि लाचार बन्ने बाध्यता हुनु, भलाद्मी प्रति घृणा र तिरस्कार गरे पनि केही गर्न नसक्नु अतियथार्थवादका सूचक हुन् । यस उपन्यासमा अतियथार्थवादको महत्त्वपूर्ण सूचक भने मृत्युपश्चात् लङ्गडो र कुकुरको अस्थिपञ्जर जोडिनु हो । जैविक दृष्टिले मान्छे र पशुमा फरक छैन । दुवै नाङ्गै जन्मछन् । तर मान्छे कृतिम सभ्यता र

मान्यताले कसिन्छ । मान्छेले सभ्यताको खोल ओढी जन्माएको मान्यताबाट आफैले दुःख पाएको छ भन्ने कुरा निगुढ ढङ्गले व्यक्त गरेको छ । दुवैको कंकाल जोडिएको दृष्टिले मान्छे र जनावरको जैविक सान्निध्य देखाए पनि त्यसभन्दा माथि उठेर अलौकिक मित्रताको दृश्य देखाएको छ ।

यसरी लङ्गडाको साथीमा विविध स्वप्निल भाव-तरङ्ग तथा मानसिक मनोभावको सफल गरिएको छ । परम्पराप्रति आक्रोश व्यक्त गर्ने हुँदा प्रचलित सामाजिक व्यवस्थाका निम्ति यो एउटा गम्भीर चुनौती पनि हो । क्यामेराको फोकसले भेटेसम्म सूक्ष्मतिसूक्ष्म वस्तुहरूको फोटो खिचे झैं यदि अतियथार्थवादीहरूले पनि आफ्ना रचनामा हर ठाउँको सूक्ष्म तथा विस्तृत विवरण या विशेष जानकारी दिन्छन् भने त्यसबारे संक्षिप्त जानकारी गराउन चाहेका छन् (त्रिपाठी, २०२८:११०) । लङ्गडाको मनमा आएका स्वप्निल तरङ्गहरूलाई उपन्यासमा चित्रण गरिएकोले लैनसिंह बाङ्देलमा यो औपन्यासिक प्रवृत्ति पाइन्छ । उनले नेपाली उपन्यास परम्परामै पहिलो पटक अतियथार्थवादको प्रयोग लङ्गडाको साथी उपन्यासमा गरेकाले उनी प्रथम अतियथार्थवादी उपन्यासकारको रूपमा परिचित छन् । अतः अतियथार्थवाद बाङ्देलको महत्त्वपूर्ण विशेषता वा प्रवृत्ति हो ।

### २.३.६ निराशावादी जीवनदृष्टि

लैनसिंह बाङ्देलका उपन्यासका पात्रहरूका जीवनमा देखापरेका हरेक किसिमका समस्याहरूसँग जुध्दै, अनेक आपत्विपत् सहँदै घोर निराशामा जीवनको समाप्तिमा टुङ्ग्याइएको पाइन्छ । यथार्थको प्रस्तुतिभित्र जीवनको निरर्थक तथा निराशाले उपन्यासमा व्याप्ति पाएको भेटिन्छ । मुलुक बाहिर तथा लङ्गडाको साथीका जीवनका निरीहपनको मर्मभेदी प्रस्तुतिले निराशावादी जीवनदृष्टिको अभिव्यक्ति पाइनु स्वभाविक मानिन्छ । माइत घरकी सानीको जीवन निराशापूर्ण हुनु तथा सामाजिक समस्याले ग्रसित रहनु भित्रको जीवनको निराशा व्यक्त भएको अनुभूति हुन्छ ।

बाङ्देलका सबै उपन्यासका मूलपात्रहरू जीवनमा आइपर्ने दुःख, कष्ट, समस्या, आपत् विपतहरूसँग सङ्घर्ष गर्दागर्दै त्यसबाट पलायन भई आफ्नो जीवन निराशामा समाप्त गर्न पुग्छन् । मुलुक बाहिरका रने, महिला भुजेल, लङ्गडाको साथीको लङ्गडो र काले कुकुर, माइत घरकी सानी, रेम्ब्रान्टको रेम्ब्रान्ट यस्ता पात्रहरू हुन् । महिला भुजेल र रने जीवनबाट निराश भएर मृत्युवरण गर्न पुगेका छन् भने सानी हरिको घरमा सधैं आश्रय नपाउने भएपछि निराश भएर फेरि आइमाईको जुनी लिनु नपरोस् भन्दै आत्महत्या गरी जीवनलीला समाप्त पार्न हिँडेकी छ । उता लङ्गडाले कुकुर हराएपछि आफ्नो आत्मा हराएभैँ निराशामा आफूलाई डुबाएको छ । अन्त्यमा उसको पनि मृत्यु भएको छ । रेम्ब्रान्टको जीवनका हरेक मोडहरूमा असफलता मात्र हात लागेपछि उनको जीवन पनि निराशाको पल्लै सिमानामा पुगेको देखाइएको छ । यथार्थवादी उपन्यासकार भए पनि उनका उपन्यासहरू भने निराशाको कल्पना र त्यसका सहानुभूतिशील जीवनदृष्टिमा आधारित भएर नै उभिएका छन् । समाजमा विद्यमान सामाजिक समस्या आर्थिक असमानताको समाधानतिर नलागे यस्ता त्रासदीपूर्ण वातावरण र निरीहताको स्थिति सिर्जना भई नै रहन्छ भन्ने कुराको संकेत उनले गर्न खोजेको देखिन्छ । माइत घरको याद अनुभव नै समाज कृतिम नैतिक र जीवनीयताको विरोध गर्छ, उपन्यासको भावना क्रान्तिकर छ । यान्त्रिक र नियतीवादी प्राकृतिकवादले समाज र व्यक्तिलाई हेरेकोले सँगैमा तर उपन्यासकारको निराशावाद पनि संलग्न छ । मानिस आफ्नो चाहेको स्वतन्त्रकार्यलाई अन्ततः असमर्थ रहेछ, सामाजिक, भौतिक साथै नैतिकताको नृत्य मात्र रहेछ । यसरी निराशावादी जीवनदृष्टि पनि बाङ्देलको औपन्यासिक प्रवृत्ति रहेको पाइन्छ ।

बाङ्देलका उपन्यासहरूमा सर्वत्र निराश वातावरण र करूणाभाव व्यक्त भएको छ । अनेकौं सामाजिक समस्याहरू र आर्थिक बिडम्बना भित्र जेलिएको निरीह जिन्दगानीको मर्मभेदी दुःखान्त कथा नै बाङ्देलका उपन्यासहरूले बटुलेको कथा हो । सङकट र बेदनाको कुहिरोभित्र बाटो पहिल्याउन सङ्घर्षरत जस्तै देखिए पनि बाङ्देलले सङ्घर्ष नै जीवन हो भन्ने माने पनि उनका उपन्यासका सबैजसो चरित्रहरू एक न एक प्रकारको दुःखान्त दुर्घटनाले ग्रस्त छन् र तिनीहरूले जीवनको हार स्वीकार्न विवश

देखिन्छ । तिनका जीवनमा सुखको मात्रा भन्दा दुःखको मात्रा नै बढी देखिन आउँछ । माइत घरका पात्रहरू सामाजिक मर्यादा र नैतिक चुनौतीहरूका विरूद्ध सङ्घर्ष गर्न नसक्ने छन् । माइतघरमा मान्छेका सङ्घर्षशील व्यक्तित्व या पौरूषयुक्त महनीय जीवन मूल्यहरूको ह्रास छ । यसरी बाङ्देलका उपन्यासहरूमा निराशावादी जीवन दृष्टि प्रस्तुत भएको हुन्छ । उनका उपन्यासहरूले प्रत्येक पाठकका मुटुमा भक्कानु पार्छन् र आँखामा जल रसाउँछन् । वास्तवमा बाङ्देलको औपन्यासिक प्रवृत्ति निराशावादी जीवनदृष्टिको द्योतक हुन पुगेको छ । यसरी उनका उपन्यासमा यथार्थका नाममा निराशाको कल्पना र त्यसको सहानुभूतिशील जीवन दृष्टिमा आधारित भएर उभिएका छन् । सामाजिक समस्या र आर्थिक बिडम्बनाको समाधान तिर नलागे यस्तो निरिहताको स्थिति उत्पन्न भई नै रहन्छ भन्ने कुरा यसमा सङ्केत गर्न खोजिएको छ ।

### २.३.७ दुःखान्तता र करूणामयता

बाङ्देलको औपन्यासिककलाले पाश्चात्य परम्परालाई अङ्कमाल गर्दै नेपाली उपन्यासको इतिहासमा दुःखान्तमय प्रवृत्ति पनि भिफ्याएका छन् । उनका सम्पूर्ण उपन्यासहरू कारूणिक र दुःखान्तमय छन् । सबै औपन्यासिक कृतिभित्रका पात्रहरूको जिन्दगानीका कथा व्यथाहरूलाई र उपन्यासको अन्त्यलाई नियाल्दा बाङ्देल निराशा र करूणाका यात्री हुन् । 'मुलुक बाहिर' का पात्रहरू काम र मामको लागि मुलुक बाहिरिन्छन् र जीवनभर सङ्घर्ष गर्दा गर्दै इहलीला समाप्त गर्दछन् । रने र म्याउची, माहिला भुजेल र मसिनीका कहानीले अन्त्यमा शून्यता पाएका छन् । दलबहादुर एक्लो भएको छ । 'माइत घर' का हरि र सानीको जिन्दगानीमा सम्भनाका कोसेली मात्र बनेर सधैंका लागि विछोडिएको हुन् । 'लङ्गडाको साथी' को लङ्गडाले आजको हुने खाने र शिक्षितहरूबाट जीवनभर घृणा र दुःखको उपेक्षा मात्र पाएको छ । अनि कुकुरको आत्मीयतामा बाँचेको छ । 'रेम्ब्रान्ट' को जीवनमा दुःखको रासमाथि जन्मन्छ र अन्त्यमा दुःखको भोला भिरेरै मर्दछ (राई, २०५५:२६-२७) ।

यसरी बाङ्देलका औपन्यासिक पात्र-पात्रहरूको आडमा सुखको न्यानो घाम कहिल्यै नलाग्नुले र दुःखान्त्य हुनुले निराशा र करूणामय जीवनको सन्देश दिएको छ ।

सुखान्त र काव्यकलाका तुलनामा दुःखान्त रचनाहरू बढी मार्मिक र प्रभावकारी हुन्छन् । यसको मूलभूत कारण नै करूणामयता हो । मानव मनको गहिराईसम्म पुगेर सामाजिक जनजीवनका व्यथा र वेदनालाई पहिल्याउन सक्ने लैनसिंह बाङ्देल निःसन्देह संवेदना र सहानुभूतिका उपन्यासकार हुन् । उनले उपन्यासमा करूणै करूणाको भावधारा बगाएका छन् ।

बाङ्देल नेपाली उपन्यास परम्परामा पश्चिमी दुःखान्त परम्परालाई आमन्त्रण गर्छन् । 'मुलुक बाहिर' को उपन्यासमा त्यही स्थान छ । उनका समग्र उपन्यासहरू दुःखान्त  हुन् । त्रास र करूणाको दुःखान्त नाटकीय भावभूमि मुलुक बाहिरमा व्याप्त छ । उपन्यास चार खण्डमा निर्मित छ । 'मुलुक बाहिर' अविवेकी रनेले आत्महत्या गर्नु, माहिला भुजेलले मसिनीलाई निर्दयतापूर्वक कुटेर घरबाट भाग्नु, वियोग व्यथा सहेर मसिनीले लोग्नेको प्रतीक्षा गर्नु, पश्चात्तापमा परेर भुजेलले प्राणत्याग गर्नु जस्ता घटनाहरू वेदनामय छन् । सामाजिक मर्यादाप्रति कारूणिक द्वन्द्वले 'माइत घर' मुलुक बाहिरका तुलनामा बढी संवेदनामय रहेको छ । बाङ्देलको यही असाधारण करूणामयताले गर्दा उपन्यासहरू पाठको मर्म छुन सफल भएका छन् (सुवेदी, २०६९:२८) । बाङ्देलको मर्म मधुर अभिव्यक्ति प्रभावशाली छ । 'मुलुक बाहिर' एक त्रासदीय उपन्यास हो । यसमा रने र म्याउची माहिला भुजेल र मसिनीका जीवन कथाहरू अत्यन्त निराश र कारूणिक छन् । यसमा रनेले गरेको म्याउचीको हत्या, रनेको आत्महत्यावाट त्रासदीय वातावरणको सिर्जना भएको छ । त्यस्तै माइतघरलाई त कारूणिकताको महासागर नै भनिन्छ । यसमा मुख्य गरी हरि र सानी करूणाका मूल बनेको छन् । उनीहरू दुवैले आफ्ना इच्छा र चाहनाहरूलाई राक्षसी मुख बाइरहेको समाजका कारणले एक अर्कालाई व्यक्त गर्न नसक्दा आँसुका धारा बगाउँदै बिछोडिएका छन् । सानीले पोइको घर प्रेमको सट्टा तिरस्कार र सौता पाउँछे । आखिर सानीले कतै पनि सुख पाइन । त्यस्तै लङ्गडाको साथी र रेम्ब्रान्टमा पनि जीवनमा आइपर्ने संकट तिनीहरूसँग सङ्घर्ष गर्दागर्दै पनि हात लाग्ने असफलताको वातावरण बढी मात्रामा सिर्जना भएको देखिन्छ । मानिसका समाजमा मानिसले (लङ्गडा साथी) नपाएर पशु (कुकुर) लाई साथी बनाइएको छ । समाजका भद्र भलादमी, सभ्य,

भनाउँदाहरूको घृणा र अपहेलनाको पात्र बनेको लङ्गडो कुकुरको आत्मीयतामा बाँचेको छ । कुकुर हराउँदा उसले सकेसम्म कुकुरलाई खोजेको छ । प्रतीक्षा पश्चात त्यस कुकुरको अनुहार देख्ने वित्तिकै हर्षाश्रु आँखामा डबडब्याएका छन् ।

उसले कुकुरलाई करूणाको दृष्टिले हेरेको छ । त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रूँदै बिदा मागिरहेको जस्तो थियो (बाङ्देल,२०५०:७६) । 'मुलुक बाहिर' का पात्रहरूले पश्चात्तापको भुङग्रोमा पिल्सिदै अपराधिक चेतना प्रबल भई अन्ततः मृत्यु समेत भएको छ भने माइतमा समेत दीर्घ रूपमा आश्रय नपाएकी सानीले फेरि आईमाईको जुनी लिएर जन्मनु नपरोस् भनी कामना गर्नु पुगेकी छे । त्यस्तै गरिबी सहेर दुःख भोगेर पनि अमर कलाको सिर्जनामा लागि रहने रेम्ब्रान्टको जीवन पनि दुःखबाटै शुरू भएर दुःखमै अन्त भएको कुरालाई रेम्ब्रान्ट उपन्यासले चित्रण गरेको छ ।
अतः बाङ्देलका चारवटै उपन्यासहरू करूणाका खानीका रूपमा पाइन्छन् भने उनी संवेदना र सहानुभूतिका हालसम्मका अद्वितीय नेपाली उपन्यासकार हुन् ।

### ३.३.८ प्रकृतिवाद

बाङ्देलका उपन्यासमा प्रकृतिको विशिष्ट चित्रण पाइन्छ । यिनले बाह्य प्रकृतिका रूपमा झरी, बादल, वर्षा, आँधीबेरी आदिको र भित्री प्रकृतिको रूपमा मान्छेको प्रेम, ईर्ष्या, घृणा, वैमनस्य आदिको वर्णन गरेका छन् । उनका उपन्यासमा प्रकृतिको मानवीकरण गरिएको हुने हुँदा मान्छेका सुखदुःखमा प्रकृति पनि सुखी वा दुःखी हुन्छ । आन्तरिक प्रकृतिको वर्णनमा उनले मनको द्वन्द्वलाई प्रमुख स्थान दिएका छन् । मुलुक बाहिरका पात्रमा उब्जेका ईर्ष्या, पश्चात्ताप र शङ्काको वर्णन, माइतघरमा सानी र हरिको प्रेम बाहिर देखिन नसकेको अवस्था र लङ्गडाको साथीमा लङ्गडाको मनमा मान्छे र कुकुरप्रति आफ्नो भावनात्मक द्वन्द्व आन्तरिक प्रकृति चित्रणका राम्रा उदाहरण हुन् भने घटना वर्णन चरित्र चित्रण र परिवेश सिर्जनामा बाह्य प्रकृतिको मनोहर वर्णन पाईने भएकाले प्रकृतिबाट बाङ्देलको औपचारिक प्रवृत्ति बनेको देखिन्छ (ज्ञवाली, आचार्य र अन्य, २०६९:१२९) ।

ईश्वर, मानवीय धर्म र नैतिकता विरूद्ध स्पष्ट वा ध्वन्यात्मक वा व्यञ्जनात्मक रूपमा मान्छेको आदिम पाशर्विक आवेगसम्मको प्रकृतिको व्याख्या गर्ने साहित्य प्रकृतिवादी साहित्य हो । मान्छे भन्नु प्रकृतिकै एउटा अङ्ग हो र मान्छे प्रकृतिकै एउटा अङ्ग हो र मान्छे प्रकृति भिन्न स्वतन्त्र सत्ता होइन भन्ने मान्यता राखेर साहित्यिक प्रतिष्ठा प्राप्त साहित्य प्रकृतिवादी साहित्य हो । यसलाई अङ्ग्रेजीमा 'नेचुर्‍यालिज्य' नामले चिनिन्छ । प्रकृतवादले ईश्वरीय सत्ता वा आत्मतत्त्वलाई स्वीकार गर्दैन बरू प्रकृतिको महानतालाई नै सर्वोपरी ठान्दछ । फ्रान्सेली साहित्यकारहरूबाट जन्म पाएर हुर्किएको जर्मनी र अमेरिकाका साथै अन्य पाश्चात्य मुलुकहरूबाट भर्‍याँगिदै आएको प्रकृतवाद नेपाली साहित्यमा आन्दोलनकै रूपमा विकसित नभएको भए तापनि विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, गोविन्द गोठालेका कथा र उपन्यासहरूमा अनि गोपाल प्रसाद रिमालका 'मसान' समको 'अन्धवेग' नाटकमा प्रकट भएका छन् ।

बाङ्देल प्रकृतिलाई विविधरूपमा प्रयोग गरेर उपन्यासभित्र सजाएर राख्न बिछट्टै सिपालु छन् । कुनै कुरा व्यक्त गर्नु पर्‍यो भने उनी प्रकृतिको सहारा लिन्छन् । उपन्यासमा प्रकृतिको चित्रण गरेर जीवनको उहापोह उतार्नु नै बाङ्देलको कला हो । उपन्यासमा प्रकृतिको विविध रूपमा चित्रण भएको पाइन्छ । यस सन्दर्भमा 'मुलुक बाहिर' दार्जिलिङ, टिस्टातिरको प्राकृतिक दृश्यावली प्रस्तुत गर्ने एउटा अलबम हो । (श्रेष्ठ, २०४३:२११) । सुखद र सरस जीवन देखाउनु पर्दा प्रकृतिको सुन्दर र शान्त रूपको चित्रण अनि दु:खद र कारूणिक जीवन देखाउनु पर्दा प्रकृतिको वीभत्स रूपको चित्रण-वर्णन गर्ने बाङ्देल यही प्रकृति-चित्रणको माध्यमबाट स्थानीय रङ्ग भरेर यथार्थको धरातलमा ओर्लन सफलता प्राप्त भएको छ । "प्रात: कालीन नीलो, मुक्त आकाशमुनि पर्वतमाला सबै सुनका पहाड जस्तै देखिन्छन्, घूम पहाड वा जल पहाड कि ता दार्जिलिङबाट कन्चनजङ्घाको त्यो मनोरम दृश्य कस्तो विधि राम्रो देखिन्छ (बाङ्देल, २०७२:९३) ।"

"घूम पहाड दार्जिलिङ र त्यसको सेरोफेरा हिउँले ढाकेको थियो । उता सुके, फालेलुङ र तुमलिङको डाँडा-काँडामा सेतै हिउँ थुप्रेको देखियो । हिमालयको फेदी-

फेदी सघन जङ्गलले ढाकेको पहाड तर पनि तिनताक सेतै हिउँ परेको थियो (बाङ्देल, २०७२:९३) ।''

बाङ्देलको 'लङ्गडाको साथी' मा लङ्गडा पहिले नेपालको पश्चिम ३ नम्बरबाट काम र मामको खोजीमा विदेशिएको र कसैको घरमा गोठाला बस्दाबस्दै घाँस काट्न रूख चढ्दा लेडेर अपाङ्ग भए पछि मान्छेदेखि तिरस्कृत हुँदै जिउँदा जिउँदै मृत्यु वरण गर्न पुग्नाले गम्भीर नै राज्यको आभास दिएको छ, यो लक्षण प्रकृतवाद हो । बाङ्देलको 'माइतघर' का हरि र सानी एकै रगतका दाजु बहिनी होइनन् तर पनि सामाजिक थोत्रा आदर्शका उदान्तीकारणले कुण्ठित भएको मानवीय जीवनलाई दर्शाउँदै माइतघर उपन्यासले मानव मनको अन्तरलोक छाम्न पुगेको छ । अतः बाङ्देलका प्रवृत्तिमा पनि शिष्टता छ ।

## २.३.९ प्रकृति चित्रण

बाङ्देलका औपन्यासिक प्रवृत्तिहरूमध्ये प्रकृति चित्रण पनि महत्त्वपूर्ण मानिन्छ । आफ्ना उपन्यासहरूमा बाङ्देल महान् प्रकृतिप्रेमी साहित्यकारका रूपमा देखा पर्छन् । प्रकृति र मानव जीवनको अद्भूत मिलान कालिदास र देवकोटाका रचनामाझैं बाङ्देलका उपन्यासमा पनि सम्भव भएको छ । मानिस प्रकृतिमै जन्मन्छ, हुर्किन्छ र प्रकृति भई रहेर मर्छ र उसको हरेक क्रियाकलापमा प्रकृति सामेल हुन्छ । दुःखमय संसारबाट बिरक्तिएको बेला मानिसले प्रकृति जगत्मै शान्ति पाउँछ । उनको उपन्यासमा प्रकृतिसँग समाज वातावरण परिवेश तथा व्यक्तिका द्वन्द्वलाई समुचित विन्यास गरी बाङ्देलले समान गुणको छाप देखाएको हुन्छ । प्रकृतिको चित्रणको माध्यमबाट स्थानीय रंगलाई जीवन्त रूपमा उतारेका छन् । ''हिउँद महिनामा सूर्य उदाउनु भन्दा पहिले प्रातः कालै हिमालका अग्ला-अग्ला पर्वतका शिखरमा सूर्यका किरणले क्रमशः कोमल स्पर्श गर्दै जाँदा कस्तो राम्रो देखिन्छ । प्रातः कालीन नौलो, मुक्त आकाशमुनि पर्वतमाला सबै सुनका पहाड जस्ता देखिन्छन् । घूम पहाड वा जल पहाड कि त दार्जिलिङबाट कञ्चनजङ्घाको त्यो मनोरम दृश्य कस्तो विधि राम्रो देखिन्छ (बाङ्देल, २०७२:९३) ।''

बाङ्देलको 'मुलुक बाहिर' उपन्यास हिउँदबाट सुरू भएर हिउँदबाटै अन्त्य हुन्छ । प्रत्येक हिउँदका प्रारम्भमा नेपाली किसानहरू कामको खोजीमा मुगलान पस्छन् र प्रत्येक हिउँदका अन्तमा स्वदेशमा फर्किन्छन् । यस उपन्यासमा मेघा, वर्षा, आँधी, हुरी, तुषारापातजस्ता प्राकृतिक प्रकोपलाई विम्ब र प्रतीक रूपमा प्रस्तुत गरिएको छ ।

"दिनभरि रमाइलो घाम लागिरह्यो । बेलुका, सधैंजस्तो पश्चिम आकाशमा दुई पहाडका माझमा हिउँदको सूर्य डुब्दै गए । डाँडा-डाँडामा अझैं घाम देखिन्थ्यो । झन् हिमालका टाकुराहरूमा त साँझ पर्ने बेलासम्म सूर्यको अन्तिम पहेँलो किरण लागि नै रह्यो । कहिलेकाहीँ प्रकृतिको दृष्टि यस्तै मनोरम हुन्छ (बाङ्देल, २०७२:११९) ।" बाङ्देलका उपन्यासमा यस्ता धेरै प्रकृति चित्रणका प्रसङ्गहरू पाइन्छन् । मुलुक बाहिर र माइत घर प्रकृतिका सुन्दर केन्द्र हुन् । मान्छेको सुखमा प्रकृतिको शान्त रूप प्रस्तुत भएको हुन्छ भने दुःखमा प्रकृतिले पनि भयावह, रौद्र रूप देखाउँछ । लङ्गडाको साथीमा प्रकृतिको झंझावात प्रकट गरेर मानवताको विनाश र मूल्यको विघटनलाई संकेत गरिएको छ । कतै प्रकृति र मानवलाई अभिन्न मित्रका रूपमा पनि प्रयोग गरेको पाइन्छ । प्रकृतिको शाश्वत र अन्तरआत्मालाई अङ्कन गर्ने विषयमा नेपाली उपन्यास परम्परामा बाङ्देलको अविजित छन् । यसरी प्रकृतिचित्र पनि बाङ्देलको औपन्यासिक प्रवृत्ति बन्न पुगेको छ । अतः बाङ्देल बाह्य प्रकृतिका मात्र चित्रकार नभई अन्तः प्रकृतिका पनि कुशल चित्रकार हुन् ।

## २.४ उपन्यास विधामा लैनसिंह बाङ्देलको योगदान

बाङ्देल नेपाली उपन्यास साहित्यमा स्थापित व्यक्तित्व हुन् । नेपाली उपन्यास साहित्यलाई बाङ्देलका उपन्यासले युरोपेली साहित्यको दाँजोमा पुऱ्याएका छन् । परम्परागत मान्यतालाई मात्रै अघि सार्दै देखा परेको नेपाली उपन्यास जगत्लाई बाङ्देलले नयाँ मूल्य, मान्यता र नयाँ शैलीले सिँगारेर बेजोड बनएका हुन् । यिनको वि.सं. २००४ सालमा प्रकाशित मुलुक बाहिर उपन्यासले तत्कालीन नेपाली समाजमा देखा परेका राजनीतिक, आर्थिक, भौगोलिक, ऐतिहासिक शैक्षिक र सामाजिक समस्याहरूलाई वास्तविक रूपमा पाठक समक्ष राखि दिएर यथास्थितिको ज्ञान दिई

समाजलाई सचेत गराउनुको साथै भइरहेको औपन्यासिक धारालाई नै नयाँ मोड प्रदान गरी नौलो आयाम प्रतिष्ठापन गरेको छन् । त्यसैगरी बाङ्देलका ‘माइतघर’ (२००५), ‘लङगडाको साथी’ (२००८) र रेम्ब्रान्ट (२०२३) उपन्यासहरू पनि नेपाली उपन्यास साहित्यका महत्त्वपूर्ण प्राप्ति हुन् (सुवेदी, २०६९:२९-३०) । बाङ्देलको आगमनबाट नेपाली उपन्यास साहित्यले कोल्टे फेरेको पाइन्छ । यिनले उपन्यास क्षेत्रमा मात्र नभई विभिन्न साहित्यिक विधामा आफ्नो महत्त्वपूर्ण योगदान प्रदान गरेका छन् । उनका प्रकाशित कृतिहरू मुलुक बाहिर (२००४), माइतघर (२००५), लङ्गडोको साथी (२००८) र रेम्ब्रान्ट (२०२३) ख्याति प्राप्त उपन्यासहरू हुन् । यी चारवटा उपन्यासले गर्दा बाङ्देल नेपाली साहित्यका उच्च मूल्याङ्कनमा रहन सफल भएका छन् । उनको योगदानको कदर गर्दै मूल्याङ्कन गर्दा उनी साहित्यलाई अग्र स्थानमा पुऱ्याउन सफल भएको देखिन्छ । बाङ्देलले नेपाली उपन्यासलाई सामाजिक यथार्थवादी धारामा प्रवेश गराए । नेपाली उपन्यास क्षेत्रमा प्रवेश गरी उनले संख्यात्मक र गुणात्मक दुवै दृष्टिमा योगदान दिएका छन् ।

बाङ्देलको प्रथम प्रकाशित उपन्यास मुलुक बाहिरमा उनले आर्थिक समस्याका कारण विदेशिनु बाह्य प्रवासी नेपालीहरूले भोगेको जीवन, झेल्नु परेको समस्या र त्यसभित्र पाइने सहयोग, सद्भावना, दया, माया एवम् यदाकदा उब्जने मानवीय आवेगले गर्दा सिकार हुन पुगेका निरीह व्यक्तिको झलक प्रस्तुत गरेका छन् । समाजका न्यून मध्यम वर्गीय वृत्तभित्र जीवन गुजारा गर्ने व्यक्तिको आर्थिक, सामाजिक एवम सांस्कृतिक पक्षको यथार्थ चित्र उतार्ने काम यस उपन्यासमा भएको छ । दोस्रो उपन्यास माइतघरमा बाङ्देलले सामाजिक विषयवस्तुको चयन गर्दै मानसिक संवेदना प्रस्तुत गरेका छन् । सुबेदार, बलवीर खत्री र रत्नको पारिवारिक पृष्ठभूमिमा रचना भएको यस उपन्यासले दुई परिवारको आपसी व्यवहार दुःख सुख हरि र सानीको अन्तरमा एकअर्काप्रति अङ्कुरण भएको प्रेमभाव तथा त्यसमा सामाजिक मर्यादाले पुऱ्याएको कुठाराघात, यही कुठाराघातले गर्दा खेप्नु परेको मानसिक पीडा र यसका कारण आपसमा टाढिन बाध्य हुनु परेको कारूणिक कथा प्रस्तुत गर्न सफल भएका छन् । त्यसैगरी लङ्गडाको साथी बाङ्देलको तेस्रो औपन्यासिक प्रस्तुति हो ।

बाङ्‌देलबाट प्रवासी नेपाली समाजका वास्तविकता पस्कने क्रममा दार्जिलिङको एउटा कुँजो भाग्ने र एक पशुका माध्यमबाट त्यहाँका समाजमा हराउँदै गएको मानवीयता तथा पशुभन्दा पनि हिनता र मानवीय सभ्यता प्रति व्यङ्ग्य गर्ने काम भएको छ । विषयवस्तुको यथार्थ प्रयोजन भएको उक्त उपन्यासको प्रस्तुति यथार्थवादी र अतियथार्थवादीका साथै आदर्शको छाप पनि पाउन सकिन्छ । चारवटा उपन्यास मध्ये चौथो उपन्यास रेम्ब्रान्ट पनि महत्त्वपूर्ण औपन्यासिक कृति मान्न सकिन्छ । यथार्थवादी औपन्यासिक रचनाका स्रष्टा बाङ्‌देलले नेपाली उपन्यास परम्परामा जीवनीमूलक उपन्यासको अभाव पूर्ति गर्ने उद्देश्यका साथै एक कलाकारको जीवनवृत्तलाई यथार्थ रूपमा चित्रण गरेका छन् । यसरी बाङ्‌देलका उपन्यासहरू संख्याका आधारमा थोरै भए पनि गुणात्मकताका आधारमा एकदमै स्तरीय बन्न सफल भएका छन् ।

बाङ्‌देलका उपन्यासमा आदर्शवाद र स्वच्छन्दतावादलाई पछाडि पार्दै सामाजिक यथार्थको प्रस्तुति उपन्यासमा पाइन्छ । सामाजिक जीवनका टङ्कारा प्रश्न सर समस्याको पृष्ठभूमिले उपन्यासकार वाङ्‌दलेलाई यथार्थवादका प्रयोगकर्ताका रूपमा स्थापित गराएको छ । ह्रासोन्मुख मानवताको प्रवर्तनका निमित्त बाङ्‌देलको प्रयास अथक रहेको पाइन्छ उनी मानिसको आवेशमा आएर कस्तोसम्म पनि कार्य गर्न पुग्छन् भन्ने यथार्थलाई मुलुक बाहिरमा प्रष्टसँग देखाउन सफल भएका छन् । रनेले र म्याउचीलाई सानोतिनो ठाकठुकमा ठूलो रूप लिएर ज्यान लिई टिस्टा खोलामा बगाउन पुग्छ र आफ्नो प्रेमको अन्त्य गर्छ । माहिला भुजेलले पनि मानिसप्रतिको अविश्वासको कारणले निर्दोष मसिनीलाई निर्मतापूर्वक कुटपिट गर्छ र घर छोडेर हिड्न पुग्छ । यसैगरी बाङ्‌देलको अर्को उपन्यास माइतघरमा पनि ह्रासोन्मुख मानवताको प्रस्तुति दिन सफल भएका  छन् । सानी र हरि बीचको प्रेमलाई समाजले सही नमान्ने भएपछि सानीलाई समाजले नकारात्मक रूपले हेर्ने भएकाले हरि र सानीको सम्बन्ध साकार हुन सकेन । लङगडाको साथीमा त झनै हासोन्मुख मानवता पाइन्छ । लङ्गडा प्रति मानिसले गर्ने दुर्व्यवहार र पशुले सद्व्यवहारले गर्दा बाङ्‌देलले मानिसबाट हराउँदै गएको मानवतालाई छर्लङ्ग देखाउन सफल भएका छन् । बाङ्‌देलले रेम्ब्रान्टमा एउटा चित्रकारमाथि आइपरेका विभिन्न समस्याहरू आफ्नो चित्रको अवहेलनामा भोग्नु परेको सिङ्गो तस्विर खिच्न सफल भएका छन् ।

## २.५ निष्कर्ष

उपन्यासकार लैनसिंह बाङ्‌देल नेपाली उपन्यास क्षेत्रमा एक उल्लेखनीय प्रतिभा हुन् । उनले सामाजिक यथार्थलाई सर्वप्रथम यस धरातलमा प्रतिष्ठापन गरेका हुन् । बाङ्‌देल विशेष गरेर नेपाली मात्रको अभिशाप बनेर रहेको गरिबीको प्रतिष्ठावान सङखघोष गर्दछन् । उनका चारवटा उपन्यासहरू 'मुलुक बाहिर', 'लङ्‌गडोको साथी' र रेम्ब्रान्टको समलग्न भावभूमिको कहरलाग्दो आर्थिक स्थितिले रहरलाग्दो जीवन क्षत्-विक्षत् हुन पुगेका, मुलुक बाहिरिएर पनि उँभो लाग्न नसकेका अनि मुलुक बाहिर रैथाने भएर बसेकाहरूको दयनीय परिस्थितिहरूको उदघाटन गर्नु नै बाङ्‌देलको मूल औपन्यासिक परम्परा र प्रवृत्ति हुन भन्ने ठहर लाग्दछ । 'मुलुक बाहिर' को सन्दर्भमा उपन्यासकार स्वयम् भन्दछन् : "उपन्यास मुलुक बाहिर यथार्थवादी साहित्यको उपमा स्वरूप त्यसमा गरिब, अनपढ, अशिक्षित वर्गको जीवनी लेखेर तथा तिनको जीवनको यथार्थ बयान गरेर उपन्यास लेखेको हुँ (बाङ्‌देल, २०२३)" यही नै बाङ्‌देलको महत्त्वपूर्ण प्राप्ति हो ।

बाङ्‌देलका चारवटै उपन्यासहरू संख्यात्मक र गुणात्मक दृष्टिकोणले महत्त्व पुऱ्याउने उपन्यासहरू प्रकाशित भएका छन् । उनले सामाजिक यथार्थको सिङ्‌गो चित्र उतारेर उपन्यासमा सजाउन सफल भएका छन् । उनका उपन्यासका पात्रहरूमा विभिन्न समयका सामाजिक घटनाहरू, आफू हुर्केको वरिपरिको वातावरण र तत्कालीन समयको आर्थिक दुरवस्थाको सजीव चित्रण गरिएको छ । यसका साथै उपन्यासमा अतियथार्थता, कारूणिकता र दुखान्त निराशावादी जीवनदृष्टि पनि पाइन्छ । यसरी आफूले देखेभोगेका यथार्थ घटनाहरूलाई उपन्यासमा सजाउन सक्नु उनको सफलता हो । यसरी बाङ्‌देलका कला-साधनामा दुःखान्त नाटकीय भावभूमि, करूणामय, प्रकृति साहचार्य, मानसिक अर्न्तद्वन्द्वको टड्‌कारो सामाजिक यथार्थ, कलात्मक परिस्कार नै औपन्यासिक प्राप्तिहरू हुन् । निम्न मध्यम र निम्नवर्गका चरित्रहरूको चित्रण गरेर सामाजिक आर्थिक विषमतालाई उदाङ्ग पार्ने अभीष्ट नै बाङ्‌देलको प्रवृत्तिगत मूल प्राप्ति हो ।

# तेस्रो परिच्छेद

## ३. बाङ्देलको 'मुलुक बाहिर' उपन्यासमा प्रजातीय अध्ययन

### ३.१ विषय परिचय

साहित्य सिर्जनाको प्रमुख क्षेत्र समाज हो । समाजका विविध समस्या स्थिति र परिस्थितिद्वारा प्रभावित एवम् विकसित मनुष्यको जीवन व्यापार नै साहित्यको मूल विषय रहेको हुन्छ । त्यसैले साहित्य सिर्जना गर्ने क्रममा सर्जकले आफू बाँचेको परिवेशलाई कलाको माध्यमबाट प्रस्तुत गरेको हुन्छ । साहित्यमा लेखकले समकालीन समाजको जाति कृतिमा उल्लेख गरेको हुन्छ । त्यसैले प्रत्येक कृति प्रजातिको छायाँ तथा खोल जस्तो हुने गर्दछ । किनकि साहित्य लेखन एउटा व्यक्तिको काल्पनिक उपज नभई समाजका सम्पूर्ण प्रजातिको काल्पनिक उपज नभई समाजका सम्पूर्ण प्रजातिको प्रभावबाट सिर्जित हुने गर्दछ । तसर्थ साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजाति बारे जान्नु हो । त्यसैले साहित्यको अध्ययन कृतिको सर्जक र कृतिमा व्यक्त भएको मानवको बारेमा जान्नका निम्ति गरिन्छ । तेनका अनुसार जाति अन्तर्गत वंशाणुगत गुण शारीरिक बनावट जातजातिको प्रतिभा र स्वभाव आदि पर्दछ ।

तेनले आफ्नो ग्रन्थ 'हिस्ट्री अफ इङ्लिस लिट्रेचर'मा साहित्यको विश्लेषण र मूल्याङ्कनका क्रममा प्रजाति, परिवेश र युगको (क्षण) त्रिसूत्रीय सिद्धान्त स्थापित गरेका छन् । उनको यो त्रिसूत्रीय सिद्धान्तलाई साहित्यको समाजशास्त्रीय चिन्तनका क्षेत्रको एक महत्त्वपूर्ण सिद्धान्त मानिन्छ । प्रस्तुत शोध तेनको यही त्रिसूत्रीय सिद्धान्तका आधारमा उपन्यासकार लैनसिंह बाङ्देलका उपन्यासहरूलाई व्याख्या विश्लेषण गरी निष्कर्ष प्रतिपादन गर्ने उद्देश्यमा केन्द्रित रहेकाले यहाँ सर्वप्रथम प्रजातिसम्बन्धी सैद्धान्तिक मान्यतालाई उल्लेख गरिन्छ । अतः यस परिच्छेदमा 'मुलुक बाहिर' उपन्यासमा समाविष्ट भएका प्रजातिको बारेमा विस्तृत अध्ययन गरिएको छ ।

## ३.२ प्रजाति सम्बन्धी सैद्धान्तिक मान्यता

प्रजाति मूलतः समाजशास्त्रीय अध्ययनको विषय हो । यो उन्नाइसौं शताब्दीमा अत्यधिक प्रचलित र व्यापक रूपमा प्रयोग भएको शब्द हो (जैन, १९९२:२३) । तिनको साहित्यको समाजशास्त्रीय सम्बन्धी त्रिसूत्रीय सिद्धान्त मध्ये 'प्रजाति' पनि एक हो, जसलाई उनले अरूभन्दा बढी महत्त्व दिएको पाइन्छ ।

साहित्यिक कृतिमा प्रजाति लगायत अन्य समाजशास्त्रीय विषयहरूको अध्ययनको परम्परा अठारौं शताब्दीबाट भएको पाइन्छ । अठारौं शताब्दीमा विकोलेहोमरका काव्य कृतिहरूको अध्ययनका आधारमा ग्रिसेली समाजको विवेचना गरेदेखि नै पाश्चात्य समालोचनाका क्षेत्रमा सामाजिक अध्ययन परम्पराको सुरूवात भएको पाइन्छ (छेत्री,२०६४:१७) । विकोले होमरका विश्व चर्चित कृतिहरू इलियड र ओडेसीमा पाईने पात्र, समाज र युगको अध्ययन गरेका थिए । यस क्रममा उनले इलियडमा सम्पूर्ण यूनानभरि युद्धका कारण मानिसहरूमा प्रतिशोध, आवेश र आक्रोशको मनोविज्ञान जन्मिएको धारणा राख्दै प्रजातिसम्बन्धी प्रारम्भिक चिन्तन प्रस्तुत गरेका थिए । विकोपछि हेर्डर (१७४४-१८०३) ले अठारौं शताब्दीमा प्राचीन ग्रीक नाटककारहरू र पुनजागरणकालीन बेलायती नाटककार सेक्सपियरका नाट्यकृतिमा भिन्नता केलाउँदै साहित्यकार आफ्नो जाति र युगको धारणाबाट प्रभावित हुन्छ भन्ने तथ्य प्रस्तुत गरेका थिए (छेत्री, २०६४:२१) ।

हिप्पोलाइट एडल्फ तेनलाई साहित्यको समाजशास्त्रका प्रवर्तक मानिन्छ । उनी बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति थिए । उनी फ्रेन्च दार्शनिक, साहित्यकार, राजनीतिज्ञ तथा निबन्धकारका रूपमा चर्चित रहेका छन् । उनले आफ्ना ग्रन्थ 'हिस्ट्री अफ इङ्लिस लिट्रेचर', 'कलाको दर्शन' 'इटालीको यात्रा' जस्ता ग्रन्थमा साहित्य र समाजको सम्बन्धका बारेमा व्यापक दृष्टिकोण र समाजको सम्बन्धका बारेमा व्यापक दृष्टिकोण प्रस्तुत गरेका छन् । यीमध्ये पनि उनको 'हिस्ट्री अफ इङ्लिस लिट्रेचर'मा यस सम्बन्धमा महत्त्वपूर्ण विचारहरू प्रस्तुत भएका छन् । उनले साहित्यलाई दर्पणका रूपमा प्रस्तुत गरेका छन् (छेत्री, २०६४:१७) । जसरी दर्पणले वस्तु यथार्थको वास्तविक

स्वरूप प्रतिविम्बत गराउँछ, त्यसरी नै साहित्यले समाजको मानव जीवन र वातावरणको प्रतिविम्बन प्रस्तुत गर्दछ भन्ने उनको धारणा रहेको छ । त्यसैले उनको सिद्धान्तलाई ‘दपर्णवादी सिद्धान्त’ पनि भनिन्छ । उनले साहित्यलाई समाजका प्रजातिहरूको आधार मानेका छन् । उनका मनमा साहित्य लेखन एउटा व्यक्तिको काल्पनिक उपज नभएर समाजका प्रजातिको प्रभावको परिणाम हो (छेत्री,२०६४:२१) । साहित्यकारले आफ्नो सिर्जनाको सामग्री आफ्नै समाजका प्रजातिबाट लिएका हुन्छ । जसले गर्दा साहित्यको समाजशास्त्रीय अध्ययनकर्ताले साहित्यमा व्यक्त प्रजातिको बारेमा अध्ययन गर्नु पर्दछ ।

तेनको प्रजाति अन्तर्गत व्यक्तिको वंशाणुगत, गुण, शारीरिक बनावट, मानसिक संरचना जातिको प्रतिभा, स्वभाव, विशेषता आदिको चर्चा गरेका छन् (पाण्डेय, २०६४:१२४) । वंशाणुगत गुण भन्नाले कुनै प्रजातिमा परम्परादेखि सर्दै आएको विशेषता भन्ने बुझिन्छ । वंशाणुगत गुणको निर्माण रज र वीर्यको संयोगबाट भएको हुन्छ । यी दुईको सम्भावनाबाट सन्तान पैदा हुन्छन् । यो गुण रज एवम् वीर्यको माध्यमबाट एक पुस्ता हुँदै अर्को पुस्तामा सर्ने गर्दछ । त्यसैले आमा र बाबुका विशेषतालाई बहन गर्ने वंशाणुका कारण वा मानिसहरू विविध आकृति, वर्ण र विशेषताका हुने गर्दछ । यिनै वंशाणुका कारण प्राणी कला, गोरा, पहेँला र विभिन्न शारीरिक विशेषताका भएका हुन्छन् ।

तेनले वंश परम्परा बाहेक प्रजातिलाई छुटयाउने आधार शारीरिक बनावटलाई लिएका छन् (छेत्री, २०६४:२२) । शारीरिक बनावट भन्नाले मान्छेको उँचाई, मोटाइ तथा आकार प्रकार भन्ने बुझिन्छ । तेनका विचमा शारीरिक बनावटको सम्बन्ध वंशाणुसँग मात्र हुँदैन, त्यसमा पौष्टिक भोजन तथा जयवायुले पनि प्रभाव पारेको छ । उनले आर्यहरूको उदाहरण दिँदै एउटा प्रजाति विभिन्न देशमा फैलिए पनि ती प्रजातिका मौलिक विशेषता तथा पदचिन्ह कायम रहने कुरा बताएका छन् (पाण्डेय, २००६:१२४) । उनका दृष्टिमा सिधा घाँटीको सभ्यतासँग सम्बन्धित कतिपय आर्यहरूको स्वभाव जाडो भए पनि सधैं स्नान गर्ने खालको पाइन्छ । आर्य तथा चिनियाँहरूको शारीरिक वनावटमा भिन्नता देखिन्छ किनभने आर्यहरूको तुलनामा

चिनियाँहरूको सानो नाक, चिम्से आँखा, होचो कद र प्रायः अनुहारमा दाह्रीजुँगा नभएका हुन्छन् (छेत्री:२०६४:३२) । उनले 'हिस्ट्री अफ इङ्लिस लिट्रेचर'मा अङ्ग्रेजहरूको विद्रोही चरित्र, प्राकृतिक तथा शारीरिक सुन्दरताप्रतिको मोह, स्वच्छाचारी जीवनप्रतिको रूचि र मादक पदार्थबाट आनन्दित हुने विशेषता रहेको कुरा उल्लेख गरेका छन् । जसरी प्राणीको अवशेष र खोलबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिन्छ, त्यसरी नै कृतिको अध्ययनबाट मानव प्रजातिको अध्ययन गर्न सकिन्छ । प्राचीन अवशेष र पुस्ता दुवै निर्जीव वस्तु हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्वको अध्ययन हुन सक्छ । साहित्यका आलोचकले त्यही अस्तित्वको पहिचान गरेर त्यसको पुनःनिर्माणमा गर्नु पर्दछ (छेत्री, २०६४:२३) ।

तेनको मनमा कुनै एक प्रजाति विभिन्न भूगोलमा बाँडिए पनि तिनमा समान किसिमका विशेषता कायम रहन्छन् । संसारका विभिन्न जातिहरू बसोवासका दृष्टिले भिन्न-भिन्न ठाउँमा अवस्थित रहन सम्भव नहुन सक्छ । अध्ययन, शिक्षा, पेशा, सुगमता आदि विभिन्न कारणले एउटै प्रजातिका मानिसहरूको बसोवासमा भूगोलको ठूलो भिन्नता रहन सक्छ । यस्तो भौगोलिक विविधता भए पनि तिनका आधारभूत विशेषतामा कुनै भिन्नता हुँदैन भन्ने तेनको मत रहेको छ (छेत्री, २०६४:२२) । तेनको यस धारणाले एउटै प्रजातिमा समान वंशाणुगत गुण हुन्छन् भन्ने तथ्यलाई प्रस्तुत गरेको छ । व्यक्तिको शारीरिक बनावट, उचाई, मोटाइ, रूपरङ्ग मानसिकता, प्रतिभा आदि जस्ता विशेषताहरू जुनसुकै भूगोलमा बस्ने प्रजाति भए पनि समान रूपमा रहन्छन् । 'मुलुक बाहिर' उपन्यासमा नेपाली जातिहरूको साथै त्यसका जाति तथा प्रजातिहरूको पनि पहिचान भएको छ । मानव जाति तथा प्रजातिहरूको पनि पहिचान भएको छ । मानव समुदायभित्र रहेको संस्कार, संस्कृति, वंश परम्परा आदिका आधारमा छुट्टिने मानव समुदाय नै जाति हो भने त्यसभित्र रहेका विभिन्न जातिगत तहमा विभक्त मानव समुदायको उपस्थितिलाई प्रजाति भनिन्छ । यसरी तेनले प्रजातिका सम्बन्धमा विभिन्न धारणाहरू अभिव्यक्त गरेका छन् । उनले प्रजातिका सम्बन्धमा प्रस्तुत गरेका धारणाहरूलाई अझ सूक्ष्म र बुँदागत रूपमा निम्न अनुसार प्रस्तुत गरिन्छः

### ३.२.१ वंशाणुक्रम र वातावरण

परम्परागत रूपमा भएका पुस्तौंपुस्ताका गुणहरू तिनका सन्तानमा सर्ने प्रक्रियालाई वंशाणुक्रम भनिन्छ । यसलाई अङ्ग्रेजीमा 'हेरिडिटी' भनिन्छ । प्रत्येक आमाबुवामा भएका गुणहरू गर्भको सन्तानमा सर्दछन् । सामान्यतः बावुबाट पचास र आमाबाट पचास प्रतिशत वंशाणुगत गुणहरू तिनका सन्तानमा सर्दछन् । पुरूषकोषको शुक्रकीट र स्त्रीकोषको डिम्बाको संयोगबाट गर्भधारणा हुन्छ (छेत्री, २०६४:२१) । यी दुवै कोषको केन्द्रकमा तेइस जोडा वंशसूत्र (क्रोमोजोम) हुन्छन् । यी क्रामोजोममा अनगिन्ती गुणसूत्रहरू (जीन) रहेको हुन्छन् । यिनै क्रोमोजोमले नै आमाबुवामा निहित गुणहरू गर्भ धारणको समयमा तिनको सन्तानमा प्रसारित हुन्छन् । हर्लकका अनुसार एउटा परिपक्व पुरूषको क्रोमोजोममा चालिसदेखि साठी हजारसम्म जीन हुन्छन भने एउटा परिपक्व स्त्रीमा पनि त्यत्तिकै संख्यामा जीन हुन्छन् । यस प्रकार एउटा नयाँ सृजित शिशुमा असी हजारदेखि एक लाख बिस हजारसम्म गुणसूत्रहरू (जीन) रहन्छन् । जीनले बालकको शरीरको ढाँचा, आँखाको रङ्ग, केशको रङ्ग र विभिन्न व्यवहार साथै हात खुट्टा, कान, छाती घाँटी लगायतका सम्पूर्ण अङ्ग प्रत्यङ्गमा आमाबाबुसँग मिल्दो प्रभाव पार्दछ । वंशाणुक्रमको प्रभाव व्यक्तिको सम्पूर्ण जीवनभरि परेको हुन्छ । मानव जीवनमा सामाजिक, आर्थिक, साँस्कृतिक, भौतिक, नैतिक, मानसिक, चारित्रिक जस्ता पक्षहरूमा यसको प्रत्यक्ष प्रभाव रहन्छ ।

वंशाणुक्रमको प्रभावबाहेक विभिन्न महत्त्वले पार्ने प्रभावलाई वातावरण भनिन्छ । वातावरणको प्रभाव गर्भाधानको प्रक्रियादेखि नै सुरू हुन्छ । गर्भावस्थामा रहँदा आमाको भोजन, स्वास्थ्य, बानी आदि भित्री वातावरणको प्रभाव रहन्छ । वातावरण अन्तर्गत पनि प्राकृतिक वातावरण जस्ता पक्षहरू समावेश हुन्छन् । मानव विकास र सिकाइमा वातावरणको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । व्यक्तिको व्यक्तित्व विकास, मानसिक विकास, बौद्धिक विकास जस्ता संवेदनशील विषयहरूमा यसले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । उदाहरणको लागि एउटा नेवारको बच्चालाई नेपाली बोल्ने घरमा राखियो भने उले नेपाली भाषा बोल्दछ भने नेपाली मातृभाषी परिवारको बच्चालाई नेवारी भाषिक वातावरणमा राखेर हुर्काइयो भने उसले नेवारी भाषा र

नेवारी संस्कृतिमा व्यवहार गर्दछ । वंशाणुक्रम र वातावरण दुवैले मानव विकास र वृद्धिका विभिन्न पक्षहरूलाई असर पारिरहेका हुन्छन् । मूलतः वंशाणुक्रमले पैतृक र जातीय गुणहरू दिन्छ भने वातावरणले वंशाणुगत गुणको विकास र विस्तार गर्न सक्दछ । बालकले उपयुक्त वातावरण पाएमा वंशजबाट प्राप्त गुणहरूलाई विकसित गर्न  सक्दछ । यसरी वंशाणुक्रम र वातावरण दुवै एक अर्काको परिपूरक बन्छन् । उदाहरणका लागि बिउ राम्रो तर वातावरण अनुपयुक्त भएमा, बिउ नराम्रो तर वातावरण नराम्रो भएमा उत्पादन राम्रो हुन सक्दैन । बिउ पनि राम्रो र वातावरण पनि उपयुक्त भयो भने मात्र उत्पादन राम्रो हुन्छ । व्यक्तिमा पर्ने वंशाणुक्रम र वातावरणको प्रभावको मात्रालाई छुट्टयाउन सकिँदैन अर्थात् व्यक्तिको विकास र वृद्धिमा कति वातावरणको र कति वंशाणुक्रमको प्रभाव छ भन्ने कुरालाई सामान्य अनुमान गर्न सकिए तापनि वास्तविक रूपमा यिनीहरू बीचको भिन्नतालाई छुट्टयाउन सकिदैन ।

### ३.२.२ प्रजातिमा प्रतिभा

तेनका मतमा परिस्थिति र बाह्यतत्त्वले मान्छेको प्रतिभाको विकासमा सहयोग पुऱ्याउँछ, तर जन्मजात पैदा भएको प्रतिभा नै सिर्जनाको मुख्य कारण हो (छेत्री, २०६४:२३) । उनले प्रतिभालाई बाहिरी वातावरण भन्दा वंशाणुगत निरन्तरताको विषय मानेका छन् । व्यक्तिको प्रतिभा, क्षमताको निर्धारणमा उसले जन्मजात रूपमा प्राप्त गरेको वातावरणले पनि भूमिका निर्वाह गरिरहेको हुन्छ । जन्मजात रूपमा प्राप्त गरेको प्रतिभालाई वातावरणले सामान्य परिवर्तन गरे तापनि मूलभूत रूपमा परिवर्तन गर्न सक्दैन । जन्मजात रूपमा प्रतिभा वा क्षमता लिएर आएको व्यक्तिको प्रतिभालाई थप विकसित गर्ने काममा वातावरणले सहयोग गर्दछ । यसरी तेनले व्यक्तिको प्रतिभा निर्धारणमा वंशाणुगत पक्षलाई प्रमुख र वातावरणलाई सहायक पक्षका रूपमा प्रस्तुत गरेका छन् ।

तेनले साहित्यको विश्लेषणका सन्दर्भमा साहित्यिक रचना मूलतः कलाकारको प्रभावी र प्रबल मनोवेगको उपजका रूपमा रहने धारणा व्यक्त गरेका छन् । उनका मतमा सबै कला र साहित्य मानवीय उत्पादन हुनु जसको साँचो कलाकारको मूल

प्रतिभा हो । मानव जातिमा प्रतिभाको वाह्य इतिहास भन्दा प्रतिभाको आन्तरिक इतिहास अधिक मूल्यवान् हुन्छ । तेनका अनुसार हरेक एउटा जातिमा विशेष प्रतिभा हुन्छ (छेत्री,२०६४:२२) । अंग्रेजहरू औद्योगिक व्यवसायमा प्रतिभा सम्पन्न हुनु, गोर्खालीहरू युद्ध कौशल हुनु, नेपालका गन्धर्व जातका मानिसहरू गीत गाउने कलमा पारङ्गत हुनु, माझीहरू माछा मार्ने कलामा निपुण हुनु आदि यसका उदाहरणहरू हुन् ।

### ३.२.३ प्रजातिको मानसिकता

तेनका अनुसार कुनै एउटा प्रजातिमा इतिहासको महान् घटना वा गौरवबाट पनि समान सोच वा मानसिकताको विकास भएको हुन्छ (छेत्री, २०६४:२२) । संसारमा इतिहासका विभिन्न कालखण्डमा विभिन्न क्रान्ति, परिवर्तन वा घटना हुन्छन् । मानव विकासको इतिहास निरन्तर परिवर्तनशील छ । बेलायतको गौरवमय क्रान्ति, फ्रान्सेली राज्य क्रान्ति, अमेरिकी स्वतन्त्रता सङग्राम, भारतीय स्वतन्त्रताको आन्दोलन आदि यस प्रकारका इतिहासका महान् घटना हुन् । अमेरिकी स्वतन्त्रता सङ्ग्राममा काला जातिका मानिसहरूको अग्रणी भूमिका रहेको कुरालाई यसको उदाहरण मान्न सकिन्छ ।

### ३.२.४ प्रजातिको संस्कृति निर्माण

हरेक जातिले विभिन्न समयमा आफ्नै खालको संस्कृतिको निर्माण गरेका हुन्छन् । संस्कृतिलाई प्रायः अस्पष्ट र बहुअर्थी खालको आधारणाका रूपमा लिइन्छ । मानिसले सिर्जना गरेको सबैजसो विषयवस्तु संस्कृति हो । संस्कृति त्यो जटिल समग्रता हो, जसमा ज्ञान, विश्वास, कला, आचार, कानून, प्रथा लगायतका विषयहरू समावेश हुन्छ । संस्कृति मानवको सामाजिक पैतृक तथा पुर्ख्यौली सम्पत्ति हो । जसलाई पुर्खाबाट उपहारका रूपमा समाजको सदस्यका नाताले मानिसले प्राप्त गर्दछ र मानव समाजमा त्यसको अभ्यास गर्दछ (छेत्री, २०६४:२९) ।

संस्कृति भौतिक तथा बौद्धिक साधन वा उपकरणहरूको सम्पूर्ण योग हो, जसद्वारा मानवले सामाजिक आवश्यकताको सन्तृष्टि प्राप्त गर्दछ । (चापागाई, २०६०:५१) । यस धारणाअनुसार संस्कृत मूलतः दुई प्रकारको हुन्छ, भौतिक र

अभौतिक । भौतिक संस्कृतिमा उत्पादन, औजार, तिनको प्रयोग प्रविधि र त्यसको प्रयोग, उपभोग्य वस्तुका गुण तथा मूल्य लगायतका मूर्त कुराहरू पर्दछन् । अभौतिक संस्कृतिमा ज्ञान, कला, साहित्य, धर्म, दर्शन, विश्वास, मूल्य, कानुन, नैतिकता लगायतका अभूर्त र आत्मिक कुराहरू पर्दछन् (छेत्री, २०६४:२९) । संस्कृति मानिसले सिकेको व्यवहार हो, जसमा अनुकरणको गुण हुन्छ (चापागाई, २०७०:१७) । यसबाट संस्कृति मानिसले सिक्दै निर्माण गर्दै र हस्तान्तरण गर्दै जाने विषय हो भन्ने कुरा स्पष्ट हुन्छ । संस्कृति परिवेशबाट मानवले निर्माण गरेको भाग हो । मानव जीवन दुई प्रकारका परिवेशसँग सम्बन्धित हुन्छ : प्राकृतिक परिवेश र सामाजिक परिवेश । प्राकृतिक परिवेश ईश्वर प्रदत्त हुन्छन् भने सामाजिक परिवेश नै उसको संस्कृति हो, जसलाई मानव स्वयंम्ले बनाएको तथा निर्माण गरेको हुन्छ । संस्कृति मानवीय आवश्यकता पूर्तिको साधन हो । यसैका आधारमा मानवले आफ्नो सम्पूर्ण जीवन बिताउँछन् (छेत्री, २०६४:२९) । प्रत्येक समाजको सामाजिक र भौगोलिक परिस्थितिहरू अलग-अलग हुने कारणले तिनको संस्कृति पनि अलग-अलग हुन्छ । प्रत्येक समाजका सामाजिक आवश्यकताहरू भिन्न भिन्न हुनाले मान्छेको विचार र व्यवहार गर्ने ढङ्गमा पनि भिन्नता आउँछ साहित्य र संस्कृतिको बीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । वस्तुत : संस्कृति मानवको श्रेष्ठतम् संस्कार हो । शब्द, स्वर, रेखा, रङ, प्रतीक आदिका सहायताबाट साहित्यकारले जुन कुरा व्यक्त गरको हुन्छ त्यो कुरा संस्कृतिको अङ्ग विशेष हो (छेत्री, २०६४:३१) । यसकारण साहित्य संस्कृतिको एक खण्ड वा अंश हो । संस्कृति बाह्य प्रकट हुने विविध माध्यम मध्ये साहित्य पनि एक विशिष्ट माध्यम हो । संस्कृतिको परिधि अत्यन्त विशाल छ, साहित्य त्यस विशाल क्षेत्रको एउटा अङ्ग हो ।

### ३.२.५ लेखकको प्रजातीय प्रभाव

तेनका अनुसार कलाकार वा साहित्यकार समाजको प्रजातीय प्रभावबाट मुक्त रहन सक्दैन । कलाकार वा साहित्यकार पनि आकाशबाट अवतरित हुने विषय नभएर ऊ कुनै न कुनै समाजको एक सदस्यका रूपमा रहेको हुन्छ (छेत्री, २०६४:२३) । सामाजिक सदस्यका रूपमा उसले आफ्नो भूमिका र कर्तव्यहरू निर्वाह गरिरहेको हुन्छ । उसको मानसिकताका कुनै न कुनै रूपमा आफ्ना प्रजाति आदिम हुन्छ लेखकले

आफूलाई जतिसुकै तटस्थ राख्न खोजे पनि अन्ततः कृतिमा उसले आफ्नो प्रजातीय विश्लेषणबाट लेखकको यस प्रकारको प्रभावलाई लेखेर साहित्यको समाजशास्त्रलाई ठूलो योगदान पुऱ्याएका छन् । (जैन, १९९२:२५) । उनले साहित्य सदैव पाठकको आस्वादन गर्न सक्ने रूचि अनुकूलको हुनु पर्दछ भन्ने धारणा रहेको पाइन्छ । उनले टेनिसन र फ्रेन्स कवि अल्फ्रेड द म्युसेको तुलना गर्दै साहित्य, साहित्यकार र पाठकका बीचको सम्बन्धलाई स्पष्ट पारेका छन् । उनका अनुसार टेनिसनले आफ्नो पारिवारिक वृद्धा, खेलाडी, रसिक, प्रेमी, प्रेमिका तथा व्यापारीका लागि लेखेका छन् भने म्युसोले बुद्धिजीवी, कलाकार फुर्सदिला महिलालाई आकर्षित गर्ने प्रयोजनमा लेखेका छन् । यसरी माथि उल्लेख गरिएको तेनको प्रजातिसम्बन्धी सिद्धान्तका आधारमा लैनसिंह बाङ्देलका उपन्यासहरूको अध्ययन विश्लेषण गर्नु उपयुक्त देखिन्छ । उनका चारवटा उपन्यासहरू प्रकाशित भएका छन् । ती उपन्यासहरू मुलुक बाहिर (२००४), माइत घर (२००६), लङ्गडाको साथी (२००८) र रेम्बान्ट (२०२३) हुन् । ती मध्ये सबैभन्दा पहिलो प्रकाशित उपन्यास मुलुकबाहिर हो भने अन्तिम उपन्यास रेम्ब्रान्ट हो । यी उपन्यासहरूमा प्रजातिको प्रयोगको स्थिति- तिनका चारित्रिक विशेषता, उपन्यासको परिवेश निर्माण त्यो परिवेश निर्माणका कारक तत्त्वहरू, उपन्यासमा प्रस्तुत युग चेतना जस्ता विषयहरूमा विविधता पाइएकाले तिनीहरूको भिन्ना भिन्नै चर्चा गर्नु उपयुक्त देखिन्छ ।

## ३.३ लैनसिंह बाङ्देलका मुलुक बाहिर उपन्यासको प्रजातीय अध्ययन

बाङ्देलका उपन्यासमा विभिन्न जाति-प्रजातिका पात्रहरूको प्रयोग गरिएको छ । यहाँ उनका उपन्यासमा प्रयोग गरिएका प्रजातिहरूलाई तिनको स्वभाव, प्रतिभा, चारित्रिक विशेषता, मनोविज्ञान, प्रजातिको वंशाणुक्रम र वातावरणको भूमिका लगायतका पक्षहरूको आधारमा निम्न अनुसार व्याख्या विश्लेषण गरिएको छ ।

### ३.३.१ मुलुक बाहिर उपन्यासको प्रजाति

मुलुक बाहिर लैनसिंह बाङ्देलको सर्वप्रथम प्रकाशित उपन्यास हो । यो नेपाली उपन्यास परम्परा पहिलो यथार्थवादी उपन्यास हो । यो बाङ्देलद्वारा वि.सं. २००१ देखि लेखेर वि.सं. २००४ सालमा प्रकाशित गरिएको उपन्यास हो (प्रधान, २०६४:१६४) ।

आदर्शवादी र अतिमानवीय पात्रहरू प्रस्तुत गर्ने नेपाली उपन्यास परम्परामा यसले वास्तविक जीवनका पात्रहरू र तिनका सामाजिक जीवन भोगाइका अनेकन आरोह अवरोहहरू प्रस्तुत गर्दै ऐतिहासिक मोड प्रदान गरेको छ । यसमा आर्थिक विपन्नताका कारण काम र मामको खोजीमा नेपालीका पहाडी भूभागबाट भारतको विभिन्न स्थानमा बसोवास गर्न पुग्नेहरूको दुःखद र कारूणिक स्थितिलाई कलात्मक ढङ्गमा प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा प्रवासी सामाजिक जीवनका विभिन्न क्षेत्रमा सङघर्षरत नेपाली जातिका जीवन भोगाइका विविध चित्रण गरिएको छ । उपन्यासका प्रायः सबैजसो पात्रहरू नेपाली जातीय मूलका छन् । सबै पात्रहरू निम्नवर्गीय परिवेशका छन् । यो उपन्यास नेपालका पूर्वी पहाडका विभिन्न ठाउँबाट हिउँदको समयमा भारतका दार्जिलिङ, आसाम, टिस्टा, सिलिगुडी लगायतका स्थानमा आरा चिर्ने, काठ ओसार्ने, कुल्ली र दरबानी गर्ने जस्ता काम गरेर जीवन गुजार्नेहरूको मार्मिक कथा व्यथामा आधारित रहेको छ । यस उपन्यासका प्रमुख पात्रहरूमा रने, म्याउची, माहिल भुजेल र मसिनी छन् भने दलबहादुर, सहायक पात्रका रूपमा उपस्थित भएको छ । कान्छा राई, सेर्वा बूढा, लगायतका अन्यपात्रहरू गौण भूमिकामा रहेका छन् । यी मध्ये रने र माहिला भुजेललाई नायकका रूपमा प्रस्तुत गरिएको छ भने म्याउची र मसिनीलाई नायिकाका रूपमा चित्रण गरिएको छ । उपन्यासमा चित्रित केही प्रमुख भूमिकामा रहेका पात्रहरूको प्रजातीय भूमिका र स्थितिलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

### ३.३.१ रनबहादुर

रनबहादुर मुलुक बाहिर उपन्यासको प्रमुख पात्र हो । ऊ यस उपन्यासका अन्य प्रमुख पात्र म्याउचीको श्रीमान्, मसिनीको भिनाजु र माहिला भुजेलको साढुभाइ पनि हो । काम र मामको खोजीमा प्रवासीएको पात्रको रूपमा रनबहादुर चित्रित छ । पहाड अरूण खोलातिर घर भएको रनबहादुर आर्थिक विपन्नताकै कारणले अरू साथीहरूको साथमा दार्जिलिङतिर लागेको हो । ऊ त्यहाँ काठ चिर्ने, ठेक्काको काम गर्ने साथै कहिले तख्ता बोक्ने काम जस्ता विभिन्न कार्यहरू गर्दछ । उपन्यासमा नायकको रूपमा

रहेको रनबहादुर राई-किराँत मूलको प्रजाति हो । (आचार्य, २०५८:१०३) । उसको वास्तविक नाम रनबहादुर भए पनि उसलाई सबैले रने साहिँला भनेर चिन्थे । उपन्यासमा यसको शारीरिक विशेषतालाई यसरी चित्रण गरिएको छ : "रने चौबीस-पच्चीस बर्ष पुगेको, न अग्लो न पुडको गहुँगोरो वर्णको थियो । त्यसका काला-काला आँखा सबैलाई मन पर्ने ज्योति थियो । त्यसका अघिल्तिर दुइटा दाँत भने खप्टिएको थिए- तर हाँस्दा खेरी भने त्यसका खप्टिएका सेता दाँत एक प्रकारले राम्रै देखिन्थे ( बाङ्देल २०७२:६) । यसरी रने भर्खरको तन्नेरी युवक, गहुँगोरो वर्ण र मझौला कद भएको, दाँत खप्टिएको आदि शारीरिक विशेषतायुक्त रहेको स्पष्ट हुन्छ । रनेलाई उपन्यासमा चिउँडोमा पल्टने छत्रे टोपी अड्याएर, पिठिउँमा खाकीको पल्टने ब्याज, तुमलेट र खुकुरी झुण्डाएर, घाँटीमा रेशमी रूमाल बाँधेर, कम्मरमा हात राखी गीत गाउँदै हिँडने अल्लारे युवकको रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा रनेको स्वभाव बारेमा पनि उल्लेख गरिएको छ । रने गफाडी, छट्टु, मिलनसार र सहयोगी स्वभावको छ । उसले कुरा गरेर नै अरूलाई आफ्नो प्रभाव छाड्न सफल हुन्छ । ऊ अत्यन्त हँसिलो र रमाइलो गर्ने खालको छ । उपन्यासमा उसको स्वभावलाई यसरी प्रस्तुत गरिएको छ : "रने गफी र फट्टी थियो । रने बोलेपछि अरूले बोल्नु नपर्ने-सबैलाई हाँसो उठ्थ्यो, त्यसको हाँसोले सबैलाई कुतकुत्याउँथ्यो, त्यसको गफ र गीतले सबैलाई मत्याउँथ्यो- मुग्ध पार्थ्यो" (बाङ्देल, २०७२:४) । यसरी उसको अधिकांश स्वभावमा नेपालीपन पाइन्छ । आर्थिक अभाव र समस्याग्रस्त जीवन भोगाइका बीचमा पनि रनेले प्रदर्शन गरेको हाँसखेल गर्ने, रमाइलो गर्ने, गीत गाउने लगायतको व्यवहारले नेपाली जातीय विशेषतालाई नै सङ्केत गरेको छ । उसले आफ्ना पहाडी गीतका सुरिलो भाकाहरू र लैबरीका मधुर धुनहरू मार्फत कठोर परिश्रमले थकित र दुःखी भएको मनलाई केही बेर भए पनि शान्त र आनन्दित बनाउने प्रयत्न गरेको छ ।

रने मन परेको बेला सबैसँग मिल्न सक्ने तर मन नमिल्दा सामान्य कुरामा पनि निहुँ खोज्ने स्वभावको छ : "मान्छे अरूसित मिल्न सक्ने थियो, त्यसैले सबै साथीहरूसित मिल्थ्यो । रने अलि रिसाहा-रिसाहा पनि थियो । रिस उठेको बेलामा झडङ्ग रिसाइहाले तापनि फेरि एक छिन पछि राम्रै बोल्थ्यो, राम्रै हाँस्थ्यो" (बाङ्देल,

२०७२:६) । ऊ तन्नेरी जोस जाँगर भएको, स्पष्टवक्ता  र स्त्रीहरूमा आफ्नो प्रभाव छाड्न सक्ने कला भएको व्यक्तिका रूपमा रहेको छ : “स्वास्नी मानिसहरूका अघिल्तिर नानावलीका कुरा गरेर उनीहरूलाई छक्क पार्थ्यो । सबैले त्यसलाई मन पराउँथे । तन्नेरी थियो- त्यसका नसामा नवयौवनको उष्ण रगत बग्थ्यो” (बाङ्देल, २०७२:६) । उसको यही स्वभाव भएकाले उसलाई कैयौँदेखि मोहीसम्मले चिनेका थिए । यसबाट उसको सरल, स्पष्ट, हार्दिक र फरासिलो व्यक्तित्वको परिचय पाइन्छ । यही कारण उसको म्याउचीसँग माया प्रेम बसेको छ । रनेले म्याउचीलाई पनि अनेक थरीका कुराहरू गरेर हँसाउँछ । रने र म्याउचीको प्रेम प्रारम्भ भएको प्रसङ्गलाई उपन्यासमा यसरी चित्रण गरिएको छ : “रने मुसुक्क हाँस्थ्यो । दुवैको आँखा जुध्ने, दुवैले मूक दृष्टिले हेराहेर गरे- रनेले म्याउचीलाई पाखुरामा समाती तानेर बाटो मास्तिर ल्यायो” (बाङ्देल, २०७२:८) । रने र म्याउचीले माया प्रेमका क्रममा देखाएका धेरै जस्तो व्यवहार र क्रियाकलापमा पनि नेपाली समाजकै प्रभाव पाइन्छ । त्यस्तै उपन्यासमा उसको रक्सी खाने, जुवातास खेल्ने, तरूनीहरूलाई बाटाघाटामा जिस्काउने जस्ता नराम्रा आदतहरूका सम्बन्धमा पनि प्रकाश पारिएको छ । जीवन अत्यन्त क्षणिक भएकोले जीवनलाई रमाइलो गरेर बिताउनु पर्ने उसको जीवन सम्बन्धी दृष्टिकोण रहेको छ । ऊ भन्छ : “जीवन छउन्जेल चोखो हाँस-खेल गर्नु पर्छ, एक मुठी सास रहेसम्म सबैसित बोली राख्नुपर्छ, एकपल्टको जुनीमा हाँसेको-बोलेको मात्रै सम्झना बस्छ है... मरेपछि त केही लानु छैन... यो जिन्दगी, आज छ कि भोलि...” (बाङ्देल, २०७२:४३) ।

हरेक प्रजातिले आफ्ना पैतृक गुणहरूलाई जुनसुकै भूगोलमा पनि प्रस्तुत गर्दछन् र तिनीहरूका प्रारम्भिक हुर्काइ, शिक्षादीक्षा, संस्कार वातावरणले सम्पूर्ण जीवनको मानसिक क्रियाकलापमा महत्त्वपूर्ण भूमिका खेल्दछन् भन्ने कुरालाई उपन्यासमा रनेले प्रस्तुत गरेका व्यवहारले पुष्टि गरेको छ । उसले विदेशी भूमिमा भए पनि आफ्नो पुर्ख्यौली थलो र त्यहाँका क्रियाकलापहरूलाई वारम्बार स्मरण गरिरहेको छ । उपन्यासमा रनेका सम्बन्धमा भनिएको छ : “आफू गोठाला भइ वन-वनमा गाईवस्तु चराएको, गोठाल्नी तरूनीहरूसित हाँसेको, खेलेको जिस्केको, माछा मार्न

गएको, आफ्ना मामासँग रावा खोलातिर डुल्न गएको तथा भोटमा नुन लिन गएका कुरा सुनाउँथ्यो'' (बाङ्देल २०७२:३२) । मुगलान पस्नु भन्दा अगाडि रनबहादुरको स्थिति कस्तो थियो भन्ने बारेमा पनि उपन्यासमा प्रकाश पारिएको छ :

> चार-पाँच वर्ष अघि पहाडबाट मुग्लान पस्दा रनबहादुरको स्थिति कस्तो गति थियो ? शरीरमा भने जस्तो लुगा थिएन । लुगा लाउन खान, बस्न, बोल्न त्यसले जानेको थिएन । सभ्यता र संस्कृतिले नछोएको-साह्रै सोझो विचार भएको अबोध प्राणी थियो । तर त्यसको भाग्यले गर्दा आज त्यो देश विदेश डुलेर आएको छ । त्यसको विचार र विमर्श पनि धेरै बेग्लै भइसकेको छ । मुगलानको मुक्त वातावरणले आज त्यसलाई छोएको छ । त्यसले ठाँट पारेर लुगा लगाउन, बोल्न, बस्न सिकेको छ । मानिसहरू सित कसरी व्यवहार गर्नु पर्छ साना-ठूला सित कसरी हाँस्नु-बोल्नु पर्छ सो त्यसले सबै जानेको छ (बाङ्देल, २०७२:४४) ।

यसबाट वातावरणले प्रजातिमा पार्ने प्रभाव स्पष्ट हुन्छ । रने पहाडको गाउँमा हुँदा बोल्ने व्यवहार गर्न, खान, बस्न नजान्नु र मुगलान आएपछि ती सबै क्रियाकलापमा सकारात्मक परिवर्तन आउनुमा उसले भोगेको फरक-फरक परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । गाउँमा हुँदा ऊ सरल, सोझो, कुनै छलकपट गर्न नजानेको व्यक्तिको रूपमा रहेको छ भने मुगलान आएपछि उसका कतिपय पूर्ववर्ती स्वभाव, संस्कार र मनोविज्ञानमा परिवर्तन आएका छन् । यसरी एउटै व्यक्तिमा फरक वातावरणले फरक स्वभाव, संस्कार, चेतना र मनोविज्ञानको निर्माण भएको देखिन्छ । उसले अरूण खोलाको कठोर पहाडी परिवेशबाट कडा मिहिनेत गर्न सिकेर मुगलान आएको छ । उपन्यासमा रनेको परिश्रमी व्यवहारलाई यसरी टिप्पणी गरिएको छ : ''टिस्टामा त्यसले आरा काट्ने ठेका काम भेट्टायो... कामको थालनी भयो । जङ्गलमा ठूला-ठूला रूख छानेर ढाल, आरा, धरान बनाऊ, आरा काट, तख्ता झिक, बिम बटम तयार पार, तिनलाई ओसार'' (बाङ्देल २०७२:५) ।

रने सन् १९१४ को प्रथम विश्वयुद्धमा सामेल भएको कुरालाई पनि उपन्यासमा चित्रण गरिएको छ । युद्धमा गोर्खाली मोर्चाबाट अनेक ठाउँहरूमा पुगेर उसलाई दुस्मनको उछितो काढेको छ । त्यस महायुद्धमा उसले वीर नेपाली जातिको परिचय दिँदै नेपाल राष्ट्र र राष्ट्रियतालाई संसारभरि चिनाएको छ । युद्धको समाप्त भएपछि सबै नेपालीहरूसँग ऊ पनि बडो जोस र फूर्तीका साथ घर फर्कन्छ । फर्कदा उसले पल्टने बुट, शरीरमा खाकीको लुगा र टाउकोमा छत्रे टोपी लगाएर गोर्खाली प्रजातिको मौलिक परिचय दिएको छ । उपन्यासमा ऊ फर्कदाको स्थितिलाई यसरी प्रस्तुत गरिएको छ : ‘‘त्यसको अनुसार प्रफुल्लित देखिन्छ । त्यसका आँखामा जोस छ, चञ्चलाता पनि छ । त्यो फूर्तिलो जवान मान्छे त रनबहादुर नै हो’’ (बाङ्देल, २०७२:३१) । यसरी लामो समयसम्म रणभूमिमा मर्ने र मार्ने खेलमा सामेल भए पनि उसमा देखिएको जोस जाँगरले उसको नेपाली जातीय गुणलाई देखाएको छ । युद्धको समयमा सँगै लेडेको नेपाली साथी दलबहादुरलाई उसले ज्यानै दिएर सहयोग गरेको छ । उपन्यासमा उसको सहयोगी व्यवहारलाई यसरी चित्रण गरिएको छ : ‘‘आफ्नो साथीको निम्ति रनबहादुरले दुःखको वास्ता राखेन...परदेशमा विचल्ली परेको साथीका निम्ति उसले आफ्नो दुःख-कष्ट सबै सहन गयो’’ (बाङ्देल, २०७२:३४) । यसरी एउटा नेपालीले अर्को नेपालीलाई दुःख परेको बेलामा सहयोग गर्ने नेपाली जातीय परम्परालाई रनेको यस प्रकारको व्यवहारले पुष्टि गरेको छ ।

रनेका यी सबै राम्रा पक्षहरू हुँदाहुँदै पनि उसको चरित्रमा केही गम्भीर दुर्गुणहरू रहेको कुरा उपन्यासका विभिन्न प्रसङ्गहरूमा देखाइएको छ । उसको चरित्रको सबैभन्दा गम्भीर समस्या भनेको उसको शङ्कालु मनोविज्ञान हो । यसका साथै ऊ बढी रिसाहा स्वभावको पनि छ । उसका यिनै दुई दुर्गुणहरूले उसको सारा जीवनलाई दुःखद् बनाइ दिएको छ । मानिसमा कमजोरी हुनु स्वभाविकै हो । तर कमजोरी पहिचान गरेर तिनको निराकण नगर्नु झन ठूलो भुल हो । रनेको व्यवहार यस्तै देखिएको छ । उसले आफ्नो कमजोरीलाई हटाउने प्रयास गरेको पाइँदैन । यसमा उसले प्राप्त गरेको शिक्षा, संस्कार, चेतना, लगायतको वातावरण र केही मात्रामा वंशाणुक्रमको प्रभाव रहेको देखिन्छ । सामान्यतः मिलनसार तर चौपट्टै झोक्की

स्वभाव र आवेश प्रधान जनजातीय स्वभाव रहेको रनेको महत्त्वपूर्ण विशेषता बनेको छ । यसमा उसका जातीय वंशाणुक्रमको प्रभाव देखिन्छ । यसले लेखकको आफ्नै जनजातीय प्रभावलाई पनि सङ्केत गरेको छ ।

यसरी आफ्नै दुर्गुणहरूका कारण रनेले आफ्नो सुन्दर पारिवारिक जीवन समाप्त गरेको छ । यसका साथै आफूलाई पनि आत्महत्याको भयानक सिकार बनाएको छ । उसका धेरै राम्रा र सकारात्मक गुणहरू भएर पनि तिनलाई थोरै दुर्गुणहरूले ओझेलमा पारिदिएकोले उसको समग्र व्यक्तित्व नकारात्मक देखिन पुगेको छ । जीवनको अन्त्यतिर आएर उसले आफ्नो गल्तीलाई स्वीकारी पश्चात्ताप महसुस गर्दै आत्मालोचित भएको छ । अतः रनबहादुर उपन्यासमा प्रमुख नायकको रूपमा रहेको राई-किराँत मूलको प्रजाति हो ।

### ३.३.२ म्याउची

म्याउची मुलुक बाहिर उपन्यासकी प्रमुख नारी पात्र हो । उपन्यासमा उसको केन्द्रीय भूमिका रहेको छ । यस उपन्यासमा म्याउचीलाई किराँत प्रजातिकी एक निर्दोष नारी नायिकाका रूपमा प्रस्तुत गरिएको छ । उसका क्रियाकलापहरूमा नेपाली जातीय मनको उत्प्रेरणा देखिन्छ (न्यौपाने, २०६४:११७) । उसमा नेपाली नारीहरूमा पाइने स्त्रीयोचित गुणहरू पाइन्छन् । ऊ रनेसँगै पूर्वी पहाडबाट कामको खोजीमा मुगलान पसेकी छ । ऊ भर्खर अठार वर्षको किशोरावस्थामा प्रवेश गरेकी छ । उसको शारीरिक विशेषताका सम्बन्धमा उपन्यासमा भनिएको छ : "म्याउची भर्खर अठार वर्ष पुगेकी थिई । त्यसको लाम्चो अनुहार, भरिलो छाती, गम्भीर आँखा र राता राता दुई चञ्चल ओठले नारी-यौवनको सम्पूर्ण विकास भएको बुझाउँथे । त्यसको जिउडाल पनि खुब मिलेको थियो । औधि राम्री पनि थिई" (बाङ्देल, २०७२:४) ।

ऊ दोरालिङ हेर्ने रहरले एक हिउँदमा साथीहरूको लह-लहैमा लागेर गोठबाट भागेर आएकी छ । तत्कालीन नेपाली अनुहार समाजमा एक नारीका रूपमा उसले गोठबाट भागेर रोजगारका लागि प्रबासिने जुन साहस गरेकी छ, त्यो आफैमा प्रशंसनीय रहेको छ । उसले नेपाली जातिका नारीहरूलाई आफ्नो पारिवारिक घेरावाट

माथि उठेर आर्थिक आय आर्जनका काममा संलग्न हुँदै जीवनस्तर सुधार्न चाहन्छन भन्ने कुरालाई स्पष्ट पारेको छ । पहाडी गाउँमा खेतीपाती र गाईगोठको उराठलाग्दो जीवनबाट वाक्क भएकोले र दोरलिङ हेर्ने दृढ इच्छाले प्रेरित भएर पहाडबाट मुगलान सम्मको कठोर यात्रा प्रसन्नताका साथ गरेकी छ । ऊ मुगलानको सहरिया परिवेशबाट निकै प्रभावित भएकी छ भन्ने कुरालाई उपन्यासमा यसरी देखाइएको छ : "मुगलानका ठूला-ठूला घर र चिल्ला सडकहरू देख्दा म्याउची आनन्दले गद्गद् भई । जीवनमा आफूले नदेखेका कुराहरू- रेल र मोटर देख्दा त्यो छक्क परी" (बाङ्देल, २०७२:४) ।

म्याउची अत्यन्त सिधासाधा, अपठित, निश्चल, निष्कलङ्क र पवित्र स्वभाव भएकी प्रजाति हो । उसमा सोझोपना छ, छलकपट र कृत्रिमताको कुनै आभास सम्म पनि छैन । उसको शारीरिक विशेषता मात्र होइन मानसिकता पनि ग्रामीण परिवेशबाट निर्देशित रहेको देखिन्छ । मुगलानमा काम गर्ने क्रममा उसको रनेसँग स्वभाविक रूपमा मायाप्रीति बस्छ । भर्खरै किशोरावस्थामा प्रवेश गरेकी उसको सुन्दर रूप रङ्ग र सुललित जिउडालले रनेलाई आकर्षित गर्दछ । उसले प्रेम र यौनको गम्भीरतालाई बुझ्न सकेकी छैन । उसले रनेले जबर्जस्ती अँङ्गालो हाल्दा अनौठो अनुभूति गरेको कुरालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : "त्यसपछि निर्दोष भावले त्यसले म्याउचीलाई देब्रे हातले अँगालो हाल्यो । त्यो स्पर्शले म्याउचीको नसा-नसामा, मन-प्राणमा कुतकुती लाग्यो- त्यसका दुवै गाला राता-राता भए" (बाङ्देल, २०७२:९) ।

किशोरावस्थामा विपरीत लिङ्गप्रति आकर्षण हुनु स्वभाविकै हो । यस दृष्टिमा म्याउची रनेप्रति आकर्षित हुनुलाई सामान्य मान्न सकिन्छ । तर रनेलाई उसले विचारै नगरी सम्पूर्ण जिउज्यान अर्पण गरेको छ । रनेसँगको सम्बन्धले भविष्यमा आउन सक्ने सम्भावित चुनौतीहरूलाई आँकलन नगरी सम्बन्ध गाँस्नुलाई उमेरजन्य कमजोरीका रूपमा मात्रै हेर्न मिल्दैन । यसलाई उसले प्राप्त गरेको घरेलु वातावरण, उसको शिक्षा र चेतनाको स्तरसँग जोडेर हेर्नु उपयुक्त हुन्छ । ऊ अशिक्षित भएकाले यौन, प्रेम र वैवाहिक सम्बन्ध जस्ता विषयहरूको गाम्भीर्यका बारेमा उसलाई खासै जानकारी छैन । यसरी एकातिर अपरिपक्व उमेर र अर्कातिर अशिक्षा तथा न्यून चेतनास्तरका चापमा

परेर उसले गरेको निर्णयले ऊ आफैको जीवनलाई गम्भीर मोडमा पुऱ्याईदिएको छ । अन्त्यमा उसले रनेको सन्काहा र आवेगपनको सिकार बनेर दुखद मृत्युवरण गरेकी छ । उपन्यासमा म्याउचीका वंशाणुगत तथा परिवेशजन्य स्थितिबाट निर्मित भएका स्वभाव तथा चारित्रिक विशेषताहरूलाई पनि चित्रण गरिएको छ । म्याउची रिसाही र घमण्डी छे । उसले आफ्नो रिस र घमण्डलाई नियन्त्रण गर्न सकेकी छैन । यसैका कारण उसले पटक-पटक विवेक गुमाउँदै गएकी छ । उपन्यासमा म्याउचीको यस्तो स्वभावको सम्बन्धमा भनिएको छ : "माहिला भुजेलको कुरा सुनेर म्याउची रिसले रनक्क भइहाली । माहिला भुजेलतिर फर्केर त्यसले रिसाएर प्याच्च भनी- 'होस न त, अर्काको घरमा के हुन्छ, के हुँदैन- यो भुजेललाई के खाँचो परेछ...?" (बाङ्देल, २०७२:१७) । नारीहरू आफ्नो चरित्रका विषयमा बढी सचेत हुन्छन्, यस सम्बन्धमा कसैले अनावश्यक टिप्पणी गरेको सहँदैनन् भन्ने कुरा म्याउचीको चरित्रमा देखिन्छ । रनेको माहिला भुजेलसँग टाँसिएर बसेकी भनेर आरोप लगाए पछि ऊ आफूले अत्यन्त माया गर्ने रनेप्रति पनि क्रूद्ध छे । आफ्नो निश्चल र निष्कलङ्क चरित्रमा रनेको आरोपले उसको मानसिकतामा गम्भीर आधात पुऱ्याएको छ । त्यसैका कारण रनेले डेरामा जान आग्रह गर्दा रनेको आग्रहलाई उसले दृढतापूर्वक प्रतिवाद गरेको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "तर म्याउची पटक्क मानिन । 'अर्कालाई विनासित्ति दोष लाएपछि- नाइँ, डेरामा जाँदै जान्नँ,' भनेर रून लागी । रनेले फकायो, सम्झायो- तर म्याउची मान्दै मानिन" (बाङ्देल, २०७२:२३) । हरेक प्रजातिमा विशेष प्रतिभा हुन्छ भन्ने तेनको मान्यताबाट हेर्दा म्याउचीमा पनि कपडा बुन्ने प्रतिभा तथा सीप रहेको देखिन्छ । रनेले उसका हात बाँध्दा प्रयोग गरेको खाडीको पटुका ऊ आफैले बुनेकी छ । उसकी बहिनी मसिनीले पनि म्याउचीले बुनेको कपडा लगाएकी छ । यो कुरा मसिनीले यसरी अभिव्यक्त गरेकी छः "दिदीले मलाई आफ्नै हातले बुनेको पटुका आउने बेलामा दिई राखेकी थिइन्" (बाङ्देल,२०७२:५७) । यसरी म्याउचीमा विशेष सीप रहेको कुरालाई उपन्यासमा विभिन्न प्रसङ्गहरूमा खुलाइए पनि उसले त्यो प्रतिभालाई परिष्कार गर्नका लागि आवश्यक पर्ने तालिम वा अन्य वातावरण प्राप्त गर्न सकेकी छैन । साथै यस्तो वातावरणका लागि उसले कुनै प्रयत्न गरेको पनि देखिँदैन, यसरी म्याउची सरल सोझी, इमान्दार, अशिक्षित, दृढ

इच्छाशक्ति भएकी, आफ्नो प्रेममा विश्वास गर्ने निश्चल, निष्कपट, आत्मविश्वासी, साहसी स्वभाव र चरित्र भएकी नेपाली जातिकी नारी पात्रका रूपमा रहेकी छ । यी सकारात्मक गुणहरू हुँदाहुँदै पनि उसमा रिसाहापन, घमण्ड, विवेकहीन, अशिक्षा र चेतनाको न्यूनता जस्ता दुर्गुणहरू रहेका छन् । जसका कारण उसले असमायिक र अप्रत्यासित मृत्युवरण गर्नु परेकी देखिन्छ । अतः यस उपन्यासका म्याउची एक किराँत प्रजातिकी एक निर्दोष नारीका रूपमा प्रस्तुत गरिएको छ ।

### ३.३.३ माहिला भुजेल

माहिला भुजेल प्रजातीय दृष्टिमा घर्ती थरको पात्र भए पनि मूलतः नेपाली जातिको पात्र को । उपन्यासमा प्रस्तुत भएका यसका व्यवहार र क्रियाकलापहरूमा नेपाली जातीय पहिचान झल्किएको छ । ऊ पनि रने जस्तै पूर्वी पहाडबाट काम र मामको खोजीमा मुगलान पसेको प्रवासी नेपाली हो । ऊ अत्यन्तै मिहिनेती, परिश्रमी र आफ्नै पाखुराका भरमा बाँच्न चाहने स्वाभिमानी नेपाली हो । ऊ उत्साही, जो सँग गए र दृढ विचार भएको पात्र हो । उपन्यासमा उसको स्वभाव, बानी व्यहोरा र चारित्रिक विशेषताका सम्बन्धमा यसरी टिप्पणी गरिएको छ :

> उमेर पुग-नपुग अठ्तीस वर्ष पुगेको हुँदो हो, तर अग्लो, सुगठित कद र भरिलो अनुहारले भने उत्तिकै वयस्क देखिँदैन । गाउँ-घरमा डल्लु, जाँडरक्सी खानु, तास जुवा खेल्नु- यी संसर्गदेखि छ सधैं टाढा बस्छ । कतिपल्ट गाउँ-घरका गाडीवाला साथीहरू आएर उसलाई तास खेल्न आग्रह गरे – भोज भतेरतिर लैजान चेष्टा गरे–तर ऊ पटक्क मानेन् । ऊ आफ्नो काम एकोहोरो गरिरहन्छ – पेट पाल्छ । कसैको निन्दा – चर्चा गर्दैन - कसैको खोजीनीति गर्दैन-कसैको अघिपछि लाग्दैन । बिनासित्ती जथाभावी बोल्दैन । अरू तल्लो श्रेणीका मानिसहरू झैं मुखबाट छिःछिः फोहरी कुरा भिक्तैन, अश्लील कुरा पनि गर्दैन- कसैलाई कुवाच्य पनि मान्दैन ! ऊ अल्पभाषी, विचारशील, भावुक तथा स्थिर भावको छ (बाङ्देल, २०७२:८०) ।

यसरी उपन्यासमा माहिला भुजेलका चारित्रिक विशेषताहरूलाई समाख्याताले सकारात्मक रूपमा प्रस्तुत गरेका छन् । काम खोज्दै भौतारिएको उसलाई दलबहादुरले गाईगोठको जिम्मेवारीलाई कुशलतापूर्वक बहन पनि गरेको छ । ऊ जस्तोसुकै प्रतिकूल अवस्थामा पनि गाईको स्याहार सम्भारमा निरन्तर लागि रहन्छ । ऊ आफैले घाँस काट्ने, गोठको सरसफाइ गर्ने दूध दुहुने, दूध बेच्न बजार लैजाने जस्ता काम गर्दछ । दूध बेच्ने क्रममा उसले सबैसँग राम्रो परिचय पनि बनाएको छ । उसको यो पेशामा परम्परागत संस्कार जन्य सिकाइले पनि भूमिका खेलेको देखिन्छ । नेपालका पहाडी भूभागका मानिसहरूको प्रमुख पेशा कृषि नै हो । जहाँ गाईभैंसी पाल्ने काम परम्परागत रूपमै हुने गर्दछ । माहिला भुजेल पनि त्यही परिवेशबाट गुज्रदै आएकाले उसले गाईगोठका धेरै कामहरू परम्परागत रूपमा नै सिकिसकेको छ । ऊ अशिक्षित भए पनि शिक्षाप्राप्त गर्ने तीब्र चाहना राखेको छ । गाईगोठको काम सकेर फुर्सद भएको बेलामा उसले घरमै एक दुई अक्षर पढन् सिकेको छः " छ-सात महिना पछि त ऊ कनिकुथी भानुभक्तको रामायणसम्म बाच्ने भयो " (बाङ्देल, २०७२ः८१) । यसबाट एकातिर उसको परिश्रमको सफलताको परिचय दिन्छ । अर्कोतिर भानुभक्तीय रामायण पढले प्रसङ्गले उसमा रहेको नेपाली भाषा र हिन्दू धार्मिक प्रजातीय गुणहरूलाई कायमै राखेको छ ।

माहिला भुजेल मुगलान आउनुभन्दा अगाडि पहाडिया जीवनसँग निकै कठोर सङ्घर्ष गरेको छ । ऊ फाटेको दौरा, च्यातिएको मैलो सुरूवाल र पटुका माथि खुकुरी भिरेर मुगलान पसेको छ । उसले मुगलानमा आएर आर्थिक उन्नति गरे तापनि आफ्नो परम्परागत नेपाली पोशाक र नेपाली वीरताको चिन्ह खुकुरीलाई छाडेको छैन । उसले विभिन्न अवस्थामा नेपाली दाजुभाइलाई सक्दो सहयोग पनि गरेको छ । उसले सेर्वा बूढालाई सम्झाउँदै भन्छ : "दुःख विपद् त आइलाग्छ नै, तर त्यसै भनेर आफूले मन मार्न हुँदैन" (बाङ्देल, २०७२ः९५) । यसबाट उसको सहयोगी चरित्र र जीवनप्रतिको सङघर्षशील दृष्टिकोण अभिव्यक्त भएको छ । यति पनि भएर उसमा रनबहादुरका जस्तै चारित्रिक कमजोरीहरू पाइन्छन् । रनेमा जस्तै उसलाई पनि ईर्ष्या, शङ्का र क्रोध जस्ता दुर्गुणहरूले गाँजेको छ । ऊ अर्काको भनाइलाई विचार नगरी

तुरून्तै विश्वास गरिहाल्ने चरित्रका रूपमा देखा पर्दछ । उसमा वास्तविकतालाई बुझ्ने र कोशिस गर्ने विवेकको कमी छ । सेर्वा बूढाले भनेकै भरमा र एकान्तमा कान्छा राई सित कुराकानी गरेको देखेकै भरमा उसले मसिनी जस्ती इमानदार स्वास्नीलाई टिपेर घरबाट निकाल्छ, जसबाट ऊ समझको कमी भएको पात्रका रूपमा देखिन्छ । बर्मामा पुगेर रक्सीको लतमा चुर्लम्म डुबेर उसले आफ्नो पहिलेको इमानदार चरित्रलाई क्रमशः स्खलित बनाउँदै बगेको छ । ऊ घर छाडेपछि सिलीगुडी, कलकत्ता हुँदै बर्मा पुगेको छ तापनि उसको मानसिकतामा आफ्नो घर परिवार र जन्मस्थलप्रतिको माया ममता र स्मरण कायमै देखिन्छ । यही स्मरणका खातिर ऊ सिलिगुडीको स्टेशनसम्म आइपुगेको छ र छोरी रूपाको अगाध स्नेहबाट आह्लादित बनेको छ, बाबुछोरीको शारीरिक रूपआकृति स्नेहले प्रजातीय वंशाणुक्रमको निरन्तरतालाई सङ्केत गरेको छ । आमा, छोरी र बाबु फरक-फरक भूगोलमा बाँचेर पनि तिनीहरूका आदर्शका मूल चिन्हहरूमा एक प्रकारको समानता देखिन्छ । छोरीका कुराबाट आफ्नो गल्ती भएको थाहा पाएपछि अन्त्यमा उसले आफ्नो अपराधलाई स्वीकार्दै मृत्युवरण गरेको छ । माहिला भुजेल हीनता ग्रन्थिले ग्रसित भएको प्रजाति हो । सेर्वाबूढाको कुरा सुनेर मसिनीलाई कुट्नु घर छोडेर हिँडनु पछि विदेशबाट रोगी भएर फर्किँदा पनि घर जान नसक्नु र आफ्नी पत्नी मसिनीको सामु पर्न नसक्नुबाट उसमा रहेको हीनताबोध पराकाष्ठमा पुगेको स्पष्ट हुन्छ । अतः यस उपन्यासमा माहिला भुजेल प्रजातीय दृष्टिमा घर्ती थर जातिको पात्र हो ।

### ३.३.४ मसिनी

मसिनी मुलुक बाहिर उपन्यासकी अर्की प्रमुख नारी चरित्र हो । उपन्यासमा उसलाई म्याउचीकी बहिनी र माहिला भुजेकी एक विवाहिता पत्नीका रूपमा प्रस्तुत गरिएको छ । मसिनी पनि जनजातीय पृष्ठभूमिकै युवती हो, तर उसमा जनजातीय आवेग भन्दा संयमित विवेकको मात्रा बढी देखिएको छ । मसिनी पनि सोझी, सरल र स्वच्छ हृदय भएकी, नायिका हो (न्यौपाने, २०६४:१७९) ।

उसको शारीरिक रूपरेखा दिदी म्याउचीका जस्तै छ भन्ने कुरा रनेले भनेका यी कुराबाट स्पष्ट छ : "ऊ पनि तिमी जस्तै थिई- तिम्रै जस्ता नाक, कान, आँखा, दिदीका पनि थिए" (बाङ्देल, २०७२:५४) । प्रजातिमा हुने वंशाणुगत सम्बन्धलाई यसले सङ्केत गरेको छ । यति भएर पनि मसिनीका आँखामा लाज र सङ्कुचित भाव देखा पर्थे भने म्याउचीमा त्यो पाइँदैनथ्यो । माहिला भुजेलले अर्काको कुरा सुनेर रिसको झोंकमा पिटेर घर छोडेर हिँडेदेखि मसिनीको जीवनमा दुःखका बादलहरूले घेर्न थालेको पाइन्छ तापनि मसिनीको स्वभाव सबैसँग मिल्ने र सहनशील रहेको छ । आफ्नो पतिले त्यसरी छोडेर हिँड्दा पनि ऊ दलबहादुर, उसकी पत्नी र आमासँग मिलेर बसेकी छ । यसबाट पनि मसिनी साह्रै सहनशील र धीर थिई भन्ने कुरा पुष्टि हुन्छ । उपन्यासमा मसिनीको शारीरिक व्यक्तित्वका बारेमा चर्चा नभए पनि उसको दाम्पत्य स्थिति र गृहस्थी क्रियाकलापको वर्णनबाट लेखकले उसलाई सहनशील र धीर नारीका रूपमा नै बढी चित्रण गरेका छन् । उसमा एउटा आदर्श नारीमा हुनुपर्ने गुणहरू रहेका छन् (आचार्य, २०५८:११६) ।

मसिनीमा यौवनको पूवार्द्धदेखि बुढ्यौलीसम्म नै एकनासको स्वभाव देखिएको छ । कसैलाई प्याच्च नभन्ने, कुनै कुरामा पनि हठ नगर्ने, कोमल र सहनशील स्वभाव भएकी मसिनीमा कठोरताको गन्धसम्म भेटिदै उसमा म्याउचीमा झैं हाँसखेल गर्ने प्रकृति पाइन्छ, तर म्याउचीमा भन्दा भिन्न उसमा आन्तरिक रूपबाटै सोच्ने, बिचार गर्ने र गहिरिने प्रवृत्ति देखिएको छ । पतिको आशङ्काबाट उसको प्रणय चेत आहत हुँदा पनि उसको प्रणयको दीपाशिखा निभेको छैन र त्यो प्रतिक्षारत रहेको छ । पहिले हाँस्ने, सबैसँग कुरा गर्ने, फरासिली, हाटबजारमा रमाउने, बर्हिमुखी स्वभावकी मसिनीमा माहिला भुजेल परदेश हिँडेपछि मौन, एकोहोरा काम गर्ने, मनमा लोग्नेको मात्र सम्झना गर्ने, लोग्नेको झिनो प्रतीक्षामा बाँच्ने अन्तर्मुखी स्वभावजन्य विशेषताहरू देखिएका छन् :

यतिका दिनसम्म मसिनीको जीवन-स्रोत सहज र शान्तिसित एकोहोरो बगिरहेको थियो-त्यहाँ चिन्ता थिएन, बिरह थिएन...तर अब जम्मै भार त्यसका

टाउकामा परेका छन्, त्यसको मन अब सधैं विरक्ति र चिन्ताले परिपूर्ण छ- त्यहाँ कहिल्यै घाम लाग्दैन-कहिल्यै शान्ति हुँदैन (बाङ्देल, २०७२:१२३) ।

यसरी मसिनी जनजातीय प्रजातिकी विवेकले र बुद्धिले काम गर्ने चरित्र हो । पतिको शङ्कालु व्यवहारका कारण उसले जीवनमा नराम्रोसँग हन्डर खानु परेको छ । ऊ पतिव्रता आदर्श नेपाली जातिकी प्रतिनिधि नारी चरित्रका रूपमा 'मुलुक बाहिर' उपन्यासमा देखिएकी छ । ऊ व्यावहारिक जीवनमा भिज्न जानेकी उच्च नैतिक चरित्र भएकी प्रजाति हो ।

### ३.३.५ दलबहादुर

दलबहादुर नेपाली मूलको प्रजाति हो । उसका बाबुबाजे पूर्वी पहाडको दोलखा जिल्लाबाट दार्जिलिङको घूम पहाडमा बसाइँ सरेका थिए । दलबहादुरको जन्म घूम पहाडमा नै भए तापनि उसमा नेपाली बाबुका वंशजबाट प्राप्त थुप्रै गुणहरू छन् भन्ने कुरा मुलुक बाहिर उपन्यासमा प्रस्तुत भएका नेपाली जातीय व्यवहारले पुष्टि गरेको छ । ऊ दस वर्षको हुँदा उसका बाबु हस्तमानको मृत्यु भएको छ । उसको आमा हिन्दु धर्म र संस्कृतिमा आस्था राख्ने भएकीले उसमा पनि त्यसको प्रभाव रहेको देखिन्छ । उनकी आमा एक आदर्श नारी थिइन् ।

दलबहादुरले विवाह, घरजम, सन्तान जस्ता कुराहरूलाई औपचारिक विषय मानेको छ र यी कुराहरूमा यसको खास रूचि पनि देखिँदैन । उसले चालिस वर्षको उमेरसम्म पनि विवाह गरेको छैन । आमाले विवाह गर्न कर गरेको प्रसङगमा ऊ भन्छः "आमा ! अब मेरो बुढेसकाल हुन आँट्यो-यो बेला पनि के हो ? बिहा गरेर संसारको दुःखमा डुब्ने मेरो मन छैन" (बाङ्देल, २०७२:१३८) यसबाट उसको जीवनसम्बन्धी दृष्टिकोण पनि स्पष्ट हुन्छ । ऊ बुहारी घरमा भिफ्याएर आमाको इच्छालाई पूरा गर्ने र आमालाई हेरचाह गर्ने पक्षमा देखिँदैन । यसबाट ऊ आमाप्रति कर्तव्यपरायण र जिम्मेवार बन्न नसकेको देखिन्छ । ऊ एक ठाउँमा स्थिर भएर नबस्ने स्वभावको छैन । ऊ रेल खलाँसी, व्यापारी, सिपाही, दूधको व्यवसायी आदि अनेक पेशा व्यवसायमा संलग्न भएको छ तर कुनैमा पनि सन्तुष्टि पाउन सकेको छैन । छोरोको

जात भएपछि देश विदेश डुल्नु पर्ने र सबैकाम गर्नु पर्ने उसको दृष्टिकोण रहेको छ । उसमा भाग्यवादी र निराशावादी चरित्र देखिन्छ । यसै प्रसङ्गमा दलबहादुर भन्छ :

> यो जिन्दगीमा मैले धेरै कष्ट पाएको छु- दुःख पनि पाएको छु । बाबु मरेर टुहुरो भएपछि मैले कुल्ली काम पनि गर्नु पर्‍यो, अर्काको घरमा नोकर पनि बस्नु पर्‍यो । स्टेशनमा कुल्ली काम गर्नु पर्‍यो । बाबु बाँचेको भए आज मैले यस्तो दुःख गर्नु पर्ने थिएन । मेरो त फुटेको भाग्य यो कुरा सम्झदा त खै दाइ ! मान्छेको जुनी त ह कि ? कुकुरको भन्दा पनि बेकम्म पो देख्छु (बाङ्देल, २०७२ : ३२) ।

यसबाट उनको असफलता, पलायन, निराशा र भाग्यवादी चिन्तन स्पष्ट भएको छ । नेपाली समाजमा सन्तानहरू आफ्ना बाबुआमाप्रति परनिर्भर हुने संस्कृति छ, दलबहादुर सानैमा टुहुरो हुनु परेकाले ऊ बाबुबाट सम्पन्न हुन सक्ने जिम्मेवारीबाट बञ्चित रहनु परेको छ । उसको मानसिकतामा पनि बाबु बाँचेका भए बाबुले घर गृहस्थीका सम्पूर्ण काम मिलाई दिने र आफूलाई कुनै समस्या नहुने विचार उत्पन्न भएको छ । उसमा यस्तो विचार पैदा हुनु अर्थात् बाबु नभएकाले नै केही गर्न नसकेको ठान्नु नेपाली समाज र संस्कृतिको परिवेशजन्य प्रभावबाट प्रजातिमा देखिएको मानसिकता हो ।

दलबहादुर पनि रनेसँगै सन् १९१४ को प्रथम विश्वयुद्धमा सामेल भएको छ । ऊ गोर्खा राइफलको तर्फबाट बगदादको मोर्चामा लड्दा घाइते बन्छ । युद्धमा नेपाली साथी कर्णबहादुर रानालाई बचाउँने क्रममा दुश्मनको गोली उसको देब्रे पाखुरामा लाग्दछ । यस क्रममा उसलाई रनबहादुरले ठूलो सहयोग पुऱ्याएको छ । ऊ रन बहादुरले घाइते हुँदा गरेको सहयोगबाट कृतज्ञ भएर रने, माहिला भुजेल र मसिनीलाई आफ्नै घरमा सम्मानपूर्वक आश्रय दिएको छ । उसमा अरूले गरेको गुन नभुल्ने स्वभाव छ, भन्ने कुरा उपन्यासमा यसरी देखाइएको छ : “रनबहादुरको त्यही त्याग र कृतज्ञताको नाताले गर्दा माहिला भुजेल र मसिनी प्रति पनि दलबहादुरको अशेष सहानुभूति थियो- आदर र ममता थियो” (बाङ्देल, २०७२ : ७२) । उसले काम नपाएर

पहाड फर्कने सोचमा रहेको माहिला भुजेललाई पनि आफ्नो सम्पूर्ण गाईको व्यवसाय जिम्मा दिएर बिपद्बाट बचाएको छ । उसले माहिला भुजेललाई भन्छ : "यति दिन मिलेर खायौँ-बस्यौँ ! हामी एउटै जहान जस्ता हौँ । यो घरलाई आफ्नै घर जस्तो ठान । तिमीहरूले काम नभएसम्म यहीँ बस-खाओ" (बाङ्देल, २०७२:७४) । यसरी दलबहादुरले आपद् विपद्मा परेका नेपाली दाजुभाइलाई मानवीय सहयोग गरेर आफ्नो परम्परागत प्रजातीय संस्कारलाई प्रस्तुत गरेको छ । उसले अत्यन्त उदार र महान् विचार बोकेको छ । उसमा नेपालीपन छ । नेपाली जातिप्रति गर्व छ । उसले प्रवासी नेपालीहरूलाई आश्रय दिएको छ, विपद्मा उद्धार गरेको छ । दार्जिलिङमा जन्मिएको दलबहादुरलाई परिवेशले भन्दा वंशाणुक्रमले बढी प्रभावित बनाएको देखिन्छ ।

भारतीय परिवेशमा रहेर पनि नेपालीहरूप्रति उसले देखाएको सदभाव र सहयोग यसैको परिणाम हो । मुगलानको भौगोलिक सामाजिक, तथा सांस्कृतिक परिवेशमा बाँचेर पनि नेपाली जातीय एकताको पक्षमा उसले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । उपन्यासमा उसको जीवन सम्बन्धी दृष्टिकोणलाई यसरी अभिव्यक्ति गरिएको छ : "यो जीवनको त केही भरोसा छैन ! आज छ - भोलि छैन ! एकदिन सबै उही बाटो लाग्नु पर्ने रहेछ " (बाङ्देल, २०७२:७४) । यसबाट उसले जीवनसम्बन्धी दर्शनलाई बुझेको देखिन्छ साथै यसले उसको विसङ्गतिवादी चेतनालाई अभिव्यक्त गरेको छ । उपन्यासमा ऊ केही हदसम्म मातृभक्त देखिएको छ । उसको हृदय आमाप्रतिको श्रद्धा, भक्ति र ममताले भरिएको छ । आमाको मृत्युलाई रोक्न नसकेपछि दलबहादुर भाव विह्वल भएको छ :

> दलबहादुर रूँदै बाहिरको अँध्यारो ढलानमा निस्केर घोप्टो परी डाँको छोडी-छोडी रून लाग्यो । त्यसका आँखा अघिल्तिर जीवनका सहस्र-सहस्र स्वप्नहरू फनफनी घुमे-अतीतकालका जीवन कथा... र बालककालका जम्मै मधुर स्मृतिहरूको सम्झना भयो । आफूलाई जन्माउने तथा असिम दुःख र कष्ट उठाएर आफूलाई बढाउने, पाल्ने आफ्नी आमालाई आज उसले सधैंका निम्ति बिदा दियो (बाङ्देल, २०७२:१४७) ।

दलबहादुरले आमाप्रति यस्तो भक्ति र ममता देखाए पनि उसले आमालाई व्यावहारिक रूपमा सुख दिने विषयमा चुकेको देखिन्छ । ऊ घरमा आमालाई एक्लै छोडेर लामो समयसम्म बाहिर-बाहिर भौतारिएको छ । यसरी उसले आमाको मृत्युमा आँसु चुहाए पनि बास्तविक रूपमा मातृभक्त र कर्तव्य परायण बन्न सकेको छैन, बरू आमाका समस्याबाट भाग्ने पलायनवादी चरित्रका रूपमा प्रस्तुत भएको छ । जे होस् अन्त्यमा दलबहादुर जतातत‌ै उही रूपले ग्रहण गर्न सकिने, परिस्थिति अनुसार परिवर्तन हुने पात्र, एक सार्वभौम पात्र, उसको बानी व्यवहार अनुकरण गर्न लायकको आदर्श पात्र साथै आफ्ना मनका कुरा स्पष्टसँग भन्न सक्ने एक बहिर्मुखी पात्र पनि हो । अतः यस मुलुक बाहिर उपन्यासमा दलबहादुर नेपाली मूलको प्रजाति हो ।

### ३.३.६ कान्छा राई

कान्छा राई प्रजातीय दृष्टिले राई थरको पात्र हो तापनि मुलुक बाहिर उपन्यासमा मूलतः नेपाली जातिको प्रतिनिधित्व गरेको छ । राई-किराँत प्रजातिका वंशाणुगत गुणहरूलाई पनि उसले प्रदर्शन गरेको छ । ऊ पनि कामको र मामको खोजीमा नेपालको पूर्वी पहाडबाट मुगलान पसिएको नेपाली हो । ऊ भर्खरको जवान र अविवाहित रहेको छ । कान्छा राई यस उपन्यासमा पुरूष र गौंण पात्र हो । उसको शारीरिक विशेषता र स्वभावका सम्बन्धमा उपन्यासमा यस्तो टिप्पणी गरिएको छ : “कान्छा राई सिकुटे थियो- तर गोरो र सुन्दर थियो । जीउमा त्यसले मैलो फाटेको लुगा दौरा, फाटेकै सुरूवाल र त्यसमाथि पटुका बाँधेको छ । पटुकामाथि खुकुरी पनि भिरेको छ” (बाङ्देल, २०७२ : १०२) । उसले फाटेको भए पनि दौरा सुरूवाल र पटुका लगाएको तथा कम्मरमा खुकुरी भिरेको प्रसङ्गले नेपाली पहिचानलाई झल्काएको छ । नेपाली जातीय संस्कृतिलाई प्रस्तुत गरेको छ ।

कान्छा राई जवान र अविवाहित मात्र होइन, स्त्री लम्पट पनि भएको कुरा उपन्यासमा देखाइएको छ । स्त्रीका सम्बन्धमा ऊ कमजोर चरित्रको देखिन्छ । घूम पहाडमा एउटा चिया पसलमा काम गर्ने एउटा तरूनीकहाँ ऊ बारम्बार गइरहन्छ : “यो चिया पसलमा काम गर्ने एउटा तरूनी थिई- त्यसैका लागि कान्छा राई त्यहाँ

जान्थ्यो'' (बाङ्देल, २०७२:१०३) । काम नपाएर दुःख पाएको देखेर उसलाई माहिला भुजेलले आफ्नो घरमा आश्रय दिएको छ । तर उसले भुजेलको सहानुभूतिप्रति आवश्यक गम्भीरता देखाएको छैन । भुजेलको गाईगोठको काममा कुनै सहयोग गरेको छैन । ऊ दिनभर अनावश्यक रूपमा डुल्ने गर्दछ : "कान्छा राई माहिला भुजेलका घरमा बसे पनि त्यसले गाईगोठको काम केही गर्दैनथ्यो । दिनभरि स्वच्छन्द डुल्थ्यो, यताउता जान्थ्यो'' (बाङ्देल, २०७२ :१०४) । यसरी ऊ आफूलाई सहयोग गर्ने व्यक्तिप्रति कृतज्ञ बन्न सकेको छैन । ऊ जीवनप्रति संवेदनशील र गम्भीर बनेको छैन । माहिला भुजेलकी स्वास्नीसँग उपयुक्त व्यवहार गर्न नजान्दा उसको घरबाट समेत निक्लनु परेको छ । यसैकाकारण भुजेलको सुन्दर दाम्पत्य पारिवारिक जीवन एकाएक तहसनहस भएको छ । अतः यस मुलुक बाहिर उपन्यासमा कान्छा राई प्रजातीय दृष्टिले नेपाली मूलको राई थरको प्रतिनिधित्व गर्ने पात्र हो ।

### ३.३.७ सेर्वा बूढा

सेर्वा बूढा पनि नेपाली जातिको पात्र हो । सेर्वा बूढा गौंण पात्रका रूपमा चिनिन्छ । मुलुक बाहिर उपन्यासमा यसको चरित्र गुणले भन्दा अवगुणले भरिएको कुरा प्रस्तुत गरिएको छ । मुलुक बाहिर उपन्यासका दुष्ट पात्रका रूपमा परिचित सेर्वा बूढा अरूलाई नचाहिँदो कुरा सुनाएर घरबार लथालिङ्ग पारिदिने व्यक्तिको रूपमा देखिएको छ । उसको उमेर लगभग साठी वर्षको छ । त्यसरी एउटा स्वास्नीबाहेक यो संसारमा अरू कोही छैन । उपन्यासमा उसको स्वभाव र चारित्रिक विशेषताका सम्बन्धमा यसरी टिप्पणी गरिएको छ :

सेर्वा बूढाको चाल चलन र प्रकृतिमा धेरैजसो अवगुणहरू र दोषहरू मात्र देखिन्छ । सेर्वा बूढो कामले भन्दा मुखले ठीक्क पार्छ । अर्काको निन्दा गर्न, अर्कालाई खसालेर बोल्न उसलाई कसैले भेट्दैन । दस जनाको मुखेन्जी बाठो छु भनी कुरा गरी तथा कसैले केही राम्रो काम गरेको छ भने डाह गर्ने त्यसको स्वभाव छ । उमेर साठी वर्ष पुगेको हुँदो हो, तैपनि बूढो उत्तिकै कडा र फुर्तीलो छ । त्यसका दुईवटा गोरू छन् । त्यसले गाडीवान काम गर्छ । कोइला, बालु, अलैंची ठीकामा ओसार्छ । कहिले

सुके पुग्छ, कहिले छ : माइलतिर जान्छ, कहिले दार्जिलिङ आउँछ । घरमा बूढाकी एउटी स्वास्नी बाहेकका अरू कोही छैन (बाङ्देल, २०७२ : ९०) ।

यसरी सेर्वामा छुल्याहापन, ईर्ष्या गर्ने, घमण्ड र अस्थिर र स्वभाव रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । पेशाको नाममा मूलतः एक हल गोरूको गाडा चलाउनु बाहेक उसको अन्य स्थायी पेशा देखिँदैन । ऊ रक्सी खाएर मातेपछि झगडा गर्ने, होहल्ला गरेर छिमेकीलाई सताउँछ : "बूढाले आजकल औधी जाँडरक्सी खान्छ भनेर धेरैले कुरा गर्छन्... यो उमेर सम्म बूढाले गाउँ-घर डुल्ने तास खेल्ने बानी छाडेको छैन । रक्सी खाएर भातेका बेलामा बूढाले झगडा गर्न अघि सर्छ " (बाङ्देल २०७२ : ९५) ।

यसरी ऊ उमेरले अस्वभाविक देखिने काममा पनि संलग्न देखिन्छ । उसले वंशानुगत रूपमा जतिसुकै राम्रा बाबुआमाबाट जन्मे तापनि उपयुक्त परिवेशका अभावमा मानिसले खराब संस्कार सिक्न सक्ने तथ्यलाई स्पष्ट पारेको छ । सेर्वा बूढाको जवानी अवस्थामा पनि निकै घमण्डी रहेको कुरा उपन्यासमा चित्रण गरिएको छ । जवानीमा उसले गाउँघरमा निकै रवाफ देखाउँथ्यो । ऊ निकै बलियो पनि थियो । यस सम्बन्धमा उपन्यासमा यसरी टिप्पणी गरिएको छ : "त्यसका जवानीका तातो फुर्तिलो रगतले भरिएका नसाहरू सुक्दै गए- जोस हराउँदै गयो । त्यसको शारीरिक परिवर्तनका साथसाथै मानसिक अवस्था पनि परिवर्तन हुँदै गयो... एक माना खानलाई काम गर्नु बाहेक जीवनमा त्यसको अरू केही आशा छैन" (बाङ्देल २०७२:९७) । यसरी समय क्रमसँग प्रजातिमा आउने शारीरिक तथा मानसिक परिवर्तनलाई देखाएको छ । साथै नेपाली जातिको परदेशमा भएको दुर्गतिलाई पनि सङ्केत गरेको छ ।

उनको कुनै सन्तान नभएको कुरालाई प्रस्तुत गरिएको छ । छोराछोरी जन्माउनु, सन्तान फैलिनु दुःखको भारी हो भन्ने उसको दृष्टिकोण रहको छ । पछि बिस्तारै उमेर ढल्कँदै जाँदा उसले सन्तानको सहाराको आवश्यकता महसुस गर्दै जान्छ । चालिस वर्ष पछि मात्र सन्तान चाहिने निष्कर्षमा पुगेको बूढाले यसका लागि

सबै खालका प्रयत्न गर्दछ, तर उसका सबै प्रयत्नहरू असफल हुन्छन् । सन्तान प्राप्तिका लागि गरेको सबै प्रयत्नहरू असफल भएपछि उसले यसको सबै दोष ईश्वरलाई लगाएको छ : "हामीले भनेर हुँदैन रैछ- परमेश्वरले नदिए-कसको के लाग्छ..." (बाङ्देल, २०७२:९८) । यसरी ऊ आफैले भोगेको परिस्थिति र परिवेशले उसको पूर्ववर्ती दृष्टिकोणलाई बदली दिएको छ । अन्तिममा आएर ईश्वरमा विश्वास गर्नु र सन्तानको आवश्यकता महसुस गर्नु ऊ आफैको जीवन भोगाइको निष्कर्ष हो । यसरी सेर्वा बूढाको जीवन समग्र जीवन भयङ्कर गरिबी, बेथिति, विसङ्गति र बेमेलको पर्याय बनेको छ । आफूले गल्ती गर्दै जाने र गल्तीको दोष भाग्यमाथि थोपर्दै निस्क्रियता र पलायनवादी मानसिकता अवलम्बन गर्नाले उसको जीवन यस उपन्यासमा बर्बादीतिर गएको छ । उसले जाँड रक्सी खाने, जुवातास खेल्ने, चुक्ली लगाउने, ईर्ष्या गर्ने उद्योग नगर्ने जस्ता दुर्गुणहरूलाई आत्मसात् गर्नाले बुढेसकालमा अत्यन्त कष्टकर जीवन बिताउनु परेको छ । मुलुक बाहिर उपन्यासका गौणपात्रहरू रूपा, बूढी आम्मै, कर्णबहादुर, दलबहादुरकी स्वास्नी, दलबहादुरको छोरा लगायतका गौण भूमिका पात्रहरू रहेका छन् । यी सबैजसो पात्रहरू नेपाली प्रजातीय पृष्ठभूमिकै रहेका छन् । भारतका विभिन्न क्षेत्रहरूमा कर्मशील जीवन बिताइरहेको यी पात्रहरूले नेपाली परम्परा, रीतिरिवाज भेषभूषा, बोलीचाली र संस्कारलाई कुनै न कुनै रूपले अवलम्बन गरिरहेका छन् । फरक परिवेशमा बाँचेका भए तापनि यिनीहरूले वंशाणुक्रमका रूपमा प्राप्त गरेका नेपाली जातिका पुर्ख्यौली गुणहरू प्रदर्शन गरिरहेका छन् । नेपाली जातिका गुण भन्नाले साझा नेपाली राष्ट्रिय भावनालाई बुझाउँछ । यसरी मुलुक बाहिर उपन्यासमा विभिन्न प्रजातिका पात्रहरूको प्रयोग गरिएको छ । मूलतः किराँत प्रजातिका राई, लिम्बू, सेर्वा जातिका पात्रहरूको प्रयोग गरिएको छ । भुजेल घरका प्रजातिहरूलाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासको नायक रनबहादुर राई जनजाति प्रजातिको, अशिक्षित, सिधासादा, आवेगी र हँसिलो स्वभाव भएको पात्र हो । म्याउचीलाई प्रेम गरेको, डेरामा जाउँ भन्दा नमानेकाले रिसाएर म्याउचीको हत्या गर्न पुगेको रने ईर्श्या, संशय क्रोध पश्चात्तापले उब्जाएको आन्तरिक द्वन्द्वले ग्रसित पात्र हो ।

त्यस्तै म्याउची निश्चल, सोझी, पवित्र र अशिक्षित प्रजाति हो । रनेसँग प्रेमगर्दा कतै पनि अन्तरजातीय विवाहको प्रसङ्ग नउठाएको आधारमा पनि यो जनजातीय प्रजातिकै पात्र रहेको बुझिन्छ । माहिला भुजेल परिश्रमी, उत्साही, अग्लो, सुगठित शरीर भएको अत्यन्त कर्तव्य परायण जनजातीय प्रजातिको पात्र हो । शङ्का, क्रोध र संशय जस्ता चारित्रिक दुर्गुणहरू यसमा पनि पाइन्छन् । ऊ वास्तविकतालाई राम्रोसँग बुझ्न नसक्ने विवेकको कमी भएको पात्र हो । मसिनी सोझी, सरल र पवित्र हृदय भएकी जनजातीय प्रजातिकै नारी पात्र हो । यस म्याउचीमा यस्तो मुखालेपन र अहम्  पाइँदैन । कान्छा राईसँग सल्किएको आरोप लगाएर लोग्नेले घर छाडे पनि उसले आफ्नो पवित्रतालाई गुमाउन दिएकी छैन । दलबहादुर मिलनसार सहयोगी, उदार र अस्थिर स्वभावको नेपाली मूलको प्रजाति हो । सेर्वा बूढा असत् र प्रतिकूल चरित्रको नेपाली जातीय मूलको पात्र हो । कान्छा राई सोझो, सरल, अशिक्षित राई किराँत प्रजाति हो । समग्रमा यी सबै प्रवासी नेपालीहरूलाई नेपाली जातीय विशेषता बोकेका प्रजातिका रूपमा नै चिनाइएको छ ।

### ३.३.८ रूपा

रूपा भुजेल प्रजातीय दृष्टिमा घर्ती थरको पात्र भए पनि मूलतः नेपाली जातिको पात्र हो । उपन्यासमा प्रस्तुत भए अनुसार रूपा माहिला भुजेली र मसिनीकी छोरी हो । उपन्यासमा गौण रूपमा देखिने पात्र रूपा हुन् । त्यसै समाजकी अनपढ मसिनीले आफ्नी छोरी रूपालाई स्कूल पठाएकी छ । निकै ठूली हुन्जेल रूपा स्कूल गएको प्रसङ्गले रूपाले ८, १० कक्षासम्म पढेकी अन्दाज गर्न सकिन्छ । कान्छा राईसँग मसिनीको अनैतिक सम्बन्ध छ भन्ने भ्रमात्मक सूचना सेर्वा बूढाबाट पाएपछि आफ्नी स्वास्नीका बानी व्यहोरा राम्ररी नबुझी रूपा जन्मेको केही समयमा नै छोडेर हिँडेकाले बाबुको माया नपाएकी गम्भीर स्वभाव र मिठो बोलीबचन भएकी केटी थिई । जसले माहिला भुजेलको अन्तर हृदयमा रहेको कालो पर्दा हटाइ दिने काम गरेकी छ । जसको सम्झनाले माहिला भुजेल दार्जिलिङ फर्केर आएको छ । जसको आशामा मसिनी बाँचेकी छ अनि जसले मसिनी र माहिला भुजेलको मिलन गराई दिने चेष्टा गरी । रूपा स्कूल जाँदा दल बहादुरका नानीहरूलाई आफ्नै भाइबहिनी जस्तै

हेर्दै साथै आफू पनि स्कूल जान्छे, ती नानीहरूलाई पनि आफूसितै स्कूल लान्छे । उपन्यासकारले रूपाको परिचय यसरी गराएका छन् :

> "रूपा खूब राम्री थिई- हँसिलो मुख, गोरो अनुहार, राता-राता गाला तथा ओठ थिए । त्यो काटीकुटी माहिला भुजेल जस्तै थिई । त्यसको बोलीबचन पनि अन्यन्त मीठो तथा मधुरो थियो । त्यसको प्रकृतिमा चञ्चलता भन्दा बढ्दा गाम्भीर्य थियो । त्यसले आफ्ना लामा-लामा केश बाटेकी थिइन-फुकै थियो । आफ्नो केश राशिलाई त्यसले पहेंलो रेशमी रिबनले पछाडी सपक्क कसेकी थिई । दुवै कानमा साना-साना पत्थरको इयरिङ लाएकी थिई । हाइल्यान्डर कुमसम्म झारेर त्यसका फेरोले आफ्ना दुवै पुष्ट छाती ढाकेकी थिई" (बाङ्देल, २०७२:१७९८) ।

मसिनीले रूपालाई चिया पसल खोलिदिएकी छ । माहिला भुजेल बर्माबाट भागेर आउँदा उसको चिया पसलमा बस्न दिएर असहाय अवस्थाका मान्छेलाई सेवा गर्ने, सद्भाव राख्ने सहयोगी र कमलो पन भएकी चरित्रको परिचय उसले दिएकी छ । छोरीको मुख एकपल्ट हेरेर मात्र मर्ने असीम इच्छा बोकेर आएको माहिला भुजेलको मृत्यु पनि उसकै चिया पसलमा हुन्छ ।

जाडोमा टिठलाग्दो देखिने पैसा नभएको बूढोलाई सित्तैमा भुटेका मासु, चिउरा र चिया दिने रूपा मानवीय गुण र स्वभावयुक्त देखिन्छे । ऊ दुःखी, असहाय र आपत्मा परेका व्यक्तिप्रति गहिरो दुःख प्रकट गर्दछे । त्यसकारण ऊ बूढो मान्छे अर्थात आफ्नो बाबुको दयनीय अवस्था देखेर "कठैबरा ! किन परतिरको गाउँमा जानु भएन ? उतातिर कसैले वास त दिँदो हो । विचरा बूढो मान्छे...त्यसमाथि पनि परदेशमा... नौलो हुनुहुन्छ..." (बाङ्देल २०७२:१६५) । भनेर सहानुभूति प्रकट गर्दछे । त्यस्तै गरेर ऊ अत्यन्तै सहयोगी पनि देखिन्छे । गिलासमा तातो-तातो चिया, रोटी र भुटेको मासु ती बूढोको सम्मुख थपक्क राखिदिन्छे । उसले "कति जना त यही चिया दोकानमा चिया खाजा खान आउँछन्, पैसा हुनेले त किनेर खान्छन् बरा ! पैसा नहुनेले त के खान्छन र ? तैपनि कसैकसैलाई म एक मुठी चियापानीसम्म त ख्वाएर पठाउँछु । भोक

र तिर्खा भनेको सबैको एकै हो बाजे...'' (बाङ्देल, २०७२:१६५) भनेबाट पनि उसको सहयोगी भावना रहेको पुष्टि हुन्छ । रूपा दलबहादुरलाई जेठा बाबु भन्थी । ऊ आफू पनि स्कूल जान्थी र दलबहादुरका नानीहरूलाई स्नेहसाथ स्कूल लान्थी, पढ्न सिकाउँथी । रूपा रूपाजस्ती थिई, सबैकी प्यारी थिई । उसले उसको घर धन्दा सबै गर्ने, आमाको सेवा गर्ने र दलबहादुर र उसकी स्वास्नीलाई आदरका साथ सुश्रुषा गर्ने गर्दथी । दलबहादुरले पनि रूपालाई आफ्नै छोरी जस्तै हेर्थ्यो साह्रै माया पनि गर्दथ्यो । त्यसकारण रूपाको सराहना गर्दै दलबहादुर भन्छन् : ''यो घरमा रूपा छैन भने त घरको बत्ती पनि बाल्ने होइन- यो घरमा लक्ष्मीले पनि बास गर्ने छैन'' (बाङ्देल, २०७२:१५५) । रूपाले मानवीय क्रियाकलापप्रति घृणा व्यक्त गरेकी छे । उसले समाजमा रहेका सेर्वा बूढाजस्ता व्यक्तिले घरपरिवार तहसनहस पारेको कार्य देख्दा असन्तुष्टि पोखेकी छे : ''संसार जोर्ने भन्दा फोर्ने धेरै हुँदा रहेछन्- बाजे, संसारमा अर्काले गरी खाएको कसैले हेरिसक्तो रहेनछ '' (बाङ्देल, २०७२:१८०) भन्दै रूपाले समाजमा भलो चिताउने भन्दा बिगार्ने र स्वार्थी मानिसको बिगविगी रहेको यथार्थ बूढासँग पोखेकी छे । अन्तमा चियापसलमा आएको वृद्ध आफ्नै बाबु हो भन्ने कुरा रूपाले थाहा पाएकी थिई । उसको बाबुले ''रूपा ! यो औंठीले- यो औंठी तैंले कहिले नहराएस् । यो औंठी अघि एक दिन पहाडमा अरूण खोलाको परिपटिट् जङ्गलमा गाई चराउँदा तेरी आमाले दिएकी थिई, मलाई माया गर्छौ भने यो औंठी कहिल्यै नहराऊ है ?'' (बाङ्देल, २०७२:१८९) भनेर औंठी दिएपछि रूपाले त्यसलाई सहर्ष स्वीकार गरेर लिएकी छे । आफ्नो बाबु आएको खबर सुनाउनलाई सबेरै चिया पसलबाट उठेर खबर सुनाउन आफ्नी आमालाई बोलाएर ल्याएकी थिई तर त्यति बेलासम्म माहिला भुजेलले प्राण त्यागी सकेको हुन्छ । आफ्नो बाबुसँग व्यावहारिक कुरा गर्न समेत नपाएकी रूपा सहानुभूतिशील पात्रको रूपमा देखिएकी छे ।

### ३.३.९ खालिङ बूढा

खालिङ बूढा उपन्यासमा थोरै भूमिका भएको बूढापाकाहरूको प्रतिनिधित्व गर्ने पात्र हो । खालिङ बूढा प्रजातीय दृष्टिमा मूलतः नेपाली जातिको पात्र हो । मुगलानतिर पसेका नेपालीहरूका बिचमा अन्यन्त प्रिय बनेका खालिङ बूढा ज्यादै राम्रो देखिन्छन् ।

उनी अनपढ भएपनि एक विवेकी देखिन्छ । त्यसैकारणले होला साथीभाइले रने साहिँलालाई ठट्टा गर्दा रने रिसाउँदा उसले रनेलाई "साहिँला, साथीहरूले ठट्टा गर्दा किन रिस गर्छस् ? केही नराम्रो कुरा त भनेन होलान् । तिमीहरूको त उमेर छ-खाने-लाउने बेला छ । ईः, हामी त खै...अब त बूढा भयौं, उमेर गयो, दिनदिनै डाँडापारिका घामजस्ता भयौं- तर यो उमेर भयो, म त आजसम्म कसैले ठट्टा गर्दा कहिले रिसाएको छैन" (बाङ्देल, २०७२:१३) भनी सम्झाएको छ । खालिङ बूढा सामाजिक संस्कारप्रति धेरै नै सजग देखिन्छ । ऊ समाजमा चल्दै आएका रीतिरिवाज र चालचलन विपरीत कसैले कार्य गरेको छ भने त्यसलाई रोक्ने प्रयास गर्दछ ।

जीवनको अन्त्यतिर आइपुगेको खालिङ बूढाले धेरै नै अनुभव बटुलिसकेको छ । उसले भविष्यमा हुने घटनाको बारेमा पनि अनुमान गर्दछ । रने र म्याउची साँझ उसको डेराबाट आफ्नो डेरामा फर्कदा रनेले म्याउची माथि नराम्रो गर्ला भनेर नै उसले "साहिँला, हेर तेरो रिस कडा छ ! बाटाघाटामा केही नगर ! आइमाई केटाकेटी भनेका सबै त्यस्तै हुन्छन्... केही नगर है, साँहिला !" (बाङ्देल, २०७२:२१) भन्दछ । यसरी खालिङ बूढा हिउँद लागेपछि मुगलान जाने र वर्षा लागेपछि पहाड फर्कने गर्दा गर्दै रोग लागेर एक वर्ष पहाड पुगेपछि उसको मृत्यु हुन्छ । रनेले पनि बूढाको मृत्यु भएको थाहा पाएपछि "बूढाको कस्तो मन ! कस्तो उदार हृदय" (बाङ्देल, २०७२:५१) । भनेर प्रस्तुत गरिएको छ ।

खालिङ बूढा पुरूष र गौण पात्र हो । उसले कसैलाई पनि नबिगार्ने र अर्ती उपदेश दिने व्यक्तिका रूपमा उसको चरित्र स्वच्छ रहेको छ । उपन्यासको कथानमा ठिटैठिटा केटाहरूको माझ रहेको खालिङ बूढा उमेरका साथै बानी व्यहोरामा पनि परिपक्व, गम्भीर, विवेकशील, मानवतायुक्त, सच्चरित्र, क्षमतावान्, भएका चरित्र हुन् । समकालीन समाजका यस्ता बूढाहरूको कुरा सबैले मान्ने र कुनै पनि समस्याप्रति उनीहरूले दिएको निर्णय मान्य हुने कुरा रने र म्याउचीको माया पिरतीलाई दाम्पत्य जीवनमा बाँधिदिएको खालिङ बूढाको कुरालाई सबैले मान्यता दिएको थाहा पाउन सकिन्छ । यिनी निम्नवर्गीय समाजका परिपक्व बूढाहरूका प्रतिनिधि पात्र हुन् ।

### ३.३.१० बूढी आमा

बूढीआमा हस्तमानकी श्रीमती र दलबहादुरकी आमा हुन् । बूढीआमा नेपाली मूलको प्रजाति हो । पूर्वी पहाडको दोलखा जिल्लाबाट दार्जिलिङको घूम पहाडमा बसाइँ सरेका थिए । बूढी आमा हिन्दू धर्म र संस्कृतिमा आस्था राख्ने सरल, सोझी, निश्चल र ममतामयी हृदय भएकी पात्र हुन् । बूढी आमाको एउटा मात्र सन्तान दलबहादुर थियो । दलबहादुरको साथी माहिला भुजेललाई पनि आफ्नै छोरा सम्झेकी छन् । रूपालाई असाध्यै माया गरेकी छन् त्यस्तै उदार, हृदय, ममतामयी आमाहरूको प्रतिनिधि पात्र हुन् बूढी आमा । यसरी मुलुक बाहिर उपन्यासका सम्पूर्ण पात्रहरूको समकालीन समाजको यथार्थलाई प्रकट गरेका हुन् । जीवनीको विस्तृत र लामो पाटाको समग्रतालाई तिनीहरूले प्रतिनिधित्व गरेका छन् । नेपाली जीवनको वास्तविक चित्रण गर्ने भएकाले यसमा काल्पनिक चरित्रको अभाव छ (ज्ञवाली, २०५४ क) । मानवीय सबलता र दुर्बलता दुवै गुणयुक्त पात्रहरूको प्रयोगले उपन्यासलाई पत्यारिलो बनाएको छ । बूढी आमाले आफ्नो साख्खै बुहारी नभए पनि उनले मसिनीलाई आफ्नै बुहारी तथा छोरी जस्तै व्यवहार गरेकी छिन् । त्यसकारण उनलाई एक कुशल र अनुकरणीय सासुको रूपमा हेर्न सकिन्छ । बूढी आमाले दलबहादुरलाई “अब त संसारमा कति दिन बाँच्छु ? दुई दिनको जिन्दगीमा घरमा बुहारी हेर्न पाए् मलाई कति सन्तोष लाग्ने थियो बाबै !” (बाङ्देल,२०७२:१३७) भनेबाट दलबहादुरको बिहे गरेर नाति नातिनाको मुख हेर्न तीब्र आकाङ्क्षा बूढी आमामा रहेको कुरा प्रष्टिन्छ । पति हस्तमानको मृत्यु पश्चात् छोरो दलबहादुरलाई बडो दुःख गरेर हुर्काउँछिन् । तिनको बारेमा उपन्यासकारले यसरी टिप्पणी गरेका छन् : “दलबहादुरकी आमा अशिक्षित र गरिब भए पनि आदर्श थिइन् । लोग्नेको मृत्यु पछि कहिल्यै कुनै परपुरूषको सम्झनासम्म मनमा राखिनन् । मरून्जेलसम्म पनि लोग्नेलाई नै देवता सम्झेर मनमनै उसको सेवा, पूजा र भक्ति गरिरहिन्” (बाङ्देल, २०७२:१५८) । बूढी आमाको मसिनीलाई आफ्नै  छोरी तुल्याएर धोको मेटिन् । मसिनी माहिला भुजेलले बेस्सरी पिट्दा उनले पानी ल्याएर मसिनीको मुख धोइदिइन् र निधारमा बगेको रगतको धारालाई पुछिदिइन् । बूढी आमाले माहिला भुजेल र मसिनी बिच कहिल्यै पनि त्यस्तै झगडा नभएको देखेर मसिनीलाई अचम्म मान्दै भनिन् “के अचम्म ! तिमी दुई लोग्ने-

स्वास्नी यो घरमा बसेको यति दिन भयो-खै, झगडा गरेको कहिले थाहा पाइएको थिएन । आज माहिलालाई के भयो र बौलायो-घर-जहान यसरी बिल्लबाठ पारेर आफूचाहिँ कता हिँड्यो'' (बाङ्देल, २०७२:११६) । यति कुरा भनेर बूढी आमाले लामो सुस्केरा हालिन् । बूढी आमा साऱ्है पाको भैसकेको, केश सेतै फुलिसकेको, साऱ्है दुब्ली तथा बृद्धा भैसकेको अवस्थामा पुगेसकेकी थिइन् । बूढी आमा र मसिनी नारी भएकै कारणले होला जीवनमा धेरै नै दुःख सहनु परेको थियो । त्यसैले बूढीआमा आफू मर्ने बेलामा रूपाले पनि दुःख नपाओस् भनेर रूपातिर देखाएर अति क्षीण स्वरमा भनिन् ''अब-म बाँच्दिन । बाँच्ने आशा पनि छैन... एउटा कुरा... यो केटीलाई... तिमीहरूले कहिल्यै दुःख नदिनू... बावै, यो कुरा नबिर्सनु...'' (बाङ्देल,२०७२:१४६) भनेर बूढीआमाको कण्ठ रोकियो । त्यसैले यस मुलुक बाहिर उपन्यासमा बूढीआमालाई जीवन चेतनाका आधारमा वर्गीय पात्र मान्न सकिन्छ । अतः मुलुक बाहिर उपन्यासमा उनी नेपाली मूलकी प्रजाति हुन् ।

## ३.४ निष्कर्ष

तेनले साहित्यलाई समाजका प्रजातिको पद चिन्हको आधारका रूपमा लिएका छन् । उनले प्रजाति अन्तर्गत जातजातिका प्रतिभा, शारीरिक बनावट वंशाणुगत गुण, चारित्रिक विशेषता र मनोविज्ञान जस्ता पक्षहरूलाई समावेश गरेका छन् । उनका मतमा प्रजातिको निर्माणमा वंशाणुक्रम र वातावरण दुवैको भूमिका रहे पनि वंशाणुक्रमको मुख्य निर्धारक भूमिका रहन्छ । उनका मतमा हरेक प्रजातिमा एउटा विशेष प्रतिभा रहन्छ र प्रतिभा एउटा शक्ति हो । परिस्थिति र बाह्य तत्त्वले प्रतिभाको विकासमा सहयोग पुऱ्याउँछ । तापनि जन्मजात प्रतिभा नै सिर्जनाको मूल कारण हो । एउटै प्रजाति विभिन्न भूगोगमा फैलिए पनि तिनमा समान विशेषता पाइने उनको धारणा रहेको छ ।

लैनसिंह बाङ्देलका मुलुक बाहिर,लङ्गडोको साथी,माइतघर र रेम्ब्रान्ट गरी चारवटा उपन्यासहरूमा प्रकाशित चरित्रहरू पाइन्छन् । 'मुलुक बाहिर' को रनबहादुर म्याउची, मसिनी विविध समाज, संस्कृति,मानसिकता,स्वभाव र चरित्रिक विशेषता

बोकेका पात्रहरूको प्रयोग भएकाले उनका उपन्यासहरूले समाजशास्त्रीय दृष्टिमा एउटा नवीन आयाम दिन सफल भएका छन् । उनका अधिकांश उपन्यासका पात्रहरू नेपाली जातीय पृष्ठभूमिका छन् भने उनको अन्तिम प्रकाशित जीवनीमूलक उपन्यास रेम्ब्रान्टमा मात्र युरोपेली परिवेशका पात्रहरू सामेल भएको छ ।

लैनसिंह बाङ्देलका उपन्यासमा राई-किराँत, आर्य तथा मङगोलियन प्रजातिका पात्रहरूको उपस्थिति रहेको छ । छेत्री, राई, भुजेल, तामाङ, बाहुन आदि घरका प्रजातिहरूको उपस्थितिले उनका उपन्यासमा जातीय विविधताको स्थिति सिर्जना भएको पाइन्छ । प्रायः उपन्यासमा प्रवासी नेपाली जातीय भावना बोकेका निम्नवर्गीय पृष्ठभूमिका प्रजातिहरूको प्रयोग गरिएको छ । बाङ्देलका उपन्यास मुलुक बाहिरमा चित्रित नेपाली जातीय मूलका पात्रहरूले भारतको विभिन्न भूगोलमा रहेर पनि आफ्ना पूर्ववर्ती नेपाली प्रजातीय संस्कार र मूल्यमान्यताहरूलाई छाडेका छैनन् । साझा सामूहिक पहिचान यिनीहरूको मूल चिनारी बनेको छ । यिनीहरू सहयोगी छन् इमानदारी, सरलता र साहस यिनीहरूका चिनारी बनेको छ । बाङ्देलका उपन्यास मुलुक बाहिरमा हिन्दू संस्कार बोकेका प्रजातीय चरित्रहरूको बलियो उपस्थिति रहेको छ । त्यस्तै उनका उपन्यासका प्रजातिहरू अशिक्षित, आर्थिक रूपले विपन्न, अर्द्धरोजगार र ढोगी खालका छन् । यस उपन्यासमा प्रवासमा पनि नेपालमा झैं परिश्रम गर्नु परे पनि अलि स्वतन्त्र जीवनयापन गर्न पाइने कुरा रने र म्याउचीको प्रेम प्रसङ्गदेखि विवाहसम्म र त्यहाँ नेपालीहरूले स्वतन्त्रतापूर्वक गरी खाएको हिँडेडुलेकोबाट थाहा पाउन सकिन्छ । यसरी मुलुक बाहिर उपन्यास समकालीन जीवनको वास्तविक चित्रण गर्ने उपन्यासकारको सामाजिक यथार्थवादी उद्देश्य प्राप्त गर्न सफल भएको छ । अतः यस उपन्यासमा प्रवासी नेपाली जातीय भावना बोकेका निम्नवर्गीय प्रजातिहरूको प्रयोग गरिएका छन् ।

## चौंथो परिच्छेद

## बाङ्देलको 'मुलुक बाहिर' उपन्यासको परिवेश अध्ययन

### ४.१ विषय परिचय

उपन्यास निर्माण वा संरचना प्रक्रियामा विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । यी तत्त्वहरूको विन्यासले उपन्यासको मूर्तरूप तयार हुन्छ । उपन्यासका तत्त्वहरू बारेमा विद्वानहरू बीच मतैक्य नभए पनि अनिवार्य रूपमा तत्त्वहरूलाई सबैले स्वीकार गरेका छन् । ती तत्त्वहरू कथानक, चरित्र, दृष्टिबिन्दु, परिवेश, संवाद, अथवा कथोपकथन, भाषाशैली र उद्देश्य हुन् । यिनी तत्त्वहरूको माध्यमबाट उपन्यासले रूप धारण गरी जीवनको कुनै पूर्ण चित्र उपस्थित गर्दछ । यसमा कथानक र पात्रहरू अनिवार्य हुन्छन् भने भाषा र संवाद अभिव्यक्तिका माध्यमका रूपमा आएका हुन्छन् । पात्रहरूको अन्तर्क्रिया र घटनाका लागि परिवेश आवश्यकता पर्छ । उपन्यास निर्माण वा संरचना प्रक्रियामा चाहिने तत्त्वहरू मध्ये परिवेश एक महत्त्वपूर्ण तत्व हो । यसको प्रयोग घटना र पात्रको आधारका रूपमा गरिने हुँदा आख्यानमा यसको महत्व छ । 'वेश' शब्दमा परि उपसर्ग लागि परिवेश शब्द बन्दछ । वेश शब्दले मानिसको पोशाक लुगा पहिरन वा भेष भन्ने अर्थ बुझिन्छ (अधिकारी, २०६३:५९४) । यस परिवेशलाई देशभक्त वा वातावरण भनेर पनि  बुझिन्छ । देशको अर्थ स्थल ठाउँ, स्थान वा थलो हो र काल शब्दको अर्थ समय, युग वा बेला हो भने वातावरण भनेको परिस्थिति हो ।

परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो । कुनै पनि काम हुनको लागि उपयुक्त मानिएको स्थल नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४:२५) । वर्णित वस्तु वा चरित्र, पात्र देशकालको वातावरणमा आबद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ विश्वसनीयता दिन्छ । यसरी हेर्दा परिवेश भनेको देशकाल र वातावरण हो, देशकालले त उपन्यासमा हुने कार्य व्यापार, समय र स्थानलाई बुझाउँछ । उपन्यासमा घट्ने घटनाहरूमा संलग्न चरित्र वा पात्रहरूले दर्शाउने विभिन्न मानसिक

अवस्थाहरूको समग्र चित्रलाई वातावरण, परिस्थिति भनिन्छ । त्यसैले परिवेशअन्तर्गत भौतिक देश र कालमात्र होइन सामाजिक वातावरण र सांस्कृतिक वातावरण साथै त्यसमा रहने जीवनका आन्तरिक अवस्था जस्तै जीवनको कथा रहनसहन, रीतिरिवाज, सांस्कृतिक पक्ष, धार्मिक पक्ष पनि हुन्छन् । परिवेश पात्र वा चरित्रका कार्यव्यापार सञ्चालन हुने आधारभूमि हो ।

यसरी हेर्दा परिवेश भनेको देशकाल र वातावरण हो । देशकालले उपन्यासमा हुने कार्य व्यापार, समय र स्थानलाई बुझाउँछ । उपन्यासमा घट्ने घटनाहरूका आधारका रूपमा रहने स्थानलाई देश र समयलाई काल भनिन्छ भने त्यस्ता घटनाहरू संलग्न चरित्र वा पात्रहरूले दर्शाउने विभिन्न मानसिक अवस्थाहरूको समग्र चित्रलाई वातावरण, परिस्थिति भनिन्छ । उपन्यासलाई प्रभावशाली बनाउन परिवेशको भूमिका रहन्छ । त्यसैले परिवेश उपन्यासको अपरिहार्य अङ्ग हो । यस परिवेश अन्तर्गत देशकाल र वातावरण पर्दछन् ।

### ४.१.१ **स्थान** (**देश**) **र समय** (**काल**)

सामान्यतया उपन्यासमा घट्ने स्थान र समयलाई देशकाल भनिन्छ । यो कहाँ र कहिले भन्ने प्रश्नको उत्तरको रूपमा आउँछ । व्यापक अर्थमा यसले चरित्रलाई गतिवान् बनाउने नैतिक, वौद्धिक तथा सामाजिक सन्दर्भलाई पनि बुझाउँछ । कथा वस्तुको आधार कुनै देशको घटना हुन्छ र यो घटना त्रिकाल बाधित हुन्छ । देशको अर्थ पृथ्वीको स्थानको कुनै भू-भाग हो । जहाँ उपन्यासको घटनाको काल्पनिक रङ्गस्थल हुन्छ । समयको परिवर्तनसँगै त्यस स्थानको विविध कुराहरूमा पनि परिवर्तन हुन्छ । उपन्यासमा कुनै समयको कथा प्रस्तुत गरिएको हुन्छ । त्यो कुनै स्थानसँग सम्बन्धित हुन्छ । तर देशकालअन्तर्गत केवलस्थान र समयमात्र नभई रीतिरिवाज, रहनसहन, भेषभूषा, शिष्टचार, आचार व्यवहार, विचार चिन्तन, भाषाशैली तथा प्राकृतिक पृष्ठभूमि आदि सबै कुराहरू आउँछन् यिनले कथामा स्वाभाविक वातावरण प्रदान गर्दछन् ।

उपन्यासमा जुन स्थान र समयको कथा प्रस्तुत गर्ने हो त्यसको अध्ययन गर्नु जरूरी हुन्छ किनभने त्यसको अभावमा चरित्रको क्रियाकलाप प्रस्तुत गर्न तथा उनीहरूले बोल्ने भाषिक शैली अभिव्यक्त गर्न गाह्रो पर्दछ । देशकालले भावुकमा एउटा भावमण्डला पनि सिर्जना गर्ने हुनाले प्रयोगमा सचेतना हुनु अपरिहार्य ठहर्छ (बराल र एटम, २०६४:२८०) । यसको आधारमा देशकाललाई दुई भागमा विभाजन गर्न सकिन्छ । आधुनिक समयका दृश्य र पात्र भएको देशकाल र ऐतिहासिक समयका दृश्य र पात्र भएको देशकाल हुन् । आधुनिक समयका दृश्य र पात्र भएको देशकालको चित्रण गर्दा कुनै देशकाल लेखकलाई व्यक्तिगत अनुभव भएका हुन्छन् भने कुनै व्यक्तिगत अनुभव नभएको र आफूले भनेको र सुनेको र पढेको आधारमा पनि प्रस्तुत गरिएको हुन्छ । सुनेको र पढेको आधारमा गरिएको देशकाल चित्रण भन्दा व्यक्तिगत अनुभव देशकालको चित्रण प्रभावकारी र विश्वसनीय हुन्छ । देशकालको चित्रण गर्दा कुनै पनि दृश्यको प्रस्तुतीकरणमा सजीव चित्रण हुनुपर्छ कुनै व्यक्तिको बयान गर्दा त्यसको बाह्य र आन्तरिक दुवै पक्षको वर्णन गर्नु पर्दछ ।

### ४.१.२ वातावरण

परिवेशभित्र पर्ने अर्को महत्त्वपूर्ण तत्त्व वातावरण हो । उपन्यासमा हुने कार्य व्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःख, सुख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो (बराल र एटम, २०५८:३७) । उपन्यासमा मानव समाजको एउटा खण्ड विशेषको एउटा सम्पूर्ण चित्र हुन्छ । त्यस सम्पूर्ण चित्रमा मानिसको सुख, दुःख, इच्छा, आकाङ्क्षा, अर्न्तवर्ग आदि प्रतिविम्बित हुन्छ । उपन्यासमा त्यही प्रतिविम्बको एउटा सम्पूर्ण विम्ब हुन्छ । त्यो बिम्ब चाहिँ मानिस र परम्पराले भोगेको समाज हो । वातावरण देशकाल भन्दा सूक्ष्म हुने हुँदा यसको सोझो सम्बन्ध पात्रहरूको भावनाको क्रियाकलापसँग रहन्छ । मानसिक अवस्थासँग सम्वद्ध हुने हुँदा वातावरणलाई भाव पनि भनिन्छ (बराल र एटम्, २०६४:३६) वातावरणको निर्माणमा प्रकृतिको आफ्नो भूमिका हुन्छ । प्रकृतिले पनि मानिसको अन्तर भावनामा ठूलो प्रभाव पारेको हुन्छ । मानिसको सुख, दुःख आशा निराशा आदिको प्रतिविम्बको रूपमा पनि

प्रकृतिको चित्रण र विश्लेषण भएको हुन्छ । स्थान विशेषले मानिसको बोलीचाली रहनसहन र संस्कार संस्कृतिमा प्रभाव पारेको हुन्छ । सोहीअनुसार मान्छेले भोग्नु परेको परिस्थिति र जीवन पद्धतिको यर्थाथ बिम्ब वातावरणले प्रदान गर्छ । त्यस्तै प्रकारले मान्छेको सोचाइ, चाहना र आवश्यकताहरू युगअनुसार बदलिँदै जान्छन् । त्यसले मान्छेको जीवन शैलीलाई प्रभावित गरेको हुन्छ । त्यतिमात्र नभएर कुनै एउटा स्थान विशेषमा एउटा कालखण्डमा कुन मान्छे कस्तो परिस्थिति र परिवेशमा गुज्रिरहेको छ भन्ने कुरा देश, काल र वातावरणको सफल प्रस्तुतिले प्रस्तुत गर्ने हुनाले उपन्यासमा वातावरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (घर्ती, २०५३:५२) । वातावरणको प्रयोग ऐतिहासिक उपन्यासहरूमा महत्त्वपूर्ण हुन्छ । ऐतिहासिक उपन्यासमा कुनै विशिष्ट स्थान र समयको चित्रण गर्नु पर्ने हुन्छ । सोही अनुसारको बोलीचाली, रीतिरिवाज, सामाजिक बनोट, आचरण, विचार र रहनसहनको चित्रण गर्नु पर्ने हुन्छ । वातावरणको आन्तरिक पक्ष र वाह्य पक्ष हुन्छन् । सामाजिक र प्राकृतिक पक्ष वातावरणको बाह्य पक्ष हो यही बाह्य पक्षलाई वातावरणको भौतिक पक्षको रूपमा लिइन्छ । वातावरणको आन्तरिक पक्ष चाहिँ उपन्यासमा प्रस्तुत गरिएको मानसिकता हो । यसमा व्यक्ति र प्रकृतिको बाह्य सौन्दर्य हुन्छ । आन्तरिक पक्ष उपन्यासको आत्मिक सौन्दर्य हो । यसैले आन्तरिक पक्षमा पात्रको मानसिकताको सुन्दरता र हार्दिकता अभिव्यक्त हुन्छ । तसर्थ मान्छेले भोग्नु पर्ने परेको परिस्थिति र जीवन पद्धतिको यथार्थ बिम्ब वातावरणले प्रदान गर्छ । उपन्यासमा पात्रहरूको मनोभावनालाई प्रकट गर्नको लागि प्रस्तुत गरिएको विभिन्न अवस्थाहरूलाई वातावरण भनिन्छ । मुलुक बाहिर उपन्यासमा पनि पात्रहरूको मनोभावलाई व्यक्त गर्न विभिन्न प्रकारको वातावरणको प्रतिपादन गरिएको छ ।

### ४.१.२.१ राजनीतिक वातावरण

मुलुक बाहिर उपन्यास वि.सं. २००४ सालमा लेखिएको हो । २००४ साल पूर्वको राणा शासनकालीन अवस्था र यसले प्रकट गरेको राजनीतिक वातावरणलाई यस उपन्यासले चित्रण गरेको छ । तत्कालीन समयको नेपालको राणाशासन सहन नसकी दार्जिलिङ (मुगलान) पुग्नु पर्ने बाध्यता र विशेष गरी पहिलो र दोस्रो

विश्वयुद्धको दुःख भोगेको नेपाली जीवन नै यस उपन्यासको केन्द्रबिन्दु हो । आर्थिक अवस्थाले पिल्सिएको नेपालीहरूको मानसिकता, आर्थिक स्तर अनि मनोवृत्तिसमेतलाई यस उपन्यासले समेटेको छ । वि.सं. २००७ सालतिर नेपालका राणाशासन विरूद्ध हुने क्रान्तिको पूर्व तयारीको चहलपहलले गर्दा राजनीतिक आस्थिरता र ऐतिहासिक परिवर्तनको अभियान थियो । वर्षभरि हातमुख जोर्ने पनि समस्या परेर मानिसहरू धमाधम मुग्लानतिर हिउँदमा जाँदै पैसा कमाउँदै वर्षायाममा फेरि पहाड नै फर्कन प्रवृत्ति देखिन्थ्यो । यसरी कृषिमा आधारित जीवनले नयाँ-नयाँ कामको खोजी गरी जीवनयापनको निम्ति परिवर्तन चाहेको वातावरण यसमा प्रस्तुत भएको छ ।

मुलुक बाहिर उपन्यासको समयावधिले सन् १९१४ को प्रथम विश्वयुद्ध र सन् १९३९ को द्वितीय विश्वयुद्धको भयावह परिस्थिलाई पनि समावेश गरेको छ । तत्कालीन नेपाली र भारतेली समाजको सङ्क्रमणकालको राजनीतिक वातावरणको चित्रण र विश्वयुद्धका घटनाहरू पनि यस उपन्यासमा प्रस्तुत भएका छन् । पूर्वी पहाडी क्षेत्र अरूण खोलाबाट सुरू भएको उपन्यासमा दार्जिलिङको घूम पहाड, आसाम, सिलीगुडी, नक्सालबारी, कलकत्ता, बर्मा, बगदाद, अफ्गनिस्तान र फ्रान्सजस्ता अन्तर्राष्ट्रिय स्तरसम्म विस्तारित भएको छ । अन्तर्राष्ट्रिय परिवेशको चित्रण भए पनि दार्जिलिङको घूम पहाड नै यस मुलुक बाहिर उपन्यासको केन्द्र बिन्दु हो । यसरी वि.सं. २००७ साल पूर्वको नेपालको जहानिया राणाशासन उब्जाएको दयनीय आर्थिक परिस्थितिको चित्रण यस उपन्यासमा प्रस्तुत भएको पाइन्छ ।

### ४.१.२.२ आर्थिक वातावरण

मुलुक बाहिर उपन्यास २००४ सालमा प्रकाशित भएको उपन्यास हो । तत्कालीन समयमा नेपालमा जहानियाँ राणाशासनको जगजगी थियो । नेपाली जनताहरू आर्थिक शोषणमा डुबेका थिए । वर्षभरि दश नङ्ग्रा घोट्दा पनि एक पेट खान र एकसरो आङ ढाक्न नसक्ने स्थितिले मुलुक बाहिरिनु पर्ने स्थिति थियो । घूम, राडी, कुम्लो बोकेर च्याथ्रा भइसकेको भोटो र दौरा सुरूवाल भिरेर मुगलान वर्षेनि ओइरिनु पर्ने यिनै आर्थिक पक्षलाई उपन्यासमा देखाइएको छ । उपन्यासकारले फेरि

हिउँद आयो । पहाड खण्डबाट मुगलान पस्ने मानिसहरू फेरि आउन थाले । यसरी मुगलान पस्नेहरू आफ्नो जन्मथलोको आर्थिक सङ्कट सम्झेर दुःख सम्झेर आफ्नो सम्पूर्ण जीवन मुगलानतिर नै बिताउनु पुग्दछन् । यस सन्दर्भमा उपन्यासमा भनिएको छ :

> अब पहाड फर्केर के गर्ने ? उनी पहाडको एक कुनामा पसेर फेरि लुम्रे-लुम्रे भएर बस्नु पर्छ, गरिबी जीवन बिताउनु पर्छ - खेतीपाती छ भन्नु लाभ मात्रै आफैले हाड खियाएर नजोतेसम्म वर्षभरि खान पुग्दैन ।... यस्तो अनिकाले जग्गामा फर्केर के गर्ने ? कसो गर्ने ? (बाङदेल, २०७२:८६) ।

यसरी मुलुक बाहिर उपन्यासमा उपन्यासकारले आर्थिक दुरवस्थाले क्षत्विक्षत् भएका नेपालीहरूको यथार्थ चित्रण गरेका छन् । आफ्नो मुलुकबाट जीवन नै धान्न नसकेर उपाय पहिल्याउँदै नुनतेल, लुगाफाटा र मरमसला जुटाउन दार्जिलिङ पुग्ने बाध्यता र पुगेपछि जसोतसो मुगलानमै जीवनयापन गर्ने नेपाली मुगलान बासीहरूको इच्छालाई यस मुलुक बाहिर उपन्यासमा समेटिएको छ । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ :

> उनीहरू फेरि मुलुक फर्कने मनै गर्दैनन् । जुन मुलुक गरिब छ, जहाँ आफूलाई सुख छैन, स्वतन्त्रता छैन, जहाँ केवल गरिब श्रमजीवीहरूको आत्माको क्रन्दन सुनिन्छ, जहाँ सभ्यताको तथा मनुष्यको राँको छैन, जहाँ दरिद्र आत्माको नग्न चित्र छ त्यो मुलुकमा फेरि को फर्कने मन गर्छ ? (बाङ्देल, २०७२:१५७) । यस प्रकार उपन्यासकारले मुलुक बाहिर उपन्यासमा तत्कालीन नेपालमा निरङ्कुश राजनीतिक व्यवस्थाले स्वतन्त्रताको सास फेर्न नपाएका नेपालीहरू आर्थिक सङ्कटको चपेटामा परी भार सहन नसकी मुलुक बाहिरिनु पर्ने बाध्यताको चित्रण गर्दै आर्थिक दुरवस्थाको चित्रण गरेका छन् ।

#### ४.१.२.३ सामाजिक वातावरण

मुलुक बाहिर उपन्यासमा उपन्यासकार लैनसिंह बाङ्देलले तत्कालीन नेपाली समाज र भारतेली ग्रामीण समाजको परिवेशलाई चित्रण गरेका छन् । सामाजिक

दृष्टिकोणको केन्द्रीयतामा उपन्यासलाई हेर्दा समाजको आर्थिक चित्रण गरिएको पाइन्छ । तत्कालीन नेपाली समाजको आर्थिक स्थिति साऱ्है दयनीय थियो । पहाडी क्षेत्रमा अधिकांश जनताहरू कृषिमा नै आश्रित हुनुपर्थ्यो । वैज्ञानिक किसिमको मल, बीउ र आधुनिक तरिकाले खेती गर्ने कुनै प्रविधिको प्रयोग नभएको हुनाले परिश्रम जति गरे पनि फल प्राप्त हुँदैनथ्यो र मानिसहरूलाई आफ्नो दैनिक आवश्यकताहरू पूरा गर्न पनि मुस्किल हुन्थ्यो । जसको फलस्वरूप मानिसहरू प्रत्येक हिउँदमा मुगलान पसी कामको खोजी गर्न थाले । पहाडी भू-भागमा उब्जनी राम्रो नहुने भएकाले पूर्वी नेपाल नजिकको मुगलान दार्जिलिङतिर नेपालीहरू पस्न थाले । दार्जिलिङको भूमिमा चियाखेती गर्न नेपाली श्रमिकहरू अघिबढे । यी कुरा थाहा पाएर नेपालको पूर्वी पहाडी क्षेत्रबाट नेपालहिरू हिउँदमा मुगलान पस्ने र केही काम गर्ने र वर्षा लागेपछि हिउँदमा कमाएको दुई-चार पैसा लिएर गाउँघर फर्कन थाले । यसरी जीवन धान्न सम्भव नभएको हुनाले मुगलान जाने प्रवृत्ति बढेको देखिन्छ । यस उपन्यासमा त्यस बेलाको नेपाली समाजको शैक्षिक स्थिति पनि कस्तो थियो भन्ने कुरा पात्रहरूको सोचाइ र व्यवहारबाट थाहा हुन्छ । वि.सं. २००७ साल अगाडि समाजमा नारी शिक्षा शून्य थियो भन्ने कुरा उपन्यासका नारी पात्रहरू म्याउची र मसिनीबाट प्रस्ट हुन्छ । पुरूषहरूमा पनि ग्रामीण क्षेत्रमा शिक्षाको प्रचार र स्कूलहरू नगण्य मात्रामा भएका हुनाले निम्नवर्गीय पुरूषहरूमा सभ्यताको संस्कार परेको देखिँदैन । सामाजिक परिवेशको दृष्टिकोणले तत्कालीन नेपाली समाजको निम्नवर्गीय परिवारहरूको चित्रण उपन्यासले प्रस्तुत गरेको छ । शिक्षाको कमीमा हुर्केका कारण पहाडी गाउँले वातावरणमा जन्मी हुर्केका राई, लिम्बू जातिका सीधा, सोझा सरल सोचाई भएका, सन्तुलित मानसिक संस्कार नपाएका पात्रहरू रने, माहिला भुजेल, कान्छा राई, म्याउची, मसिनी आदि पात्रहरूको स्वभाविक चित्रण प्रस्तुत गरिएको छ । मुलुक बाहिरका परिवारहरूको दाम्पत्य जीवनमा घट्ने सामान्य, असामान्य घटनाहरूमा आधारित भएर यो उपन्यास अघि बढेको छ । सु-संस्कृत नभएका निम्नवर्गीय परिवारमा घट्ने सामान्य घटनादेखि लिएर जीवन-मरणसम्मका घटनाहरू यस उपन्यासमा प्रस्तुत छन् । यही सामाजिक विषयवस्तुलाई उपन्यासले जीवन्त रूपमा प्रकट गरेको छ । यी बाहेक हिन्दू धर्म, संस्कार, अन्धविश्वासी नेपाली समाज पनि उपन्यासमा प्रकट भएको छ । नराम्रो

सपना देख्नु, लाटोकोसेरो कराउनुलाई नेपाली समाजमा अपशकुन भनिन्छ, त्यही धारणालाई उपन्यासकार बाङ्देलले सफलताका साथ प्रस्तुत गरेका छन् । यसरी नेपाली समाजका विभिन्न पक्षहरू यस उपन्यासमा प्रस्तुत भएका छन् ।

लैनसिंह बाङ्देलका उपन्यासहरूको परिवेशगत अध्ययन विश्लेषण गर्नु भन्दा अगाडि यसका लागि आवश्यक सैद्धान्तिक आधारका सम्बन्धमा चर्चा गर्नु उपयुक्त देखिन्छ । त्यसैले यहाँ तेनका समाजशास्त्रका तीन आयाममध्ये दोस्रो आयाम 'परिवेश' सम्बन्धी सैद्धान्तिक मान्यतालाई उल्लेख गरिएको छ ।

## ४.२ परिवेश सम्बन्धी सैद्धान्तिक मान्यता

परिवेश पनि समाजशास्त्रीय दृष्टिकोणमा तेनले अघि सारेको कृति विश्लेषणको अर्को प्रमुख आधार हो । कुनै पनि कृतिमा परिवेश सशक्त रूपमा नै प्रस्तुत भएको हुन्छ । परिवेशसँग सम्बन्धित अनेक सूचनाहरू कृतिभित्र आएका हुन्छन् । यस्ता सूचना स्थानीय परिवेशसँग सम्बद्ध भएर नै आएका हुन्छन् । परिवेश अन्तर्गत मूलभूत रूपमा प्राकृतिक र सामाजिक परिवेशहरू आएका हुन्छन् । तेनले पनि यही प्राकृतिक र सामाजिक परिवेशका आधारमा कृतिको विश्लेषण समाजशास्त्रीय दृष्टिकोण अन्तर्गत गरिनु पर्छ भन्ने सैद्धान्तिक आधार प्रस्तुत गरेका छन् ।
मानिस समाजमै जन्मन्छ, हुर्कन्छ, बढछ र यही समाजको सामाजिक संरचनालाई आत्मसात् गर्दछ । त्यसैले लेखक समाजको उपज भएको ऊ समाजमा निरपेक्ष बन्नै सक्दैन ।

त्यसैले साहित्यिक अभिव्यक्तिका क्रममा समाज ज्वलन्त रूपमा उसले प्रकट गरेर छोड्छ । लेखक वा साहित्यकार बाँचेको समयका चाल, चलन, रहनसहन, रीतिरिवाज, संस्कार भेषभूषा, सोचाई, आचरण बसोवास खानपिन, भौगोलिकता जस्ता परिवेशहरू उसका कृतिमा कुनै न कुनै रूपमा आएकै हुन्छन् । समाजका वर्ग सम्प्रदायका स्थानीय बोली, व्यवहार, रीति पद्धति र जीवनशैली पनि परिवेशकै रूपमा उसका कृतिमा आएका हुन्छन् । मैनेजर पाण्डेका अनुसार मानसिका स्वभाव र

प्राकृतिक परिवेश र साहित्यिक विशेषताका बीच कार्य-कारणको सम्बन्ध पनि रहन्छ (२००६:१२४) ।

उपन्यास निर्माण गर्न वा संरचना प्रक्रियामा चाहिने तत्त्वहरू मध्ये परिवेश एक महत्त्वपूर्ण तत्त्व हो । यसको प्रयोग घटना र पात्रको आधारका रूपमा गरिने हुँदा आख्यानमा यसको महत्त्व रहन्छ । 'वेश शब्दमा पनि उपसर्गका लागि परिवेश शब्द बन्दछ । वेश शब्दले मानिसको पोशाक पहिरन वा भेष भन्ने अर्थ बुझिन्छ (अधिकारी, २०६३:५९४) । त्यस परिवेशलाई देशकाल वा वातावरण भनेर पनि बुझिन्छ । देशको अर्थ, स्थल, ठाउँ, स्थान, थलो हो र काल शब्दको अर्थ समय, युग वा बेला हो भन्ने बुझिन्छ त्यस्ता वातावरण भनेको परिस्थिति हो । परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो (बराल, २०६३:२५) । कुनै पनि काम हुनको लागि उपयुक्त मानिएको स्थल वा कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४:२५) । वर्णित वस्तु वा चरित्र देशकालको वातावरणमा आवद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ विश्वसनीयता दिन्छ (प्रधान, २०६१:१०) । यसरी हेर्दा परिवेश भनेको देशकाल र वातावरण हो । देशकालले उपन्यासमा हुने कार्यव्यापार समय र स्थानलाई बुझाउँछ । उपन्यासमा घट्ने घटनाहरूका आधारका रूपमा रहने स्थानलाई देश र समयलाई काल भनिन्छ भने त्यस्ता घटनाहरूमा संलग्न चरित्र वा पात्रहरूले दर्शाउने विभिन्न मानसिक अवस्थाहरूको समग्र चित्रलाई वातावरण, परिस्थिति वा भावपरिमण्डल भनिन्छ । त्यसैले परिवेशअन्तर्गत भौतिक देश र काल मात्र होइन सामाजिक परिवेश र त्यसमा रहने जीवनका आन्तरिक अवस्था जस्तै जीवनका कथा रहनसहन, रीतिरिवाज, सांस्कृतिक पक्ष, धार्मिक पक्ष पनि हुन्छन् । परिवेश पात्र वा चरित्रका कार्यव्यापार सञ्चालन हुने आधारभूमि हो । यो बाह्य स्थल वा भूगोल पनि हो र आन्तरिक स्थल वा मानसिक जगत् पनि हो । परिवेश कथानकसँगै जन्मिन्छ र कथानकसँगै त्यसको आन्द्रा जोडिएको हुन्छ (बराल, २०६३:५४) । परिवेशले औपन्यासिक घटनाहरू घटेका स्थान, समय, त्यस समयका रीतिरिवाज, प्रथा, परम्परा, भेषभूषा, बोलीचाली, प्राकृतिक, भौगोलिक, राजनीतिक, धार्मिक, सांस्कृति, आर्थिक अवस्था आदिलाई लिन्छ ।

यो सामाजिक वातावरण हो । मुलुक बाहिर उपन्यास वि.सं. २००४ सालमा लेखिएको यस उपन्यासमा बाध्यतावस उनीहरू आफ्नो भूमि छोडेर मुगलान पस्नु परेको छ । त्यतिबेला राणाहरूको एकतन्त्री जहाँनिया शासन नेपालमा कायम थियो । देशको आर्थिक ढुकुटी राणाकै मोजमस्ती र भोग विलासको लागि  थियो । जनतालाई दिनभरि पसिना बगाउँदा पनि भरपेट खान र एकसरो लुगा लगाउन धौ-धौ पर्थ्यो । यिनीहरूकै जिन्दगानीको विविध पाटाको चित्रण गरेको छ यस मुलुक बाहिर उपन्यासले । यसमा मोटामोटी रूपमा सन् १९१४ देखि सन् १९३९ कै बीचको समयावधिलाई लिएको देखिन्छ । यो प्रथम र द्वितीय विश्वयुद्धको समयावधि हो । मुलुक बाहिर उपन्यासको वातावरण कारूणिक र दुःखान्त रहेको छ । यस्ता बाह्य वातावरणका अतिरिक्त आन्तरिक वातावरण पनि त्रासद् करूण र निराशपूर्ण रहेको छ । नेपालमा आर्थिक सङ्कट भएको कारणले प्रवासिएका नेपालीहरूले सङ्घर्ष गर्दागर्दै पनि सफलता हात पार्न सकेका छैनन् । जीवनको दुःखान्त्य भएको छ । रिस, शङ्का, इर्ष्या, विवेकहीनता आवेगशीलताका कारणले आफ्नै जिन्दगीलाई ध्वस्त बनाएका छन् पात्रहरूले । म्याउचीलाई टिस्टाको पानीमा फालेर मारेपछि रनेले जीवनभरि नै सन्तोषको सास फेर्न पाउँदैन । माहिला भुजेलले मसिनीलाई पिटेर हिँडेपछि उसको परिवार र जीवन क्षत विक्षत भएको छ । मसिनीको जीवनमा उजाडता छाएको छ । यसरी मुलुक बाहिर उपन्यासमा आन्तरिक वातावरण करूण, त्रासद् र निराश भएर आएको छ । यसरी मुलुक बाहिर उपन्यासमा निम्नवर्गीय नेपाली जीवनको दुःखै दुःखले भरिपूर्ण करूण जिन्दगीको यथार्थ उद्घाटन गर्न त्यसलाई सुहाउने खालको परिवेश दिई उपन्यासलाई सहज स्वभाविक र विश्वासिलो बनाइएको छ ।

तेनको साहित्यको समाजशास्त्र सम्बन्धी चिन्तनका तीन आयाम मध्ये दोस्रो आयाम 'परिवेश' हो । यसलाई 'वातावरण' वा 'परिवेश' पनि भनिएको छ । उनले परिवेश अन्तर्गत मूलतः प्राकृतिक तथा सामाजिक परिवेशलाई समेटेका छन् । तेनको मनमा मान्छे एक्लो हुँदैन, ऊ चारैतिरबाट प्रकृति र समाजबाट घेरिएको हुन्छ । उसका आदिम प्रवृत्ति तथा प्रजातीय विशेषता भौतिक सामाजिक स्थिति र घटनाहरूबाट मानिस निरन्तर प्रभावित भइरहने तिनको धारणा रहेको छ (छेत्री २०६४:२४) । उनका

मनमा जलवायु तथा भूगोल कुनै पनि व्यक्तिको विशेषता निर्धारणको प्रमुख तत्त्व बन्दछ । 'परिवेश' शब्द कुनै नयाँ धारणा होइन । बाल्जकले आफ्नो प्रसिद्ध पुस्तक 'ह्युमन कमेडी' को भूमिकामा यस शब्दको उपयोग जनावरको प्राकृतिक वासस्थानको अर्थमा गरेका थिए । प्राकृति विज्ञानको क्षेत्रमा प्रयोग हुने यो शब्द प्राणी वैज्ञानिक जैफरी सेट हिलैरीको रचनाबाट लिइएको हो । यसैलाई तेनले साहित्यको कार्य कारण सम्बन्ध खोज्ने क्रममा उपयोग गरेका हुन् (जैन, १९९२:२४) ।

तेनको धारणाअनुसार मानिस व्यापक जलवायुगत सत्यमा फँस्छ । उनले मानव स्वभाव र प्राकृतिक परिवेशका बीचमा कार्यकारण सम्बन्ध रहने मत व्यक्त गरेका छन् । उनले युनान तथा रोमको विशिष्ट प्राकृतिक परिवेश नै साहित्यमा प्रतिबिम्बित भएको धारणा प्रस्तुत गरेका छन् । तेनको साहित्यमा परिवेशको प्रभाव प्रबल रहन्छ भन्ने धारणा राखेका छन् ।

तेनले साहित्यमा परिवेशको प्रभाव प्रबल रहन्छ भन्ने धारणा राखेका छन् । उनले भौगोलिक संरचना तथा प्राकृतिक परिवेश प्रतिकूल तथा दु:खमय हुनाले उत्तर दु:खी रहेको र त्यहाँको साहित्यमा दु:ख, कष्ट, पीडा र भोकमारीले स्थान पाएको कुरा उल्लेख गरेका छन् (छेत्री, २०६४:२४) । त्यस्तै उनले दक्षिणको भौगोलिक संरचना अनुकूल हुनाले दक्षिण सुखी रहेको र त्यहाँको साहित्यमा खुसी, शान्ति र हर्षोल्लास पाइने धारणा प्रस्तुत गरेका छन् । उनकाअनुसार मानिस परिस्थितिका लागि सम्झौता गर्न विवश छ । कुनै पनि कृतिमा पर्यावरणसँग सम्बन्धित अनेक सूचनाहरू कृतिभित्र आएका हुन्छन् । पर्यावरणअन्तर्गत मूलभूत रूपमा प्राकृतिक र सामाजिक परिवेशहरू आएका हुन्छन् । तेनले यही प्राकृतिक र सामाजिक परिवेशका आधारमा कृतिको विश्लेषण समाजशास्त्रीय दृष्टिकोणअन्तर्गत गरिनु पर्छ भन्ने सैद्धान्तिक आधार प्रस्तुत गरेका छन् । मानिस समाजमै जन्मछ, हुर्कन्छ, बन्छ र यही समाजको सामाजिक संरचनालाई आत्मसात गर्दछ । त्यसैले लेखक वा साहित्यकार बाँचेको समयका चाल, चलन, रहनसहन, रीतिरिवाज, संस्कार, भेषभूषा, सोचाई, आचरण, बसोवास खानपिन, भौगोलिकता जस्ता परिवेशहरू उनका कृतिमा कुनै न कुनै रूपमा आएकै हुन्छन् ।

समाजका वर्ग, समुदायका स्थानीय बोली, व्यवहार, रीति, पद्धति र जीवनशैली पनि परिवेशकै रूपमा उसका कृतिमा मानिसका स्वभाव र प्राकृतिक परिवेश तथा प्राकृतिक परिवेश र साहित्यिक विशेषताका बिच कार्यकारणको सम्बन्ध पनि रहन्छ (पाण्डे, २००६ : १२४) । यसरी कुनै पनि लेखनका साहित्यिक कृतिमा प्रस्तुत भएका विभिन्न राष्ट्रिय, स्थानीय तथा अन्तर्राष्ट्रिय गतिविधि पनि परिवेश नै हुन् । उनले परिवेशको चर्चा गर्ने क्रममा मूलतः प्राकृतिक परिवेश तथा सामाजिक परिवेश र ती परिवेशद्वारा निर्मित मनोविज्ञानलाई जोड दिएका छन् । उनको परिवेश सम्बन्धी मान्यतामा रहेका महत्त्वपूर्ण पक्षहरूलाई निम्न अनुसार प्रस्तुत गरिन्छ ।

मुलुक बाहिर उपन्यासले बृहत् र व्यापक परिवेशलाई समेटेको छ । नेपालको अरूणखोला र आसपासको जनजीवनको सङ्केत मात्र पाइने हुनाले शीर्षकअनुसार नै यहाँ भारतीय भूमि दार्जिलिङ, खर्स्याङ, आसाम, सिलिगुडी, कलकत्ता, गौहाटी, सिलाङ आदि प्रवासी नेपालीहरू बसोवास स्थलकै वर्णन छ । यति मात्र सीमित नभई इराक, अफगानिस्तान, बर्मा आदि क्षेत्रमा युद्ध लड्न पुगेको प्रसङ्ग जोडी उपन्यासको परिवेश अर्थात् स्थानलाई विस्तृत रूपमा चित्रण गरिएको छ । त्यस स्थानका मानिसहरूको दिनचर्या, भेषभूषा, चाडपर्व गीत-सङ्गीत, खानपिन बोलीचाली आदिको स्वाभाविक एवम् यथार्थ रूपमा वर्णन गरिएको पाइन्छ । प्रायः नेपालीहरू हिउँदमा काम खोज्ने क्रममा घूम पहाड र टिस्टा किनारामा पुग्ने गर्दछन् । जसलाई उपन्यासले केन्द्रीय परिवेश बनाएको छ । स्थानीयको रङ दिँदै भाषा र परिवेशमा गहिरिएका देख्दा कताकता उपन्यासले आञ्चलिकलाको अनुभूति पनि गराउँदछ तैपनि अशिक्षा, गरिबी, अन्धविश्वासमा प्राकृतिक विपत्ति धर्म-संस्कृति आदिकै चर्चामा उपन्यासले प्रवासी नेपाली जनजीवनलाई चिनाएको हुँदा वातावरण पूर्णतः कथावस्तु र पात्रानुकूल देखिन्छ । उपन्यासले प्रथम विश्व युद्धदेखि द्वितीय विश्वयुद्धसम्मको सयमलाई समेटेको छ । साथै चाल चलन, रीतिरिवाज र चाडपर्वको सन्दर्भ जोडी सांस्कृतिक विशेषताबाट पनि परिवेशलाई स्वभाविक पार्ने प्रयास भएको छ । यसरी दार्जिलिङको प्राकृतिक वर्णन, टिस्टाको चित्रण प्रवासीका जीवन पद्धति, अहम् र क्रोधका स्वरूपहरू,

विश्वयुद्धहरू आदिको सहज, यथार्थ र वस्तुगत वर्णनले प्रस्तुत उपन्यासको परिवेशलाई सजीव एवम् जीवन्त तुल्याएको पाइन्छ (न्यौपाने, २०६४:१००) ।

### ४.२.१ प्राकृतिक परिवेश

तेनले परिवेशअन्तर्गत मूलतः प्राकृतिक परिवेशलाई समावेश गरेका छन् (पाण्डेय, २००६:१२५) । प्राकृतिक परिवेशअन्तर्गत हावापानी, जलवायु, माटो, वनजङ्गल आदि प्रकृतिबाट मानव जातिलाई निःशुल्क रूपमा प्राप्त भएका विषयवस्तुहरूलाई बुझिन्छ । मानिसलाई चारैतिरबाट प्रकृतिले घेरिएको हुन्छ । उसका स्वभाव, भावना, सोचाइ, रूचि, बानीब्यहोरा प्रकृतिबाट निरन्तर प्रभावित भइरहेका छन् । मानिस जस्तो प्रकृतिका बीचमा रहन्छ, उसले त्यसै किसिमका चरित्रिक विशेषताहरूको निर्माण गरेको हुन्छ । तेनले उत्तरलाई दुःखी र दक्षिणलाई सुखी भन्नुको पछाडि उत्तर र दक्षिणको प्राकृतिक परिवेशमा पाईने भिन्नतालाई सङ्केत गरेको देखिन्छ ।

### ४.२.२ सामाजिक परिवेश

तेनले प्राकृतिक परिवेशका साथ-साथै सामाजिक परिवेशले पनि मानिसलाई निरन्तर प्रभावित बनाउने धारणा प्रस्तुत गरेका छन् । यहाँ, नैतिक, धार्मिक, साँस्कृतिक आदि परिवेशसँग सम्बन्धित तेनका विचारहरूलाई पनि सामाजिक परिवेश अन्तर्गत राखेर प्रस्तुत गरिएको छ । मानिस जन्मदा नै एकातिर प्रकृतिबाट र अर्कातिर समाजबाट घेरिएको हुन्छ । उसका वरिपरि विभिन्न सामाजिक मूल्य मान्यता, परम्परा चालचलन, रीतिरिवाजहरू रहेका हुन्छन् । मानिसले सबै कुरा आफ्नो इच्छामा मात्र गर्न सक्दैन । समाजभन्दा बेग्लै उसको अस्तित्व सम्भव छैन । समाजको परिवेश अनुसार मानिसको चिन्तन, सोचाइ र मानसिकता निर्माण भएको हुन्छ ।

साहित्य र समाज एकअर्काबाट प्रभावित भइ रहन्छन् । साहित्यको स्वरूप समाजबाटै निर्धारित हुन्छ भने साहित्यले पनि समाजको सदस्य हुने भएकाले साहित्य समाजकै उत्पादन हो । सामाजिक व्यक्तिका रूपमा रहेका सर्जकले देखे, भोगेको

अनुभव गरेको र आर्जन गरेको ज्ञान र प्रतिभाको परिणाम नै साहित्य हो (दाहाल, २०५८:१८) ।

साहित्यमा अभिव्यक्त विषयहरू भनेका सामाजिक जीवन भोगाइकै अनुभवहरूका शृङ्खला हुन् । समाजशास्त्रको जन्म हुनु पूर्वको समयमा समाजशास्त्रीहरू नै वास्तविक साहित्यकारहरू थिए ।

जतिसुकै असामाजिक वा व्यक्तिवादी साहित्य भने पनि त्यसको समाजसँग कुनै न कुनै प्रकारको सम्बन्ध रहेकै हुन्छ । सर्जकले सामाजिक यथार्थलाई आफ्नो कृतिमा प्रतिविम्बित मात्र गर्दैन् त्यसको पुर्नरचना पनि गरेको हुन्छ र रचनामा उसको कल्पना र आकाङ्क्षा पनि अभिव्यक्त भएको हुन्छ । तर त्यो कल्पना र आकाङ्क्षा पनि अभिव्यक्त भएको हुन्छ । तसर्थ त्यो कल्पना र आकाङ्क्षा पनि सामाजिक परिवेशकै चापमा निर्मित भएको हुन्छ ।

### ४.२.३ सांस्कृतिक परिवेश

सांस्कृतिक अध्ययन सन् १९६० को दशकमा विकसित नवीन प्रकारको समालोचना पद्धति हो । बर्मिङघम विश्वविद्यालयमा सन् १९६४ मा स्थापित सेन्टर फर कन्टेम्परी कल्चरल स्टडिज नामक संस्थाले सन् १९७२ मा यस सम्बन्धी कार्यपत्र प्रकाशित गरेपछि सांस्कृतिक अध्ययनको परम्परा थालिएको पाइन्छ । जसलाई अङ्ग्रेजीमा Centre of Contemporary Cultularal Studies भनिन्छ । रिचार्ड होगार्ड, रेमन्ड विलियम्स र स्टुआर्टस्ल यसका संस्थापक हुन् । तिनको सांस्कृतिक अध्ययनले यस परम्परालाई सबल आधार प्रदान गऱ्यो । यसरी कृतिको अध्ययन गर्दा त्यस कृतिमा वर्णित संस्कृतिलाई केन्द्रमा राखी त्यसको पहिचान गरिनु पर्छ भन्ने मान्यता राख्ने सांस्कृतिक अध्ययन अन्तर्बिषयक समालोचना सिद्धान्त हो । सांस्कृतिक अध्ययनमा राजनीतिक, दर्शन, कानुन, धर्म, शिक्षा, विज्ञान, कला भाषालगायत सबै प्रकारका ज्ञान तथा विषय क्षेत्रहरू समाविष्ट भएका हुन्छन् । सांस्कृतिक अध्ययनको स्वरूप अन्तर विधात्मक हुन्छ । नारीवाद, जातीय, लैङ्गिक, सीमान्तीय आदि पक्षहरू सांस्कृतिक अध्ययनका विषय क्षेत्र हुन् । सांस्कृतिक अध्ययनले अर्थ, राजनीति र

शक्तिसँग जोडेर गर्दछ । साहित्यिक पाठलाई सामाजिक, राजनीतिक आर्थिक सन्दर्भका सापेक्षमा अध्ययन गर्नु पर्ने कुरामा यसले ध्यान दिन्छ । यस अध्ययनले सांस्कृतिक कार्य, ज्ञान र तिनको शक्तिसँगको सम्बन्धलाई केन्द्रमा राखेर हेर्ने गर्दछ । सांस्कृतिक अध्ययनले उच्च संस्कृति र लोकप्रिय संस्कृति मध्येको विभाजनलाई अस्वीकार मात्र नगरेर साहित्य समालोचनालाई कला, फिल्म, प्रदर्शनी, टेलिभिजन जस्ता संस्कृतिका अन्य क्षेत्रसँग पनि जोडेको छ ।

संस्कृति शब्दको अर्थ कुनै एउटा तात्पर्यमा मात्र सीमित छैन । यो बहु अर्थ दिने शब्द हो । व्युत्पत्तिगत आधारमा यसले संस्कार, चालचलन, जीवन पद्धति, दर्शन आदिलाई बुझाएको पाइन्छ । सांस्कृतिक अध्ययनका सन्दर्भमा भने संस्कृतिले मानवीय स्वभाव, आचरण र व्यवहारको समीष्ट स्वरूपको बोध गराएको हुन्छ । संस्कृति कालखण्ड र समाज सापेक्ष फरक-फरक अनुभूतिका रूपमा प्रकट हुने गर्दछ । यो एउटा पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित भइरहन्छ । संस्कृति शब्दले बहन गर्ने अर्थ मानव निर्मित कुनै रचना वा कार्य भन्ने हुन्छ । संस्कृति भनेको कुनै देश वा जतिको कला साहित्य, सङ्गीत, आचार, व्यवहार बौद्धिकता आदि वा त्यसलाई मौलिक पहिचान दिन सक्ने विशेषता हो (अधिकारी, २०६६:९५५) । साहित्य र संस्कृति दुवै मानव निर्मित हुन् । साहित्यमा भाषिक अभिव्यक्तिका माध्यमबाट संस्कृतिको चित्रण गरिन्छ । यी दुवैबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । संस्कृतिको अध्ययनले नयाँ र निरन्तर विकसित अर्न्तविषयक अवस्थाको विश्लेषण गर्ने त्यस्तो कार्यलाई जनाउँदछ; जुन उत्पादन, प्राप्ति, संस्था, व्यवहार तथा उत्पादनका सबै प्रकारको सङ्केतबाट प्रभावित हुन्छ । संस्कृतिमा कुनै पनि समाजको सामूहिक जीवनका सम्पूर्ण कार्य अन्तर्निहित भएको हुन्छ । यसभित्र समाजका मानिसहरूको बोली, व्यवहार, भेषभूषा, लगायतका सबै क्रियाहरू समाविष्ट हुन्छन् । मान्छेका आचरण, सामाजिक सम्बन्ध र सह सम्पर्क, शैलीगत भिन्न भिन्न विशेषताहरू अभिव्यक्त भइरहेका हुन्छन् । मानिसको सामाजीकरणमा आवश्यक हुने तत्त्वहरू संस्कृतिभित्र पर्दछन् । यी सबैको समग्र रूप नै संस्कृतिको व्याख्या गर्दै निजत्वको चरित्र, सम्पूर्ण समाजको बौद्धिक विकासको रूप, कला, मानिसको जीवनशैली, व्यक्ति मनको संस्कारको अवस्था आदि समग्र पक्षहरू

यसभित्र समेटिने कुरा बताएका छन् (सुवेदी, २०६८:१२६) । संस्कृति मानव जीवन र सभ्यतासँग जोडिएको विषय भएकाले यसलाई सभ्यीकरणको प्रक्रियाका रूपमा अर्थ्याएको पाइन्छ । यसले सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रका व्यवहारको समुच्चयलाई बुझाउँछ । सामाजिक रूपमा सम्पादन गरिने मानवीय व्यवहार संस्कृति भित्र समाहित हुन्छ ।

सांस्कृतिक अध्ययनका लागि दुई मोडेलका पद्धति प्रचलित छन् । ती मध्ये एउटा ब्रिटिस सांस्कृतिक पद्धति हो भने अर्को अमेरिकी सांस्कृतिक पद्धति हो । ब्रिटिस अध्ययन पद्धतिले नवमार्क्सवादी धारको प्रतिनिधित्व गरिरहेको छ भने अमेरिकी पद्धतिले मार्क्सवाद माथि प्रहार गर्दै बहुलवादी सांस्कृतिक अध्ययनको विकास गरेको छ । सांस्कृतिक अध्ययन सम्बन्धी फुकोका विचार अमेरिकी ब्रिटिस सांस्कृतिक अध्ययन-सम्बन्धी रिचार्ड होगार्ड, रेमन्ड विलियम्स, स्टुआर्ट हल आदिको अहम् भूमिका तथा लुइस आल्थ्युसर र ग्राम्सीका विचारधाराले महत्त्वपूर्ण योगदान गरेको छ । उनीहरूको विचारलाई आत्मसात् गरेर यो पद्धति अघि बढेको पाइन्छ । जसको प्रणालीअनुसार समाज, लिङ्ग, जाति, धर्म, क्षेत्रसँगै वर्गीय द्वन्द्वबाट सञ्चालित छ । संस्कृतिले अर्थ व्यवस्थाले जस्तै जनमानसमा पहिचानको चेतनालाई आकार दिएको हुन्छ । वर्गीय समाजमा सांस्कृतिक मान्यता पनि वर्गीय हुने समाजमा संस्कृतिको निर्माण, प्रक्रिया र व्यवहारमा त्यसको प्रकटीकरण प्रक्रियाको खोजी गरिनु पर्ने मान्यता यस प्रणालीको रहेको छ । सांस्कृतिक व्यवहारकै कारण कसरी भिन्न वर्ग र समुदाय सांस्कृतिक प्रभुत्वका लागि सङ्घर्ष गर्न उत्प्रेरित हुन्छ भन्ने कुराको अध्ययन गर्न यो प्रणालीले जोड दिन्छ (पोखेल, २०७१:१३२-१३५) । तसर्थ गाँस, बास, शिक्षा र रोजगारी नपाएका इमान्दार नेपालीहरूले भोग्नु परेको पीडा, दुःख-कष्ट र छटपटी अनि मातृभूमि प्रतिको अगाध माया देखाएको छ र परिधिमा रहेको वर्ग वा समाजले भोग्नु पर्ने सङ्घर्ष गर्दा युद्धको बाटो अवलम्बन गरेको छ । काम र मामका लागि सङ्घर्षरत अनि थिचोमिचोमा परेका वर्गहरू यस मुलुक बाहिर उपन्यासका पात्रहरूका जीवन चित्रण यसै उपन्यासमा प्रस्तुत गरेको पाइन्छ ।

### ४.२.४ परिवेश निर्मित मानव मनोविज्ञान

तेनले प्राकृतिक तथा सामाजिक परिवेशले मानव मनोविज्ञानको निर्धारण गर्ने विचार व्यक्त गरेका छन् । मानिस जस्तो भूगोल, हावापानी, माटो तथा जस्तो किसिमको प्रकृतिमा हुर्कन्छ, त्यसै अनुसार उसको मानसिकता निर्माण हुँदै जान्छ । प्रकृतिबाट मात्र होइन, समाजका मूल्य, मान्यता, धर्म, संस्कार, चाल चलन, रीति रिवाज, भाषा संस्कृति आदिले पनि प्रजातीय मानसिकता निर्माणमा भूमिका खेलेका हुन्छन् । व्यक्ति वाल्यकालदेखि नै विभिन्न सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति, रीतिरिवाजका बीचमा हुर्कने भएकाले ऊ ती सबैबाट मुक्त हुन सक्दैन । व्यक्तिको मानसिकता निर्माणमा वातावरणको अहम् भूमिका रहन्छ भन्ने कुरामा अधिकांश मनोवैज्ञानिकहरू सहमत भएका छन् । मनोवैज्ञानिकहरूका अनुसार पनि बालक जन्मदा व्यक्तिको दिमाग खाली अर्थात सेतो कागजको पानाजस्तो हुन्छ, जन्मपश्चात् प्राकृतिक र सामाजिक वातावरणका कारण उसको दिमाग भरिदै जान्छ ।

लैनसिंह बाङ्देलका चारवटै उपन्यासहरूमा भिन्न-भिन्न परिवेशगत स्थिति पाइन्छ । फरक-फरक विषय र सन्दर्भलाई समेटेर लेखिएका उनका उपन्यासहरूमा नेपालदेखि भारत हुँदै होलेण्डसम्मको भूगोल र सामाजिक जनजीवनका विविध परिवेशलाई समेटिएको पाइन्छ । यहाँ उनका उपन्यासहरूमध्ये मुलुक बाहिर उपन्यासमा चित्रित परिवेशगत स्थितिलाई क्रमशः प्रस्तुत गरिएको छ ।

## ४.३ मुलुक बाहिर उपन्यासको परिवेशगत अध्ययन

लैनसिंह बाङ्देलको सर्वप्रथम प्रकाशित उपन्यास मुलुक बाहिरमा चित्रित समग्र परिवेश जन्य स्थितिलाई मूलतः प्राकृतिक, सामाजिक,आर्थिक पक्ष र सांस्कृतिक परिवेशका रूपमा चित्रण गरिएको छ ।

### ४.३.१ प्राकृतिक परिवेश

मुलुक बाहिर उपन्यासमा मूलतः भारतको दार्जिलिङ र यस वरिपरिको प्राकृतिक परिवेशलाई चित्रण गरिएको छ । उपन्यासमा दार्जिलिङलाई केन्द्रबिन्दु बनाएर प्रकृति चित्रण गरिएकोले दार्जिलिङको प्राकृतिक विशेषतालाई उल्लेख गर्नु आवश्यक देखिन्छ ।

नेपाल राज्यको पूर्वतिर सिक्किम र भुटानको दक्षिण पश्चिमतिर अनि बङ्गालको उत्तरपूर्वमा पर्ने भारतस्थित त्रिभुजाकारमा खज्मजिएर रहेको भूखण्ड नै दार्जिलिङ हो । हिउँदमा ठिहिराले सताउँदा यस ठाउँलाई प्रायः बाक्लो कुहिरो तथा हुस्सुले छोपेको हुन्छ । यहाँ वर्षा ऋतुमा घनघोर पानी पर्ने भएकाले पहिरो गएर बाटाघाटा अवरोध भएका हुन्छन् । दार्जिलिङका सबै पहाड वृक्षले भरिला र हरिया पारिएका छन् । सिक्किमबाट आएको टिस्टा नदी नै दार्जिलिङको मुख्य नदी हो, जसमा दार्जिलिङका विभिन्न पहाडी खोलाहरू आई मिसिन्छन् । भौगोलिक तथा प्राकृतिक दृश्यावलोकनको सुरम्य आकर्षणले गर्दा दार्जिलिङलाई 'पहाडकी रानी' नाम राखिएकी छ (छेत्री, २०६४:५४) । पहाड, डाँडाकाँडा, भीर पखेरा, खोलानाला, खोल्सा तथा नदी आदिको समायोजना दार्जिलिङको भौगोलिक विशेषता हो । पहाडै पहाडले भरिएकाले यस स्थानमा अन्नबाली उति नसप्रिए पनि चिया खेतीका लागि भने यो स्थान अनुकूल रहको छ । खोला नाला र झरनाहरूका सुन्दर दृश्य, विभिन्न प्रकारका संसार प्रसिद्ध सुनाखरी, हिमालीफूल, चाँप, गुराँस पैयुँ, धूपी आदिले सुशोभित यसलाई प्रकृतिले साँच्चैनै 'पहाडकी रानी' तुल्याएको छ ।

यहाँ टिस्टा नदीको सेरोफेरो, धूम पहाडस्थित ढलेको घर र रेल स्टेशन आदि स्थापनालाई भौगोलिक केन्द्रबिन्दु बनाएको पाइन्छ । तीमध्ये पनि यसमा सुन्दर दार्जिलिङको केन्द्र बिन्दु बनाएर प्राकृतिको चित्रण गरिएको छ । यस उपन्यासमा पात्रहरूको कार्यव्यापार गर्ने मूलस्थल यसैलाई बनाइएको छ । यो उपन्यास दार्जिलिङको प्राकृतिक दृश्यावली प्रस्तुत गर्ने कला कृति हो । यसमा बाङ्देलले दार्जिलिङको प्राकृतिक दृश्यहरूको कलात्मक चित्र प्रस्तुत गरेका छन् । घूम पहाड दार्जिलिङको एक महत्त्वपूर्ण स्थान हो । यसमा उपन्यासमा घूम पहाडको भौगोलिक तथा प्राकृतिक वातावरणको सुन्दर चित्रण गरिएको छ । उपन्यासमा घूम पहाडको पहाडको प्रकृति वर्णन यसरी गरिएको छ :

"बाहिर स्वच्छ आकाशमा खूब राम्रो घाम लाग्दै थियो । तर एकैछिनमा कुहिरो र बादलले घाम छेल्यो । कालोमेघमाला आएर आकाशमा थुप्रियो । घाम लाग्दै थियो । एकछिनमा हरर दर्के पानी पऱ्यो" (बाङ्देल, २०७२:११८) ।

एकै छिनमा घाम लाग्ने, उत्तिखेर पानी आउने यस्तो बदलिरहने दार्जिलिङको प्राकृतिक विशेषता रहेको कुरालाई यो तथ्यले पुष्टि गरेको छ । त्यस्तै बिहानीपखको प्रकृतिको सुरम्य वर्णन यसरी गरिएको छः "प्रातःकालीन नीलो मुक्त आकाशमुनि पर्वतमाला सबै सुलका पहाडजस्ता देखिन्छ । घूम पहाड वा जल पहाड कि त दार्जिलिङबाट कञ्चनजङ्घाको त्यो मनोरम दृश्य कस्तो विधि राम्रो देखिन्छ" (बाङ्देल, २०७२:९३) । यस उपन्यासमा सबै ऋतुहरूको वणर्न गरिएको छ ।

तीमध्ये पनि वर्षात् र हिउँद ऋतुको चित्रणलाई प्राथमिकतामा राखिएको छ । उपन्यासमा वर्षाकालीन प्राकृतिको स्वरूपलाई यसरी व्यक्त गरिएको छः "वर्षाको दिन झरी नबिसाई आकाशबाट एकोहोरो पानी परिरहेको छ । खहरे खोलाहरू बढे । भुइँबाट मूल फुट्यो । धुइरो लागेर आएका कुइरो र बादलले वरिपरि गाउँ छोपे" (बाङ्देल, २०७२:१२७) यसरी बादल लागेको, पानी परेको, मूल फुटेको, खहरेहरू बढेका, पहिरो गएका, चारैतिर हिलोमैलो भएको लगायत वर्षाकालिन प्राकृतिक परिवेशलाई उपन्यासमा चित्रण गरिएको छ । त्यस्तै, वर्षातको पानीले वर्षाकालीन अनुभूति सिर्जना गरेको तथा "बस्ती-बस्ती र मानवीय जीवन प्रणालीका विभिन्न क्षेत्रहरूमा परेको प्रभावलाई पनि प्रस्तुत गरिएको छ ।

यी प्रभाव वा असरमध्ये गाईवस्तुहरू चराउने र चिजविजहरू सुकाउने कार्य वा बाटोघाटो र सडकका यातायात आदिमा परेको प्रतिकूल असरका साथै पशुपंक्षीहरूका यात्रामा परेको व्यवधानलाई उपन्यासमा उल्लेख गरिएको छ (आचार्य, २०५८:१३३) । यस उपन्यासमा प्रकृतिको चित्रणलाई मानव स्वभाव र घटनासँग कार्यकारण रूपमा जोड्ने प्रयत्न गरिएको छ । उपन्यासका पात्रहरूको स्वभाव, सोचाइ, स्मरण आदिमा प्रकृतिको प्रभाव परेको देखिन्छ । वर्षाकालको एकोहोरो पानीले मानिसको मानसिकतामा निस्सारत, एक्लोपना र अतीतमुखी प्रकृतिलाई उजागर गरिदिएको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छः " यो झरीले उसलाई पहाडको स्मरण गराउँछ...फेरि रावा खोलामा, अरूण खोलामा गाई-भैंसी चराएको, वन-वन डुलेको... विगत जीवनका कति मनोरम घटनाहरू आज उसको मनमा

निरन्तर आइरहेका छन् । आज फेरि पहाडको सम्झना ! कति उराठलाग्दो छायाँ जस्तो... कहिले कता, कहिले कता..." (बाङ्देल, २०७२:९९) यो वर्षाद्को झरीले रनबहादुरको मानसिकतामा पारेको प्रभावको परिणाम हो ।

यस उपन्यासमा हिउँदको आगमनको प्राकृतिक वातावरणमा आएको परिवर्तन र त्यसले मानवीय जीवनका विभिन्न क्षेत्रमा पारेको प्रभावलाई पनि चित्रण गरिएको छ । हिउँद चल्दै गएपछि पहाडी उच्च भागमा हिउँ पर्ने र घाम लाग्दै हिउँ पग्लदै गएको शिशिरकालीन स्थितिलाई वर्णन गरिएको छ । हिउँले दार्जिलिङका घर, छाना, सडकका धुपीका रूख तथा वनपाखालाई सेताम्मे पारेको, हिउँको प्रकोपले जाडो बढ्दै गएको बजारबस्ती तथा बाटोघाटोमा चहलपहल हराएको आदि सन्दर्भहरूलाई उपन्यासमा चित्रण गरिएको छ । उपन्यासमा हिउँ र तुषारोले मानवीय जनजीवनमा परेको प्रभावलाई यसरी चित्रण गरिएको छ : "हिउँ परेकोले अझैं शून्य देखिन्छ । महिलाहरू जाडोले कक्रिएर कतै चल्दैनन् । तर कोही-कोही भने काखी भित्र हात घुसाएर वरपर गरिरहेका देखिन्छन् । दलबहादुरका घरमा रनबहादुर, दलबहादुरकी बूढी आमा र मसिनी आगो ताप्दै घरभित्र बसी कुरा गरिरहेका छन्" (बाङ्देल, २०७२:५३) । हिउँद लागेपछि पहाडखण्डबाट मानिसहरू मुगलान पस्नु र वर्षा याममा पहाडमा खेतीपातीको काममा संलग्न हुनुले पनि प्राकृतिक परिवेशले मानव जीवनमा पार्ने प्रभावलाई देखाउँछ:

"हिउँद लागेपछि पहाडखण्डबाट मानिसहरू फेरि मुगलान पस्न थाले । रनबहादुरले बाटाघाटामा दुई चार जना अरूण खोला वारि बस्ने मानिसहरूलाई भेट्यो" (बाङ्देल, २०७२:४७) । यी नेपाली पात्रहरूको पहाडी पुर्ख्यौली भूगोल र त्यहाँको प्राकृतिक परिवेश निकै कष्टकर देखिन्छ । पहाडको निकै कठिन उकाली ओराली, गाईवस्तु र खेतीपातीको पेशा, यातायातको असुविधा जस्ता विशेषताहरूले गर्दा यिनीहरूको मनलाई पैतृक थलोले अड्याउन सकेको छैन । पहाड फर्कने वा नफर्कने द्वन्द्वमा रूमलिने क्रममा माहिला भुजेलले भन्छ :

"अब पहाड फर्केर के गर्ने ? उही पहाडको एक कुनामा पसेर फेरि लुम्रे-झुम्रे भएर बस्नु पर्छ - गरिब जीवन बिताउनु पर्छ - खेतीपाती छ भन्नु नाम मात्रै- आफैले हाड खियाएर नजोतेसम्म वर्षभरि खान पुग्दैन । नुन लिनलाई सातु चामल बोकेर भोट पुग्नु पर्छ- भोटको बाटो उकालो र ओरालो गर्दा चौध दिन लाग्छ - यस्तो अनिकालले जग्गामा फर्केर के गर्ने ? कसो गर्ने ?" (बाङ्देल, २०७२ : ८६) ।

दलबहादुरले आफूलाई युद्धको मोर्चामा सहयोग गरेको साथी रनेको मृत्यु भएको धेरै समयपछिसम्म पनि स्मरण गरिरहेको छ । रनेको लास गाडेको ठाउँमा जाँदा उसलाई प्रकृतिको उराठलाग्दो वातावरणले झन् विक्षिप्त बनाएको छ । यस कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

"साँझ पर्न आँट्दा ऊ उठ्यो र चारैतिर हेऱ्यो । त्यहाँतिर सुनसान र चकमन्न भइसकेको रहेछ । बेलुकी साँझतिर फटेङ्ग्रो पनि कराउन थाल्यो । हावाले हल्लाएका घाँस-पात बाहेक चारैतिर त्यहाँ निर्जीव, नीरव र चकमन्न भइसकेको थियो (बाङ्देल, २०७२ : १५३) । त्यस्तै दार्जिलिङमा पुष, माघतिर हिउँ परेको छ । हिउँले सडक, स्टेशन, घर, डाँडाकाँडा सबै सेतै पारेको छ । हिउँले जाडो बढाएकाले त्यसले मानवीय जीवनलाई पारेको प्रभावलाई पनि उपन्यासमा चित्रण गरिएको छ : "जाडो असाध्य बढ्दो मानिसहरू यस्ता दिनमा घरै भित्र बसी तातो-तातो चिया खाँदै आगो तापिरहन पाए आनन्द मान्छन् । यस्ता ठाउँमा बूढा-बूढीका खुट्टा ठिहिऱ्याउँछन् र चिसो खुट्टा तताउने बल गर्छन्" (बाङ्देल, २०७२ : ९३) । यसरी पुष माघको चिसोले दार्जिलिङको नेपालीहरूको जनजीवनमा असर पारेको छ । उनीहरूले राम्रोसँग आफ्ना पेसा व्यवसाय सञ्चालन गर्न नसकेको कुरालाई उपन्यासमा चित्रण गरिएको छ ।

यस उपन्यासमा महत्त्वपूर्ण पात्रहरूका मुख्य क्रियाकलाप वा घटनालाई देखाउँदा भौगोलिक तथा प्राकृतिक परिवेशको सहारा लिएको पाइन्छ (पौडेल, २०६८ : १२५) रने लगायतका पात्रहरूको जीवनमा सङ्कट आउनुपूर्व प्रकृति गम्भीर र त्रासद बन्दै गएको छ । रनेको आत्महत्याको समाचार आउनुपूर्व कालो बादल, मुसलधारे वर्षा, बाढी, पहिरो, गाउँ घर छोप्ने बाक्लो हुस्सु, चर्को हिमपात, अन्धकारपूर्ण रात्रिमा

लाटोकोसेरोको अद्‌भूत स्वर एवम् कुकुरको एकोहोरो भुकाइ लगायतका अनिष्ट सूचक मानिने प्राकृतिक परिवेशलाई चित्रण गरिएको छ । रनबहादुर हराउने बेलामा मसिनीले अशुभ सपना देखेकी छे । आँधी र प्रलय तथा प्राकृतिक विपत्ति र त्यसको मानवीय जीवनसँगको सम्बन्धका बारेमा दलबहादुरकी आमाको भनाइलाई सान्दर्भिक गरेर उपन्यासमा यस्तो विचार व्यक्त गरिएको छ : "आज कस्तो अचम्मको बतास आयो, यो आँधी आएको त जाती होइन है नानी- यसरी आँधी चल्यो भने कतै न कतै बिगार हुन्छ, नराम्रो समाचार सुनिन्छ (बाङ्‌देल, २०७० : ६१) । यसले मानिस र प्रकृति बीचको गहिरो र अन्योन्याश्रित सम्बन्धलाई देखाएको छ । यसबाट मानिसले प्रकृतिबाट प्राप्त सूचनाहरूलाई आफ्ना जीवनयापनका विभिन्न सन्दर्भहरू जोडेर हेर्ने गरेको कुरा स्पष्ट भएको छ ।

दार्जिलिङको छिनछिनमा परिवर्तन भइरहने मौसमले प्रवासी नेपालीहरूले पेशा व्यवसायलाई पनि प्रभावित बनाएको छ । घूम पहाडमा अत्याधिक वर्षा निरन्तर भइरहे पछि गाईको व्यवसाय सञ्चालनमा मसिनीले कठिनाई महसुस गरेकी छ : "मेघको भीम गर्जन-सुनियो- पानी एकोहोरो पर्न थाल्यो... यो साल गाई-गोरूको स्याहार सम्भार गर्न तथा गाईको घाँस काट्न साह्रै दुःख भयो- गोठालाले अब नभ्याउला भनेर मसिनीले दुईवटा माऊ गाई बेचिदिई" (बाङ्‌देल, २०७२ : १२३) यसरी त्यहाँको मौसममा आएको परिवर्तनका कारण मसिनी आफ्नो गाईको व्यवसायलाई सानो आकारमा सीमित गर्न बाध्य भएकी छ । त्यस्तै, उपन्यासमा वसन्त ॠतु र त्यसले मानवीय जनजीवन पारेको असरलाई पनि देखाइएको छ :

"वसन्तको आगमन भयो... रूख-रूखतिर नयाँ-नयाँ पात र टुसाहरू देखिए... तर बूढी आमाको मनमा भने एउटै कुरा छ - एउटै चिन्ता छ । कहिले छोराले घरबार गरिदिने ?" (बाङ्‌देल, २०७२ : १३८) । वसन्तको आगमनसँगै मानिसका मनमा नयाँ-नयाँ सपना, आशा, विश्वास र उमङ्गहरू सलबलाउन थाल्छन् । नेपाली समाजमा मायाप्रीति गाढा बनाउने र उमेर पुगेका युवायुवतीको घरजम गर्ने उपयुक्त समयका रूपमा पनि वसन्तको विशेष महत्त्व रहेको कुरालाई उपन्यासमा चित्रण गरिएको छ ।

## ४.३.२ सामाजिक परिवेश

मुलुक बाहिर उपन्यासमा राणा शासनको अन्त्यतिरको नेपाली समाज र सन् १९१४ तिरको दार्जिलिङको समाजको यथार्थ चित्रण गरिएको छ । उपन्यासले प्रथम विश्वयुद्धदेखि (सन् १९१४-१९४५) द्वितीय विश्वयुद्धसम्मको समयलाई समेटेको छ । नेपालीहरू गोर्खाली सेना बनेर जर्मनको धावा वीरता देखाएको, तक्मा तथा वीरगति प्राप्त गरेको प्रसङ्ग यस मुलुक बाहिर उपन्यासमा वर्णित छ । तत्कालीन समाजमा अन्धविश्वास व्याप्त थियो भन्ने कुरालाई माघेसङ्क्रान्तिमा नुहाउँदा स्वर्ग पुगिने, सुकेका पात छरिएको अपशकुन हुने, घर छोडेका फर्कने कुरा बुझ्न आर्जे हेराउने, बूढेसकालमा नाति-नातिनीको मुख हेर्न नपाएपछि वैकुण्ठमा बास नहुने विश्वास गर्ने जस्ता सामाजिक रूढिग्रस्त मान्यताको चर्चा पनि उपन्यासमा पाइन्छ । यसरी चालचलन, रीतिस्थिति र चाडपर्वको सन्दर्भ जोडी सांस्कृति विशेषताबाट पनि परिवेशलाई स्वभाविक पार्ने प्रयास भएको छ (न्यौपाने, २०६४ : १८०) । यसरी दार्जिलिङको प्राकृतिक वर्णन, टिस्टाको चित्रण, प्रवासी जीवनपद्धति, अहम् र क्रोधका स्वरूपहरू विश्वयुद्धहरू आदिको सहज यथार्थ र वस्तुगत वर्णनले प्रस्तुत उपन्यासको परिवेशलाई सजीव एवम् जीवन्त तुल्याएको पाइन्छ । उपन्यासमा मूलतः दार्जिलिङ र वर्मेली समाजको निम्नवर्गीय यथार्थलाई चित्रण गरिएको छ । उपन्यासमा मुलुक बाहिरको विषयवस्तुलाई उठाइए पनि नेपाली समाज, संस्कृति र जनजीवनका विविध पक्षहरूलाई नै केन्द्रबिन्दु बनाइएको छ ।

तत्कालीन नेपालको राजनैतिक व्यवस्था एकतन्त्रीय जहानिया राणा शासकहरूको अधिनमा थियो । उनीहरूको अनुदार र निरङ्कुश राजनैतिक व्यवस्थाको रापले छटपटाएको तत्कालीन नेपाली समाज सुखी र सम्पन्न थिएन (प्रधान, २०६४: २०२) । अशिक्षा, गरिबी, बेरोजगारी, जातीय, विभेद, वर्गीय उत्पीडन, सामाजिक अन्धविश्वास कुसंस्कारले समाज आक्रान्त भइरहेको थियो । त्यसैले, नेपालको तुलनामा केही विकसित र उद्योगधन्दा स्थापनातिर उन्मुख दार्जिलिङ क्षेत्रभित्र जीविकोपार्जन केही सरल र सहज हुने अनुगमनका साथ आफ्नो जन्मस्थान र मुलुक छाडेर प्रबासिनु नेपालीहरूका लागि एक किसिमको बाध्यताजस्तै थियो । प्रस्तुत उपन्यासमा पनि

नेपालको पूर्वी पहाडबाट रोजगारीका लागि भारतका दार्जिलिङ, बर्मा, आसाम, टिस्टा आदि भू-भागमा प्रबासिएका यस्तै नेपालीहरूको जीवनशैली, रहनसहन धर्म, संस्कृति, रीतिरिवाज, चाडपर्व, खानपान, सभ्यता लगायतका सामाजिक विषयहरूलाई गहन रूपमा चित्रण गरिएको छ ।

यस उपन्यासका पात्रहरू अशिक्षित छन् । उनीहरूको चेतनास्तर कमजोर रहेको छ । उनीहरूले सामाजिक अन्धविश्वास र रूढिवादी परम्परालाई कुनै न कुनै रूपमा अवलम्बन गरेका छन् । माघेसङ्क्रान्तिमा स्नान गरे पापहरण हुन्छ, दु:ख कष्टबाट छुटकारा पाइन्छ भन्ने धारणा राखी तिरबेनीमा नुहाउन जानु, सुकेका पातहरू घरभरि भरिएपछि त्यसलाई बूढी आमाले अपशकुनका रूपमा लिनु, रनबहादुरको मृत्युलाई माहिला भुजेलले पूर्वजन्मको फल मान्नु जस्ता प्रसङ्गहरूले प्रवासी नेपालीहरूको सामाजिक अन्धविश्वास र रूढिवादी मानसिकतालाई उद्घाटन गरेका छन् । यस सम्बन्धमा उपन्यासमा भनिएको छ : “सङ्क्रान्तिका दिन स्नान गरेदेखि जीवनका जम्मै पाप काटिन्छन्, रोग-कष्ट हरण हुन्छन् भन्ने यी सुधा मानिसहरूको विश्वास थियो । तिरबेनीमा स्नान गरेर सबैले आफ्नो-आफ्नो पाप पखाल्ने चेष्टा गरे” (बाङ्देल, २०७२ : १५) । त्यस्तै, उपन्यासमा वलि दिएर पूजा गर्ने धार्मिक, अन्धविश्वासलाई पनि प्रस्तुत गरिएको छ । तिरबेनी माईको पूजा गर्ने क्रममा अनेकौं निर्दोष प्राणीहरूको हत्या मरेर टिस्टा खोलो रक्ताम्य पारिएको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : “कुखुरा, हाँस, परेवा, भेडा, बाखा, राँगा आदि अनेक जीवहरूलाई बलि स्वरूप ध्वंश पारेर तिखोली माईको पूजा गरियो- टिस्टा खोलो रगतले रौत भयो” (बाङ्देल, २०७२:१४) । यसैगरी उपन्यासमा दलबहादुरकी आमाले प्रकृतिको प्रलयकारी रूपलाई अपशकुनका रूपमा व्याख्या गर्दै भनेकी छ : “यो आँधी आएको त जाती होइन है नानी ! यसरी आँधी चल्यो भने कतै न कतै बिगार हुन्छ, नराम्रो समाचार सुनिन्छ” (बाङ्देल, २०७२:६१) । उपन्यासमा प्रस्तुत भएका यी तथ्यहरूले प्रवासी नेपालीहरूमा रहेको भाग्यवादी संस्कार अथवा दैवी शक्तिमाथिको विश्वास गर्ने सामाजिक प्रवृत्तिलाई राम्रैसँग देखाएका छन् ।

यस्तै सन्तान हुनु र नहुनुमा ईश्वरको भूमिका खोज्ने प्रवासी समाजको विशेषतालाई पनि उपन्यासमा चित्रण गरिएको छ । सेर्बा बूढाका सन्तान नभएका कारणले नै समाजमा उसलाई 'अपुतो', 'अपुताली बूढा' जस्ता संज्ञा दिइएको छ । यस सम्बन्धमा उपन्यासमा भनिएको छ : "त्यसको चालिस वर्षको दीर्घकालीन दाम्पत्य जीवनमा एउटा सन्तान पनि भएन । त्यसैकारण सेर्बा बूढो कहिले काहीँ गाउँघरमा स्वास्नी मानिसहरूसित बाभ्दाहुँदि 'अपुताली बूढा' भनेर उनीहरू सेर्बा बूढालाई सराप्थे ।" (बाङ्देल, २०७२:९८) । यसरी सन्तान नहुने मानिस समाजमा अवहेलित र तिरष्कृत हुनु पर्ने बिडम्बनापूर्ण स्थितिलाई सेर्वा बूढाको प्रसङ्ग मार्फत् स्पष्ट पारिएको छ । त्यस्तै, उपन्यासमा गाउँघरमा झगडा पर्दा छिमेकका मान्छे जम्मा भएर रमिने प्रवृत्तिलाई पनि देखाइएको छ । तत्कालीन प्रवासी समाजमा आफूलाई अप्ठयारो पर्दा सहयोग माग्न आउने तर अरूलाई समस्या परेको बेलामा भाग्न खोज्ने गलत प्रकृत्तिलाई विकास हुँदै गइरहेको कुरालाई चित्रण गरिएको छ । माहिला भुजेलले मसिनीलाई कुट्दा छिमेकीले केवल औपचारिकता मात्र देखाएको तर कुनै सहयोग नगरेको विषयलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

"बाहिर गाउँ छिमेकका केटा-केटीहरू भेला भएका रहेछन् । आज माहिला भुजेलको घरमा झगडा भएको सुनेर तिनीहरूलाई तमासा हेर्न आएका थिए । तर मसिनीलाई कुट्न लागेको बेला कसैले हाइ बरा ! भनेर छुट्टयाउन आएन मुखले भने सबैले हाइ गरे, चुकचुक गरे । तर मसिनीलाई कुट्न लाग्दा अघि सरेर गुहार गर्न आउने कोही भएन" (बाङ्देल, २०७२:११४) ।

तत्कालीन प्रवासी नेपाली समाजमा 'भानुभक्तीय रामायण' को लोकप्रियता व्यापक रहेको तथ्यलाई उपन्यासका विभिन्न प्रसङ्गहरू मार्फत देखाइएको छ । प्रवासी नेपालीहरूका घरघरमा भानुभक्तको रामायणलाई सम्मान र भक्तिका साथ बाँच्ने परम्परा रहेको देखिन्छ । उपन्यासको एक प्रमुख पात्र माहिला भुजेलले बूढेसकालमा अक्षर चिन्न सुरू गरेको छ । अक्षर चिन्ने बित्तिकै उसले भानुभक्तको रामायण पढ्न

सुरू गरेको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "छ-सात महिनापछि त ऊ कनीकनी भानुभक्तीय रामायण सम्म बाँच्ने भयो" (बाङ्देल, २०७२:८१) । भुजेल लगायत अन्य पात्रहरूका यस प्रकारका धार्मिक क्रियाकलापहरूलाई हेर्दा ती सबैमा हिन्दू धार्मिक संस्कृतिको व्यापक प्रभाव रहेको तथ्य स्पष्ट हुन्छ ।

उपन्यासमा चित्रित प्रवासी समाजमा पुरूष प्रधान मानसिकता रहेको कुरालाई विभिन्न घटना र प्रसङ्गहरू मार्फत पुष्टि गरिएको छ । नेपाली समाज आधारभूत रूपमा पुरूष प्रधान चरित्रको छ  र यस उपन्यासको समाज पनि सोही अवधारणाबाट सिर्जना गरिएको छ (पौडेल, २०६८:१०६) । परिवारको सबै नियन्त्रण तिनका पुरूषहरूबाटै भएको छ । भुजेल नहुँदा मसिनीलाई गोठालाले पनि टेरेका छैनन् भने रनेसँग म्याउची रिसाएर हिँडे पनि फेरि उसैको पछि लागेकी छ । मसिनीले आफू निर्दोष हुँदाहुँदै पनि निर्घात कुटपिट गरेर हिँडेको बेइमान लोग्नकै पर्खाइमा बाँकी जीवन बिताएको छ । उपन्यासका प्रायः सबै पुरूष पात्रहरूले महिला पात्रहरू माथि कुनै न कुनै रूपमा दुर्व्यवहार गरेका छन् । रनेले म्याउचीलाई पिट्नु, अनावश्यक शङ्का गर्नु, हात बाँधेर खोलामा फालिदिनु, माहिला भुजेलले मसिनीलाई निर्घात् पिटेर भाग्नु लगायतका प्रसङ्गहरूले पुरूषहरूको हैकमवादी मानसिकतालाई नै अभिव्यक्त गरेका छन् । 'छोरो नभएर स्वर्गको बाटो बन्द हुन्छ' भन्ने सोच पनि पितृसत्ताकै विमर्शबाट सिर्जित देखिन्छ । उपन्यासका कुनै पनि महिला पात्रहरूले पुरूषहरूको व्यवहारमा शङ्का गरेका छैनन् तर पुरूषहरूले महिलाको पाइला पाइलामा शङ्काको भावले हेरेका छन् । सेर्वा बूढाले आफ्नी स्वास्नीप्रति सङ्केत गर्दै भनेको छ : "आइमाईहरूलाई बेसी सुख भयो भने मात्तिन्छन् अरे... सुखले दुःख खोज्छ- दुःखले काल खोज्छ" (बाङ्देल, २०७२:११६) । त्यस्तै दलबहादुरकी स्वास्नी गर्भवती भएपछि छोरा वा छोरी के जन्मन्छन् भन्ने प्रसङ्गमा मसिनीले भन्छे : "तर भाउजू, छोरा हुन्छ कि छोरी ? आ, छोरी त नहोस  है । छोरीको जात के-पाल्यो, बढायो तरूनी भएपछि एक दिन माइत-घर छोडी हामीलाई रूवाई अर्काको घर जानु पर्छ" (बाङ्देल, २०७२ : १४१) । यस उपन्यासमा चित्रित अनकौं प्रसङ्गहरूमा पितृसत्ताले निर्माण गरेको धार्मिक, सामाजिक, नैतिक लगायतका विमर्शहरूका माध्यमबाट महिला माथि

उत्पीडन भएको कुरा प्रस्तुत गरिएको छ । उपन्यासमा छोरालाई महत्त्व दिने सामाजिक संस्कारलाई चित्रण गरिएको छ । बूढी आमाले छोरा भएकै कारणले दलबहादुरलाई बढी माया गर्नु र छोराकै काखमा मर्ने इच्छा व्यक्त गर्नुले यसलाई अझ पुष्टि गरेको छ । उनी भन्छिन् : "मर्न लागेको बेला जीवनमा रहेको एउटा आफ्नो छोराको काखमा मर्नसम्म पाइएन भने के" (बाङ्देल, २०७२ : १२८) ? दलबहादुरको छोराको न्वारनका अवसरमा जम्मा भएका छिमेकीहरूले पनि छोरोको न्वारनका अवसरमा बधाइ दिँदै दलबहादुरकी आमालाई भनेकी छन् : "दिदी, तिमी त कस्ती भाग्यमानी ! नातिको अनुहार हेर्न पायौं " (बाङ्देल, २०७२ : १४२) ।

यसरी मुलुक बाहिर उपन्यासको मूल संसार नारीलाई हेर्ने सङ्कुचित दृष्टिकोणका कारणले रनबहादुर र माहिला भुजेलको सुन्दर दाम्पत्य जीवन चकनाचुर भएको छ । सूर्यविक्रम ज्ञवालीले उपन्यासको भूमिकामा भन्छन् : "पुरूष जातिको कठोर हृदयले नारीका कोमल हृदयको कहिल्यै पारख र कदर गर्न सक्दैन भन्ने कुराको प्रमाण दिन्छ । माहिला भुजेल जस्तो परिश्रमी, उदार हृदय तथा नियमित जीवन व्यतीत गर्ने मान्छेले रिसको झोकमा मसिनीलाई भुकर्नुसम्म भुकुरेर गृह त्याग गरेको देख्दा स्त्रीका विषयमा हाम्रो अत्यन्त विचार शून्य, आवेगशील मति भएको कुरा हामीलाई सम्झाउँछ" (बाङ्देल, २०७२ : पृ.ख) । उपन्यासका महत्त्वपूर्ण नारी पात्रहरू पुरूषहरूका तुलनामा केही खुला र उदार प्रकृतिका देखिन्छन् । तिनका पुरूषहरूले भनेजस्तै परपुरूषसँग बोल्न हाँसखेल गर्नै नहुने भन्ने मान्यतामा ती अडिएका छैनन् ।

उपन्यास विपन्न र चेतना शून्य अशिक्षित समाजको सेरोफेरोमा आधारित भएकोले उनीहरूको सामाजिक तथा सांस्कृतिक चेतना पनि सोही अनुकूलकै देखिन्छ । उपन्यासका प्रमुख पात्रहरू दिनभरी काम गरेर बेलुका एकै ठाउँमा जम्मा भई नाचगाना गर्ने, चोया काट्ने, डोको, नाम्लो, थुन्से बुन्ने, जाँडरक्सी पिउने, जुवातास खेल्ने, जुहारी खेल्ने मोजमस्ती गर्ने लगायतका क्रियाकलापहरूमा संलग्न भएको देखाइएको छ । त्यस्तै, उपन्यासमा दशैंमा घर लिपपोत गर्ने, मालसिरी गाउने, युवायुवतीले मादल नाच नचाउने, तिहारमा देउसी भैलो खेल्ने, सयपत्रीको माला

लगाउने, सुटुक्क भागेर विवाह गर्ने, मर्दापर्दा छरछिमेकी जोडिने, रामायण पढेर मृतकको घर पवित्र पारिदिने, अन्यष्टि क्रिया गरिने, झुण्डिएर मरेकालाई पश्चिमतिर शिर र पूर्वतिर खुट्टा पारेर गाड्ने लगायतका सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरूलाई चित्रण गरिएको छ । त्यस्तै तरूनी तन्नेरीहरूसँग उठबास गरेको तथा उनीहरू केही दिन हराएको थाहा पाए उनीहरूका बारेमा आपकीर्ति फैलाउने, कसैले दुःख गरेर देख्न नसक्ने, बिग्रिसकेपछि चेपारो पार्दै आउने, सानो कुरालाई बढाई चढाई गरेर बदनाम गराउने, कमाएको सम्पत्ति नसकुन्जेल काममा नजाने, आइमाई लोग्ने मानिस दुवैले जाँडरक्सी खाने लगायतका विषयहरूलाई उपन्यासमा प्रस्तुत गरिएको छ (पौडेल, २०६८ : १०७) ।

उपन्यासमा पाप धर्मसँग सम्बन्धित अनेकन प्रसङ्गहरूलाई चित्रण गरिएको छ । उपन्यासमा माहिला भुजेलले मसिनीलाई दोषी देखाएपछि मसिनीले दलबहादुरकी आमासँग भन्छे : "उसले त्यस्तै पाप देख्छ भने देखोस्-तर यो आगो साक्षी छ आमा, मैले त्यस्तो केही बिराम गरेकी भए देख्ने एउटा भगवान् छ" (बाङ्देल, २०७२:१२०) । त्यस्तै उपन्यासमा हिन्दू धर्म र संस्कृतिसँग सम्बन्धित विभिन्न प्रसङ्गहरूलाई चित्रण गरिएको छ । दशैँको आगमनसँगै गाउँघरमा मालसिरी गाउने, मादल नाच नाच्ने, घर लिपलोत गरेर चिटिक्क पार्ने, इष्टमित्र तथा नाता कुटुम्बले भेटघाट गर्ने, टीकाटालो गर्ने लगायतका उपन्यासमा चित्रित प्रसङ्गहरूले यसको पुष्टि गरेको छ ।

> दशैँ आइहाल्यो... गाउँघरमा छिमेकले मालसिरी गाएको सुनियो... चाड आयो भनेर सबै छिमेकले घर लिपलाप पारे । गाउँहरूले मादल-नाच गाएर गाउँ घर उज्यालो तुल्याए... कति दिन भेट नभएको छोरी ज्वाई, शाखा-सन्तान, नाता-गोता, कुटुम्बले भेटघाट गरे । टीका-टालो लाए (बाङ्देल, २०७२:१२४) ।

यसरी दशैँलाई प्रवासी समाजले महत्त्वपूर्ण चाडका रूपमा प्राथमिकता दिएको देखिन्छ । त्यस्तै, आफूभन्दा मान्यजनहरूलाई ढोग गर्ने संस्कृतिलाई पनि उपन्यासमा चित्रण गरिएको छ । दलबहादुरले आमालाई देख्ने बित्तिकै ढोग गरेको छ : "आमालाई देख्ने वित्तिकै दलबहादुरले आफ्नो कुम्लो भूँईमा राखेर आमाको गोडामाथि शिर राखेर ढोगिदियो" (बाङ्देल, २०७२ : १२७) । हिन्दू धर्ममा पतिव्रता महिलालाई गुणवती

मानिएको छ । सीताजस्ती आदर्श र पतिव्रता नारीको महिमाले भरिएको हिन्दू दर्शनको प्रभाव यस उपन्यासमा पात्रहरूमा परेको देखिन्छ । विवाह गरेको छोटो समयमा नै लोग्ने गुमाउनु परे तापनि दलबहादुरकी आमाले कहिल्यै परपुरूषको सम्झनासम्म मनमा राखेकी छैनन् र नमरून्जेल आफ्नो लोग्नेकै पूजा र भक्ति गरिरहेकी छन् । यस कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "लोग्नेको मृत्यु पछि कुनै परपुरूषको सम्झनासम्म मनमा राखिनन् । नमरून्जेल आफ्नो लोग्ने नै देवता सम्झेर मनमनै उसको सेवा, पूजा र भक्ति गरिरहिन्" (बाङ्देल, २०७२ : १५८) ।

त्यस्तै उपन्यासमा प्रवासी नेपालीहरूले बिस्तारै आफ्नो धर्म, संस्कृति र परम्परालाई बिर्सदै गएको कुरालाई पनि प्रस्तुत गरिएको छ । रक्सी खाने, तास खेल्ने लगायतका अनेक विकृति र विसङ्गतिको शिकार बन्दै गएको प्रवासी नेपालीहरूले आफू सप्रिने मति नलिएको विषयलाई गम्भीरताका साथ उठाइएको छ :

> दिनभरि लोग्ने मानिसहरू दरबानी काम गर्छन्-स्वास्नी मान्छेहरू चाहिँ घरघरमा रक्सी बनाउँछन् - बेलुकी भएपछि गोर्खालीहरू थुप्रिन्छन् -रक्सी खान्छन्, जुवा तास खेल्दछन् ! दूर प्रदेशमा, छाडा भएका यी नेपालीहरूले आफ्नो जन्मगत सभ्यता, संस्कृति र आहार-व्यवहार सबै दिनप्रतिदिन बिर्सन लागेको थिए । त्यहाँको वातावरण नै त्यस्तो थियो । तर दूर देशमा अन्य विदेशीहरूका संसर्गमा रहेर पनि ती गोर्खालीहरूले कहिले उँभो लाग्ने मत्ति लिएनन् (बाङ्देल, २०७२:१६९) ।

यसरी भिन्न सभ्यता र संस्कृतिका बीचमा बसेका प्रवासी नेपालीहरूका कतिपय पूर्ववत् बानी व्यवहार र स्वभावमा परिवर्तन आउँदै गरेको स्थितिलाई माथिको तथ्यले स्पष्ट पारेको छ । यसरी मुलुक बाहिर उपन्यासमा नेपालको पूर्वी पहाडदेखि भारतको विभिन्न स्थान हुँदै बर्मा, अफगानिस्तान, बगदादसम्म फैलिएको विस्तृत भूगोलको चर्चा गरिए तापनि दार्जिलिङको प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ । यस उपन्यासमा मूलतः दार्जिलिङको टिस्टा नदीको सेरोफेरो, घूम पहाड स्थित दलेको घर र रेल स्टेशनको प्राकृतिक तथा भौगोलिक परिवेशलाई चित्रण गरिएको छ ।

दार्जिलिङको अस्थिर मौसमले त्यहाँ मानिसहरूको जीवनशैली, पेसा व्यवसाय लगायतका पक्षलाई प्रभावित बनाएको छ । त्यसको अस्थिर मौसम जस्तै यस उपन्यासका प्रायः सबै पात्रहरूको जीवनशैलीसँग सम्बन्धित धेरै पक्षहरू अस्थिर बनेका छन् । रने, माहिला भुजेल, म्याउची, मसिनी लगायतका पात्रहरूले एउटा कुनै पनि स्थिर पेशा वा व्यवसाय अपनाएका छैनन्, जसले गर्दा उनीहरूको जीवन पनि दुःखद र कारूणिक बनेको छ । बाक्लो कुहिरो र हुस्सुले डाँडाकाँडा ढाक्नु, जाडोले मानिसहरू घरबाहिर निस्कन नसक्नु, छिनछिनमा पानी पर्नु, दार्जिलिङका प्रमुख प्राकृतिक विशेषताहरू रहेको तथ्यलाई उपन्यासमा प्रस्तुत गरिएका छन् ।

यस मुलुक बाहिर उपन्यासमा नेपालको पूर्वी पहाडबाट रोजगारीको खोजीमा मुगलान भासिने प्रवासी नेपालीहरूको धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, जीवनशैली लगायतका सामाजिक पक्षहरूलाई चित्रण गरिएको छ । यस उपन्यासमा नेपाली समाजका बेरोजगारी, अशिक्षा, न्यून चेतनाको स्तर, गरिबी, अन्धविश्वास जस्ता कुराहरूलाई सामाजिक परिवेशका रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासका पात्रहरू कामका खोजीमा विदेशी भूमिमा रहे पनि यिनले संस्कारका रूपमा नेपाली समाजका विशेषताहरू नै प्रस्तुत गरेका छन् । यस उपन्यासमा चित्रित समाजका आधारभूत रूपमा पुरूष प्रधान चरित्रको छ । उपन्यासका प्रमुख पुरूष पात्रहरू महिला माथि अनुदार मात्र देखिएका छैनन्, आफ्नो उत्पडीक चरित्रलाई पनि प्रदर्शन गरेका छन् । रनेले सामान्य निहुँमा म्याउचीको हत्या गर्नु, माहिला भुजेलले शङ्काकै भरमा मसिनीलाई पिटेर बेपत्ता हुनु, सेर्वा बूढाले जीवन भर स्वास्नीलाई दुःख दिनु लगायतका प्रसङ्गहरू यसैका परिणामहरू हुन् । उपन्यासमा छोरो नभए स्वर्गको बाटो बन्द हुने, माघेसङ्क्रान्तिमा तिरवेनी माईको पूजा गरेमा पापबाट मुक्त भइने, बलि दिएर पूजा गर्ने, सुकेका पातलाई अपशकुन मान्नु, भाग्यमा विश्वास गर्नु लगायतका सामाजिक अन्धविश्वासलाई चित्रण गरिएको छ । दशैँमा घर लिपपोत गर्ने, मालसिरी गाउने, मादल नाच नाच्ने, तिहारमा देउसी भैलो खेलेर रमाइलो गर्ने, भानुभक्तीय रामायणलाई घर-घरमा सम्मानका साथ बाँच्ने लगायतका हिन्दू संस्कृतिसँग सम्बन्धित प्रसङ्गहरूलाई चित्रण गरिएको छ । त्यस्तै गरी उपन्यासमा अभाव कठिनाइ र पीडाका

बीचमा पनि बेलुका एकै ठाउँमा जम्मा भएर नाचगान गर्ने, रमाइलो गर्ने, अरूलाई दुःख पर्दा खुला हृदयले सहयोग गर्ने लगायतका नेपाली समाजका सकारात्मक पक्षलाई चित्रण गरिएको छ भने जाँड रक्सी खाने, जुवातास खेल्ने, झगडा गर्ने, शङ्काकै भरमा निर्णय गर्ने लगायतका नकारात्मक प्रवृत्तिलाई पनि विभिन्न प्रसङ्गमा प्रस्तुत गरिएको छ । त्यस्तै मुलुक बाहिरकै प्रवासी नेपालीको जीवनशैलीका उतारचढाव र कष्टपूर्ण जीवनको उद्घाटन पनि यसै उपन्यासमा प्रस्तुत गरिएको छ ।

### ४.३.३ सांस्कृतिक परिवेश

मुलुक बाहिर उपन्यासमा नेपाली समाजमा प्रचलित सामाजिक सांस्कृतिक चालचलन रहनसहन, मान मर्यादाका साथै हिन्दू संस्कृति पनि पाइन्छ । यस उपन्यासमा रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, बूढी आमा, रूपा, सेर्वा बूढा आदिको स्वभाव, व्यवहार र संस्कार आदि स्पष्टिएका छन् । यिनीहरूको जीवनका पक्षहरूलाई उपन्यासमा प्रस्तुत गरिएको छ । अरूण खोला वारिपारि भेगहरूमा बस्ने रने, म्याउची, माहिला भुजेल, खालिङ बूढा, कान्छा राईहरूले घाँस दाउरा मेलपात गर्दा र गोठाला हुँदा सँगालेका प्रीतिसँग मुगलान पसेका छन् । दार्जिलिङको झिलिमिली हेर्दा छक्क पर्ने मुगलानेहरू दिनभर श्रमिक काम गरेर बेलुकी खाना खाएपछि टिस्टा पुलनेरको डेराहरूलाई बिनायो र मुर्चुङ्गाले रसमय बनाउने गर्दछन् । मुगलानमा बसेर पनि उनीहरूले माघे सङ्क्रान्ति जस्तो पर्व मनाउने गर्दछन् । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ :

> माघे सङ्क्रान्ति आयो । पहाडमा भए त माघे सङ्क्रान्तिका दिन प्रातः काल अरूण खोला, कि त सुनकोशी, कि त दूधकोशी, कि त तामाकोशीमा गएर नुहाउनु पर्थ्यो-गोठालाहरू बनका तरूल र दही-मही घर-घरमा ल्याइपुऱ्याउँथे-खूब चाड मनाइन्थ्यो । परदेशमा भने सङ्क्रान्तिको बिहानै टिस्टा खोलामा गएर नुहाउने तथा वरपरबाट तरूल, कन्दमूल इत्यादि खोजी ल्याएर उसिन्ने सबैको सल्लाह भयो (बाङ्देल, २०७२:१४) ।

यस उपन्यासको पात्र खालिङ बूढामा सांस्कृतिक परम्परागत मान्यता पाइन्छ । खालिङ बूढाले रने र म्याउचीको टीकोटालो गरिदिने काम गरेको छ । पात्रहरू निम्न

वर्गका भए पनि दीन-दुःखी र अशक्तहरूप्रति सहयोगी भावना देखाउनु, अतिथिप्रति श्रद्धा र सम्मान प्रकट गर्ने आचरणलाई पालन गरेका छन् । दलबहादुरले रने, माहिला भुजेल र मसिनीलाई आफ्नो घरमा आश्रय दिएको छ । दलबहादुरकी आमाले आफ्नो छोरालाई लडाइँबाट बचाएर ल्याउने रनेलाई माया ममता दिएकी छिन् । माहिला भुजेल र मसिनीलाई आफ्नो घरमा आदर स्वरूप आश्रय दिएकी छिन् । दलबहादुरको छोरो जन्मिएकाले सबै खुसी भएका छन् । यसै सन्दर्भमा उपन्यासमा भनिएको छ : "न्वारनका दिनमा खूब हर्ष बढाइँ भयो" (बाङ्देल, २०७२:१४२) । यहाँ हिन्दू संस्कार, चालचलन अनुसार नै न्वारन गर्ने परम्परा रहेको छ । शिशुको जन्म भएपछि घरमा छिमेकीहरू, इष्टमित्रहरू, नातागोता आवत-जावत भएको पाइन्छ । घरमा एक किसिमको आनन्दमय वातावरण छाएको छ । मानिसको मृत्यु भएपछि मलामी जाने, लास जलाउने र तेह्र दिन सम्म काजक्रिया गर्ने चाल चलन, रीतिरिवाज नेपाली हिन्दू संस्कारमा पाइन्छ । यस उपन्यासमा सांस्कृतिक सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> "अनत्येष्टि क्रिया सब शेष भयो । तीन-चार दिनसम्म राति-राति
> छिमेकीहरू त्यो गरौं-परौंको घरमा आएर बसे-सहानुभूति प्रकट गरे,
> कसैले रामायण पढेर घर पवित्र पारिदिए " (बाङ्देल, २०७२:१४८) ।

यसरी उपन्यासमा दलबहादुरकी बूढी आमाको दाह संस्कार र काजक्रिया हिन्दू संस्कारअनुसार नै गरिएको छ । मसिनीले माहिला भुजेललाई माया, दलबहादुरलाई आदर गरेकी छे । परिवारका सदस्यहरूलाई खाना खुवाउनु, आदर गर्नु र माया ममता दिनु आफ्नो कर्तव्य ठानेकी छे । काम गर्न नसक्ने बुढाबुढी भएका आमाबाबुलाई छोराले पालन पोषण गर्ने प्रचलन त्यस समाजमा आज पनि जीवित नै रहेको छ । दलबहादुरकी आमालाई दलबहादुर, दलबहादुरकी पत्नी र मसिनीले माया ममता दिएका छन् । रूपाले आफूभन्दा साना भाइबहिनीहरूलाई माया र ठूलालाई आदर गरेकी छे । माहिला भुजेललाई बृद्ध अवस्थामा भेटेपछि आफ्नो बाबु भनेर थाहा नपाउँदा पनि मानवताको नाताले खानेकुरा आश्रय दिएकी छे यो पनि हिन्दू संस्कार नै हो । माहिला भुजेलले आफ्नी निर्दोष पत्नी मसिनीलाई रिसको आवेगमा निर्मतापूर्वक कुटेर हिँडेका कारण नारी समाजले भोग्नु परेको बाध्यता र पालन गर्नु पर्ने परम्परित मान्यता पनि यस उपन्यासमा देखा पर्दछ ।

मुलुक बाहिर उपन्यासका पात्रहरू हिन्दू धर्ममा विश्वास राख्छन् । यस उपन्यासका पात्रहरू रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर, कान्छा राई जस्ता पात्रहरूले हिन्दू धर्मअनुसार मानिने पर्वहरू माघे सङ्क्रान्ति, दशैं, तिहार जस्ता पर्वहरू मुगलानमै बसेर पनि मनाएका छन् । आफ्नो मुलुकमा माघे सङ्क्रान्ति मनाउँदा अरूण खोलामा गएर नुहाउने, वनका तरूल खाने चलन भए पनि मुगलानमा त्यो प्राप्त नभएका कारण टिस्टा खोलामा गएर पर्व मनाएका छन् यसै सन्दर्भमा उपन्यासमा भनिएको छ :

> "तिनताक मेलामा रक्सी र जाँड प्रशस्त पाइन्थ्यो । भोलि सङ्क्रान्ति छ-आज बेलुका देखि नै मानिसहरू जाँड-रक्सी खाएर भेला टारमा डुल्न लागे । ठाउँ-ठाउँमा भेला भएर गीत गाउन थाले, जुवारी खेल्न थाले, कतै लिम्बू-नाच, कतै डम्फू-नाच, कतै धान-नाच, कतै जुवा खेल्न लागे । म्याउची र रने एकातिर लागे-अरू साथीहरू कताकता लागे" (बाङ्देल, २०७२:१४) ।

यस उपन्यासका पात्रहरू राई, लिम्बू, जातिका भएका कारण जाँड-रक्सी खाएर विभिन्न नाचहरू नाचेर पर्वहरू मनाएका छन् । कुखुरा, हाँस, परेवा, भेंडा, बाखा आदि जीवहरूलाई बलि दिएर माईको पूजा गरिएको पाइन्छ । नेपाली हिन्दू संस्कारमा सङ्क्रान्तिका दिन स्नान गर्‍यो भने सबै पाप काटिन्छन, रोग कष्ट ठीक हुन्छ भन्ने मान्यता छ । यसै अनुसार यस उपन्यासका पात्रहरूले माघे सङ्क्रान्ति मनाएका छन् । पात्रहरूले माघे सङ्क्रान्तिक साथै दशैं, तिहार-जस्ता पर्व पनि मनाएका छन् । यसै सन्दर्भमा भनिएको छ :

> "दशैं आइहाल्यो । सबै छिमेकहरूले घर लिपलाप गरे-पचेरा लाए, सफा-सुग्घर गरी चाडमा घर परिष्कार पारे । गाउँघरमा मादल नाच लायो, आफू पनि मादल बजाउँदै तरूनीसित खूब नाच्यो । चाडमा त्यसले गाउँ-घर उज्यालो पार्‍यो । फेरि तिहार आयो । तिहारमा पनि डम्फू बजाउँदै गीत गायो, नाच्यो-देउसी-भैलो खेल्यो" (बाङ्देल, २०७२:४६-४७) ।

दशैं, तिहारमा घर सफा-सुग्घर गरी घरलाई लिपलाप गरी विभिन्न रङ्गी चङ्गी कमेरोले पोती घरलाई चिटिक्क पार्ने चालचलन नेपाली संस्कार हो । अझ

गाईको गोबरले पोत्नु पर्ने विशेष रूपमा गरिन्छ । यस मुलुक बाहिर उपन्यासमा जन्म, संस्कार, मृत्यु संस्कारहरू नेपाली संस्कार अनुसार गरिएको छ ।

दलबहादुकी आमाको मृत्यु संस्कार हिन्दू परम्पराअनुसार गरिएको छ । माहिला भुजेल, दलबहादुरको सन्तान जन्मदा हर्षोल्लास छाएको छ । माहिला भुजेलले मासिनीलाई छाडेर आफू बेपत्ता भएपछि मसिनीलाई दशैं, तिहारजस्ता पर्वहरू पनि शून्य लागेको छ । यसै सन्दर्भमा यस उपन्यासमा भनिएको छ :

दशैं पर्वले मसिनीको हृदयमा अतीतको सम्झना गराएको छ । माहिला भुजेल मसिनीसँग हुँदा दशैं तिहार जस्ता पर्व धुमधामसँग मनाउने गर्दथे तर माहिला भुजेल नहुँदा मसिनीलाई चाडपर्वको उमङ्ग उजाड लागेको छ । त्यसको हृदय-आकाशमा उडिरहने विषादको बादलझैं कालो घुम्म कहिले हटेन । एउटी कोमल नारी हृदयको विरह-बेदना संसारको सुख र वैभव भन्दा पनि गहिरो हुन्छ । यसरी मसिनी गृहस्थीको भारमा चुर्लुम डुबेकी छ । गाई-गोठ कसरी हेर्नु-कसरी गाउँ-छिमेकको मान मर्यादा राख्नु साथै कसरी घर संसार चलाउनु लाग्नेबिना यसरी मसिनी चिन्तामा रात-दिन डुबिरहेकी पाइन्छ । उसलाई चारैतिर शून्य भएको देखिएको पाइन्छ । संसारको दृश्य नै बेग्लै भएको अनुभव पाइन्छ । मसिनी बाहिर आँगनमा आएर यो दृश्य मौन भएर हेरिरहन्छे । उसलाई त्यो दृश्यले विगत जीवनको सम्झना गराएको छ । यसरी यस उपन्यासका पात्रहरू आफ्नो मुलुकबाट टाढा मुगलान भए पनि आफ्नो संस्कृतिबाट भिन्न भएको छैनन् । उनीहरूमा धार्मिक सहिष्णुता पाइन्छ ।

## ४.४ निष्कर्ष

तेनले साहित्य र समाजको अन्तरसम्बन्धको व्याख्या गर्ने क्रममा प्रस्तुत गरेको दोस्रो महत्त्वपूर्ण तत्त्व 'परिवेश' हो । उनले परिवेश अन्तर्गत मूलतः प्राकृतिक परिवेशलाई महत्त्वका साथ चर्चा गरेका साथै सामाजिक परिवेशलाई पनि उत्तिकै स्थान दिएको छ । कुनै पनि व्यक्ति आफ्नो वरिपरिको भूगोल, जलवायु, हावापानी तथा समग्र प्राकृतिक वातावरणबाट प्रभावित हुन्छ । तेनको यही मतमा मानिस एक्लो नभएर ऊ चारैतिरबाट प्रकृति र समाजले घेरिएको हुन्छ । उनले प्राकृतिक परिवेशका साथ-साथै

सामाजिक परिवेशले पनि मानिसलाई निरन्तर प्रभावित बनाउने धारणा प्रस्तुत गरेका छन् ।

उनका उपन्यासमा मूलतः दार्जिलिङ र यस वरिपरिको भौगोलिक तथा प्राकृतिक परिवेशलाई चित्रण गरिएको छ । यस बाहेक राजवडी, कलकत्ता, सिक्किम, सिलीगुडी बर्मा, आसाम, घूम पहाड लगायतका स्थानहरूको चित्रण मार्फत उनका उपन्यासहरूको प्राकृतिक परिवेश निर्माण गरिएको छ । प्रकृतिको उजाड र निरस चित्रबाट मानवीय जीवनमा कारूणिकताको सञ्चार गर्न उनका उपन्यास सफल भएका छन् । उनका अन्य उपन्यासको तुलनामा फरक पृष्ठभूमिका रचना गरिएको उपन्यास रेम्ब्रान्टमा रहेको हलेण्डको अम्सटरडाम र लेइडनको सुन्दर प्राकृतिक परिवेशलाई चित्रण गर्दै रेम्ब्रान्ट कलाकार बन्नुमा त्यहाँको प्राकृतिक वातावरणको सकारात्मक भूमिका रहेको कुरा उल्लेख गरिएको छ ।

बाङ्देलका उपन्यासहरूमा विविध सामाजिक परिवेशको चित्रण गरिएको पाइन्छ । खासगरी प्रवासी नेपाली समाजका विविध परम्परा, रीतिरिवाज, चालचलन र संस्कृतिलाई सामाजिक परिवेशका रूपमा प्रस्तुत गरिएको छ । नेपालका विभिन्न ठाउँबाट भारतका विभिन्न ठाउँमा पुगेका नेपालीहरूले पूर्ववर्ती नेपाली संस्कारहरूलाई त्यहाँ पनि कायमै राखेका, दशैँमा घर लिपपोत गरेर चिटिक्क पारेका, तिहारमा देउसीमा रमाएका, छोराका लागि ईश्वरको पूजा गरेका मन्दिरमा बलि दिएका, भागेर विवाह गरेका, साँचो र पवित्र प्रेममा समर्पण गरेका, एकोहोरो कुकुर भुक्दा अपशकुन मानेका, छोरीचेलीलाई माइतमा धेरै राख्न नहुने मान्यता बोकेका लगायतका सन्दर्भहरूलाई सामाजिक परिवेशका रूपमा देखाइएको छ । त्यस्तै पुरूष प्रधान समाजका विमर्शहरूमा महिलाहरूको जीवन निरीह बनेको स्थितिलाई देखाइएको छ । यिनका उपन्यासहरूमा निम्नवर्गीय र निम्न माध्यमवर्गीय समाजका जटिलताहरू रहेका, हुने र हुँदा खाने बीचको गहिरो खाडल भएको, गरिब वर्गका पात्रहरूलाई धनी वर्गका मानिसहरूले अमानवीय र घटिया व्यवहार गरेका आदि सन्दर्भहरूलाई सामाजिक परिवेशका रूपमा चित्रण गरिएको छ । काम र मामको लागि मुगलान पस्नु

बाध्यात्मक रहेको छ । यस मुलुक बाहिर उपन्यासमा २००७ साल पूर्वको नेपालको आर्थिक र सामाजिक धरातललाई लिएर दार्जिलिङ मुगलान पुग्नु पर्ने बाध्यताको चित्रण गरिएको छ, साथै विशेष गरी पहिलो र दोस्रो विश्वयुद्धको आतङ्क भोगेको नेपाली जनजीवनलाई मुख्य विषय बनाएर लेखिएका छन् । यस उपन्यासको परिवेशको चित्रण देश (स्थान), समय (काल) र यस अन्तर्गत पर्ने विभिन्न पक्षहरू यस उपन्यासमा भएका संस्कार र संस्कृति, धार्मिक पक्ष, जीवन पद्धति, प्रकृति चित्रण, विचार चिन्तन, भाषा, वातावरण र वातावरणका विभिन्न पक्षहरू राजनीतिक, आर्थिक, सामाजिक परिवेशका आधारमा विश्लेषण गरिएको छ । यसबाट मुलुक बाहिर उपन्यासका स्रष्टा बाङ्देलको नेपाली उपन्यास जगत्मा सामाजिक यथार्थवादी उपन्यासकार रूपमा सुरक्षित रहेको छ । यिनका उपन्यासमा प्रवासी नेपाली समाजको सामाजिक विषयवस्तुलाई उपन्यासले जीवन्त रूपमा प्रकट गरेको छ । उनले समाजमा स्वार्थी सङ्कुचित र परम्पराको घेरा भन्दा माथि उठ्न नसकेको प्रवृत्ति समाजमा बढेको लगायतका पाश्यात्य समाजका सन्दर्भहरूलाई पनि चित्रण गरिएका छन् । यसरी नेपाली समाजका विभिन्न पक्षहरू उपन्यासमा प्रस्तुत भएका छन् । अतः तत्कालीन समयको सामाजिक, आर्थिक परिवेशका कारण नेपालीहरू मुगलान पस्नु पर्ने बाध्यताको यथार्थ चित्रण यस मुलुक बाहिर उपन्यासमा प्रस्तुत गरिएको छ ।

## पाँचौं परिच्छेद

## लैनसिंह बाङ्‌देलको उपन्यासमा युग

बाङ्‌देलका उपन्यासमा चित्रित युग वा क्षणका बारेमा चर्चा गर्नु भन्दा अगाडि यसको विश्लेषणका मुख्य आधारका रूपमा रहेको तेनको युगसम्बन्धी सैद्धान्तिक मान्यतालाई उल्लेख गर्नु आवश्यकता देखिन्छ ।

### ५.१ युग सम्बन्धी सैद्धान्तिक मान्यता

तेनले युगलाई 'युग विशेष' तथा 'युग चेतना'का रूपमा प्रयोग गरेका छन् । साहित्यिक कृतिमा साहित्यकार वा कलाकारले आफूले भोगेको वा बाँचेको युगको प्रतिविम्बि प्रस्तुत गरेको हुन्छ । साहित्यको समाजशास्त्रको अध्ययन गर्ने आधारमध्ये क्षण तथा युगलाई हेरिनु पर्ने तेनको धारणा रहेको छ । उनका मतमा साहित्यको अध्ययनबाट साहित्यमा अभिव्यक्त गुण तथा समयका मानिसहरूको स्थितिका बारेमा थाहा पाउन सकिन्छ (छेत्री, २०६४ : २३) । उनका अनुसार लेखक वा कलाकार आफ्ना युगका विषयमा सचेत हुन्छन् । कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ, जसलाई साहित्यकारले आफ्नो कृति वा रचनाका माध्यमबाट प्रस्तुत गरेको हुन्छ ।

हिप्पोलाइट तेनको समाजशास्त्रीय अवधारणा कृतिको विश्लेषण गर्ने एक प्रमुख सैद्धान्तिक आधार हो । समाजशास्त्रका मुख्य प्रवर्तक कोम्ते हुन् । तेनले साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधार दिने काम हिप्पोलाइट तेनले गरेका हुन् । उनले साहित्य र कलालाई एकै ठाउँमा जोड्ने काम गरेका छन् । खासगरी उनको मान्यता कृतिमा प्रयुक्त भएको प्रजाति, युग र परिवेशमा केन्द्रित छ । उनले साहित्यमा प्रयुक्त भएका यिनै समाजशास्त्रीय त्रितत्त्वलाई सुसङ्गत रूपमा प्रस्तुत गर्ने काम गरे । समाजको यथार्थ चित्र साहित्यमा हुने गर्दछ । साहित्यकार प्रत्यक्ष रूपले समाजसँगै गाँसिएको विषय भएको हुँदा उसले भोगेको क्षण, उसको प्रजाति र ऊ बाँचेको परिवेशमा साहित्यमा अङ्कन भएको हो । साहित्यिक कृतिको उसका इतिहास, कला र दर्शनको सन्दर्भहरूलाई प्रजाति, युग र परिवेशका रूपमा अध्ययन गर्नु नवीन

दृष्टिकोण मानिन्छ । साहित्यको समाजशास्त्र अन्तर्गत यी त्रितत्त्वहरूलाई संक्षिप्त जानकारी दिनु सान्दर्भिक ठानिन्छ । जसमध्ये युगलाई यहाँ प्रस्तुत गरिएको छ ।

तेनका अनुसार इतिहासमा विभिन्न कालखण्ड, युग विशेष तथा लेखक कलाकारको प्रतिभा बीचमा एक सम्बन्ध स्थापित भएको हुन्छ । कलाकार वा साहित्यकार जति आफ्नो कलाको गहिराइमा प्रवेश गर्दछ उति ऊ आफ्नो युग तथा जातिको चेतनाको गहिराईमा प्रवेश गर्दछ (जैन, १९९२:२१) । सही अर्थमा महान कलाकार आफ्नो समयको तथा युगको पूर्ण व्यभिव्यक्ति गर्न सफल हुन्छ । कलासाहित्य समाजको सामूहिक व्यभिव्यक्ति हो, जुन निश्चित परिवेशबाट प्रभावित भएको हुन्छ । उनले साहित्यलाई दर्पणसँग तुलना गरेर साहित्य निश्चित युगको सत्यलाई अभिव्यक्त गर्ने माध्यम भनेका छन् ।

तेनका मतमा रहेका युगमा कुनै एउटा प्रधान विचार हुन्छ, जसले सम्पूर्ण समाजको चिन्तनलाई कुनै न कुनै रूपवाट प्रभावित बनाइएको हुन्छ (पाण्डेय, २००६:१५) । युगको प्रधान विचार जीवनका सबै क्षेत्रमा प्रसारित भएको हुन्छ । एउटा लामो समयपछि प्रधान विचार गौण बन्दै जान्छ र अर्को नयाँ विचारले प्रधान विचारको स्थान ग्रहण गर्न थाल्छ । यो प्रकिृया प्रत्येक युगमा निरन्तर चलिरहन्छ । प्राचीन युगको ग्रिसेली साहित्यमा त्रासदीय क्षणको अभिव्यक्ति पाइन्छ, जसमा तत्कालीन समयको ग्रिसेली युग र परिस्थितिको सङ्केत पाइन्छ । त्यस्तै मध्य युगको साहित्यमा वीरता र साहासिक भाव र आधुनिक युगमा वैज्ञानिकताको प्रतिविम्ब पाइन्छ (छेत्री, २०६४ : २३) ।

कुनै पनि कृतिको समाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दा आधार बनाइने त्रितत्त्व मध्येको एक आधार क्षण पनि हो । पहिचानबाट त्यस साहित्यिक कृतिमा प्रयुक्त भएको युगीन चेतनाको बोध हुन्छ । क्षण भन्नाले कुनै पनि साहित्यकारको आफू बाँचेको युग हो । साहित्यकारले त्यसैको अङ्कन आफ्ना रचनामा गरेको पाइन्छ । कथा वा साहित्यमा समयका विभिन्न सूचक शृङ्खलाहरू आएका हुन्छन् । युगले त्यस

समयका चिन्तकहरू र साहित्यकारलाई प्रभावित बनाएको हुन्छ । प्रत्येक युग वा क्षणमा मान्छेको चिन्तन वा विचार छुट्टै प्रकारको हुन्छ ।

मानिसको परिकल्पना वा सोचाइ फरक हुन्छ । यसबाट फरक-फरक किसिमका साहित्यहरू जन्मन्छन् । तिनै साहित्यमा तत्कालीन समयको अवस्था विश्लेषण गर्ने प्रमखु सैद्धान्तिक अवधारणा क्षण हो । "यसले लेखक बाँचेको वा साहित्य व्यक्त भएको युग वा वातावरणलाई साहित्यिक कृतिमा मूलभूत घटनाहरूभित्र खोजी गरेर कुन समाजको भौगोलिक तथा सामाजिक वातावरण कृतिमा व्यक्त छ सो कुराको अध्ययन गर्छ (छेत्री, २०६४:५२) । तेनको यही क्षणसम्बन्धी मान्यताका आधारमा निर्धारित कथाको विश्लेषण गरिएको छ ।

साहित्यमा साहित्यकार तथा स्रष्टाले भोगेको युगको प्रतिविम्ब हुन्छ । तेनको साहित्यलाई ऐनासँग तुलना गरेर साहित्यलाई निश्चित युगको सत्यलाई अभिव्यक्त गर्ने माध्यम मानेका छन् (छेत्री, २०६४:३९) । तेनका अनुसार एउटा युगमा एउटा प्रधान विचार बौद्धिक साँचोको रूपमा रहेको हुन्छ । त्यसले सबै समाजको चिन्तन तथा व्यवहारलाई प्रभावित बनाई जीवनका सबै क्षेत्रमा फैलिएको हुन्छ । लामो समयको अन्तरालमा यस्तो विचारको विस्तार ह्रास हुँदै जाने र पुनः अर्को नयाँ विचार प्रधान विचारको रूपमा सिर्जना हुन पुग्दछ (पाण्डेय, सन् २००६:१२५) । गतिशील समयको कारण युग परिवर्तन भइरहन्छ । युग परिवर्तनसँगै नयाँ विचारको क्रमशः विकास भइरहन्छ । त्यो साहित्यमा अभिव्यक्त गरेको हुन्छ । तसर्थ साहित्यको अध्ययनबाट त्यसको रचनाकाल वा साहित्यले अभिव्यक्त गरेको युगका मानिसको अवस्था बारे बुझ्न सकिन्छ । यसरी युगका सम्बन्धमा तेनले प्रस्तुत गरेका धारणाहरूमा पाइने महत्त्वपूर्ण पक्षहरूलाई निम्न अनुसार चर्चा गरिन्छ :

### ५.१.१ साहित्यमा युग सन्दर्भ

तेनका मनमा साहित्यिक कृति कुनै पनि युगको मानव समाजको स्मारक वा दस्तावेज हो (छेत्री, २०६४:२३) । साहित्यको अध्ययनकर्ताले कुनै पनि युग विशेषका समाजका मानिसहरूका धार्मिक, सामाजिक, राजनैतिक, आर्थिक, इतिहास लगायतका

विभिन्न पक्षहरूका बारेमा जानकारी हासिल गर्दछन् । समाजशास्त्र, मानवशास्त्र र इतिहासमा उल्लेख हुन नसकेका कतिपय नवीन विषयहरू साहित्यमा उद्घटिन भएका हुन्छन् । दर्पणले मानवको सम्पूर्ण प्रतिविम्ब देखाए जस्तै साहित्यले पनि कुनै युग तथा समयको प्रतिविम्बलाई प्रस्तुत गरेको हुन्छ ।

तेनले 'हिस्ट्री अफ इङलिस लिट्रेचर'को भूमिकामा साहित्यिक रचना केवल व्यक्तिगत कल्पनाको क्रीडा, उत्तेजित मानसको तरङ्ग मात्र नभएर यो समसामयिक आवरणको प्रतिलिपि भएको र जसमा विशेष प्रकारको मानसिकता अभिव्यक्त गर्न सकिने धारणा व्यक्त गरेका छन् (जैन, १९९२:२०) । उनले साहित्यले कतिपय सत्यापनीय तथ्य र संवेगलाई प्रतिबिम्बन सबै प्रकारका कलाहरूमा हुने गर्दछन् तर यो साहित्यमा सबै भन्दा सरल र सुविधाजनक रूपमा हुन्छ । साहित्यमा पनि औद्योगिक समाजको प्रमुख साहित्यिक विधा हुनुको नाताले उपन्यासमा यसको सबैभन्दा सहज प्रतिविम्बन हुन्छन् भन्ने उनको मन रहेको छ । उनले साहित्यलाई एक दस्तावेज र स्मारकका रूपमा प्रस्तुत गरेका छन् । साहित्यले इतिहासमा लुकेर रहेको कुनै पनि युग र परिवेशका प्रजातिहरूका (मानिस) बारेमा तथ्य र सूचनाहरू उपलब्ध गराउँछ । यसरी साहित्य इतिहासभन्दा अगाडि बढेर समाज र सामाजिक मान्छेका विविध तथ्यहरूको एक दस्तावेज र स्मारक बन्न पुग्दछ ।

तेनका मतमा साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मानिसहरूको अवस्थाबारे बोध हुन्छ । उनले साहित्यकारले आफ्ना कृतिमा व्यक्त गरेको युगलाई एउटा विशेष स्मरणीय समयका रूपमा परिभाषित गरेका छन् । प्राचीन युगको ग्रिसेली साहित्यमा प्रतिविम्बित त्रासदीय स्थितिमा त्यस समयको ग्रिसेली युग र परिस्थितिको सङ्केत पाइन्छ । त्यस्तै मध्ययुगको साहित्यमा वीरताको भाव पाइनुले त्यस युगको अवस्थाबारे बोध हुन्छ । यसरी साहित्यलाई समय तथा युगको (क्षण) उत्पादन तथा प्रतिविम्ब मान्न सकिन्छ ।

### ५.१.२ प्रधान र गौण विचार

तेनले युगको चर्चा गर्ने क्रममा प्रधान र गौण विचारको धारणा प्रस्तुत गरेका छन् । उनका मतमा हरेक युगमा कुनै एउटा प्रधान विचार हुन्छ, जसले सम्पूर्ण समाजको चिन्तनलाई कुनै न कुनै रूपमा प्रभावित बनाएको हुन्छ (पाण्डेय, २००६ : १२५) । युगको प्रधान विचार जीवनका सबै क्षेत्रमा प्रसारित भएको हुन्छ । एउटा लामो समयपछि प्रधान विचार गौण बन्दै जान्छ र अर्को नयाँ विचारले प्रधान विचारको स्थल ग्रहण गर्दै जान्छ । यो प्रक्रिया हरेक युगमा निरन्तर जारी रहन्छ । प्राचीन युगको ग्रिसेली साहित्यमा त्रासदीय क्षणको अभिव्यक्ति पाइन्छ, भने मध्ययुगमा वीरताको भाव प्रधान विचारका रूपमा प्रस्तुत भएको पाइन्छ ।

### ५.२ मुलुक बाहिर उपन्यासको युग (क्षण) सन्दर्भ

मुलुक बाहिर उपन्यासमा मूलतः प्रथम र दोस्रो विश्व युद्धको राजनैतिक परिवेशले सिर्जित युद्ध र द्वन्द्वको कहाली लाग्दो परिवेशलाई चित्रण गरिएको छ । सन् १९१४ मा प्रथम विश्वयुद्धको प्रारम्भ भएको थियो (बाङ्देल, २०७२:२९) । यस युद्धमा डिपुमा गएर गोर्खा पल्टनमा नाम लेखाउने नेपालीहरूको ठूलो लहर चलेको छ । नाम लेखाएर नापजाँच गराएर, कम्मरमा खुकुरी भिरेर सामरिक जोसले जानुपर्‍यो जर्मनकै धावामा... भन्दै गीत गाउँदै वीर गोर्खालीहरू लडाइँमा सामेल भएको स्थितिलाई उपन्यासमा चित्रण गरिएको छ । गोर्खालीहरू लडाइँमा सामेल भएको स्थितिलाई उपन्यासमा चित्रण गरिएको छ : "लडाइँको जोस-प्रत्येक वीर नेपालीको नसा-नसामा पसेको थियो । कुलमा कि ता नामै कमाउँला कि ता बरू लडाइँमा उतै मरौंला भन्ने सबैको विचार थियो" (बाङ्देल, २०७२:२९) । यस विश्वयुद्धमा गोर्खाली सिपाहीहरूले संसारका विभिन्न ठाउँमा पुगेर दुस्मन विरूद्ध धावा बोलेका छन् । फ्रान्स, बगदाद, मेसोपोटासिया, अफगानिस्तान लगायतका ठाउँमा वीरताका साथ लडेका छन् । यही युद्धमा कर्णबहादुर राना र कुलवीर थापा जस्ता नेपाली वीर योद्धा नेपाली आमाका सन्तानहरूले भिक्टोरिया क्रस पाएको कुरालाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> यो चौध (१४) सालको लडाइँमा गोर्खाली सिपाहीहरूले फ्रान्सतिर पुगेर पनि लडे रे ! फेरि बगदाद, मेसोपोटासिया, ग्यालीपोली, अफगानिस्तान कता-कता

पुगेर शत्रुसँग ज्यानै माया मारेर लडे । तिनैताक कर्णबहादुर राना र कुलवीर थापा जस्ता वीर योद्धाले 'भिक्टोरिया क्रस' पाए । एउटा वीर सामरिक जातिले अरूकै निमित्त भए पनि यसरी लड्यो-संसारमा आफ्नो वीरताको यसरी परिचय दियो । वीर गोर्खाली सिपाहीहरूले सधैंका निम्ति आफ्नो नाउँ संसारमा अमर बनाए (बाङ्देल, २०७२:३०) ।

यसरी प्रथम विश्वयुद्धमा नेपाली बहादुर सिपाहीहरूले खेलेको ऐतिहासिक भूमिकालाई उपन्यासमा महत्त्वका साथ प्रस्तुत गरिएको छ । उपन्यासमा लडाइँ प्रारम्भ भएको मात्र नभई समाप्त हुँदाको अवस्थालाई पनि कलात्मक ढङ्गमा चित्रण गरिएको छ । प्रथम विश्वयुद्धले जर्मन साम्राज्यवादको विघटन गराएर चार वर्षपछि लडाइँ थामिन्छ । सिपाहीहरू आफ्ना घर फर्कन्छन् । लडाइँको निरस बातावरणबाट मुक्त भएर उनीहरू घर परिवारको सम्झनामा हराउँछन् । लडाइँ र युद्धले वाक्क पारेको परदेशी जीवनलाई कान्छीसँग भेटेर बिसाउने अन्तर इच्छाले गोर्खाहरूलाई आफ्नै मूल थलोतिर डोऱ्याएको छ । यसका साथै उनीहरूलाई युद्धमा ज्यान गुमाएका साथीहरूको सम्झनाले पनि सताएको छ : "घर फर्की देश- विदेशको वर्णन सुनाउने तथा आफूले लडाइँमा गरेको वीरता, शत्रु माथि युद्ध-भूमिमा गरेको हमला, छाउनीमा बसेको कुरा, सैनिक जीवनको कुरा इत्यादि सुनाउने सबैको इच्छा थियो (बाङ्देल, २०७२:३१) । यही प्रथम विश्वयुद्धको रणभूमिमा नेपाली मूलको सिपाही दलबहादुर घाइते भएको छ । दुश्मनको प्रतिकार गर्दा उसको देब्रे पाखुरामा गोली लागेको छ । आफ्नो साथी कर्णबहादुरलाई बचाउने क्रममा उसलाई गोली लागेको छ । उपन्यासमा दलबहादुरले माहिला भुजेललाई प्रथम विश्वयुद्धको अनुभव सुनाएको छ । यस क्रममा उसले भन्छ :

मेरा कानमाथि गोलीहरू गएको मैले पनि थाहा पाएँ- तर म त भुइँमा झन टाँसिएर सुतिरहें तर मेरो साथी त मरिसकेको थियो, उसको रगत मेरो जीउभरि नै लागेको थियो । केही बेरसम्म गोली आउन थामियो । त्यसबेला मलाई पछाडि सर्न मन भयो र बन्दुक भुइँमा पसारेर यसो कुहिनाले अलिकति टेकेर उठ्न बल मात्र गरेको थिएँ-बन्दुक पड्केको आवाज सुनें अनि मेरो

पाखुरामा आगोले भ्वास्स पोले जस्तो मात्रै लाग्यो, मेरो पाखुरामा गोली लागिहालेछ ! (बाङ्देल, २०७२:७६) ।

यस्तै उपन्यासमा सन् १९३९ सालदेखि प्रारम्भ भएको दोस्रो विश्वयुद्ध कालीन युगसन्दर्भका विविध विषयहरूको पनि चित्रण गरिएको छ । यस युद्धमा नेपालीहरूले इराक, मलाया, बर्मा, साइप्रस, इटाली आदि स्थानमा भएका लडाइँहरूमा भाग लिन्छन् (छेत्री, २०६४:५८) । लडाइँको यो आगो पश्चिम देखि पूर्व जापानसम्म पुग्दछ । यस भीषण महायुद्धमा करिब पैतालीस हजार नेपाल आमाका वीर सन्तानहरूले ज्यान गुमाउँछन् । सिङ्गापुरको पतन भएपछि लडाइँ बर्मातिर आउँछ । बर्मामा युद्धको प्रभाव बढ्दै गएपछि त्यहाँ प्रवासी जीवन बिताइ रहेका नेपालीहरूको विचल्ली हुन्छ । गाईगोठ, खेतीपाती, व्यापार आदि पेशा व्यवसाय गर्दै लामो समयदेखि बर्मामा रैथाने भएर बसेका असंख्य नेपालीहरूमा भागदौड चल्दछ (बाङ्देल, २०७२:१६१) ।

कति घर सम्पत्ति स्वाहा हुन्छ, कतिका स्वास्नी छोराछोरी, छिन्नभिन्न हुन्छन् । जीवन भर दुःख गरेर कमाएको धनमाल क्षणभरमै समाप्त हुन्छ । बर्मा छोडेर मानिसहरू आसाम, बङ्गाल, नेपाल पस्न थाल्छन् । यसकुरालाई उपन्यासमा यसरी चित्रण गरिएको छ : "कति आफ्ना छोराछोरी हराए । कतिले आतुरीमा जीउ जोगाउँदै भाग्दा उतै आफ्ना छोरा-छोरी छोडे । कतिले बाटामा बिरामी परेका आफ्ना जहान, बाल- बच्चालाई पनि उतै छोड्नु पऱ्यो... कति नानीहरू टुहुरा-टुहुरी भए-कति आमा-बुवा सन्तान विहीन भए" (बाङ्देल, २०७२ : १६२) । यही युद्धमा बर्माबाट भागेर घूम स्टेसनमा आएको एक हुल मानिसहरूमा माहिला भुजेलले उपन्यासको एक प्रसङ्गमा यस कहाली लाग्दो युद्धका बारेमा यसरी वर्णन गरेको छ :

> एकदिन त राति शत्रुका हवाईजहाजले रङगुन सहरमाथि आक्रमण गरे । साइरेन बज्यो । समस्त रङ्गुनवासी शेल्टर र ट्रेन्चमुनि लुके-कताकता भागे । निस्तब्ध रातमा दुश्मनले खसाएको बमको आवाज चारैतिर सुनियो- सहरै थर्कमान पाऱ्यो...हवाईजहाजबाट खसाइएका बमले रङ्गुन सहरका अट्टालिका, घर, मन्दिर, पगोडा भवन, अस्पताल, पोर्ट सबै चकनाचुर हुन थाले । कैयौं

मानिसहरू मारिए । अब रङगुन सहर छाडेर मानिसहरू धमाधम भाग्न थाले...आफू काम गरेको बर्मा शेलको तेल-कम्पनी छोडी माहिला भुजेल पनि आफ्ना साथीहरूका साथ लागेर भाग्यो (बाङ्देल, २०७२:१७१) ।

यसरी उपन्यासका मूल पुरूष पात्रहरू रने, माहिला भुजेल र दलबहादुरको प्रथम र दोस्रो विश्वयुद्धका विभिन्न अनुभवहरू सँगालेका छन् । तिनको उर्वर उमेर विश्वयुद्धका रणभूमिहरूमा बितेको छ । प्रत्यक्षरूपमा लडाइँमा सामेल भएका यी पात्र बाहेक तीसँग सम्बन्धित अन्य पात्रहरू पनि तत्कालीन युद्धबाट प्रभावित भएका छन् । माहिला भुजेल बर्माको लडाइँमा भुलेका कारण मसिनीले गाईगोठ बेचेकी छ भने उसको छोरी रूपाले चिया पसल खोलेर बस्नु परेको छ । दलबहादुरकी बूढीआमा छोराको चिन्ताले छिट्टै बुढ्यौलीमा प्रवेश गरेकी छन् बिहे गर्ने उमेरमा छोरो लडाइँमा घाइते भएर आएपछि बुहारी भित्र्याउने तिनको सपनामा आघात पुगेको छ । यसका साथै उनलाई छोरोको अभावमा उमेर ढल्कदा पनि एक्लै घर गृहस्थी सम्हाल्नु पर्ने पिरलोले सताएको देखिन्छ ।

प्रस्तुत उपन्यासका पात्रहरू नेपाली जातीय मूलका भएकाले उनीहरूका व्यवहार र क्रियाकलापमा नेपाली विशेषता पाइन्छन् । त्यसैले तत्कालीन नेपाली युगसन्दर्भका आधारमा उनीहरूका क्रियाकलापहरूलाई विश्लेषण गर्नु उपयुक्त देखिन्छ । यस उपन्यासमा नेपालको राणाशासन कालको अन्तिमतिरका केही वर्षहरूलाई समय सन्दर्भका रूपमा देखाइएको छ । नेपालमा तत्कालीन समयमा निरङ्कुश, जहानियाँ, एकतन्त्रीय र अनुदार प्रकृतिको शासन व्यवस्था रहेको थियो । जनतालाई अशिक्षा गरिबी र अभावको दुष्चक्रमा फँसाइ रहने र आफूहरू सत्ता र शक्तिको मोजमस्तीमा रमाइ रहने राणाहरूको अघोषित योजना थियो । देशमा उद्योग धन्दा खोल्नेतर्फ उनीहरूको कुनै सोच थिएन् । उनीहरूले सामाजिक सुधार र आर्थिक ढुकुटीमा भोग विलास गर्ने भन्दा बाहेक जनताले प्रत्यक्ष अनुभूति हुने विकासको पूर्वाधार खडा गर्ने- तर्फ उनीहरूले चासो नराखेका कारण देशको आर्थिक अवस्था कमजोर बन्दै गइरहेको थियो । निम्नवर्गीय मानिसहरूको जीवन अत्यन्त कष्टकर

बनेको थियो । मुलुकभित्रको गरिबी र बेरोजगारीको चपेटामा परेर बाध्यात्मक रूपमा विदेशिनु पर्ने नेपालीहरूको नियति जस्तै बनेको थियो ।

यस उपन्यासका प्रायः सबै पात्रहरू तत्कालीन नेपालको यही स्थितिबाट पीडित भएर काम र मामको खोजीमा विदेशिएका छन् । विदेशमा गएर तिनीहरूले गरेका कतिपय क्रियाकलाप त्यही युग चेतनाले भूमिका खेलेको देखिन्छ । यी पात्रहरू काम गर्न सक्ने उमेरमा मात्र नेपाल छाडेर विदेशिएका छन् । त्यसभन्दा अघिको उमेर उनीहरूले नेपाली भूमिमा विताएकोले तिनका व्यवहार र संस्कारमा तत्कालीन नेपालकै युगसन्दर्भको प्रभाव पर्नु स्वभाविकै देखिन्छ । उपन्यासमा उल्लेखित पात्रहरू यसरी विदेशिनुमा तत्कालीन नेपालका राजनैतिक, सामाजिक, आर्थिक लगायतका पक्षहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

गरिबी, अशिक्षा र बेरोजगारी नेपाल र नेपालीका लागि अभिशाप हुन् भन्ने प्रधान विचारको सेरोफेरोमा यस उपन्यासको कथानक केन्द्रित भएको छ । समग्र उपन्यास गरिबी, अशिक्षा र बेरोजगारीको दुष्चक्रबाट मुक्तिको खोजीमा प्रवासिएकाहरूको दुःखद स्थितिको चित्रणमा नै केन्द्रीय रहेको छ । उपन्यासका प्रमुख पात्रहरू रने, माहिला भुजेल, म्याउची, मसिनीदेखि सेर्वा बूढा, कान्छो राई लगायतका सबैजसो पात्रहरू नेपालको गरिबी र बेरोजगारीले आक्रान्त भएर काम र मामका निम्ति बाध्य भएर विदेशिनु पर्छ भन्ने मूल विचारलाई नै उपन्यासमा प्रस्तुत गरिएको छ ।

गरिबी र बेरोजगारीले आक्रान्त भएर प्रवासिनु परे पनि विदेशी भूमिमा नेपालीहरूले आफ्नो जातीय, धार्मिक, सांस्कृतिक, सामाजिक परम्परा तथा मूल्य मान्यताहरूलाई छाड्दैनन् भन्ने गौण विचारलाई उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा एउटा नेपालीलाई विपद् पर्दा अर्को नेपालीले हार्दिक रूपमा सहयोग गरेका अनेकौं दृष्टान्तहरू छन् भने दशैं तिहार मनाउनेदेखि नेपाली परम्परा अनुसारका विवाहसम्मका कार्यहरू गरिएका छन् । जसले प्रवासी नेपालीहरूका बीचमा अपनत्व बोध र राष्ट्रिय एकताको भावलाई सञ्चार गरेको छ । उपन्यासमा रनेले दलबहादुरलाई

गोली लागेर घाइते भएको अवस्थामा उदार भावले सहयोग गरेर घर फर्काएको छ भने दलबहादुरले रने, माहिला भुजेल, सेर्वा बूढा लगायतका नेपालीहरूलाई आश्रय दिएर उदार र सहयोगी नेपालीको परिचय दिएको छ । घर फर्कन लागेको कान्छा राईलाई माहिला भुजेलले गाईगोठको सम्पूर्ण व्यवसाय जिम्मा लगाउनुका साथै आश्रय समेत दिएर सहयोग गरेको छ । माहिला भुजेल हराउँदा दलबहादुरले धेरै मिहिनेतका साथ उसको खोजी गरेको छ । रने, मसिनी, माहिला भुजेल, म्याउची लगायत सबैजसो पात्रहरू प्रवासिनुमा यही भ्रमपूर्ण मानसिकताले पनि एक हदसम्म काम गरेको देखिन्छ । सोझासाझा र अशिक्षित विशेषत : ग्रामीण नेपालीहरू यसको सबैभन्दा बढी सिकार बनेको तथ्यलाई उपन्यासमा चित्रण गरिएको छ । त्यस्तै नेपाली अदक्ष कामदारहरूले विदेशमा तल्लो स्तरका काम मात्र पाउने गरेको कुरालाई उपन्यासका कतिपय पात्रहरू संलग्न कामका सन्दर्भहरूले प्रष्टयाएका छन् । रने, म्याउची, मसिनी, माहिला भुजेल लगायतका नेपालीहरू भारतीय भूमिमा रूख ढाल्ने, आरा चिर्ने, तख्ता ओसार्ने, दरबान बस्ने, भारी बोक्ने, खलाँसी बन्ने, कोइला खानीमा काम गर्ने जस्ता कठोर शारीरिक परिश्रम पर्ने र थोरै बेतन पाइने निम्नस्तरका काममा संलग्न हुनुले यसै तथ्यलाई पुष्टि गर्दछ । प्रवासमा जाँदैमा जीवन समृद्ध र सुखी नबन्ने विचारलाई उपन्यासका विभिन्न घटनाहरूले पुष्टि गरेका छन् । जीवनलाई सुखी र सम्पन्न बनाउने उत्कृष्ट अभिलाषा बोकेर प्रवासी भूमिमा छिरेका यस उपन्यासका पात्रहरूको जीवन तिनले सोचे जस्तो सरल भएको छैन । सबैजसो पात्रहरूले भारतीय भूमिमा अलपत्र जीवन बिताउनु परेको छ, एकपछि अर्को दुःख र सङ्कटको दलदलमा फँस्नु परेको छ । उपन्यासका कुनै पात्रको जीवन पनि सुखद तरिकाले टुङगिएको छैन र कसैले पनि सोचे जस्तो आर्थिक सम्वृद्धि हासिल गर्न सकेका छैनन् । सुखतिर लम्किएको जीवनलाई रने आफैले विनाश गरेको छ । रिस र शङ्काका कारण उसले आफ्नै श्रीमतीको हत्या गरेको छ र त्यही हत्याको अपराध मनोविज्ञान विकसित भएर अन्त्यमा आत्महत्या गर्न पुगेको छ । रनेकै प्रवृत्तिलाई बोकेको माहिला भुजेल दलबहादुरका घरमा गाईगोठको व्यापारबाट प्रगति गरेको अवस्थामा श्रीमतीलाई कुटेर कलकत्ता, सिलीगुडी, बर्मा लगायतका ठाउँहरूमा अनेकौं हन्डर खाँदै बूढेसकालमा अत्यन्त दयालाग्दो र जीर्ण शरीर बोकेर फर्केको छ । वृद्ध अवस्थामा पनि अर्कोको

गाईगोठको भार बोक्नु पर्ने स्थितिमा बाँचेको सेर्वा बूढा लाउँलाउँ र खाउँ खाउँको चढ्दो उमेरमा पनि चिया पसल खोलेर बस्न बाध्य भएकी रूपा, गाईगोठदेखि व्यापार र सेनामा काम गरे पनि परिवारको हैसियत सुधार्न नसकेको दलबहादुर इमान्दार भएर पनि अर्काको घरमा लोग्ने विहीन भएर बाँच्न विवश मसिनी लगायतका सबै पात्रहरूको सुख समृद्धिको चाहना सपना जस्तै बनेको  छ । सुख र समान्नाताको खोजीमा प्रवासिनु र प्रवासमा झन् भयानक विषद् र सास्ती पाउनुले नेपालीहरूको विडम्बनापूर्ण जीवनलाई नै उद्घाटन गरेको छ । अशिक्षा, अज्ञानता र विवेकहीनता जस्ता दुर्गुणहरूले मानिसलाई विनाशको बाटोतिर धकेल्छ भन्ने विचारलाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा धेरैजसो प्रमुख पात्रहरूको धैर्य, संयम, विवेक, ज्ञान नैतिकताजस्ता सद्गुणहरूको अभाव देखिएको छ, जसका कारण उनीहरूको जीवन दुःखद रूपमा टुङ्गिएको छ ।

यसरी मुलुक बाहिर उपन्यासमा मूलतः प्रथम र दोस्रो विश्वयुद्धकालीन युग सन्दर्भलाई चित्रण गरिएको छ । यसमा तत्कालीन समयमा नेपालको पूर्वी पहाडबाट गरिबी र बेरोजगारीका कारण भारतका विभिन्न ठाउँमा काम र मामको खोजीमा प्रवासिनु परेको युगीन सन्दर्भलाई मुख्य रूपमा चित्रण गरिएको छ । प्रथम र दोस्रो विश्व युद्धमा ठूलो संख्यामा नेपालीहरू भर्ती भएका, कम्मरमा खुकुरी भिरेर बहादुरीका साथ लडाइँमा मोर्चामा सामेल भएका, युद्धको निरस वातावरणमा आफ्ना प्रेमिकालाई सम्झेका, युद्ध लडेर भिक्टोरिया क्रस पाएका जस्ता तत्कालीन युगीन विषयहरूलाई प्रस्तुत गरिएको छ । प्रवासमा भएर पनि खासै आर्थिक उन्नति गर्न नसकेका, आफ्नो जातीय परम्परा र मौलिकतालाई अवलम्बन गरिरहेका, काठ चिर्ने, तख्ता ओसार्ने, गाडीमा मजदुरी गर्ने, कोइला खानीमा काम गर्ने, गाई पाल्ने लगायतका प्रसङ्गहरूबाट पनि तत्कालीन-युगलाई (क्षण) प्रस्तुत गरिएको छ । उपन्यासमा गरिबी, अशिक्षा र बेरोजगारी नेपाल र नेपालीका लागि अभिशाप हुन् भन्ने प्रधान विचारलाई प्रस्तुत गरिएको छ । उपन्यासमा त्यस्तै विभिन्न कारणे आफ्नो जन्मभूमिलाई छाडेर

विदेशिनु बाध्यता भए पनि विदेशी भूमिमा नेपालीहरूले आफ्नो जातीय धार्मिक, सांस्कृतिक परम्परा तथा मूल्य मान्यतालाई छाडेका छैनन् भन्ने गौण विचारलाई प्रस्तुत गरिएको छ ।

मुलुक बाहिर उपन्यास २००७ साल पूर्वका नेपालको आर्थिक र सामाजिक धरातललाई बोकेर दार्जिलिङ पुगेको र विशेषगरी पहिलो र दोस्रो विश्वयुद्धको कारण सङ्कट र समस्या भोगेको नेपाली जीवनलाई मुख्य विषय बनाएर लेखिएको उपन्यास हो । वि.सं. २००४ सालमा लेखिए पनि यस उपन्यासले ग्रहण गरेको समय यस भन्दा लगभग ३०-३१ वर्ष अघिदेखिको देखा पर्दछ ।

तत्कालीन समयको सामाजिक आर्थिक, नेपालीहरूको मुगलान पस्नु पर्ने बाध्यताको यथार्थ चित्रण यस उपन्यासमा भएको छ । यस उपन्यासले मूलरूपमा प्रथम विश्वयुद्ध (सन् १९१४) र दोस्रो विश्वयुद्ध (सन् १९३९) को आयतनभित्र मुलुक बाहिर उपन्यासको कथावस्तुलाई समेटेको छ । यस उपन्यासका पात्रहरू पहिलेदेखि हिउँद मुगलान आउने जाने प्रसङ्ग छ । यसै सन्दर्भमा यहाँ प्रस्तुत गरिएको छः

> हिउँद लाग्यो । अब पहाडखण्डबाट मानिसहरू फेरि धमाधम मुगलान पस्न थाले । यसरी वर्षेनि उनीहरू मुगलान आउँछन्-मुगलान पसेर आरा काट्ने ढुलाई गर्ने ठेका काम गर्छन् । हिउँदभरि यसरी काम गरेर-एक दुई पैसा कमाएपछि उनीहरू फेरि पहाड फर्कन्छन् । एक हिउँद रने पनि मुगलान पस्यो (बाङ्देल, २०७२:३) । यसरी प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धको अन्तराल भित्रको समयावधि देखिन आउँछ ।

जुनबेला नेपालमा जहानियाँ राणाशासनको जगजगीले नेपाली समाजमा निम्नवर्गका जनताहरू हातमुख जोर्ने समस्या बोकी मुलुक बाहिरिन्थे । यही समस्याहरूको चित्रण यस मुलुक बाहिर उपन्यासमा प्रस्तुत गरिएको छ । प्रत्येक वर्षको दशैंको हिउँद लागेपछि ४/५ महिना उत्पादनमूलक केही काम नहुने हुनाले र हिउँदभरि खाली नै बस्नु पर्ने हुनाले नेपालीहरू काम र मामको खोजीमा मुगलान जाने गरिन्थ्ये । मुगलानतिर नै परदेशिएका युवा युवतीहरू उतै जोडी बाँधिएर सानोतिनो

ज्यालादारी, ठेक्कापट्टाको काम गरी गुजारा गर्ने गर्दछन् । यसै सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> टिस्टा-पुलको अलि वर जङ्गलपट्टि दुई-तीनवटा डेराहरू छन् । जूनको घुमैलो टक ती डेराको धुरी-धुरीमा लागेको देखिन्छ । हावाले धुरीबाट निस्केको धूवाँलाई तेछ्र्याएर उतै मधेसतिर लाँदैछ (बाङ्देल, २०७२:१८) ।

टिस्टा खोला छेउको डेरामा रने, म्याउची, माहिला भुजेल, खालिङ बूढा आरा काट्ने, तख्ता, बीम बटम बोक्ने, दरबानी काम गरी जीवनयापन गर्दछन् । उपन्यासको पहिलो खण्डमा अरूण खोलाको डेरामै रहँदाबस्दा एकदिन रने र म्याउची बीच भएको ठाकठुकले रनेले म्याउचीलाई टिस्टाको खोलामा फालिदिएर आत्महत्या गर्दछ । उपन्यासको दोस्रो खण्डमा सन् १९१४ सालको प्रथम विश्वयुद्धको प्रसङ्ग प्रस्तुत गरिएको छ । रने, दलबहादुर सेनामा भर्ती भई विभिन्न ठाउँमा लडाइँ गरी वीरता प्राप्त गरेको कुरा प्रस्तुत गरेका छन् । एक दिन दार्जिलिङको बजारमा माहिला भुजेल र मसिनीसँग रनेको भेटघाट भएपछि उनीहरू सबै दलबहादुरको घरमा बस्न थाल्दछन् । यस्तै घटनाहरूमा आधारित भएर उपन्यासको समय अघि बढ्छ । चौथो खण्डमा दोस्रो विश्वयुद्धको (सन् १९३९) हाहाकारलाई यसरी व्यक्त गरिएको छ :

> संसारमा कसैले सपनामा कल्पना नगरेको कुरो भयो ।
> लडाइँले हाहाकार, अनिकाल, भोक, अत्याचार, रोग,
> देशान, मृत्यु जम्मै सोहोरेर फेरि संसारका अघिल्तिर
> राखिदियो । मानव जातिको संसारमा एकदिन फेरि
> यस्तो दुर्दशा भयो (बाङ्देल, २०७२:१६२) ।

दोस्रो विश्वयुद्ध सन् १९३९ सालमा बर्मामा नेपालीहरूले भोगेका दुःखका कारण मानिसहरू आफ्नो ज्यान जोगाउनका लागि दार्जिलिङ आसामतिर पस्न वाध्य भए । त्यतिबेला कतिका आफ्ना छोराछोरी हराए । कतिले बाटामा बिरामी परेका आफ्ना जहान, बाल-बच्चा, बूढाबुढीलाई पनि उतै (बर्मामा) छोड्नु पर्‍यो । कति नानीहरू टुहुरा-टुहुरी भए, कति आमा-बावा सन्तान बिहीन भए । बर्माका लडाइँका कारण कति नेपालीहरू आसाम पसे, कति दार्जिलिङ पसे, यही बेला १८ वर्षदेखि बेपत्ता भएको माहिला भुजेल पनि फेरि दार्जिलिङ आइपुग्यो । अन्त्यमा दार्जिलिङको घुम स्टेशनमा

रूपाको चिया पसलमा माहिला भुजेल र रूपाको बिचमा चिनजान भएको कुरा प्रस्तुत भएको छ । यसरी यस उपन्यासमा सन् १९१४ मा सुरू भएर सन् १९३९ सालमा लडाइँ अन्त्य भएको छ । यस बिचको समयावधिलाई यस उपन्यासले समेटेको छ । तत्कालीन समाजमा प्रचलित शोषण, उत्पीडनलाई उपन्यासमा रोचकताका साथ प्रस्तुत गरिएको छ । वि.सं. २००७ साल पूर्वको नेपालको आर्थिक र सामाजिक समस्या लिई मुगलान पुगेको र त्यहाँका नेपालीहरूको सङ्घर्षमा जीवनको चित्रण गरिएको छ । दुई विश्वयुद्ध विचको आतङ्कको हाहाकारलाई यस मुलुक बाहिर उपन्यासले समेटेको छ । तत्कालीन समयको सङ्घर्ष, सुख, दुःख, क्रोध, परम्परा समाज र व्यक्ति, पुरानो र नयाँपना आदि विविध पक्षहरूलाई विभिन्न पात्रहरूद्वारा प्रस्तुत गरिएको यस उपन्यासमा वि.सं. २००४ भन्दा अघिको चित्रण भएको छ । अतः मुलुक बाहिर उपन्यासको समयावधिले सन् १९१४ को प्रथम विश्वयुद्ध र सन् १९३९ को दोस्रो विश्वयुद्धको भयावह परिस्थितिलाई समावेश गरेको छ ।

## ५.३ निष्कर्ष

तेनले साहित्यका समाजशास्त्रका सन्दर्भमा प्रस्तुत गरेको तेस्रो तत्त्व 'युग' हो । उनले युगलाई विशेषतः युग चेतनाका रूपमा प्रस्तुत गरेका छन् । उनले साहित्यिक कृतिलाई युगको दस्तावेजका रूपमा अर्थाएका छन् । साहित्यिक कृतिमा आफ्नो समयको युगमा विषयमा विभिन्न तथ्यहरू प्रस्तुत गरेको हुन्छ । उनका मतमा हरेक युग विशेषमा एउटा प्रधान विचार हुन्छ, जसले त्यस युगका सम्पूर्ण विचारहरूको नेतृत्त्व गरेको हुन्छ । एउटा लामो समयपछि प्रधान विचार गौण बन्दै जान्छ र अर्को नयाँ विचारले प्रधान विचारको स्थान ग्रहण गर्न थाल्छ । यसरी प्रधान र गौण विचार बन्ने प्रक्रिया निरन्तर चलिरहन्छ ।

लैनसिंह बाङ्देलका उपन्यासहरूमा विभिन्न युगका विभिन्न सन्दर्भहरूलाई चित्रण गरिएको छ । उनका उपन्यासमा प्रथम विश्वयुद्धदेखि दोस्रो विश्वयुद्धसम्मका विभिन्न गतिविधिहरूलाई प्रस्तुत गरिएको छ । उनका उपन्यासमा नेपालको पहाडी जनजीवन कठिन भएको पहाडमा खेती किसानी गरेर जीविकोपार्जन गर्न असहज

स्थिति उत्पन्न भएको, कृषि परम्परागत र निर्वाहमुखी रहेको, अशिक्षा र बेरोजगारीले समाज आक्रान्त भएको, युवाहरू भारतका विभिन्न सहरहरूमा तल्लो स्तरको काम गर्न बाध्य भएका लगायतका तत्कालीन युगजन्य सन्दर्भलाई चित्रण गरिएको छ । त्यस्तै, बाङ्देलका उपन्यासहरूमा सामाजिक अन्धविश्वास र रूढिवादले ग्रसित समाज देखाइएको छ । सामाजिक प्रतिष्ठा र नैतिक मर्यादाको पर्खाल तेर्स्याएर व्यक्ति स्वतन्त्रताको अपहरण गरिएको समाजलाई प्रस्तुत गरिएको छ । उनका उपन्यासमा मानवता नभएका मानिसहरू बलशाली रहेका, कमजोर र नसक्नेहरूप्रति घृणा गर्ने प्रवृत्ति रहेको सामाजिक न्यायको स्थिति निकै कमजोर रहेको महान् कलाको उपेक्षा गरिएको, राज्यले व्यक्तिको प्रतिभाको उपयोग र संरक्षण गरेको लगायतमा युग सन्दर्भहरूलाई उल्लेख गरिएको छ ।

बाङ्देलका उपन्यास मुलुक बाहिरमा नेपालमा काम र मामको व्यवस्था नभएकाले विदेशिनु उपयुक्त भएको, व्यक्तिभन्दा समाज र नैतिक मर्यादा ठूलो कुरा रहेको समाज र राज्यव्यवस्थामा शक्ति तथा पहुँच हुनेले अरूको कुरा सुन्नु नपर्ने, महान कला भन्दा तत्कालीन क्षणिक उपयोगिता हुने कलालाई उच्च महत्त्व दिनु पर्ने आदिलाई मुख्य विचारका रूपमा उल्लेख गरिएको छ । त्यस्तै विदेशिए पनि नेपाली माटो र जन्मभूमिलाई बिर्सन नहुने, जहाँ गए पनि आफ्नो संस्कृति नै प्यारो हुने, समाज व्यक्तिका इच्छाहरूको विरूद्धमा जान नहुने, पवित्र प्रेमको अभावमा जीवन निराश हुने, सम्पत्ति भन्दा मानवीय सम्बन्ध धेरै ठूलो हुने, कला, भविष्यको लागि बाँच्ने, तत्काललाई हेरेर मात्र कलाको मूल्याङ्कन गर्न नहुने आदिलाई उनका उपन्यासका गौण तथा वैकल्पिक विचारका रूपमा उल्लेख गरिएको छ ।

# छैटौं परिच्छेद

## सारांश र निष्कर्ष

लैनसिंह बाङ्देलका मुलुक बाहिर उपन्यासमा प्रजाति, परिवेश र युग विषयको प्रस्तुत शोधप्रबन्ध तयार गर्ने क्रममा यस परिच्छेदमा समग्र परिच्छेदगत सारांश र मुख्य निष्कर्ष गरी प्रस्तुत गरिएको छ । परिच्छेदगत सारांशमा छ वटा परिच्छेदमा विश्लेषण गरिएका विषयहरूको सारलाई प्रस्तुत गरिएका छन् भने मुख्य निष्कर्षमा समग्र शोधकार्यको निष्कर्ष प्रस्तुत गरिएको छ ।

### ६.१ परिच्छेदगत सारांश

प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधप्रबन्धको परिचय दिइएको छ । यस परिच्छेदमा लैनसिंह बाङ्देलका उपन्यासमा प्रजाति, परिवेश र युग सम्बन्धी विषयवस्तुको परिचय दिइएको छ । त्यसपछि प्रस्तुत शोधको समस्या उल्लेख गर्दै बाङ्देलका उपन्यास (मुलुक बाहिर) लाई तेनको प्रजाति, परिवेश र युग सम्बन्धी सिद्धान्तको आधारमा व्याख्या विश्लेषण गर्ने उद्देश्य राखिएको कुरा उल्लेख गरिएको छ । यसमा सो उद्देश्य पूरा गर्नका लागि आवश्यक पूर्वकार्यका अध्ययन र सैद्धान्तिक ढाँचा उल्लेख गरिएको छ । यसका साथै यस परिच्छेदमा हालसम्म पनि बाङ्देलको उपन्यास मुलुक बाहिरलाई प्रजाति, परिवेश र युग सम्बन्धी सिद्धान्तका आधारमा वस्तुगत र व्यवस्थित अध्ययन नभएकाले यसको औचित्य रहेको कुरा उल्लेख गरिएको छ । यस परिच्छेदको अन्त्यमा प्रस्तुत शोधको सम्भाव्य रूपरेखा पनि प्रस्तुत गरिएको छ ।

यस शोधप्रबन्धको दोस्रो परिच्छेदमा बाङ्देलका औपन्यासिक यात्रा, प्रवृत्तिगत विशेषताहरू प्रस्तुत गरिएको छ । यसमा बाङ्देलका परिचय प्रवृत्तिगत विशेषताहरू उल्लेख गर्दै त्यसैका आधारमा लैनसिंह बाङ्देलका मुलुक बाहिर उपन्यासका साथै अन्य तीनवटा उपन्यासको पनि सामान्य व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा यस परिच्छेदमा सामाजिक यथार्थवाद, अतियथार्थवाद, मनोवैज्ञानिकता मानवतावाद,

प्रकृतिवादी लगायतका विषयहरू उल्लेख गरिएको छ । यस परिच्छेदको अन्त्यमा समग्र परिच्छेदगत निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको तेस्रो परिच्छेदमा बाङ्देलका मुलुक बाहिर उपन्यासमा प्रजातीय अध्ययन प्रस्तुत गरिएको छ । यसमा तेनको प्रजातिसम्बन्धी सैद्धान्तिक मान्यतालाई प्रस्तुत गर्दै त्यसैका आधारमा लैनसिंह बाङ्देलका चारवटा उपन्यासमध्ये मुलुक बाहिर उपन्यासको व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा यस परिच्छेदमा प्रजाति सम्बन्धमा तेनले प्रस्तुत गरेका धारणाहरूलाई विभिन्न शीर्षकमा बाँडेर प्रस्तुत गरिएको छ । यस क्रममा वंशाणुक्रम र वातावरण, प्रजातिका प्रतिभा, प्रजातिको मानसिकता, प्रजातिको संस्कृति निर्माण, लेखको प्रजातीय प्रभाव लगायतका सैद्धान्तिक विषयहरू उल्लेख गरिएको छ । यिनै सैद्धान्तिकको आधारमा बाङ्देलका उपन्यासहरूका प्रजातिहरूको विश्लेषण गरिएको छ । यस परिच्छेदको अन्त्यमा समग्र परिच्छेदगत निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको चौंथो परिच्छेदमा बाङ्देलका मुलुक बाहिर उपन्यासको परिवेश निरूपण गरिएको छ । यस परिच्छेदको प्रारम्भमा तेनको परिवेशसम्बन्धी सैद्धान्तिक मान्यतालाई दुई वटा शीर्षकमा प्रस्तुत गरिएको छ । प्राकृतिक र सामाजिक परिवेश गरी दुई भागमा विभाजन गर्दै धार्मिक, नैतिक, सांस्कृतिक आदि विषयहरूलाई समावेश गरी यिनैको आधारमा बाङ्देलका उपन्यासको अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधको पाँचौं परिच्छेदमा बाङ्देलका मुलुक बाहिर उपन्यासको युग (क्षण) प्रस्तुत गरिएको छ । यस परिच्छेदमा साहित्यमा युग सन्दर्भ तथा मुख्य र गौण विचारका सैद्धान्तिक मान्यताहरूलाई उल्लेख गर्दै त्यसैका आधारमा बाङ्देलका उपन्यास मुलुक बाहिरको विश्लेषण गरिएको छ । यसको अन्त्यमा युग सम्बन्धी अध्ययन विश्लेषणको निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको छैटौं तथा अन्तिम परिच्छेदमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । यसै अन्तर्गत प्रस्तुत शोधप्रबन्धका छवटा परिच्छेदमा प्रस्तुत गरिएका

कार्यहरूको सारांश उल्लेख गर्दै त्यसैका आधारमा मुख्य निष्कर्ष र भावी अनुसन्धानका निम्ति सुझाव प्रस्तुत गरिएको छ । मुख्य निष्कर्ष यस शोधको मुख्य प्राप्ति बनेको छ ।

## ६.२ मुख्य निष्कर्ष

लैनसिंह बाङ्देलका उपन्यासमा नेपालभित्र र नेपालबाहिरका मानिसहरूलाई प्रजातिका रूपमा प्रयोग गरिएको छ । उनका उपन्यास मुलुक बाहिरमा आर्य, राई, किराँत तथा मङ्गोलियन प्रजातिको उपस्थिति रहेको छ । उनका उपन्यासमा मूलत : छेत्री, राई, भुजेल, कार्की, सेर्वा, तामाङ, मगर आदि थरका पात्रहरूको प्रयोग भएको पाइन्छ । बाङ्देलका उपन्यासमा अशिक्षित, बेरोजगार र आर्थिक रूपमा कमजोर प्रजातिहरू रहेका छन् । यसका साथै यी प्रजातिहरू गरिबी, अशिक्षा, बेरोजगारी, प्रेम, नैतिक मर्यादा आदिका कारण आन्तरिक द्वन्द्वको उल्झनमा फसेका मानसिक रूपले कमजोर र निरीह छन् । यिनका उपन्यासमा सहरीभन्दा ग्रामीण जनजीवनका प्रजातिहरूको प्रयोग गरिएका छन् ।

बाङ्देलका उपन्यासका प्रजातिहरू जीवनलाई यथार्थ धरातलमा भोग्ने र यथार्थमा नै रमाउने प्रकृतिका छन् । यिनीहरूमा आदर्शको कुनै गुञ्जायस पाइँदैन । जीवनमा जे जे पर्छ, त्यही भोग्दै जानु र एकपछि अर्को सङ्घर्षमा झेलिनु यिनीहरूको जीवन दर्शन  हो । यिनीहरू जीवन जिउने क्रममा अनेकन समस्या र झन्झटमा फस्दै गएका देखिन्छन् । समस्यालाई भोग्नु स्वभाविक भए पनि समस्याको सही पहिचान गर्न नसक्नु, समस्या समाधानको उपयुक्त बाटो रोज्न नसक्नु, बलपूर्वक समस्याको समाधान खोज्नु यिनीहरूका चारित्रिक कमजोरी हुन् । उनका उपन्यासका प्रजातिहरू शङ्का, रिस, आवेश, सन्काहापन, लोभ-लालच जस्ता दुर्गुणका कारण एकपछि अर्को विपत्तिमा फस्दै गएका छन् । अधिकांश प्रजातिहरूले यिनै मानवीय कमजोरीका कारण आफ्नो सुन्दर जीवनलाई समाप्त पारेका छन् र अन्त्यमा पछुताउँदै अत्यन्तमा कारूणिक मृत्युवरण गरेका छन् ।

बाङ्देलका उपन्यासका प्रजातिहरू प्रायः हिन्दू-धार्मिक संस्कार तथा मूल्यमान्यतामा विश्वास गर्ने प्रवृत्तिका साथै कतिपय सन्दर्भमा ढोंगी र अन्धविश्वासी

देखिएका छन् । उनका उपन्यासका पुरूष प्रजातिहरू लैङ्गिक दृष्टिले महिलाप्रति अनुदार र अव्यवहारिक देखिएका छन् । पितृसत्तात्मक संरचनाका कारण तिनीहरूले महिलालाई दोस्रो दर्जाको नागरिक बनाएर राखेका छन् । महिलालाई शारीरिक र मानसिक रूपमा शोषण गर्ने, कुटपिट गर्ने, घरबाट निकाल्ने, खोलामा फालिदिने, रक्सी खाएर पैसा सिध्याउने, जुवातास खेल्ने आदि क्रियाकलापमा ती पुरूष प्रजातिहरू संलग्न रहेका  छन् ।

बाङ्देलका उपन्यासमा केही सीमित प्रजातिहरू विशेष प्रतिभाशाली देखिएका छन् । युगौँसम्म जीवन्त रहने महान् कला रचना गर्ने अमर कलाकार, विभिन्न घरेलु इलममा रूचि राख्ने, कविता कोर्ने, गीत गाउने आदि अनेक रूचि र प्रतिभाका प्रजातिहरू बाध्यताले विदेशिएका भए पनि तिनले आफ्नो वंशाणुगत सम्बन्ध, आफ्ना नातागोता, आफ्नो मातृभूमि र गाउँले झुपडीलाई बिर्सिएका छैनन् । ती अपठित, अशिक्षित भए पनि तिनमा राष्ट्रियताको भाव सशक्त पाइन्छ । उनका उपन्यासका प्रजातिहरू मानववादी भावनाका छन् । यिनीहरूले धनसम्पत्ति भन्दा मानवीय सम्बन्ध नैतिकता तथा मूल्यमान्यतालाई महत्त्व दिएका छन् । कतिपय प्रजातिहरू आदर्श प्रेमको पक्षमा दृढताका साथ उभिएका छन् । यिनीहरूले सामाजिक मर्यादा र वैयक्तिक इच्छाको द्वन्द्वमा फसेर जीवनको सही बाटो पत्ता लगाउन सकेका छैनन् । यिनीहरूमा सामाजिक मर्यादालाई नाघेर आफ्ना व्यक्तिगत इच्छाहरू पूरा गर्ने साहस पाइँदैन ।
बाङ्देलका उपन्यासमा नेपालभित्र र नेपाल बाहिरको परिवेशलाई चित्रण गरिएको छ । उनका उपन्यासमा पूर्वी नेपालका खोटाङ, इलाम लगायतका स्थानका साथै भारतका दार्जिलिङ, कलकत्ता, सिलगुडी, बर्मा, सिक्किम, घूम पहाड, टिस्टा तथा युरोपका हलेण्ड राज्यका प्राकृतिक परिवेशलाई चित्रण गरिएको छ । यति भएर पनि उनका अधिकांश उपन्यासको मूल प्राकृतिक परिवेशका रूपमा दार्जिलिङको भूगोललाई देखाएको छ । उनका उपन्यासमा दार्जिलिङको पहाडी जलवायु, सूर्योदय, सूर्यास्त र जुनेली रातका सन्दर्भहरूलाई प्राथमिकताका साथ चित्रण गरिएका छन् । उनका उपन्यासहरूमा प्रकृतिको सुख भन्दा दुःखद् र कारूणिक पक्ष उजगार भएको छ । प्रकृतिलाई मानवीय

संवेदनासँग जोडेर करूणा र निराशाजन्य परिवेश निर्माण गर्नु उनका उपन्यासको महत्त्वपूर्ण विशेषता बनेको छ ।

बाङ्देलकै मुलुक बाहिर उपन्यासमा प्राकृतिक परिवर्तन र त्यसले मानिसको सोचाइ, भावना, चिन्तन व्यवहार र जनजीवनका विभिन्न पक्षमा परेका सकारात्मक र नकारात्मक प्रभावहरूलाई केलाएको छ । शारीरिक रूपले अपाङ्ग मानिसहरूले एक छाक खान र प्राण धान्नका लागि प्रकृतिका अनेकौं विपद्हरूसँग जुधेका प्रसङ्गहरूले उपन्यासमा कारूणिकता सिर्जना गरेका छन् । उनका उपन्यासमा प्रकृतिका हिउँद, वर्षा, वसन्त, ग्रीष्म र शिशिर ऋतुका विभिन्न अवस्थाहरूलाई सुन्दर ढङ्गमा चित्रण गरिएको छ । तीमध्ये पनि वर्षा र शिशिर ऋतुको प्राकृतिक परिवेशलाई विशेषण महत्त्वका साथ चित्रण गरिएको छ ।

बाङ्देलका उपन्यासमा नेपाली ग्रामीण समाजको परिवेशलाई चित्रण गरिएको छ । अशिक्षा, गरिबी, बेरोजगारी, अन्धविश्वास, शोषण र सङ्कीर्णताका पृष्ठभूमिमा उनका उपन्यासको मूल सामाजिक परिवेश निर्माण गरिएको छ । उनका उपन्यासमा चित्रित समाजमा आर्थिक असमानता र वर्गीय विभेदको स्थिति रहेको छ । ग्रामीण निर्वाहमुखी कृषिमा आधारित अर्थतन्त्रका कारण गरिबी र बेरोजगारी समस्या सिर्जना भएको स्थितिलाई उल्लेख गरिएको छ । यिनका उपन्यासमा हिन्दू धार्मिक परम्परामा आधारित दशैँ, तिहार जस्ता चाडपर्वहरूको विशेष वर्णन गरिएको छ । यिनका उपन्यासमा चित्रित समाज मानवताका दृष्टिले निकै कमजोर रहेको छ । यिनका उपन्यासमा परम्पराले जकडिएको तर आधुनिकताको खोजी गरिरहेको सङ्क्रमणकालीन समाजलाई चित्रण गरिएको छ ।

बाङ्देलका उपन्यासमा राष्ट्रिय सन्दर्भमा राणाकालीन समयलाई र अन्तर्राष्ट्रिय सन्दर्भमा प्रथम तथा दोस्रो विश्वयुद्धकालीन समयलाई मुख्य युगका (क्षण) रूपमा प्रस्तुत गरिएको छ । अन्तर्राष्ट्रिय रूपमा औपनिवेशिकताबाट मुलुकहरू स्वतन्त्र हुँदै गरेको समयलाई उनका उपन्यासमा चित्रण गरिएको छ । प्रथम र दोस्रो विश्व युद्धमा नेपालीहरू विश्वका विभिन्न देशहरूमा पुगेर लडाइँमा बहादुरीका साथ लडेको तथा

भिक्टोरिया क्रस पाएको विषयलाई उल्लेख गरिएको छ । उनका उपन्यासमा नेपालको राणाकालको उत्तरार्द्धतिरको समयलाई प्रस्तुत गरिएको छ । उनका उपन्यासमा राणाहरूको एकतन्त्रीय निरङ्कुश शासनबाट नागरिकले स्वतन्त्रता र समानता प्राप्त गरी नसकेका, देशमा गरिबी, बेरोजगारी र अशिक्षाको स्थिति रहेको, अन्धविश्वास र रूढिवादी सोचाईले समाजमा जरा गाडेको, परम्परागत निर्वाहमुखी कृषिका कारण अर्ध बेरोजगारीहरूको ठूलो संख्या विदेशिन बाध्य भएको, उद्योग कलकारखानाको विकास नभएको, आय आम्दानीका सीमित स्रोतहरूका कारण ग्रामीण मानिसहरूको जीवन चौपट्ट भएको, समाज बिस्तारै प्रेम विवाहतर्फ उन्मुख हुँदै गरेको लगायतका तत्कालीन युगीन सन्दर्भहरूलाई चित्रण गरिएको छ । त्यस्तै, महिलामाथि पुरूषहरूको चरम दमनको स्थिति रहेको, छिटो विवाह र बहुविवादी समस्याहरू विकराल बनेका, विदेशी संस्कृतिको अन्धानुकरण गर्ने प्रवृत्ति बढ्दै गएको, समाजमा वर्गीयशोषण र विभेदको स्थितिका कारण धनी र गरिबको खाडल गहिरिएको लगायतका सन्दर्भहरू मार्फत तत्कालीन युगको वास्तविक झलक प्रस्तुत गरिएको छ ।

नेपालमा आम्दानीको कुनै बाटो नपाएपछि विदेशिनु उपयुक्त हुने, पैसा र शक्तिका अगाडि मानवताको कुनै मूल्य नहुने, व्यक्ति भन्दा समाज ठूलो हुने, महान् युगान्तकारी कला भन्दा क्षणिक र विकाउ कलाको उपयोगिता बढी हुने जस्ता बाङ्देलका उपन्यासमा चित्रित युगका मुख्य विचारहरू हुन् । त्यस्तै विदेशिए पनि मातृभूमिप्रतिको मायाले तान्ने, धनी र शक्तिशाली भनाउँदाहरूमा भन्दा गरिबहरूमा नै मानवताको भावना पाइने, पवित्र प्रेमलाई सामाजिक बन्धन र नैतिक मर्यादाले थिच्न नहुने र महान कला भविष्य हेरेर बाँच्ने जस्ता विचारहरू उनका उपन्यासमा चित्रित युगका गौण तथा वैकल्पिक विचारहरू हुन् ।

यसरी लैनसिंह बाङ्देलका उपन्यासहरूमा राई, किराँत, आर्य र मङ्गोलियन प्रजातीय समूहको रक्त सम्बन्धमा आधारित विभिन्न थरका पात्रहरू भारत र नेपालका पहाडी पर्यावरणमा प्रथम तथा दोस्रो विश्वयुद्धको समयतिरको युगमा (क्षण) अस्तित्त्वको लागि सङ्घर्ष गरिरहेको स्थितिलाई चित्रण गरिएको पाइन्छ । यिनीहरूले

तत्कालीन युगका विभिन्न सन्दर्भ र चेतनाबाट प्रभावित भएर आफ्नै प्रकारको विचार निर्माण गरेका छन् । यी विभिन्न थर र जातिका पात्रहरूले विभिन्न परिवेश र युगको चापबाट प्रभावित बन्दै विभिन्न सन्दर्भमा वंशजबाट प्राप्त सामूहिक गुणहरू र पर्यावरणबाट निर्मित विशेषताहरू प्रदर्शन गरेका छन् । मुलुक बाहिर उपन्यासका पात्रहरू प्रमुख नायक पात्र रनबहादुर, म्याउची, माहिला भुजेल र मसिनी, सहायकपात्रहरू दलबहादुर, रूपा, गौण पात्रहरू सेर्वा बूढा, कान्छा राई, खालिङ बूढा, बूढी आमा आदि पात्रहरूको चारित्रिक विश्लेषण दिइएको छ । यिनीहरूले प्रस्तुत गरेका साझा गुण वा विशेषताहरू प्रजातीय प्रभावका परिणाम हुन भने ती भन्दा भिन्न वैयक्तिक गुण वा विशेषताहरू प्राकृतिक पर्यावरण, सामाजिक परिवेश तथा तत्कालीन युगजन्य प्रभावका परिणामहरू हुन् । अतः यस उपन्यासको उद्देश्य काम र मामको खोजीमा आफ्नो  जन्मभूमि छाडेर प्रबासिन र उतै स्थायी बसोवास समेत गर्न थालेका निम्नवर्गीय नेपालीहरूको जीवन शैलीलाई यथार्थ रूपमा देखाउनुका साथै प्रवास मै बसोवास गरे पनि, आफ्नो देशमा जतिसुकै दुःख विपद् परेर खाई नखाई बाँच्नु पर पनि आफ्नै मुलुक प्यारो हुन्छ भन्ने कुराको चित्रण गर्नु हो । यस उपन्यासका पात्रहरू निम्नवर्गीय अशिक्षित समाजमा रहेका छन् । यसरी उनीहरूको जीवनको सोचाइ, भोगाइ, मुगलानको परिवेश अनुकूल रहेको छ । यसरी समाजमा रहेका निम्नवर्गीय जीवनको प्रस्तुति, तत्कालीन नेपाली समाजमा रहेका विविध पक्षहरूको चित्रण र विभिन्न नेपाली जाति, जनजातिको सङ्घर्षलाई यथार्थ चित्रण गरिएकाले प्रस्तुत उपन्यास सफल बन्न पुगेको छ । मुगलान, दार्जिलिङमा पनि नेपाली परिवेश अनुरूपका विषयवस्तु, चालचलन, रीतिरिवाज, संस्कृति, भाषा आदिको जीवन्त चित्रण यस मुलुक बाहिर उपन्यासमा पाइन्छ । यसरी बाङ्देलको मुलुक बाहिर उपन्यासमा प्रयुक्त परिवेशको अध्ययनबाट यो उपन्यासलाई सफल उपन्यासको रूपमा मूल्याङ्कन गरिएको पाइन्छ । अतः मुलुक बाहिर उपन्यासका चरित्र अनुकूल भाषाशैली, परिवेश, संवाद आदिको समुचित प्रयोग भएकाले उपन्यासकारको उद्देश्य अनुसार सबै औपन्यासिक चरित्रहरू सक्षम देखिएकाले चरित्र चित्रणका दृष्टिले मुलुक बाहिर उपन्यास सफल रहेको छ । तसर्थ यस उपन्यासमा प्रवासी नेपाली जातीय भावना बोकेको निम्नवर्गीय पृष्ठभूमिका प्रजातिहरूको प्रयोग गरिएको छ । तसर्थ

लैनसिंङ बाङ्देलको मुलुक बाहिर उपन्यासले नेपालबाट काम र मामको खोजीमा प्रबासिएका निम्नवर्गीय जनजीवनको मुगलानको वातावरणलाई आत्मसात् गरेर सामाजिक यथार्थवादको प्रवर्तन गरिएको छ ।

बाङ्देलका उपन्यासलाई विभिन्न कोणबाट व्याख्या-विवेचना गरेको पाइन्छ । प्रस्तुत शोधकार्यमा मुलुक बाहिर उपन्यासमा चित्रण गरिएको क्षण र परिवेशको सैद्धान्तिक विवेचना गरिएको छ । यस सिद्धान्त अनुसार विवेचना गर्दा मुलुक बाहिर उपन्यास सिद्धान्त निष्ठ एवम् क्षण र परिवेश चित्रणमा सफल उपन्यासका रूपमा रहेको छ भन्ने तथ्य प्रस्तुत गर्न यस शोधकार्यको मूल उपलब्धि हो ।

## ६.३ भावी अनुसन्धानका निम्ति सुझाव

प्रस्तुत शोधकार्यमा लैनसिंह बाङ्देलको मुलुक बाहिर उपन्यासमा निहित क्षण र परिवेशको विश्लेषण गरियोस् । अब यसै उपन्यासमा केन्द्रित भएर निम्नलिखित विषय-शीर्षकमा शोधकार्य गर्न सकिन्छ :

१. मुलुक बाहिर उपन्यासको समाजशास्त्र

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (सम्पादक २०६३), **प्रयोगात्मक नेपाली शब्दकोश (दो.सं.),** विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, उमेशचन्द्र (२०६२), **बाङ्देलको उपन्यासकारितामा चित्रकला प्रभाव,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

आचार्य, सुषमा (२०५८), **लैनसिंह बाङदेलका औपन्यासिक कृतिको मूल्याङ्कन,** काठमाडौं : आगम प्रिन्टर्स ।

छेत्री, उदय (२०६४), **समाजशास्त्रीय दृष्टिमा इन्दबहादुर राईका आख्यानको अध्ययन,** प्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ज्ञवाली, सूर्यविक्रम (२००४), **परिचय मुलुक बाहिर,** काठमाडौंः रत्न पुस्तक भण्डार ।

जोशी, रत्नध्वज (२०२१), **आधुनिक नेपाली साहित्यको झलक,** काठमाडौंः साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५०), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** काठमाडौंः साझा प्रकाशन ।

थारू, राजकुमार (२०७१), **मुलुक बाहिर उपन्यासको पात्र बिधान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

दाहाल, खेम (२०५८), **आधुनिक नेपाली उपन्यासको समाजशास्त्र,** अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

दाहाल, मोहन पी.(२०५८) **दार्जिलिङका नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,** दार्जिलिङः श्याम ब्रदर्श प्रकाशन ।

न्यौपाने, श्रीधर (२०६४), **नेपाली कथा र उपन्यास,** काठमाडौं बागबजारः पैरवी प्रकाशन ।

पोखरेल, गोकुल (२०७१) **विशेष प्रायोगिक नेपाली समालोचना,** बागबजारः नवोदय प्रिन्टिङ्ग ।

पोखरेल, भोलानाथ (२०६४), **आधुनिक नेपाली सामाजिक यथार्थवादी उपन्यासको पात्र विधान,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, बिष्णुप्रसाद (२०६८), **उपन्यास समालोचना,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

__________ (२०६९), **नेपाली उपन्यासमा सामाजिक यथार्थवाद,** पोखरा सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्र सिंह (२०२५), **नेपाली उपन्यास साझासमालोचना,** काठमाडौंः साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह (२०३७), **नेपाली उपन्यास र उपन्यासकार,** (ते.सं.), काठमाडौंः साझा प्रकाशन ।

प्रधान सुरेन्द्र (२०६४), **लैनसिंह बाङदेलको उपन्यासकारिताको विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

प्रसाई, नरेन्द्रराज (२०६३), **बाङ्देलको जीवनयात्रा,** (दो.सं.)काठमाडौंः एकता प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६७), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ते.सं.), काठमाडौंः साझा प्रकाशन ।

बस्नेत, रञ्जना (२०७२), **मुलुक बाहिर उपन्यासको वस्तुविधान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

बन्धु चूडामणि (२०७०), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौंः रत्न पुस्तक भण्डार ।

बाङ्देल, लैनसिंह (२०७२), **मुलुक बाहिर (पन्धौं.सं.),** काठमाडौं : रत्न पुस्तक भण्डार ।

__________ (२०५४), **लङ्गडाको साथी,** (पाँ.सं.) काठमाडौंः रत्न पुस्तक भण्डार ।

__________ (२०६६), **माइतघर,** (चौ.सं.) काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दप्रसाद (२०३६), **लैनसिंह बाङ्देलको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, घटराज (२०४०), **प्रतिभै प्रतिभा र नेपाली साहित्य,** (दो.सं.), काठमाडौं : एकता प्रकाशन ।

राई, इन्द्रबहादुर (२०५८), **नेपाली उपन्यासका आधारहरू,** काठमाडौंः साझा प्रकाशन ।

राई, शङ्करकुमार (२०५५), **मुलुक बाहिर उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

लामिछाने, यादवप्रसाद (२०६३), **आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गार्गी (२०५७), **बाङ्देलका नारी पात्रहरू,** काठमाडौं : भगीरथ काफ्ले प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०३२), **नेपाली साहित्यका केही पृष्ठ,** (पाँ.सं.) काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, नित्यानन्द (२०६४), **लैनसिंह बाङ्देलका उपन्यासमा यथार्थवाद,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास, परम्परा र प्रवृत्ति,** ललितपुरः साझा प्रकाशन ।